2822-1664(Print)
2822-1699(Online)

वर्ष १० अङ्क ३५ २०८१ कार्तिक

# संसद दर्पण



संघीय संसद सचिवालय
सिंहदरबार, काठमाडौं

# संसद दर्पण

वर्ष १० अङ्क ३५ २०८१ कार्तिक

## प्रकाशन समिति

| | |
|---|---|
| सहसचिव श्री बविता मिश्र | -संयोजक |
| उपसचिव श्री गोपाल सिग्देल | -सदस्य |
| उपसचिव श्री दशरथ धमला (सूचना अधिकारी) | -सदस्य |
| उपसचिव श्री त्रिबिक्रम पराजुली | -सदस्य |
| उपसचिव श्री नुमराज खनाल शर्मा | -सदस्य |
| उपसचिव श्री अनन्तप्रसाद कोइराला (सहायक प्रवक्ता) | -सदस्य |
| उपसचिव श्री सुरेश राज सेढाई | -सदस्य |
| पूर्व सहसचिव श्री मुरारी महत | -विज्ञ-सदस्य |
| शाखा अधिकृत श्री लक्ष्मी देवी भण्डारी | -सदस्य |
| शाखा अधिकृत श्री सीता पोखेल | -सदस्य-सचिव |

## सहयोगी

कम्प्युटर अपरेटर श्री अरुणा भण्डारी

नायब सुब्बा श्री सरोज गोपाल डि.सी

**संघीय संसद सचिवालय**

**सिंहदरबार, काठमाडौं।**

**प्रकाशन** : संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं।

www.parliament.gov.np

information_section@parliament.gov.np

फोनः ०१-४२००२१०, ०१-४२११०३३, ०१-४२००८५

**मुद्रण** : संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं।

**प्रकाशन** : २०८१ कार्तिक (Oct/Nov 2024)

# सम्पादकीय

संसदीय अभ्यास र परम्पराको संस्थागत स्मरणलाई सुव्यवस्थित गर्दै यस संघीय संसद सचिवालयले आवधिक तथा नियमित प्रकाशन गर्दै आएको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले परिभाषित गरेका सार्वजनिक निकायले हरेक तीन तीन महिनामा आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी प्रकाशन गर्ने दायित्व रहन्छ। सोही दायित्व अनुरूप सो ऐनको दफा ५ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमका विवरण समावेश गरी २०७२ सालदेखि यस सचिवालयले संसद दर्पण त्रैमासिक रूपमा नियमित प्रकाशन गर्दै आएको छ । सोही बमोजिम मिति २०८१ साल साउनदेखि असोज मसान्तसम्मका गतिविधि समेटी संसद दर्पणको यो अंक प्रकाशन गरिएको छ ।

यस अंकको खण्ड एकमा संघीय संसद अन्तर्गत प्रतिनिधि सभा, राष्ट्रिय सभा, दुवै सभा अन्तर्गतका विषयगत समिति र संयुक्त समिति तथा संघीय संसदका पदाधिकारीका क्रियाकलाप समेटिएका छन् । खण्ड दुईमा संघीय संसद सचिवालयका विभिन्न महाशाखा, शाखा, इकाइ तथा सचिवालयका नियमित गतिविधि समावेश गरिएको छ । त्यसैगरी, खण्ड तीनमा थप जानकारीमूलक विपयवस्तु प्रकाशन गर्ने अभ्यासको निरन्तरता स्वरुप पूर्वाधार विकास समिति, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा गठित संसदीय छानविन विशेष समिति र विधेयक शाखा (प्रतिनिधि सभा र राष्ट्रिय सभा) सँग सम्बन्धित परिचयमूलक सामग्री प्रकाशन गरिएको छ।

यस प्रकाशनलाई सङ्ग्रहणीय र पठनीय बनाउन सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीले निर्दिष्ट गरेका विषयका अतिरिक्त थप जानकारीमूलक संसदीय सामग्री आगामी प्रकाशनमा समेट्ने प्रयास गर्नेछौं। अन्त्यमा, यस प्रकाशनका सम्बन्धमा सम्बन्धित सबैको रचनात्मक सुझाव एवम् सहयोगको अपेक्षा गर्दछौं।

**२०८१ कार्तिक** **प्रकाशन समिति**

# बिषय सूची

## खण्ड-एक

## संघीय संसद


१.१ संघीय संसदका कामकारबाही....................१

१.१.१ प्रतिनिधि सभा....................१

१.१.२ राष्ट्रिय सभा....................४

१.२ संसदीय समितिका कामकारबाही....................७

१.२.१ संघीय संसदका संयुक्त समितिका गतिविधि....................७

१.२.१.१ ससंदीय सुनुवाइ समिति....................७

१.२.१.२ राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति....१७

१.२.२ प्रतिनिधि सभाका समितिका गतिविधि....................२१

१.२.२.१ अर्थ समिति....................२१

१.२.२.२ अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति....................२५

१.२.२.३ उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति....................३०

१.२.२.४ कानून, न्याय तथा मानव अधिकार समिति....................३८

१.२.२.५ कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति....................५२

१.२.२.६ महिला तथा सामाजिक मामिला समिति....................६२

१.२.२.७ राज्य व्यवस्था तथा सुशासन समिति....................६८

१.२.२.८ पुर्वाधार विकास समिति....................७०

१.२.२.९ शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति....................७९

१.२.२.१० सार्वजनिक लेखा समिति....................९३

१.२.३ राष्ट्रिय सभाका समितिका गतिविधि....................९४

१.२.३.१ विकास, आर्थिक मामिला तथा सुशासन समिति....................९४

१.२.३.२ विधायन व्यवस्थापन समिति....................९९

१.२.३.३ सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति....................१००

१.२.३.४ सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति....................१०१

१.३ संघीय संसदका पदाधिकारीका गतिविधि....................१०८

१.३.१ प्रतिनिधि सभाका सम्माननीय सभामुख ........ १०८

१.३.२ राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष ........ ११३

१.३.३ प्रतिनिधि सभाका माननीय उपसभामुख ........ ११६

१.३.४ राष्ट्रिय सभाका माननीय उपाध्यक्ष ........ १२०

## खण्ड-दुई

## संघीय संसद सचिवालय

२.१ संघीय संसद सचिवालय अन्तर्गतका गतिविधि ........ १२४

२.१.१ कार्यव्यवस्था महाशाखा (प्रतिनिधि सभा) ........ १२४

२.१.१.१ कार्यव्यवस्था शाखा (प्रतिनिधि सभा) ........ १२५

२.१.१.२ सम्पूर्ण विवरण शाखा (प्रतिनिधि सभा) ........ १२५

२.१.२ कार्यव्यवस्था महाशाखा (राष्ट्रिय सभा) ........ १२६

२.१.२.१ कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा) ........ १२६

२.१.२.२ सम्पूर्ण विवरण शाखा (राष्ट्रिय सभा) ........ १२६

२.१.३ विधि व्यवस्थापन महाशाखा (प्रतिनिधि सभा) ........ १२६

२.१.३.१ विधेयक शाखा (प्रतिनिधि सभा) ........ १२७

२.१.४ विधि व्यवस्थापन महाशाखा (राष्ट्रिय सभा) ........ १२८

२.१.४.१ विधेयक शाखा (राष्ट्रिय सभा) ........ १२८

२.१.५ प्रशासन महाशाखा ........ १२९

२.१.५.१ कर्मचारी प्रशासन शाखा ........ १३०

२.१.५.२ सूचना तथा अभिलेख व्यवस्थापन शाखा ........ १३१

२.१.५.३ आर्थिक प्रशासन शाखा ........ १३४

२.१.६ सांसद सुविधा व्यवस्थापन महाशाखा ........ १३५

२.१.६.१ सांसद सुविधा व्यवस्थापन शाखा ........ १३५

२.१.६.२ संसदीय दल समन्वय शाखा ........ १३७

२.१.७ आन्तरिक सेवा तथा योजना व्यवस्थापन महाशाखा ........ १३७

२.१.७.१ आन्तरिक सेवा तथा योजना शाखा........ १३७
२.१.८ अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय महाशाखा........ १३९
२.१.८.१ अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय शाखा........ १३९
२.१.९ प्रविधि व्यवस्थापन महाशाखा........ १४४
२.१.९.१ सूचना प्रविधि शाखा........ १४४
२.१.९.२ विद्युत शाखा........ १४५
२.१.९.३ मुद्रण तथा प्रकाशन शाखा........ १४५
२.१.९.४ श्रव्य/दृश्य शाखा........ १४६
२.१.१० कानूनी परामर्श महाशाखा........ १४७
२.१.१०.१ कानूनी परामर्श शाखा........ १४७
२.१.११ संसदीय अध्ययन तथा अनुसन्धान महाशाखा........ १४८
२.१.११.१ संसदीय अध्ययन तथा अनुसन्धान शाखा........ १४८
२.१.११.२ पुस्तकालय शाखा........ १४८
२.१.११.३ नागरिक सम्बन्ध शाखा........ १४९
२.१.१२ मानव संसाधन विकास महाशाखा........ १५०
२.१.१२.१ संसदीय प्रशिक्षण शाखा........ १५०
२.१.१२.२ कर्मचारी प्रशिक्षण शाखा........ १५१

**खण्ड-तीन**

**विविध**

३.१.१ पूर्वाधार विकास समितिको परिचय........ १५४
३.१.२ सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानविन विशेष समितिको परिचय.. १७०
३.१.३ विधेयक शाखाको परिचय........ १८३

# खण्ड-एक
# संघीय संसद

## १.१ संघीय संसदका कामकारबाही

संघीय संसदका प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट मिति २०८१ साउन १ गतेदेखि असोज मसान्तसम्मको अवधिमा भएका कामकारबाहीलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

### १.१.१ प्रतिनिधि सभा

प्रतिनिधि सभाको चौथो अधिवेशन अन्तर्गत यस अवधिमा सभाका १८ वटा बैठकहरू बसी २०८१ भदौ ३१ गतेबाट चालू अधिवेशन अन्त्य भएको छ। यस अवधिमा प्रतिनिधि सभाले निम्नलिखित मुख्य कार्यहरू सम्पन्न गरेको थियोः-

- मिति २०८१ साउन ६ गतेको बैठकमा सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले नेपालको संविधानको धारा ७६ को उपधारा (४) बमोजिम प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न राख्नुभएको प्रस्ताव प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट स्वीकृत भएको थियो।
- मिति २०८१ साउन ७ र भदौ ६ गतेका बैठकहरूमा प्रतिनिधि सभा नियमावली, २०७९ को परिच्छेद-९ बमोजिम सञ्चालन भएको प्रधानमन्त्रीसँग प्रत्यक्ष

प्रश्नोत्तरको कार्यक्रममा माननीय सदस्यहरूले राखुभएको प्रश्नहरूको सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले जवाफ दिनुभएको थियो।

- २०८१ साउन १४, भदौ ११, १८ र २५ गतेका सभाका बैठकहरूमा विभिन्न मन्त्रालयसँग सम्बन्धित १० वटा मौखिक प्रश्नको सम्बन्धित मन्त्रीबाट उत्तर दिने कार्य सम्पन्न भएको थियो भने उत्तर प्राप्त बाँकी १३ वटा प्रश्नहरूको उत्तर २०८१ भदौ ३१ गतेको बैठकमा टेबुल भएको थियो।
- यस अघि सभाबाट गठित "सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समिति" को कार्यावधि थप १५ दिनको लागि थप गर्ने प्रस्ताव मिति २०८१ भदौ १८ गतेको बैठकमा स्वीकृत भएको थियो। साथै उक्त विशेष समितिले मिति २०८१ भदौ ३१ गते सभा समक्ष प्रतिवेदन समेत पेश गरेको थियो।
- २०८१ साउन १५ गतेको बैठकमा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को नियम २८ को उपनियम (२) बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिमा प्रतिनिधि सभातर्फका १२ जना माननीय सदस्यहरूको नाम मनोनयन भएको थियो।
- मिति २०८१ भदौ २५ गतेको बैठकमा "मोन्ट्रियल प्रोटोकलको किगाली संशोधन" सम्बन्धी सम्झौता सभामा प्रस्तुत भएको थियो।
- बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यावधि सम्वत् २०८२ साल असार मसान्तसम्म थप गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१/०३/२७ गतेको निणर्यबाट जारी भएको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ बमोजिमको बाधा अड्काउ फुकाउ आदेश मिति २०८१ साउन २१ गते सभा समक्ष पेश भयो।
- सभाको मिति २०८१ साउन ८ गतेको बैठकमा माननीय प्रतिमा गौतमले, मिति २०८१ साउन १४ गतेको बैठकमा माननीय डा. तोसिमा कार्कीले र मिति २०८१ भदौ १३ गतेको बैठकमा माननीय सोबिता गौतमले प्रस्तुत गर्नुभएको

जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथि छलफल पश्चात् सम्बन्धित माननीय मन्त्रीले जवाफ दिनुभएको थियो। साथै मिति २०८१ भदौ १२ गतेको बैठकमा माननीय डा. तोसिमा कार्कीले सार्वजनिक महत्वको विषयमा माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीको ध्यानाकर्षण गराउनु भएको थियो।

- यस अवधिमा "पूर्वाधार विकास समितिको वार्षिक प्रतिवेदन, २०८०", "शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको वार्षिक प्रतिवेदन, २०८१" र "उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको वार्षिक प्रतिवेदन, २०८१" तथा सभाको विभिन्न बैठकहरूमा "राष्ट्रिय मानव अधिकार आयोगको २३ औं वार्षिक प्रतिवेदन, आ.व. २०७९/०८०" र "राष्ट्रिय सूचना आयोगको २३ औं वार्षिक प्रतिवेदन, आ.व. २०७९/०८०" पेश भएका थिए।
- सभाले पूर्व सदस्यहरू रामचन्द्र राय यादव र श्रवणकुमार अग्रवालको निधनमा शोक प्रस्ताव पारित गर्नुका साथै मिति २०८१ साउन १३ गतेको बैठकले सौर्य एयरलाइन्सको विमान त्रिभुवन विमानस्थल नजिक दुर्घटना भई १८ जनाको दुःखद निधन भएकोमा विशेष प्रस्ताव पारित गरेको थियो।
- प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१३ बमोजिम चालू चौथो अधिवेशनमा लगातार १० वा सो भन्दा बढी बैठकमा अनुपस्थित सभाका सदस्यहरू माननीय गिता बस्नेत, माननीय मनोरमा शेरचन, माननीय अम्बिका बस्नेत, माननीय राजु थापा, माननीय डा. नारायण खड्का, माननीय प्रकाश मान सिह, माननीय डा. सुनिल कुमार शर्मा, माननीय कान्तिका सेजुवाल, माननीय वसन्त कुमार नेम्वाङ्ग, माननीय प्रेम बहादुर महर्जन, माननीय गोकर्णराज बिष्ट, माननीय दिपक बोहरा, माननीय कालुराम राई र माननीय नारायण प्रकाश साउदको अनुपस्थितिका सूचनाहरू सभाबाट स्वीकृत भएको थियो।

यस अवधिमा सम्माननीय प्रधानमन्त्री के. पी. शर्मा ओलीले प्रतिनिधि सभाबाट पारित हुने क्रममा रहेको "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९" को विषय लगायत समसामयिक विषयमा र आसन्न संयुक्त राष्ट्रसंघको भ्रमणको विषयमा एवम् माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

मन्त्री बद्रीप्रसाद पाण्डेले "त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भएको हवाई दुर्घटनाका सम्बन्धमा" सभामा जानकारी गराउनु भएको थियो।

## १.१.२ राष्ट्रिय सभा

संघीय संसद, राष्ट्रिय सभाको सोह्रौं अधिवेशन २०८१ साल भदौ ३१ गते सोमबार अन्त्य भएको थियो। यस अवधिमा सभाका जम्मा १३ वटा बैठक बसेको थिए।

यस अवधिमा १० वटा बैठकमा शून्य समय रहेको थियो। उक्त शून्य समयमा माननीय सदस्यहरूले सभाको १ घण्टा १४ मिनेट समय उपयोग गर्नुभएको थियो भने १० वटा बैठकमा विशेष समय रहेको थियो। उक्त विशेष समयमा माननीय सदस्यहरूले सभाको १४ घण्टा ५ मिनेट समय उपयोग गर्नुभएको थियो। यस अवधिमा १ वटा बैठकमा प्रादेशिक सरोकार समय रहेको थियो। प्रादेशिक सरोकार समयमा ११ जना माननीय सदस्यहरूले १ घण्टा २६ मिनेट समय उपयोग गर्नुभएको थियो। यस अधिवेशनको ४ वटा बैठकमा आकस्मिक समय रहेको थियो। आकस्मिक समयमा १० जना माननीय सदस्यहरूले ४१ मिनेट समय उपयोग गर्नुभएको थियो।

यसै अवधिमा सभाबाट चार पटक देहाय बमोजिमका विषयमा रुलिङ्ग भएको थियोः

- "सभाको बैठकमा माननीय सदस्यहरूले आकस्मिक समय, शून्य समय, विशेष समय र प्रादेशिक सरोकारको समयमा नागरिक सरोकारका विषय र समस्याका सम्बन्धमा विषयहरू उठान गर्ने र नेपाल सरकारका सम्बन्धित मन्त्रीहरूको जवाफ आउनुपर्ने विषय राखिरहनुभएको छ । सभाको नियमावलीमा यस्ता विषयको जवाफ सम्बन्धित मन्त्रीले तोकिएको समयमा दिनुपर्ने व्यवस्थासमेत गरेको छ र सम्बन्धित मन्त्रीले जवाफ दिने तालिकासमेत सचिवालयले सम्बन्धित मन्त्रालयमा पठाएको छ । तर यस्ता जल्दा बल्दा विषयको तोकिएको समयमा सभामा उपस्थित भई जवाफ दिने अभ्यास त्यति प्रभावकारी हुन सकेको छैन । म नेपाल सरकार र सम्बन्धित मन्त्रीहरूलाई सभामा उठेका विषयको समयमै जानकारी लिई तोकिएकै समयमा सभामा जवाफ दिनुहुन गम्भीर ध्यानाकर्षण गराई  यसै विषयमा सभाबाट तीन पटक रुलिङ्ग भएको थियो।"

- “कर्णाली प्रदेशका भूकम्प प्रभावित जिल्लाहरूको स्थलगत अध्ययन, अवलोकन तथा अनुगमन सम्बन्धी प्रतिवेदन, २०८१ का सम्बन्धमा माननीय सदस्यहरूले छलफलमा उठाएका विषयहरू र सो सम्बन्धमा माननीय मन्त्रीले जवाफका सिलसिलामा व्यक्त गर्नुभएका विचार समेतका आधारमा प्रतिवेदनमा समावेश भएका सुझावहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्न नेपाल सरकारलाई रुलिङ्ग भएको थियो”।

यस अवधिमा संवैधानिक व्यवस्था अनुसार देहाय बमोजिमका संवैधानिक निकायका वार्षिक प्रतिवेदनहरू सभामा पेस भएका थिए:

- थारू आयोगको पाँचौ वार्षिक प्रतिवेदन, २०७९/८०,
- महालेखापरीक्षकको एकसट्ठीऔं वार्षिक प्रतिवेदन, २०८१,
- राष्ट्रिय समावेशी आयोगको पाँचौ वार्षिक प्रतिवेदन, २०७९/८०,
- आदिवासी जनजाति आयोगको चौथो वार्षिक प्रतिवेदन, २०७९/८०,
- महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, २०७९/८०,
- मुस्लिम आयोगको वार्षिक प्रतिवेदन, २०७९/८०।

यस अवधिमा राष्ट्रिय सभामा दर्ता भएका मिडिया काउन्सिल विधेयक, २०८०, नवीकरणीय ऊर्जा तथा  ऊर्जा दक्षता सम्बन्धी विधेयक, २०८१, तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१ र नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइएको छ भने सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८० लाई पारित गरी प्रतिनिधि सभामा पठाएको छ।

यसैगरी नेपाल विश्वविद्यालय विधेयक, २०७९ र सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ दुवै सभाबाट पारित भई प्रमाणीकरणको चरणमा रहेको छ भने अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७, खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७, बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९, आर्थिक विधेयक, २०८१, राष्ट्र ऋण उठाउने विधेयक, २०८१ र भन्सार महसुल विधेयक, २०८१ दुवै सभाबाट पारित भई प्रमाणीकरण भएको थियो।

यस अवधिमा सरकारलाई संसदप्रति जवाफदेही तुल्याउने महत्वपूर्ण औजारको रुपमा रहेको प्रश्नोत्तर कार्यक्रम संघीय संसद स्थापना पश्चात् राष्ट्रिय सभामा पहिलो पटक यसै अधिवेशनमा शुरु भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित एउटा लिखित प्रश्न र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, गृह मन्त्रालय, खानेपानी मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय र अर्थ मन्त्रालयसँग सम्बन्धित ८ वटा मौखिक प्रश्नोत्तर सभामा सञ्चालन भएको छ । हप्तामा तोकिएको बारमा मात्र रहने गरेको शून्य समय मिति २०८१ साउन ३१ गते पश्चातको सदनका प्रत्येक बैठकमा शून्य समय रहने गरी अभ्यासको थालनी भएको छ ।आकस्मिक समय, शून्य समय र विशेष समयमा माननीय सदस्यहरूले उठाउनु भएका विषयमा सम्बन्धित मन्त्रीले सभामा उपस्थित भई जवाफ दिने अभ्यास प्रारम्भ भएको छ।

यसै अवधिमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ को उपदफा (२) बमोजिम आयोगको कार्यावधि थप गर्ने गरी जारी भएको आदेश सदन समक्ष पेस भएको थियो।

यसै अवधिमा सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको "कर्णाली प्रदेशका भूकम्प प्रभावित जिल्लाहरूको स्थलगत अध्ययन, अवलोकन तथा अनुगमन सम्बन्धी प्रतिवेदन, २०८१" सभामा पेश भई उक्त प्रतिवेदनहरूमाथि सभामा छलफल गरी प्रतिवेदनले औंल्याएका सुझाव कार्यान्वयन गर्न नेपाल सरकारलाई सभाबाट निर्देश समेत भएको थियो। साथै विधायन व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन, २०८०/८१, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको पाँचौ वार्षिक प्रतिवेदन, २०८०/८१, विकास आर्थिक मामिला तथा सुशासन समितिको आर्थिक वर्ष ०८०/०८१ वार्षिक प्रतिवेदन र संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सभामा पेश भएका थिए ।

यस अवधिमा राष्ट्रिय सभाका पूर्वसदस्य खगेन्द्रराज रेग्मी, संविधान सभा सदस्य सूर्यमान गुरुङ र प्रतिनिधि सभाका पूर्वसदस्य शैयद मेहराज अहमद शाहको निधन भएकोमा सभाले शोक प्रस्ताव पारित गरेको थियो।

## १.२ संसदीय समितिका कामकारबाही

संघीय संसदका संयुक्त र दुवै सभा अन्तर्गत गरी जम्मा १६ वटा विषयगत समितिहरू रहेका छन्। उक्त समितिबाट सम्पादित कार्यहरूको विवरण देहायबमोजिम प्रस्तुत गरिएको छः

### १.२.१ संघीय संसदका संयुक्त समितिका गतिविधि

संघीय संसद अन्तर्गत जम्मा २ वटा संयुक्त समिति रहेका छन्।

#### १.२.१.१ ससंदीय सुनुवाइ समिति

२०८१ साउन १ देखि असोज मसान्तसम्म यस समितिबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

**२०८१ साउन ९**

- संवैधानिक परिषद्बाट निर्वाचन आयुक्त पदमा नियुक्तिका लागि सिफारिस हुनु भएका श्री कृष्णमान प्रधानको समितिमा सुनुवाइको कार्य सम्पन्न भयो। निजको सम्बन्धमा थप अध्ययन गर्नुपर्ने देखिएकोले अर्को बैठकमा छलफल गर्ने।

**२०८१ साउन १४**

- संवैधानिक परिषद्को प.सं. ०८०/०८१, च.नं. १०, मिति २०८१/०३/०४ को पत्रानुसार कृष्णमान प्रधानलाई निर्वाचन आयुक्त पदमा प्रस्ताव गरी नेपालको संविधानको धारा २९२ को उपधारा (१) बमोजिम संसदीय सुनुवाइका लागि नाम प्राप्त भएकोमा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०८० तथा संसदीय सुनुवाइ समितिको कार्यविधि, २०८० बमोजिम समितिबाट सुनुवाइ गरी प्रस्तावित पदको लागि निर्णयमा पुग्नु अगावै मिति २०८१/०४/१४ मा प्रस्तावित व्यक्ति कृष्णमान प्रधानले सुनुवाइ समितिका सभापतिलाई सम्बोधन गरी "निर्वाचन आयोगको आयुक्त पदमा नियुक्तिको लागि मेरो उम्मेदवारी कायम राख्न नचाहेकोले सम्मानित समितिसमक्ष जानकारीका लागि अनुरोध गर्दै सो अनुसारको व्यवस्था हुन सविनय अनुरोध गर्दछु" भन्ने समेत ब्यहोराको निवेदन पेश गरी समितिका सचिव समक्ष उपस्थित भई सो निवेदन सनाखत समेत गरिदिनु भएको हुँदा प्रस्तावित व्यक्ति स्वयंबाट नै निर्वाचन

आयुक्तको लागि आफ्नो उम्मेदवारी कायम राख्न नचाहेकोले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०८० को नियम २६ को उपनियम (५) बमोजिम उक्त पदमा नियुक्तिका लागि निजको नाम सर्बसम्मतिबाट अस्वीकृत गर्ने निर्णय गरियो।

**२०८१ साउन २९**

- नेपाल सरकारको मिति २०८१/०४/१४ गतेको निर्णयानुसार विभिन्न देशका लागि नेपाली राजदूत पदमा नियुक्तिका लागि सिफारिस हुनु भएका व्यक्ति/पदाधिकारीहरूको नाम संसदीय सुनुवाइका लागि समितिमा प्राप्त हुन आएकोले प्रस्तावित व्यक्तिहरू उक्त पदमा नियुक्तिका लागि अनुपयुक्त लागेमा मर्यादित भाषामा स्पष्ट आधार एवं सबुद प्रमाण सहित १० (दश) दिन भित्र समितिमा सूचना वा उजुरी दिन सरकारी सञ्चार माध्यम र विद्युतीय सञ्चारका माध्यमबाट सूचना प्रकाशन तथा प्रशारण गर्ने।

**२०८१ साउन ३१**

- संसदीय सुनुवाइ समितिको सभापति पदको निर्वाचनको लागि माननीय ईश्वरी देवी न्यौपानेलाई सभापति पदमा निर्वाचित गरियोस् भनी माननीय सदस्य श्याम कुमार घिमिरे प्रस्तावक र माननीय सदस्य सुनिता बराल समर्थक रहनु भएको एक मात्र सूचना प्राप्त भएको हुँदा माननीय ईश्वरी देवी न्यौपानेलाई संसदीय सुनुवाइ समितिको सभापति पदमा निर्विरोध निर्वाचित गरियो।

**२०८१ भाद्र ११**

- विभिन्न देशका लागि नेपाली राजदुत पदमा प्रस्तावित व्यक्तिहरूका सम्बन्धमा प्राप्त उजुरीहरू खोली समितिका माननीय सदस्यहरूलाई वितरण गरियो।
- विभिन्न देशका लागि नेपाली राजदूत पदमा प्रस्तावित पदाधिकारीहरूले पेश गरेको कार्ययोजना समितिका माननीय सदस्यहरूलाई वितरण गरियो।

- विभिन्न देशका लागि नेपाली राजदुत पदमा प्रस्तावित व्यक्तिहरूको संसदीय सुनुवाइ प्रक्रिया अगाडि बढाउन सचिवालयबाट तयार भएको कार्यतालिकालाई परिमार्जन गरी पारित गरियो।

**२०८१ भाद्र १४**

- विभिन्न देशका लागि नेपाली राजदूत पदमा प्रस्तावित व्यक्ति विरुद्धमा दर्ता भएका उजुरीहरूका सम्बन्धमा समितिको मिति २०८१/०५/११ को बैठकले पारित गरेको कार्यतालिका बमोजिम उजुरीकर्तासँग छलफल गरियो।

**२०८१ भाद्र १६**

- नेपाल सरकारको मिति २०८१/०४/१४ को निर्णय बमोजिम विभिन्न देशमा राजदूत नियुक्तिका लागि सिफारिस गरी संसदीय सुनुवाइको निम्ति नाम प्राप्त भएकोमा आजको बैठकबाट चीन, डेनमार्क, जर्मनी र भारतका लागि प्रस्तावित व्यक्तिहरू क्रमशः प्रा.डा. कृष्णप्रसाद ओली, सुम्निमा तुलाधार, डा. शैल रुपाखेती र डा. शंकरप्रसाद शर्मालाई समितिको बैठकमा आमन्त्रण गरी "संसदीय सुनुवाइ समितिको कार्यविधि, २०८० को दफा १९ बमोजिम निजहरूले पेश गरेको कार्ययोजनाको प्रस्तुति सुनी छलफल गर्ने कार्य सम्पन्न भयो।

**२०८१ भाद्र १७**

- नेपाल सरकारको मिति २०८१/०४/१४ को निर्णय बमोजिम विभिन्न देशमा राजदूत नियुक्तिका लागि सिफारिस गरी संसदीय सुनुवाइको निम्ति नाम प्राप्त भएकोमा आजको बैठकबाट इजरायल, मलेसिया, पाकिस्तान र पोर्चुगलका लागि प्रस्तावित व्यक्तिहरू क्रमशः प्रा. धनप्रसाद पण्डित, डा. नेत्रप्रसाद तिमल्सिना, रीता धिताल, प्रकाशमणि पौडेललाई समितिको बैठकमा आमन्त्रण गरी "संसदीय सुनुवाइ समितिको कार्यविधि, २०८० को दफा १९ बमोजिम निजहरूले पेश गरेको कार्ययोजनाको प्रस्तुति सुनी छलफल गर्ने कार्य सम्पन्न भयो।

**२०८१ भाद्र १८**

- नेपाल सरकारको मिति २०८१/०४/१४ को निर्णय बमोजिम विभिन्न देशमा राजदूत नियुक्तिका लागि सिफारिस गरी संसदीय सुनुवाइको निम्ति नाम प्राप्त भएकोमा आजको बैठकमा कतारका लागि प्रस्तावित रमेशचन्द्र पौडेललाई समितिको बैठकमा आमन्त्रण गरी "संसदीय सुनुवाइ समितिको कार्यविधि, २०८० को दफा १९ बमोजिम निजले पेश गरेको कार्ययोजनाको प्रस्तुति सुनी छलफल गर्ने कार्य सम्पन्न भयो।

**२०८१ भाद्र १९**

- नेपाल सरकारको मिति २०८१/०४/१४ को निर्णय बमोजिम विभिन्न देशमा राजदूत नियुक्तिका लागि सिफारिस गरी संसदीय सुनुवाइको निम्ति नाम प्राप्त भएकोमा आजको बैठकबाट रुसी महासंघ, साउदी अरब, दक्षिण अफ्रिका र दक्षिण कोरियाका लागि प्रस्तावित व्यक्तिहरू क्रमशः जंगबहादुर चौहान, नरेशविक्रम ढकाल, प्रा.डा. कपिलमान श्रेष्ठ र डा. शिवमाया तुम्बाहाम्फेलाई समितिको बैठकमा आमन्त्रण गरी "संसदीय सुनुवाइ समितिको कार्यविधि, २०८० को दफा १९ बमोजिम निजहरूले पेश गरेको कार्ययोजनाको प्रस्तुति सुनी छलफल गर्ने कार्य सम्पन्न भयो।

**२०८१ भाद्र २४**

- नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०८१/०४/१४ को निर्णय बमोजिम विभिन्न देशमा राजदूत नियुक्तिका लागि सिफारिस गरी संसदीय सुनुवाइको निम्ति नाम प्राप्त भएकोमा आजको बैठकमा संसदीय सुनुवाइ समितिमा परेका उजुरीका सम्बन्धमा माननीय परराष्ट्रमन्त्रीज्यूसँग छलफल गर्ने कार्य सम्पन्न भयो।

**२०८१ भाद्र २७**

- नेपाल सरकारको मिति २०८१/०४/१४ को निर्णय बमोजिम विभिन्न देशमा राजदूत नियुक्तिका लागि सिफारिस गरी संसदीय सुनुवाइको निम्ति नाम प्राप्त भएकोमा आजको बैठकबाट स्पेन, श्रीलङ्का, संयुक्त अधिराज्य र संयुक्त राज्य

अमेरिकाका लागि प्रस्तावित व्यक्तिहरू क्रमशः सनिल नेपाल, रामकृष्ण भट्टराई, चन्द्र कुमार घिमिरेलाई समितिको बैठकमा आमन्त्रण गरी "संसदीय सुनुवाइ समितिको कार्यविधि, २०८० को दफा १९ बमोजिम निजहरूले पेश गरेको कार्ययोजनाको प्रस्तुति सुनी छलफल गर्ने कार्य सम्पन्न भयो।

**२०८१ असोज ३**

- नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८१/०४/३१ को निर्णयानुसार सेवा लम्साल बेल्जियमका लागि, मिति २०८१/०५/२४ को निर्णयानुसार चित्रलेखा यादव अष्ट्रेलियाका लागि नेपाली राजदूत पदमा र संवैधानिक परिषदको मिति २०८१/०५/३१ को निर्णयानुसार प्रकाशमान सिंह राउत नेपालको प्रधान न्यायाधीश पदमा नियुक्तिका लागि सिफारिस हुनु भई निजहरूको नाम संसदीय सुनुवाइका लागि समितिमा प्राप्त हुन आएकोले प्रस्तावित व्यक्तिहरू उक्त पदमा नियुक्तिका लागि अनुपयुक्त लागेमा १० (दश) दिन भित्र स्पष्ट आधार खोली समितिमा सूचना वा उजूरी दिन सरकारी सञ्चार माध्यम र विद्युतीय सञ्चारका माध्यमबाट सूचना सार्वजनिक गर्ने।
- नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८१/०४/१४ को निर्णय एवं परराष्ट्र मन्त्रालयको प.सं. GA/PA/०८१/८२ च.नं. ९४८, मिति २०८१/०४/२५ को पत्रानुसार विभिन्न देशहरूमा नेपाली राजदूत पदमा नियुक्तिका लागि प्रस्ताव गरी नेपालको संविधानको धारा २९२ को उपधारा (१) बमोजिम संसदीय सुनुवाइको लागि नामावली प्राप्त हुन आएकोमा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०८० को नियम २६ तथा संसदीय सुनुवाइ समितिको कार्यविधि, २०८० बमोजिम प्रस्तावित व्यक्तिहरूको सुनुवाइ गर्दा योग्यता, क्षमता र अनुभवको आधारमा उक्त पदका लागि योग्य देखिनु भएका देहायका व्यक्तिहरूको नाम संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०८० को नियम २६ को उपनियम (५) बमोजिम उल्लेखित पदमा नियुक्तिको लागि बहुमतले अनुमोदन गर्ने।

देहायः

| क्र.सं. | नाम, थर | आवासीय राजदूत नियुक्तिका लागि सिफारिस भएको देश | सहप्रमाणीकृत मुलुकहरू |
|---|---|---|---|
| १. | प्रा. डा. कृष्णप्रसाद ओली | चीन | मंगोलिया, उत्तर कोरिया |
| २. | श्री सुम्निमा तुलाधर | डेनमार्क | फिनल्याण्ड, नर्वे, स्वीडेन, आइसल्याण्ड, लाटभिया, लिथुवानिया, इस्टोनिया |
| ३. | डा. शैल रूपाखेती | जर्मनी | गणतन्त्र चेक, होली सी, रोमानिया, पोल्याण्ड, युक्रेन, सर्बिया, स्लोभाकिया, बुल्गेरिया, हंगेरी |
| ४. | डा. शंकरप्रसाद शर्मा | गणतन्त्र भारत | अफगानिस्तान र भुटान |
| ५. | प्रा. धनप्रसाद पण्डित | इजरायल | साइप्रस |
| ६. | डा. नेत्रप्रसाद तिमल्सिना | मलेसिया | इन्डोनेसिया, ब्रुनाइ, फिलिपिन्स, पूर्वी टिमोर |
| ७. | श्री रीता धिताल | पाकिस्तान | टर्की, ताजिकिस्तान, किर्जिस्तान, तुर्केमेनिस्तान, उज्बेकिस्तान |
| ८. | श्री प्रकाशमणि पौडेल | पोर्चुगल | - |
| ९. | श्री रमेशचन्द्र पौडेल | कतार | इरान |
| १०. | श्री जंगबहादुर चौहान | रुसी महासंघ | बेलारुस, कजाखस्तान, मोल्डोभा, जर्जिया, अर्मेनिया, अजरबैजान |
| ११. | श्री नरेशबिक्रम ढकाल | साउदी अरब | सोमालिया, यमन |
| १२. | प्रा.डा. कपिलमान श्रेष्ठ | दक्षिण अफ्रिका | बोत्सवाना, केन्या, लेसोथो, कंगो, तान्जानिया, जाम्बिया, जिम्बावे, गाबोन, मोजाम्बिक, मौरिसस, सेसेल्ज, |

| क्र.सं. | नाम, थर | आवासीय राजदूत नियुक्तिका लागि सिफारिस भएको देश | सहप्रमाणीकृत मुलुकहरू |
|---|---|---|---|
| | | | आइभोरी कोस्ट, केप भर्डे, लाइबेरिया, अंगोला, बुर्किना फासो, बेनिन, बुरुण्डी, मादागास्कार, गिनि इक्वेटोरियल, एस्वातिनि, मलावी |
| १३. | डा. शिवमाया तुम्बाहाम्फे | दक्षिण कोरिया | - |
| १४. | श्री सनिल नेपाल | स्पेन | माल्टा |
| १५. | श्री चन्द्रकुमार घिमिरे | संयुक्त अधिराज्य | आयरल्याण्ड |
| १६. | श्री लोकदर्शन रेग्मी | संयुक्त राज्य अमेरिका | पानामा, कोस्टारिका, मेक्सिको, एल सालभाडोर, होण्डुरस, ग्वाटेमाला, बहामास, बेलिज |

- नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८१/०४/१४ मा विभिन्न मुलुकका लागि नेपाली राजदूत पदमा सिफारिस भएका मध्ये श्रीलङ्काका लागि प्रस्तावित राजदूत रामकृष्ण भट्टराईको सम्बन्धमा आवश्यक कागजातहरू उपलब्ध गराउन सचिवालयलाई निर्देशन गर्ने र निजको सम्बन्धमा अर्को बैठकमा निर्णय गर्ने।

**२०८१ असोज ७**

- नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८१/०४/१४ को निर्णय एवं परराष्ट्र मन्त्रालयको प.सं. GA/PA/०८१/८२, च.नं. ९४८, मिति २०८१/०४/२५ को पत्र बमोजिम श्रीलङ्काका लागि नेपाली राजदूत पदमा नियुक्तिका निम्ति प्रस्तावित राजदूत रामकृष्ण भट्टराईको सम्बन्धमा थप छलफल गर्नुपर्ने भएकाले मिति २०८१/०६/०८ गते अर्को बैठक बस्ने निर्णय गरियो।

२०८१ असोज ८

- नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८१/०४/१४ को निर्णय एवं परराष्ट्र मन्त्रालयको प.सं. GA/PA/०८१/८२ च.नं. ९४८, मिति २०८१/०४/२५ को पत्रानुसार श्रीलङ्काका लागि नेपाली राजदूत पदमा रामकृष्ण भट्टराईलाई प्रस्ताव गरी नेपालको संविधानको धारा २९२ को उपधारा (१) बमोजिम संसदीय सुनुवाइका लागि निजको नाम मिति २०८१/०४/२७ मा समितिमा प्राप्त भएकोमा राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५ को दफा ३ को खण्ड (छ) को (२) बमोजिमको योग्यता सम्बन्धी कागजात तथा संसदीय सुनुवाइ समितिको कार्यविधि, २०८० को दफा ३ को खण्ड (घ) बमोजिमका कागजात उपलब्ध नभई संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०८० तथा संसदीय सुनुवाइ समितिको कार्यविधि, २०८० बमोजिम समितिबाट सुनुवाइ गरी प्रस्तावित पदको लागि निर्णयमा पुग्नु अगावै मिति २०८१/०६/०८ मा प्रस्तावित राजदूत रामकृष्ण भट्टराईले संसदीय सुनुवाइ समितिका सभापतिलाई सम्बोधन गरी "…. यस समितिको निर्णयबमोजिम परराष्ट्र मन्त्रालय मार्फत आवश्यक कागजात माग भएकोमा राजदूत नियुक्ति निर्देशिका, २०७५ को दफा ३ को खण्ड (छ) बमोजिमका कागजातहरू हाललाई उपलब्ध गराउन नसकेको ब्यहोरा सविनय जानकारी गराउन चाहन्छु। तसर्थ, सम्मानित समिति समक्ष उम्मेदवारी फिर्ताको लागि अनुरोध गर्दै सो अनुसारको व्यवस्था हुन सविनय अनुरोध गर्दछु" भन्ने समेत व्यहोराको निवेदन पेश गरी समितिका सचिव समक्ष उपस्थित भई सो निवेदन सनाखत समेत गरिदिनु भएकोले प्रस्तावित व्यक्ति स्वयंबाट नै राजदूत पदमा नियुक्तिको लागि आफ्नो उम्मेदवारी फिर्ता गर्न चाहेकोले उक्त पदमा नियुक्तिका लागि निजको नाम समितिका सम्पूर्ण सदस्य संख्याको दुईतिहाइ बहुमतबाट अस्वीकृत गर्ने ।
- राजदूत सिफारिस गर्दा नेपालको संविधानको धारा २८२ को उपधारा (१) बमोजिम समावेशी र संसदीय सुनुवाइ समितिको कार्यविधि, २०८० को दफा ३ को उपदफा (१) बमोजिम समानुपातिक समावेशी सिद्धान्त समेतको आधारमा सिफारिस गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउने।

- नेपाल सरकारले राजदूत नियुक्तिका लागि संसदीय सुनुवाइ गर्न सिफारिस गर्दा संसदीय सुनुवाइ समितिको कार्यविधिको दफा ३ को उपदफा (२) र राजदूत नियुक्ति सम्बन्धी निर्देशिका, २०७५ को दफा ३ को खण्ड (छ) बमोजिम सम्बन्धित उम्मेदवार वा व्यक्तिको योग्यता लगायतका कानून बमोजिमका सम्पूर्ण प्रमाणित कागजात एकैसाथ राखी यस समितिमा सिफारिस गर्न ध्यानाकर्षण गराउने।

**२०८१ असोज १४**

- न्याय परिषदको मिति २०८१/०६/११ को निर्णयानुसार सर्वोच्च अदालतको रिक्त न्यायधीश पदमा नृपध्वज निरौला र नित्यानन्द पाण्डेयलाई नियुक्तिको लागि सिफारिस गरी निजहरूको नाम संसदीय सुनुवाइका लागि समितिमा प्राप्त हुन आएकोले प्रस्तावित व्यक्तिहरू उक्त पदमा नियुक्तिका लागि अनुपयुक्त लागेमा १० (दश) दिन भित्र स्पष्ट आधार खोली समितिमा सूचना वा उजूरी दिन सरकारी सञ्चार माध्यम र विद्युतीय सञ्चारका माध्यमबाट सूचना सार्वजनिक गर्ने।
- नेपालको प्रधान न्यायाधीश एवं बेल्जियम र अष्ट्रेलियाका लागि प्रस्तावित राजदूतहरूका सम्बन्धमा प्राप्त उजुरीहरू खोली समितिका माननीय सदस्यहरूलाई वितरण गरियो।
- नेपालको प्रधान न्यायाधीश एवं बेल्जियम र अष्ट्रेलियाका लागि प्रस्तावित राजदूतहरूले पेश गरेको कार्ययोजना समितिका माननीय सदस्यहरूलाई वितरण गरियो।
- नेपालको प्रधान न्यायाधीश एवं बेल्जियम र अष्ट्रेलियाका लागि प्रस्तावित राजदूतहरूको संसदीय सुनुवाइ प्रक्रिया अगाडि बढाउन सचिवालयबाट तयार भएको कार्यतालिका परिमार्जन सहित पारित गरियो।

**२०८१ असोज १५**

- नेपालको प्रधान न्यायाधीश एवं बेल्जियम र अष्ट्रेलियाका लागि प्रस्तावित राजदूतहरूको सुनुवाइ गर्ने सम्बन्धमा समितिको मिति २०८१/०६/१४ गतेको बैठकले पारित गरेको कार्यतालिका बमोजिम उजुरीकर्ताहरूसँग छलफल गरियो।

**२०८१ असोज १६**

- संवैधानिक परिषदबाट नेपालको प्रधान न्यायाधीश पदमा सिफारिस हुनु भएका प्रकाशमान सिंह राउत र नेपाल सरकारबाट अष्ट्रेलियाका लागि नेपाली राजदूत पदमा सिफारिश हुनु भएका चित्रालेखा यादवको संसदीय सुनुवाइ समितिको कार्यविधि, २०८० को दफा १९ बमोजिम सुनुवाइ गर्ने सम्पन्न भयो।
- संवैधानिक परिषदको प.सं. २०८१/८२, च.नं. ३, मिति २०८१/०६/०२ को पत्रानुसार प्रकाशमान सिंह राउतलाई नेपालको प्रधान न्यायाधीश पदमा नियुक्तिका लागि प्रस्ताव गरी नेपालको संविधानको धारा २९२ को उपधारा (१) बमोजिम संसदीय सुनुवाइका लागि नाम प्राप्त भएकोमा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०८० तथा संसदीय सुनुवाइ समितिको कार्यविधि, २०८० बमोजिम सुनुवाइ गर्दा योग्यता, क्षमता र अनुभव समेतको आधारमा सोही नियमावलीको नियम २६ को उपनियम (५) बमोजिम प्रस्तावित व्यक्तिलाई नेपालको प्रधान न्यायाधीश पदमा नियुक्तिका लागि अनुमोदन गर्ने।
- परराष्ट्र मन्त्रालयको प.सं. GA/PA/०८१/८२, च.नं. २४९७, मिति २०८१/०५/३१ को पत्रानुसार अष्ट्रेलियाका लागि नेपाली राजदूत पदमा नियुक्तिको निम्ति चित्रलेखा यादवलाई प्रस्ताव गरी नेपालको संविधानको धारा २९२ को उपधारा (१) बमोजिम संसदीय सुनुवाइका लागि नाम प्राप्त भएकोमा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०८० तथा संसदीय सुनुवाइ समितिको कार्यविधि, २०८० बमोजिम समितिले सुनुवाइ गर्दा योग्यता, क्षमता र अनुभव समेतको आधारमा सोही नियमावलीको नियम २६ को उपनियम (५) बमोजिम प्रस्तावित व्यक्तिलाई अष्ट्रेलियाका लागि आवासीय राजदूत पदमा र देहायअनुसार सहप्रमाणीकरण मुलुकहरूका लागि राजदूत पदमा नियुक्तिका लागि अनुमोदन गर्ने।

| क्र.सं. | नाम, थर | आवासीय राजदूत नियुक्तिका लागि सिफारिस भएको देश | सहप्रमाणीकृत मुलुकहरू |
|---|---|---|---|
| १. | श्री चित्रलेखा यादव | अष्ट्रेलिया | गणतन्त्र फिजी, न्युजिल्याण्ड, पपुआ न्यु गिनि, भानुआटु, टुभालु, सोलोमन आइल्याण्ड्स, सामोआ, गणतन्त्र पलाउ, गणतन्त्र नाउरु, गणतन्त्र मार्शल आइल्याण्ड्स र टोङ्गा अधिराज्य |

### १.२.१.२ राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति

२०८१ साउन १ देखि असोज मसान्तसम्म यस समितिबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

**२०८१ साउन ३१**

- समिति सभापतिको निर्वाचनको लागि माननीय ठाकुर प्रसाद गैरेलाई राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिको सभापति पदमा निर्वाचित गरियोस भनी माननीय सदस्य सरस्वती सुब्बा प्रस्तावक र माननीय सदस्य दिलेन्द्र प्रसाद बडू समर्थक रहनु भएको एक मात्र सूचना प्राप्त भएको हुँदा माननीय ठाकुर प्रसाद गैरेलाई राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिको सभापति पदमा निर्विरोध निर्वाचित गरियो।

**२०८१ भदौ ५**

- समिति सचिवालयबाट पेश गरिएको राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिको कार्यविधि, २०८१ को मस्यौदा समितिका माननीय सदस्यहरूलाई वितरण गरियो र सो सम्बन्धमा सामान्य

छलफल भयो। सो मस्यौदालाई थप अध्ययन गरी समितिको आगामी बैठकबाट पारित गर्ने निर्णय गरियो।

- राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिका माननीय सभापतिले यस समितिलाई थप प्रभावशाली र परिणाममुखी बनाउनका लागि समितिको आ.व. २०८१/०८२ को वार्षिक कार्ययोजनाको मस्यौदा तयार गर्न समिति सचिवालयलाई निर्देशन दिनु भयो।

## २०८१ भदौ १४

- सचिवालयबाट पेश गरिएको राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिको कार्यविधि, २०८१ को मस्यौदाका सम्बन्धमा विस्तृत छलफल गरियो।
- माननीय सदस्यहरूले कार्यविधिको मस्यौदा उपर छलफलको क्रममा प्रस्तुत गर्नु भएको महत्त्वपूर्ण सुझावहरूलाई आवश्यकता अनुसार मस्यौदामा समावेश गरी राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिको कार्यविधि, २०८१ परिमार्जन सहित पारित गरियो।
- राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिलाई थप प्रभावशाली र परिणाममुखी बनाउनका लागि समितिको आ.व. २०८१/०८२ को वार्षिक कार्ययोजनाको मस्यौदा सम्बन्धमा सामान्य छलफल गरियो। साथै, माननीय सदस्यहरूले सो मस्यौदा थप अध्ययन गर्ने र आगामी बैठकबाट पारित गर्ने सहमति भयो।
- समितिको वार्षिक कार्ययोजनाका सन्दर्भमा समितिको आगामी बैठकमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष तथा पदाधिकारीहरूसँग छलफल गर्ने निर्णय गरियो।

## २०८१ भदौ १७

- राष्ट्रिय योजना आयोगका उपाध्यक्ष माननीय प्रा. डा. शिवराज अधिकारीले नेपालको संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व तथा सोह्रौं पञ्चवर्षीय योजनाका लक्ष्य तथा क्षेत्रहरू साथै सोह्रौं पञ्चवर्षीय योजना र यस

समितिको कार्यक्षेत्रबीचको तादात्म्यको सन्दर्भमा आफ्नो प्रस्तुतिकरण प्रस्तुत गर्नु भयो। यस समिति र राष्ट्रिय योजना आयोगबीच समितिको रणनीतिक योजना तर्जुमाका सन्दर्भमा अर्धवार्षिक रुपमा कम्तिमा एक वटा बैठक बस्नु पर्ने आवश्यकता महसुस भयो।

- समितिमा विशेषतः राष्ट्रिय योजना आयोगको कार्यक्षेत्र र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिको वार्षिक कार्ययोजना निर्माणका सन्दर्भमा समितिका माननीय सदस्यहरूले आ-आफ्नो राय तथा जिज्ञासा राख्नुभयो। साथै, राष्ट्रिय योजना आयोगका माननीय सदस्यहरूले सो सम्बन्धमा आ-आफ्नो धारणा र सुझाव दिनु भयो।
- आगामी बैठकमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र नीति अध्ययन अनुसन्धान प्रतिष्ठानसँग छलफल गर्ने निर्णय भयो।

**२०८१ असोज ४**

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष माननीय वालानन्द पौडेल तथा सो आयोगका माननीय सदस्यहरू र नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा. डा. लेखनाथ शर्मा लगायत कार्यसमिति सदस्यहरूसँग राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वका सम्बन्धमा विस्तृत छलफल भयो र सो सम्बन्धमा समितिका माननीय सदस्यहरूले आ-आफ्नो राय तथा जिज्ञासा राख्नुभयो। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका माननीय अध्यक्ष र सदस्यहरूले संघ, प्रदेश तथा स्थानीय तहबीच हुने वित्त हस्तान्तरण र राजश्व बाँडफाँडलाई न्यायोचित एवम् प्रभावकारी बनाउन आयोगले गरिरहेका कार्यको विषयमा प्रकाश पार्दै राज्यका निर्देशक सिद्धान्त तथा नीति कार्यान्वयनमा यस समितिसँग उक्त आयोग सहकार्य गर्न तयार रहेको उल्लेख गर्नुभयो। त्यसैगरी नीति अनुसन्धान प्रतिष्ठानको तर्फबाट उक्त प्रतिष्ठानले हालसम्म नीति निर्माणका क्षेत्रमा गरेका कार्यबारे प्रष्ट गरिएको थियो।

नजिकिँदै गएको नेपालीहरूका चाडपर्व दशैं, तिहार र छठका अवसरमा यात्रा गर्ने यात्रुहरूको सुरक्षा, स्वास्थ्य र सुविधा सम्बन्धी देहायका विषयमा नेपाल सरकारको ध्यानाकर्षण गर्ने निर्णय भएको थियोः

- सडक यातायातको माध्यमबाट आफ्नो घर जाने र फर्कने यात्रुहरूलाई आफ्नो गन्तव्यमा पुग्ने यातायात साधनको टिकटको उचित व्यवस्थापन गर्ने। पर्याप्त यातायातको व्यवस्था गरी यात्रा गर्न पाउने नागरिक अधिकारलाई सुनिश्चित गर्ने।
- चाडपर्वको समयमा यात्रुहरूको सुरक्षा जोखिमलाई ध्यानमा राखी सडक दुर्घटना हुन नदिने उपाय अवलम्बन गर्ने र यात्रुहरूको जीउधनको सुरक्षामा विशेष सतर्कता अपनाउने।
- सडक यातायातको माध्यमबाट यात्रा गर्ने यात्रुले सडक छेउछाउका होटल, रेष्टुरेण्टमा खाना-खाजा खाँदा चर्को मूल्य तिर्नुपर्ने, अस्वस्थकर खाना खाने बाध्यता रहेको भन्ने गुनासा रहने गरेका छन्। अतः त्यस्ता होटल रेष्टुरेण्टमा गुणस्तरीय, ताजा र स्वस्थकर खाद्यवस्तु उचित मूल्यमा उपलब्ध गराउन सम्बन्धित निकायबाट अनुगमनको व्यवस्था गर्ने।
- चाडपर्वको समयमा दुर्गम क्षेत्रमा यात्रा गर्ने नागरिकले हवाइ टिकटको अभाव झेल्नु परेको अवस्था छ। हवाई सेवा प्रदायक कम्पनीहरूबाट दुर्गम क्षेत्रमा हवाई उडानको सङ्ख्या थप गरी यात्रुहरूलाई गन्तव्यमा पुग्न सहजता कायम गर्ने। साथै, चाडपर्वको मौकामा हवाई भाडा समेत चर्को पर्ने गरेको गुनासो रहेको सन्दर्भमा सो लाई उपयुक्त ढङ्गले सम्बोधन गर्ने।
- चाडपर्वको समयमा खाद्यान्न लगायत उपभोग्य वस्तुको कृतिम अभाव सृजना हुने, मूल्य वृद्धि गर्ने र गुणस्तरहीन वस्तु बिक्री गर्ने प्रवृत्ति रहेको सन्दर्भमा बजार अनुगमनको कार्यलाई प्रभावकारी बनाउने।

### १.२.२ प्रतिनिधि सभाका समितिका गतिविधि

प्रतिनिधि सभा अन्तर्गत जम्मा १० वटा समिति रहेका छन्।

२०८१ साउन १ देखि असोज मसान्तसम्म प्रतिनिधि सभाका समितिबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

#### १.२.२.१ अर्थ समिति

**२०८१ साउन १८**

- समितिका सभापति माननीय सन्तोष चालिसेको सभापतित्वमा बसेको समितिको बैठकमा १४ जना माननीय सदस्यहरूको उपस्थिति रह्यो । उक्त बैठकमा सरकारका नीति कार्यक्रम, बजेट, सोह्रौं योजना र नेपाल राष्ट्र बैङ्कले सार्वजनिक गरेको मौद्रिक नीतिले मुलुकमा विद्यमान आर्थिक अवस्थाका बारेमा गर्ने चित्रण, आर्थिक समृद्धि सम्बन्धमा अर्थ मन्त्रालयले गरेको तयारी सम्बन्धमा समितिका माननीय सदस्यहरू र माननीय अर्थमन्त्री र अर्थ मन्त्रालयका सचिवहरूसँग छलफल सम्पन्न भएको थियो।

**२०८१ साउन २४**

- समितिको बैठकमा मुलुकको आर्थिक अवस्था र पूँजी बजारबिचको अन्तरसम्बन्धलाई मध्यनजर गरी नेपालको पूँजीबजार सम्बन्धमा देखिएका समस्या र समाधानका उपाय लगायत विषयमा समितिका माननीय सदस्यहरू र नेपाल धितोपत्र बोर्डका अध्यक्ष लगायत अन्य पदाधिकारीहरूसँग छलफल सम्पन्न भई सुझाव तथा निर्देशन दिने निर्णय भएको थियो।

**२०८१ साउन ३२**

- समितिको उक्त बैठकमा प्रतिनिधि सभाबाट दफावार छलफलका लागि समितिमा पठाइएका विधेयकहरूलाई उच्च प्राथमिकताका साथ क्रमशः छलफलमा लैजाने निर्णयानुसार समितिमा पहिलो क्रममा प्राप्त बैकिङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० को छलफल सर्वप्रथम अगाडि बढाउने सन्दर्भमा उपरोक्त विधेयकको सैद्धान्तिक अवधारणामा चेक अनादर सम्बन्धी मुद्दाको

अनुसन्धान, अभियोजन र सो पछिको अदालती कारवाहीलाई समेत सरल, व्यवस्थित, व्यवहारिक र प्रभावकारी बनाउनका लागि उक्त संशोधन विधेयकको आवश्यकता र सो विधेयकबाट चेक अनादरमा देखिएका समस्या र समाधानका उपाय लगायत अन्य सम्बन्धित विषयमा समितिका माननीय सदस्य र महान्यायधिवक्ता र गर्भनरसँग छलफल भएको थियो।

## २०८१ भदौ ९

- समितिको यस बैठकमा प्रतिनिधि सभाबाट दफावार छलफलका लागि समितिमा प्राप्त बैङ्किङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० को छलफल अगाडि बढाउने सन्दर्भमा विधेयकको सैद्धान्तिक अवधारणामा चेक अनादर सम्बन्धी मुद्दाको अनुसन्धान, अभियोजन र सो पछिको अदालती कारवाहीलाई समेत सरल, व्यवस्थित, व्यवहारिक र प्रभावकारी बनाउनका लागि उक्त संशोधन विधेयकको आवश्यकता र सो विधेयकबाट चेक अनादरमा देखिएका समस्या र समाधानका उपाय लगायत अन्य सम्बन्धित विषयमा समितिका माननीय सदस्य र माननीय अर्थमन्त्रीसँग छलफल भएको थियो।

## २०८१ भदौ १४

- बैठकमा बैङ्किङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० माथि संसोधन प्रस्ताव दर्ता गर्नुहुने संशोधनकर्ता माननीय सदस्यहरूले आफूले प्रस्ताव गरेका संशोधनको व्यहोरा, संशोधन राख्नुपर्ने कारण र समग्र विधेयकका बारेमा धारणा सहित संशोधन प्रस्तुत गर्नुभएको थियो।
- संशोधनकर्ता माननीय सदस्यहरूले प्रस्ताव गर्नुभएका संशोधनमाथि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र अर्थ मन्त्रालयका प्रतिनिधिले मन्त्रालयको धारणा व्यक्त गर्नुभएको थियो।
- संशोधन प्रस्ताव प्रस्तुत गर्न बाँकी संशोधनकर्ता माननीय सदस्यहरूसँग आगामी बैठकमा छलफल गर्ने गरी बैठक सम्पन्न भएको थियो।

**२०८१ भदौ १६**

- बैङ्किङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० माथि संसोधन प्रस्ताव दर्ता गर्नुहुने संशोधनकर्ता (अघिल्लो बैठकमा बाँकी रहनुभएका) माननीय सदस्यहरूले आफूले प्रस्ताव गरेका संशोधनको व्यहोरा, संशोधन राख्नुपर्ने कारण र समग्र विधेयकका बारेमा धारणा सहित संशोधन प्रस्तुत गर्नुभएको थियो।
- संशोधनकर्ता माननीय सदस्यहरूले प्रस्ताव गर्नुभएका संशोधनमाथि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र अर्थ मन्त्रालयका प्रतिनिधिले मन्त्रालयको धारणा व्यक्त गर्नुभएको थियो।
- संशोधन प्रस्ताव प्रस्तुत गर्न बाँकी संशोधनकर्ता माननीय सदस्यहरूसँग आगामी बैठकमा छलफल गर्ने गरी आजको बैठक स्थगित भएको थियो।

**२०८१ भदौ १८**

- बैङ्किङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० माथि संसोधन प्रस्ताव दर्ता गर्नुहुने संशोधनकर्ता (अघिल्लो बैठकमा बाँकी रहनुभएका) माननीय सदस्यहरूले आफूले प्रस्ताव गरेका संशोधनको व्यहोरा, संशोधन राख्नुपर्ने कारण र समग्र विधेयकका बारेमा धारणा सहित संशोधन प्रस्तुत गर्नुभएको थियो।
- संशोधनकर्ता माननीय सदस्यहरूले प्रस्ताव गर्नुभएका संशोधनमाथि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र अर्थ मन्त्रालयका प्रतिनिधिले मन्त्रालयको धारणा व्यक्त गर्नुभएको थियो।

**२०८१ भदौ २०**

- बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल गर्न माननीय अर्थमन्त्री तथा अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि समेतको उपस्थितिमा विधेयकमाथि दफावार छलफल प्रारम्भ भएको थियो।

**२०८१ भदौ २३**

- समितिको उक्त बैठकमा बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयकमाथि माननीय अर्थमन्त्री तथा अर्थ मन्त्रालय र कानून, न्याय तथा

संसदीय मामिला मन्त्रालयका प्रतिनिधि समेतको उपस्थितिमा अघिल्लो बैठकबाट सुरू भएको विधेयकमाथिको दफावार छलफललाई निरन्तरता दिई सम्पूर्ण दफाहरूमा छलफल भई दफावार छलफल समाप्त भएको थियो। छलफलका क्रममा सहमति भएका विषयहरू समेटी आगामी बैठकमा समिति सचिवालयले प्रतिवेदनको मस्यौदा पेश गरी प्रतिवेदनमाथि छलफल हुने गरी बैठक सम्पन्न भएको थियो।

**२०८१ भदौ २४**

- बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल गर्न बसेको बैठकले माननीय अर्थमन्त्री तथा अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि समेतको उपस्थितिमा समिति सचिवालयले पेश गरेको प्रतिवेदनको मस्यौदामाथि समितिमा छलफल गरि परिमार्जनसहित पारित भई प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १२१ बमोजिम प्रतिनिधि सभाको बैठकमा पेश गर्ने निर्णय भएको थियो।

**२०८१ भदौ ३०**

- विभिन्न मितिमा नेपाल धितोपत्र बोर्डसँग सम्बन्धित विषयमा समितिमा प्राप्त उजुरीका सम्बन्धमा र नेपाल धितोपत्र बोर्डले देखेका समस्या र समाधानका उपाय लगायत अन्य विषयमा समितिका माननीय सदस्य र नेपाल धितोपत्र बोर्डका अध्यक्ष लगायत अन्य पदाधिकारीहरूसँग छलफल गरी सुझाव तथा निर्देशन दिने निर्णय भएको थियो।

**२०८१ असोज २**

- समितिको उक्त बैठकमा माननीय सदस्यहरू बीच समितिको आगामी काम कारवाही कसरी अगाडि बढाउने सन्दर्भमा आन्तरिक छलफल भई समितिको कार्यक्षेत्र अन्तर्गत पर्ने भन्सार कार्यालयहरूको अनुगमन अनिवार्य गर्नु पर्ने भनी उपस्थित सम्पूर्ण माननीय सदस्यहरूबाट छलफल भई त्रिभुवन अन्तराष्ट्रिय भन्सार

कार्यालय र पूर्व एवं पश्चिम दक्षिणतर्फका भन्सार कार्यालयहरूको अनुगमन गर्ने भनि निर्णय भएको थियो।

**उपसमिति बैठक :**

**२०८१ साउन २५**

- उजुरी छानविन उपसमितिका सभापति माननीय सन्तोष चालिसेको सभापतित्वमा बसेको उजुरी छानविन उपसमितिको चौंथो बैठकमा ३ जना माननीय सदस्यहरूको उपस्थिति रह्यो ।उक्त बैठकमा समितिमा प्राप्त उजुरीका सम्बन्धमा छलफल सम्पन्न भएको थियो।

**अन्तरक्रिया कार्यक्रम**

**२०८१ साउन २७**

- बैकिङ्ग कसूर तथा सजाय,(दोस्रो संसोधन) विधेयक,२०८० सम्बन्धमा विज्ञहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो।

साथै, समितिको बैठक व्यवस्थापन तथा सञ्चालनका अलावा समिति सचिवालयसँग सम्बन्धित अन्य दैनिक कार्यहरू, आन्तरिक र बाह्य पत्राचारहरू, समन्वय अन्य नियमित व्यवस्थापकीय कार्यहरू निरन्तर रूपमा सम्पादन भएको।

## १.२.२.२ अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति

**२०८१ साउन ९**

- बैठकमा समितिका तर्फबाट हालै नेपाल सरकारको परराष्ट्र मन्त्रीमा नियुक्त हुनुभएका माननीय डा. आरजु राणालाई स्वागत गर्दै बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरियो।यस बैठकमा नेपाल सरकारले पछिल्लो समय छिमेकी मित्र राष्ट्रहरूसँग गरेको सन्धि सम्झौताहरूको विवरण र हालसम्मको कार्यप्रगतिका साथै परराष्ट्र मन्त्रालयसँग सम्बन्धित समसामयिक विषयहरूमा छलफल भएको थियो।
- साथै, समितिको यस बैठकले मिति २०८१ साउन ९ गते बुधबारका दिन काठमाडौंबाट पोखरा उडान गर्ने क्रममा काठमाडौं विमानस्थलमा दुर्घटनाग्रस्त

भएको सौर्य एयरलाईन्सको CRJ7 (Reg- 9 NAME) जहाजमा परी निधन हुनुभएका मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकूल परिवारजनप्रति गहिरो समवेदना तथा घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना व्यक्त गर्‍यो।

**२०८१ साउन १०**

बैठकमा हालै नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीमा नियुक्त हुनुभएका माननीय बद्री प्रसाद पाण्डेलाई समितिमा स्वागत गर्दै बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरियो। यस बैठकमा European Union Air Safety List तथा नागरिक उड्डयन, नेपाल वायु सेवा निगमको कोरिया उडान अनुमति, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालन तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको हालसम्मको कार्यप्रगति तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भाडामा रहेका पसल कवलहरूको सम्झौता लगायतका विषयहरूका सम्बन्धमा मन्त्रालयका माननीय मन्त्री, निमित्त सचिव, नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक, नेपाल वायु सेवा निगमका कार्यकारी अध्यक्ष, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक लगायतसँग छलफल भई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई देहायबमोजिमका निर्देशन दिने निर्णय भयो :

- नागरिक उड्डयन सम्बन्धमा नियमन र सेवा प्रदायकसम्बन्धी विधेयकहरूको वर्तमान अवस्था समितिलाई यथाशीघ्र उपलब्ध गराउने।
- International Civil Aviation Organization (ICAO) को नेपाल सम्बन्धमा पछिल्लो समय प्रकाशित Audit Report एक हप्ता भित्र यस समितिलाई उपलब्ध गराउने।
- EU ले सन् २०२३ मा नेपालमा गरेको Onsite Assessment को प्रतिवेदनमा औंल्याईएका विषयहरूमा नेपालले कहिलेसम्म सुधार गरिसक्छ , सोका लागि स्पष्ट कार्ययोजना समितिमा यथाशीघ्र पेश गर्ने।
- नेपाली वायुसेवाले हाल कोरियामा उडान गर्न नपाईरहेको समस्यालाई कसरी समाधान गर्न सकिन्छ, सो सम्बन्धमा अपनाउनुपर्ने रणनीतिहरू समितिलाई यथाशीघ्र उपलब्ध गराउने।

- मिति २०७९/१०/०१ गते पोखरामा भएको यति एयरलाईन्सको विमान दुर्घटना सम्बन्धमा गठित  छानबिन समितिले पेश गरेको प्रतिवेदन एक हप्ता भित्र यस समितिमा उपलब्ध गराउने।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलभित्र सञ्चालनमा रहेका पसल कबलहरूसँग भएका सम्झौताहरू, पसल कबलहरू सञ्चालनमा रहेका समस्याहरू एवं समाधानका उपायहरूसहितको योजना एक हप्ता भित्र समितिमा पेश गर्ने ।

## २०८१ साउन २४

आजको बैठकमा एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटना सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका माननीय मन्त्री, माननीय राज्यमन्त्री, सचिव र नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकसँग छलफल भई देहायबमोजिमका निर्णय भएको थियो।

- यस समितिले मिति २०८०/०९/०५ गते नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई दिएका देहायका निर्देशनहरू हालसम्म पनि कार्यान्वयन भएको नदेखिएको हुँदा ती निर्देशनहरू कार्यान्वयनका लागि पुन: स्मरण गराउने ।
- नेपालमा हवाई नीति, २०६३ सालदेखि कार्यान्वयनमा आएतापनि नेपालको हवाई उडान सुरक्षा सम्बन्धी छुट्टै नीति आवश्यक देखिएकाले उक्त नीति तर्जुमा गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिने ।
- नेपाल नागरिक उड्डयन प्राधिकरण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक र नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक यथाशीघ्र संघीय संसदमा पेश गर्न/गराउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिने ।
- यसअघि हवाई दुर्घटना, सुरक्षा र नियमनसँग सम्बन्धित नेपाल सरकार र मन्त्रालयद्वारा गठित छानविन समिति एवं कार्यदल मार्फत पेश भएका अध्ययन

अनुसन्धानमूलक प्रतिवेदनहरू के कुन अवस्थामा रहेका छन् सो को जानकारी सहितको विवरण समितिलाई यथाशिघ्र उपलब्ध गराउन नेपाल सरकार र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिने ।

- पछिल्लो समयमा निरन्तर भइरहेका हवाई दुर्घटनाका सम्बन्धमा दुर्घटना पिच्छे नै छानबिन समितिहरू बन्ने गरेका भएता पनि समग्र हवाई सुरक्षाको अवस्थामा सुधार आउनुको सट्टा झन् कमजोर बन्दै गइरहेको देखिएकोले नेपालको हवाई सुरक्षा, सुरक्षा मापदण्डको अवस्था तथा नेपालको विद्यमान नागरिक उड्डयन सम्बन्धी कानून एवं अन्तर्राष्ट्रिय अभ्यास अनुरुप कार्यान्वयन भए नभएको सम्बन्धमा १५ दिन भित्र छानबिन गरी आवश्यक नीतिगत सुधार गर्न र कोही दोषी देखिएमा कारबाहीको सिफारिश गर्न विज्ञहरूको संलग्नतामा एक स्वतन्त्र छानबिन समिति गठन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिने ।

**२०८१ साउन २७**

तारागाऊँ विकास समिति र तारागाऊँ रिजेन्सी होटल्स लिमिटेड सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र तारागाऊँ विकास समितिसँग छलफल भएको थियो। छलफलमा मन्त्रालयका माननीय मन्त्री, सचिव, तारागाऊँ विकास समितिका अध्यक्ष लगायतसँग छलफल भई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई देहायबमोजिमका निर्देशन दिने निर्णय भयो :

- तारा गाउँ विकास समिति र तारागाऊँ रिजेन्सी होटल्सबीच भएको सम्झौतालाई समयानुकूल संशोधनमार्फत राज्यको हितमा हुने गरी कार्यान्वयन गर्न कार्ययोजना बनाई समितिमा यथाशीघ्र पेश गर्ने, गराउने।
- तारा गाउँ विकास समितिको चल, अचल सम्पत्तिको विवरण तथा सम्पत्तिको सञ्चालन तथा सदुपयोग हुनेगरी उक्त समितिमा देखिएका विद्यमान समस्या एवं समाधानका उपायहरू सहितको कार्ययोजना यस समितिमा यथाशीघ्र पेश गर्ने, गराउने।

## २०८१ भदौ १३

- समितिको आजको बैठकमा नेपाल वायुसेवा निगमको जहाजमा देखिएका समस्याका सम्बन्धमा संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका माननीय मन्त्री, माननीय राज्य मन्त्री, सचिव र नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्षसँग छलफल भएको थियो। बैठकमा माननीय सदस्यहरूले नेपाल वायुसेवा निगमको जहाजमा देखिएका विभिन्न समस्याहरूका सम्बन्धमा आ-आफ्ना धारणा एवं जिज्ञासा राख्नुभएको थियो। बैठकमा माननीय सदस्यहरूले धारणा राख्ने क्रम नसकिएकोले आगामी बैठकमा थप छलफल एवं निर्णय गर्ने निर्णय भयो।

## २०८१ भदौ १८

- समितिको बैठकमा माननीय परराष्ट्र मन्त्रीबाट हालै सम्पन्न भारत भ्रमण र राजदूत नियुक्ति सम्बन्धमा परराष्ट्र मन्त्रालयका माननीय मन्त्री र सचिवसँग छलफल भई देहाय बमोजिम निर्णय भएको थियो।
- नेपालको संविधानको प्रस्तावना, धारा ४२ र धारा २८२ को व्यवस्था र राजदुत नियुक्ति सम्बन्धी निर्देशिका,२०७५ लाई मध्यनजर गरी नेपाल सरकारले आगामी दिनमा विभिन्न मुलुकका लागि नेपाली राजदूतको पदमा सिफारिस गर्दा समानुपातिक समावेशी सिद्धान्तलाई ध्यान दिई सिफारिस गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउने।

## २०८१ भदौ २७

**Press Release**

Today, in the morning, the Honorable Chairperson and Honorable Members of the Standing Committee on Foreign Affairs and Defence of the Storting, Norway paid a visit and meeting with the International Relations and Tourism Committee of Nepal. The Chairman Hon. Raj Kishor Yadav and Hon. Members of the International Relations and Tourism Committee heartily welcomed the distinguished delegations led by Hon. Ine Eriksen Søreide (Committee Chairperson). Other members were Hon. MP Åsmund Aukrust, Hon. MP Guri Melby, Hon. MP Ingrid Fiskaa, Hon. MP Sylvi Listhaug, Hon. MP Hårek Elvenes, Hon. MP Ola Borten Moe, Hon. MP Bengt Fasteraune, Hon. MP Trine Lise Sundnes, Hon. MP Nils-Ole Foshaug, Ms. Vibeke Rysst-Jensen and Ms. Gro Kolstad Mortvedt.

The meeting is the first ever meeting of similar Parliamentary Committees of two nations and the two sides focused the meeting as a stepping stone on a Parliamentary Diplomacy. In the occasion, both the parliamentary committees commemorated the friendly ties and existing cordial and cooperative relationship between Nepal and Norway.

The meeting shared the formation of the Parliaments, governance systems and the democratic process, inclusion at both the countries. Talks were also focused on the shared values on democracy, human rights and social justice along with achieving common global agendas like climate change mitigation and achieving the Sustainable Development Goals.

The Parliamentarians of Norway acknowledged Nepal's contribution on Peace Keeping Mission and emphasized to promote cooperation on energy sector of Nepal. The Nepalese Parliamentary Committee forwarded its view to widen the horizon of mutual cooperation by systematic strengthening of Parliamentary research, participatory evaluation of the delegated legislation, co-learning and exchange of parliamentary practices and additional technical assistance.

International Relations and Tourism Committee

The House of Representatives
Kathmandu, Nepal
12 September 2024

### १.२.२.३ उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

### २०८१ साउन ३

चिनी उद्योग तथा उखु किसानहरूका समस्या समाधान सुझाव उपसमितिको प्रतिवेदन उपसमितिका संयोजक माननीय कृष्ण कुमार श्रेष्ठले र स्पञ्ज आइरन, विलेट्सको भन्सार महशुल, अन्तःशुल्क तथा उद्योगहरूको अध्ययन अनुगमन उपसमितिको प्रारम्भिक प्रतिवेदन उपसमितिका संयोजक माननीय रेखा यादवले पेश गर्नु भएको थियो। साथै, बैठकमा सूर्ती, खैनी तथा गुट्खा उद्योगको पुँजी तथा क्षमता वृद्धिका सम्बन्धमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री तथा मन्त्रालयका पदाधिकारीहरूसँग छलफल समेत गरी देहाय बमोजिमको निर्णय गरियोः

- नेपालमा खैनी, गुट्खा जस्ता सुर्तीजन्य उद्योगहरूले कच्चा पदार्थको रुपमा यस्ता उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थहरूको आयात तथा निर्यातको विवरण र खैनी, गुट्खा जस्ता सुर्तीजन्य पदार्थहरूको आ.व. २०७९/८० र २०८०/८१ को आयात तथा निर्यातको विवरण नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट माग गर्ने,
- चुरोटमा प्रयोग हुने फ्लेबर, क्यापसुल तथा ट्याबलेटहरू जस्ता नशालु पदार्थहरूका कारण क्यान्सर जस्तो गम्भीर रोगबाट जनस्वास्थ्यमा असर हुने गरेकोले यस्ता पदार्थहरूको उत्पादन, आयात तथा प्रयोगमा निरुत्साहित गर्न नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने,
- नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट देहाय बमोजिमको विवरण माग गर्नेः
  - सुर्तीजन्य उद्योगहरूको उत्पादकले सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्न) ऐन, २०६८ को दफा ८ बमोजिम पेश गरेको आ.व. २०७९/८० र २०८०/८१को विवरण,
  - सुर्तीजन्य उद्योगहरूको उत्पादकहरूले सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ को नियम ८ बमोजिम उत्पादकले पेश गरेको आ.व. २०७९/८० र २०८०/८१को विवरण
- यस समितिको मिति २०८०/६/१२ गतेको बैठक संख्या १४ को देहाय बमोजिमको निर्णय कार्यान्वयनको अवस्थाको जानकारी नेपाल सरकार, अर्थ मन्त्रालयसँग माग गर्ने,

  "नेपालमा आयात हुने सुपारीलाई काउन्टर भ्यालिङ ट्याक्स लगाइ सो वापतको रकम सुपारी किसानलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउन नेपाल सरकार अर्थ मन्त्रालयलाई निर्देशन दिने।"
- झापा, सुनसरी र मोरङको स्थलगत अनुगमनको प्रतिवेदन गरी परिमार्जन सहित सर्वसम्मतिले पारित गर्ने,
- चिनी उद्योग तथा उखु किसानहरूका समस्या समाधान सुझाव उपसमितिको प्रतिवेदन पारित गर्ने,

- स्पञ्ज आइरन, बिलेट्सको भन्सार महशुल, अन्तःशुल्क तथा उद्योगहरूको अध्ययन अनुगमन उपसमितिको प्रारम्भिक प्रतिवेदन मार्फत उपसमितिको कार्यावधिका थप गर्ने प्रस्तावमाथि छलफल गर्दा उपसमितिको कार्यावधि २०८१ साउन मसान्तसम्म थप गर्ने,

**२०८१ साउन ९**

- विद्युतीय व्यापार विधेयक, २०८० का सम्बन्धमा सरोकारवाला पक्षहरूसँग छलफल गर्ने क्रममा दराज केमु प्रा.लि., सिलीकन हायर प्रा.लि. र JeeVee Health प्रा.लि. का प्रतिनिधिसँग छलफल भएको थियो। छलफलमा सरोकारवाला पक्षका प्रतिनिधिहरूले विद्युतीय व्यापार विधेयकले हाल सञ्चालनमा रहेका विद्युतीय व्यापारलाई पार्न सक्ने असर र गर्नुपर्ने सुधारका विषयका सम्बन्धमा आफ्नो प्रस्तुतिकरण दिनुभएको थियो। माननीय सदस्यहरूबाट विद्युतीय व्यापारका सम्बन्धमा थप स्पष्ट हुन केही जिज्ञासा राख्नु भयो र प्रतिनिधिहरूबाट थप स्पष्टीकरण समेत प्राप्त हुन आएको।

**२०८१ साउन ११**

- विद्युतीय व्यापार विधेयक, २०८० का सम्बन्धमा नेपाल उद्योग परिसंघका प्रतिनिधि तथा विधेयक मस्यौदामा संलग्न मन्त्रालयका कर्मचारीहरूसँग छलफल गरियो। उद्योग परिसंघका प्रतिनिधिहरूका तर्फबाट विधेयकमा गर्नुपर्ने आवश्यक संशोधनका बारेमा र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट विधेयकको मस्यौदाको मुलभूत विषयहरू प्रस्तुतिकरण भएको थियो।
- समितिको बैठकबाट देहाय बमोजिमको शोक प्रस्ताव पारित गर्ने:

**शोक प्रस्ताव**

"यही २०८१ असार २८ गते भएको सिमलताल बस दुर्घटना र २०८१ साउन ९ गते भएको सौर्य एरलायइन्सको बिमान दुर्घटनाका घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै र उक्त दुर्घटनामा ज्यान गुमाउनु हुने सम्पूर्ण व्यक्तिहरू प्रति समितिको तर्फबाट हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ।"

## २०८१ साउन १६

- विद्युतीय व्यापार विधेयक, २०८० का सम्बन्धमा संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय मनिष झा, माननीय दामोदर पौडेल बैरागी, माननीय नारायणी शर्मा तथा माननीय प्रेम सुवालले संशोधनका बारेमा आफ्नो भनाई राख्नु भएको थियो।

## २०८१ साउन १७

- विद्युतीय व्यापार विधेयक, २०८० का सम्बन्धमा संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय जीवन परियार, माननीय माधव सापकोटा, माननीय नारायण प्रसाद आचार्य, माननीय चन्द्र बहादुर विश्वकर्मा, शिशिर खनाल, माननीय असिम शाह, माननीय रघुजी पन्त, माननीय प्रतिमा गौतम, माननीय डा. तोसिमा कार्की, माननीय सोबिता गौतमले संशोधनका बारेमा आफ्नो भनाई राख्नु भएको थियो।

## २०८१ साउन १८

- विद्युतीय व्यापार विधेयक, २०८० का सम्बन्धमा संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय दुर्गा राई, माननीय कान्तिका सेजुवाल, माननीय सीता मिजार, माननीय मैना कार्की र माननीय रघुजी पन्तले संशोधनका बारेमा आफ्नो भनाई राख्नु भएको थियो।

## २०८१ साउन ३२

- माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरतसिंह भण्डारी तथा सचिव श्री मुकुन्द प्रसाद निरौलाको उपस्थितिमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका प्रतिनिधिहरू र कोरिया हवाई टिकट सम्बन्धका निवेदक तथा पर्यटन व्यवसायी श्री अरविन्द कुमार शाहको उपस्थिति रहेको थियो। उक्त छलफलमा वैदेशिक रोजगार व्यवसाय फर्म नवीकरण, श्रमिकको सुरक्षा तथा EPS मार्फत् दक्षिण कोरिया जाने श्रमिको हवाई टिकटमा रहेको विवादका लगायतका वैदेशिक रोजगारका क्षेत्रमा रहेका विविध विषयहरूमा छलफल भएको थियो।

## २०८१ भदौ ७

बैठकमा चाडपर्व लक्षित गरी दैनिक उपभोग्य वस्तुहरूका सरल र सहज आपूर्ति व्यवस्थापनका सम्बन्धमा माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री, सचिव र विभिन्न उपभोक्ता मञ्चका प्रतिनिधिहरूसँग छलफल गरियो। आजको बैठकको छलफल तथा मिति २०८१ साउन ३२ गतेको ४२ औं बैठकको छलफलका आधारमा देहाय बमोजिमको निर्णय गरियो:

- चाडपर्वको अवसरमा हुने गरेको गरेको कृत्रिम अभाव, कालोबजारी, अस्वभाविक मूल्यवृद्धिलाई रोक्न मन्त्रालय तथा मातहतका निकायबाट हुने गरेको बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाउन तथा सुपथमूल्य पसलहरूको मुलुकको विभिन्न स्थानमा विस्तार गर्न नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने,
- नेपाली युवाहरूका लागि मुलुकभित्रै मर्यादित रोजगारीको अवसर सिर्जना गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमलाई विशेष योजना तर्जुमा गरी कार्यान्वयन गर्ने कार्यलाई मन्त्रालयले प्राथमिकीकरण गर्दै वैदेशिक रोजगारीमा जाने श्रमिकहरूका लागि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य र थप प्रभावकारी बनाउन नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिने,
- वैदेशिक रोजगारीमा जाने श्रमिकहरूका लागि पूर्वप्रस्थान अभिमुखीकरण दिने तालिम प्रदायक संस्थाहरूको नियमित अनुगमन तथा मूल्यांकन गर्ने तथा तोकिएको मापदण्ड र शर्त पूरा गरी सञ्चालन भएका र त्यस्तो मापदण्ड र शर्त पूरा नगरी कारबाहीमा परेका अभिमुखीकरण तालिम प्रदायक संस्था छुटिने गरी प्रत्येक तीन महिनामा आफ्नो आधिकारिक Website र सञ्चार माध्यम मार्फत् त्यस्तो विवरण सार्वजनिक गर्न नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिने,
- श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग सम्बन्धित कानूनहरूमा समसामयिक संशोधन, परिमार्जन गर्नुपर्ने विषयमा समितिको ध्यानाकर्षण भएको छ। बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ लाई संशोधन गर्ने विधेयक

चालु अधिवेशनमै सदनमा पेश गर्न नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिने,

- समितिको विभिन्न मितिमा बसेको बैठकबाट भएको निर्णय कार्यान्वयनको सम्बन्धमा सम्बन्धित मन्त्रालयहरूबाट जानकारी माग गर्न पत्राचार गर्ने,
- उजुरी सुनवाई तथा कार्यसम्पादन सहजीकरण उपसमितिलाई नै विद्युतीय व्यापार विधेयक, २०८० माथि छलफल गर्न कार्यादेश दिने साथै उक्त उपसमितिमा माननीय कान्तिका सेजुवाल र माननीय रुक्मणी राना बराइलीलाई सदस्यको रुपमा मनोनयन गर्ने,

## २०८१ भदौ ९

समितिको आजको बैठकमा अन्तर्राष्ट्रिय विमान स्थलमा रहेको इन्धन भण्डारणको स्थानान्तरण, बायो इथानोलको प्रयोगको सम्भावना तथा पेट्रोलिय पदार्थको आपूर्ति व्यवस्थापनका विविध पक्षहरूमा श्रीमान् वाणिज्य तथा आपूर्ति सचिव तथा निवेदनकर्ता संस्थाका प्रतिनिधिहरूसँग छलफल गरियो। आजको बैठकको छलफल तथा मिति २०८१ साउन ३२ गतेको ४२ औं बैठकको छलफलका आधारमा देहाय बमोजिमको निर्णय गरियोः

- आगामी हप्तामा नेपाल आयल निगमको स्थलगत अनुगमन गरी समग्र कामकारबाहीको बारेमा जानकारी लिने,
- नेपालमा वायो ईथानोल उत्पादन गर्ने उत्पादकहरूसँग तोकिएको गुणस्तर तथा मुल्यमा निश्चित परिमाणमा वायो ईथानोल खरिद सम्झौता गरि पेट्रोलमा वायो ईथानोल मिश्रण गरी आन्तरिक उत्पादन, वैदेशिक मुद्रा सञ्चिति र रोजगारीका साथै कुल ग्राहस्थ उत्पादन बढाउन सकिने तर्फ समितिको गम्भीर ध्यानाकर्षण भएको छ। अतः नेपाल सरकारले गरेको निर्णय र विभिन्न समयमा संसदीय समितिले दिएको निर्देशन, समय-समयमा गठन भएका अध्ययन समितिहरूको निष्कर्षको कार्यान्वयन तत्काल गरी स्वदेशी उत्पादकहरूलाई आव्हान गरि बायो इथानोलको उत्पादन तथा प्रयोगमा ल्याउन आवश्यक प्रबन्ध गर्न नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने ।

- IOM (International Organization for Migration) ले समेत विदेश जाने विद्यार्थी तथा श्रमिकको स्वास्थ्य परीक्षण गर्ने गरेको छ, भन्ने सुन्नमा आएकोले सो संस्थाले अनुमति कहाँबाट लिएको छ? नेपाल सरकारलाई तिर्नुपर्ने करको अवस्था के छ? यसबारे सत्य-तथ्य प्रमाण सहितको विवरण नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट माग गर्ने,

## २०८१ भदौ १४

समितिको आजको बैठकमा तयारी पोशाक निर्यात र हस्तकला क्षेत्रमा रहेका नीतिगत समस्याका सम्बन्धमा वाणिज्य तथा आपूर्ति सचिव तथा निवेदनकर्ता संस्थाका प्रतिनिधिहरूसँग छलफल गरियो। आजको बैठकको छलफलका आधारमा देहाय बमोजिमको निर्णय गरियोः

- तयारी पोशाक निर्यात तथा हस्तकला क्षेत्रमा रहेका नीतिगत तथा समग्र अवस्थाका बारेमा छलफल गर्दा यस सम्बन्धमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, भन्सार विभाग, नेपाल राष्ट्र बैंक, विमा समिति, लगायतका पदाधिकारी सहित आगामी बैठकमा थप छलफल गर्ने,
- समितिको २०८१/४/३ गते बसेको बैठकबाट "चुरोटमा प्रयोग हुने फ्लेबर क्याप्सुल तथा ट्याबलेटहरू जस्ता नशालु पदार्थहरूका कारण क्यान्सर जस्तो गम्भीर रोगबाट जनस्वास्थ्यमा असर हुने गरेकोले यस्ता पदार्थहरूको उत्पादन, आयात तथा प्रयोगमा निरुत्साहित गर्न नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने," बमोजिमको निर्णय भएकोमा उक्त निर्णयबाट नेपालका चुरोट उद्योगहरूले कच्चा पदार्थको रुपमा प्रयोग गर्ने फ्लेबरहरू ल्याउन कठिनाइ भएको र चुरोट उद्योगहरू बन्द हुने अवस्था पुगेको भनी नेपाल पेय पदार्थ तथा चुरोट उद्योग संघको मिति २०८१/४/३० गतेको पत्र प्राप्त भएको छ। यसै गरी, उक्त पत्रमा संलग्न गरिएको भन्सार विभाग, प्रयोगशाला शाखाको पत्र अनुसार Gorkha Lahari Pvt.Ltd., Nepal बाट आयातित Tobacco Flavouring मालवस्तुको नमूना परीक्षण गर्दा उक्त मालवस्तु Propylene Glycol(98% Major

Component) मा Vanillin (1.5%), ethyl vallin (0.7%), caramel र न्यून मात्रामा Caffeine मिली बनेको Food Additive पाइएको तथा Tobacco Flavouring भनि घोषित उक्त वस्तुमा भएका घटकहरूको मात्र विश्लेषण गर्दा, उक्त मालबस्तु बासनाका लागि मात्र नभई सुर्तिलाई सुख्खा हुन नदिने, वाणिज्य तथा आपूर्ति र Color maintain गर्ने र चुरोटका धुँवा राम्रोसँग आउने बनाउने कार्यमा प्रयोग हुने उल्लेख भएकोले चुरोट उत्पादनमा प्रयोग हुने Tobacco Flavouring को आयातमा उक्त निर्णय लागू नहुने भनी सम्बन्धित निकायलाई जानकारी दिने,

## २०८१ भदौ २७

- समितिको आजको बैठकमा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १८९ बमोजिमको समितिको वार्षिक प्रतिवेदनमाथि बैठकमा थप छलफल भयो र माननीय सदस्यहरूबाट प्राप्त भएका सुझावहरूलाई समेत उक्त प्रतिवेदनमा समावेश गरी प्रतिनिधि सभाको आगामी बैठकमा उक्त प्रतिवेदन पेश गर्ने निर्णय भएको थियो। साथै, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, सिनामंगलमा रहेको नेपाल आयल निगमको इन्धन भण्डारणको स्थानान्तरणका सम्बन्धमा उजुरी सुनुवाइ तथा कार्यसम्पादन सहजीकरण उपसमितिले विभिन्न सरोकारवालाहरूसँग गरेको छलफलका सम्बन्धमा समितिलाई जानकारी गराइयो।
- स्पञ्ज आइरन, विलेट्सको भन्सार महसुल, अन्तःशुल्क तथा उद्योगहरूको अध्ययन, अनुगमन उपसमितिको यी मिति २०८१ साउन २२ गते र भदौ ५ गते बैठक बसी भ्रमण प्रतिवेदनमाथि छलफल गरिएको,
- उजुरी सुनुवाई तथा कार्यसम्पादन सहजीकरण उपसमितिको यी मिति २०८१ साउन १५ र २७ गते, भदौ २, ५, ११, १३, १६, १९, २०, २३, २५, २७ गते गरी कूल १२ वटा बैठक बसी समितिको बैठकको लागि पूर्व छलफल तथा कार्यसूचि निर्धारण र विद्युतीय व्यापार विधेयक, २०८० मा विभिन्न सरोकारवालाहरूसँग छलफल गरिएको,

- यही मिति २०८१ साउन २८ गते विद्युतीय व्यापार विधेयक, २०८० का विविध आयामहरूमाथि सभाका माननीय सदस्यहरू एवम् विज्ञ तथा सरोकारवालाहरूबिच अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको,
- माननीय सभापति श्री अब्दुल खांनको नेतृत्व तथा माननीय अमृता देवी अग्रहरी, माननीय कान्तिका सेजुवाल, माननीय रेखा यादव, माननीय सिता मिजारको सहभागितामा यही मिति २०८१ असोज ८ गतेदेखि १० गतेसम्म बाँके, बार्दिया र सुर्खेत जिल्लामा रहेका उद्योगहरूको स्थलगत अनुगमन तथा ती जिल्लाहरूका जिल्ला बजार अनुगमन समितिका पदाधिकारी र विभिन्न सरोकारवालहरूसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको थियो। यस कार्यक्रमका लागि Parliament Support Program, UNDP सहकार्य रहेको थियो,
- समितिको वार्षिक प्रतिवेदन सभाको मिति २०८१ भदौ ३० गतेको बैठकमा समितिका सदस्य माननीय सिता मिजारद्वारा पेश गरिएको।

### १.२.२.४ कानून, न्याय तथा मानव अधिकार समिति

**२०८१ साउन ९**

- बैठकमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित दफाहरूमाथि छलफल भएको थियो। मन्त्रालयसँग सम्बन्धित दफा ९, १३, ७१ र ७२ माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको संशोधन प्रस्ताव र समितिका माननीय सदस्यहरूको धारणासहित छलफल भएको थियो। उल्लिखित दफाहरूका विषयमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसिया, मन्त्रालयका सचिव श्री फणिन्द्र गौतमले छलफलका क्रममा मन्त्रालयका तर्फबाट आआफ्ना धारणा राखुभएको थियो।

  दफावार छलफलका क्रममा समितिका माननीय सदस्य महेश कुमार बर्तौला, माननीय सदस्य शेर बहादुर कुँवर, माननीय सदस्य पूर्णबहादुर घर्ती, माननीय सदस्य चन्द्र बहादुर विश्वकर्मा, माननीय सदस्य मंगल प्रसाद गुप्ता, माननीय सदस्य

रन्जु कुमारी झा, माननीय सदस्य नागिना यादव र माननीय सदस्य राम कुमार राईले आआफ्ना धारणा राख्नुभएको थियो।

माननीय सदस्यहरूले राख्नुभएको धारणाका विषयमा माननीय वन तथा वातावरण मन्त्री श्री ऐन बहादुर शाही ठकुरी, मन्त्रालयका सचिव डा. गोविन्द प्रसाद शर्मा, रा.नि. तथा व.स. विभागका उ.म.नि. श्री वेद कुमार ढकालले थप प्रष्ट पार्नुभएको थियो। कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव श्री मान बहादुर अर्यालले केही दफाका विषयमा थप प्रष्ट पार्नुभएको थियो।

समितिमा पुनः छलफल गर्नुपर्ने भनी पहिचान भएका विषयलाई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले वन तथा वातावरण मन्त्रालयसँग छलफल गरेको आधारमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यू र वन तथा वातावरण मन्त्रीज्यूले समितिमा राख्नुभएको धारणा र त्यसमाथिको छलफलपश्चात् निष्कर्षमा पुगेका विषयहरू सोहीबमोजिम हुने निर्णय भएको थियो।

- कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले यस विधेयकसँग सम्बन्धित अन्य मन्त्रालयसँग छलफल गरी समितिको बैठकमा प्रस्तुत गर्न बाँकी रहेका विषयहरूका सम्बन्धमा मन्त्रालयले अन्य मन्त्रालयहरूसँग छलफल गरेपश्चात् समितिको अर्को बैठकमा छलफल हुने जानकारी गराउँदै सभापतिले समितिको आजको बैठक अन्त्य गर्नुभएको थियो।

**२०८१ साउन १०**

- बैठकमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित दफाहरूमाथि छलफल भएको थियो। मन्त्रालयसँग सम्बन्धित दफा ७ र २९ माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको संशोधन प्रस्ताव र समितिका माननीय सदस्यहरूको धारणासहित छलफल भएको थियो। उल्लिखित दफाहरूका विषयमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसिया, मन्त्रालयका सचिव श्री फणिन्द्र गौतमले छलफलका क्रममा मन्त्रालयका तर्फबाट आआफ्ना धारणा राख्नुभएको थियो।

दफावार छलफलका क्रममा समितिका माननीय सदस्य जीवन परियार, माननीय सदस्य रन्जु कुमारी झा, माननीय सदस्य नागिना यादव, माननीय सदस्य नैनकला थापा, माननीय सदस्य ध्रुव बहादुर प्रधान, माननीय सदस्य शेर बहादुर कुंवर, माननीय सदस्य पूर्णबहादुर घर्ती, माननीय सदस्य मंगल प्रसाद गुप्ता, माननीय सदस्य चन्द्र बहादुर विश्वकर्मा, माननीय सदस्य राम कुमार राई, माननीय सदस्य सीता गुरुङ्ग र माननीय सदस्य गोमा लाभ सापकोटाले आआफ्ना धारणा राख्नुभएको थियो।

माननीय सदस्यहरूले राख्नुभएको धारणाका विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव डा. दिपक काफ्लेलगायतले प्रष्ट पार्नुभएको थियो। कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव श्री मान बहादुर अर्यालले समेत थप प्रष्ट पार्नुभएको थियो।

- माननीय सदस्यहरू, समितिमा पुनः छलफल गर्नुपर्ने भनी पहिचान भएका विषयलाई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले सम्बन्धित मन्त्रालयसँग छलफल गरेको आधारमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यूले समितिमा राख्नुभएको धारणा र छलफलपश्चात् निष्कर्षमा पुगेका विषय सोही बमोजिम हुने र आजको बैठकमा छलफल भएका तर निष्कर्षमा पुग्न बाँकी रहेका विषयहरू समितिमा पुनः छलफल हुने।
- कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले यस विधेयकसँग सम्बन्धित अन्य मन्त्रालयसँग छलफल गरी समितिको बैठकमा प्रस्तुत गर्न बाँकी विषयहरू भएमा अन्य मन्त्रालयहरूसँग छलफल भएको थियो।

## २०८१ साउन १३

- बैठकमा नेपालका बाल सुधार गृहमा रहेका बालबालिकाहरू र नेपालका कारागारहरूमा रहेका कैदी तथा थुनुवाहरूको मानव अधिकारको अवस्थाका सम्बन्धमा स्थलगत अनुगमन गर्न गठित उपसमितिहरूको प्रतिवेदन पेस भएपश्चात् र छलफल भएको थियो।

  सर्वप्रथम बाँकेको जयन्दु बाल सुधार गृह र बाँके, बर्दिया र सुर्खेत जिल्लाको कारागार अनुगमन उपसमितिका जेष्ठ सदस्य श्री ध्रुव बहादुर प्रधानले बाँकेको जयन्दु

बाल सुधार गृह र बाँके, बर्दिया र सुर्खेत जिल्लाको कारागार अनुगमन उपसमितिको प्रतिवेदन, २०८१ समितिसमक्ष सङ्क्षिप्त मन्तव्यसहित पेस गर्नुभएको थियो।

तत्पश्चात् वीरगञ्जको बाल सुधार गृह र पर्सा, रौतहट, महोत्तरी र सर्लाही जिल्लाको कारागार अनुगमन उपसमितिका संयोजक माननीय सदस्य नागिना यादवले वीरगञ्जको बाल सुधार गृह र पर्सा, रौतहट, महोत्तरी र सर्लाही जिल्लाको कारागार अनुगमन उपसमितिको प्रतिवेदन, २०८१ समितिसमक्ष सङ्क्षिप्त मन्तव्यसहित पेस गर्नुभएको थियो।

त्यसपछि मोरङको विराटनगर बाल सुधार गृह तथा मोरङ, सुनसरी र धनकुटा जिल्लाको कारागार अनुगमन उपसमितिका संयोजक माननीय सदस्य रन्जु कुमारी झाले मोरङको विराटनगर बाल सुधार गृह तथा मोरङ, सुनसरी र धनकुटा जिल्लाको कारागार अनुगमन उपसमितिको प्रतिवेदन, २०८१ समितिसमक्ष सङ्क्षिप्त मन्तव्यसहित पेस गर्नुभएको थियो।

समितिसमक्ष पेस भएका उल्लिखित ३ वटै प्रतिवेदनमाथि यस बैठकमा आमन्त्रित माननीय गृहमन्त्री श्री रमेश लेखक, माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री नवलकिसोर साह सुडी र माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसियाले सरकारको तर्फबाट आआफ्ना धारणा राख्नुभएको थियो। त्यसै गरी गृह मन्त्रालयका सचिव श्री एकनारायण अर्याल र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव श्री दिनेश भट्टराईले समेत सरकारको तर्फबाट आआफ्ना धारणा राख्नुभएको थियो।

**२०८१ साउन २२**

- बैठकमा विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफल प्रारम्भ भएको थियो। सर्वप्रथम माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसियाले विधेयकका सम्बन्धमा सरकारको तर्फबाट आफ्नो भनाइ राख्नुभएको थियो।

तत्पश्चात् समितिका माननीय सदस्य महेश कुमार बर्तौला, माननीय सदस्य शेर बहादुर कुँवर, माननीय सदस्य सन्तोष परियार, माननीय सदस्य सुशीला थिङ र माननीय सदस्य प्रतिक्षा तिवारीले आआफ्ना धारणा राख्नुभएको थियो। माननीय सदस्यहरूले राख्नुभएका केही विषयका सम्बन्धमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसियाले प्रष्ट पार्नुभएको थियो।

- केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित दफा ३ र खानेपानी मन्त्रालयसँग सम्बन्धित दफा ४१ माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको संशोधन प्रस्ताव र समितिका माननीय सदस्यहरूको धारणासहित छलफल भएको थियो। यी दफाहरूका सम्बन्धमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव श्री निर्मला अधिकारी र सहसचिव श्री मानबहादुर अर्यालसमेतले मन्त्रालयका तर्फबाट आआफ्ना धारणा राख्नुभएको थियो।

  दफावार छलफलका क्रममा समितिका माननीय सदस्य ध्रुव बहादुर प्रधान, माननीय सदस्य महेश कुमार बर्तौला, माननीय सदस्य सुनिल कुमार शर्मा, माननीय सदस्य सन्तोष परियार, माननीय सदस्य सुशिला थिङ, माननीय सदस्य प्रतिक्षा तिवारी, माननीय सदस्य शेर बहादुर कुँवर र माननीय सदस्य सोबिता गौतमले आआफ्ना धारणा राख्नुभएको थियो।

- केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकसँग सम्बन्धित विषयहरू कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले अन्य मन्त्रालयसँग छलफल गरी समितिको बैठकमा प्रस्तुत गर्न बाँकी भएमा अन्य मन्त्रालयहरूसँग छलफल गरेपश्चात् समितिको अर्को कुनै बैठकमा छलफल भएको थियो।

## २०८१ साउन २३

- बैठकको पहिलो नम्बरमा रहेको कार्यसूचीअनुसार विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूसँग छलफल भएको थियो।

बैठकमा यस विधेयकमाथि संशोधन प्रस्ताव दर्ता गराउनुभएका यस समितिका सदस्यबाहेकका सबै १४ जना माननीय सदस्यहरूलाई आमन्त्रण गरिएकोमा ४ जना माननीय सदस्यहरूको उपस्थिति रह्यो। बैठकमा उपस्थित माननीय सदस्य गोकुल प्रसाद बाँस्कोटा, माननीय सदस्य मनिष झा, माननीय सदस्य माधव सापकोटा र माननीय सदस्य प्रेम सुवालले यस विधेयकमाथि राख्नुभएका आफ्ना सबै संशोधन प्रस्तावका सम्बन्धमा धारणा राख्नुभएको थियो। तत्पश्चात् कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसियाले सरकारको तर्फबाट आफ्नो धारणा राख्नुभएको थियो।

- बैठकको दोस्रो नम्बरमा रहेको कार्यसूचीअनुसार केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित दफा २९ र खानेपानी मन्त्रालयसँग सम्बन्धित दफा ४१ माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको संशोधन प्रस्ताव र समितिका माननीय सदस्यहरूको धारणासहित छलफल भएको थियो। उल्लिखित दफाहरूका विषयमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसियाले छलफलका क्रममा मन्त्रालयका तर्फबाट आफ्नो धारणा राख्नुभएको थियो।

सर्वप्रथम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित दफा २९ माथि छलफल भएको थियो। दफावार छलफलका क्रममा समितिका माननीय सदस्य सन्तोष परियार, माननीय सदस्य पूर्ण बहादुर घर्ती, माननीय सदस्य रन्जु कुमारी झा, माननीय सदस्य महेश कुमार बर्तौला र माननीय सदस्य प्रतिक्षा तिवारीले आआफ्ना धारणा राख्नुभएको थियो।

माननीय सदस्यहरूले राख्नुभएको धारणाका विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव डा. दिपक काफ्लेलगायतले प्रष्ट पार्नुभएको थियो। कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव श्री मान बहादुर अर्यालले समेत थप प्रष्ट पार्नुभएको थियो।

तत्पश्चात् खानेपानी मन्त्रालयसँग सम्बन्धित दफा ४१ माथि छलफल भएको थियो। दफावार छलफलका क्रममा समितिका माननीय सदस्य महेश कुमार बर्तौला,

माननीय सदस्य सोबिता गौतम, माननीय सदस्य रामकुमार राई, माननीय सदस्य मंगल प्रसाद गुप्ता, माननीय सदस्य गोमा लाभ (सापकोटा), माननीय सदस्य रन्जु कुमारी झा, माननीय सदस्य चन्द्र बहादुर विश्वकर्मा र माननीय सदस्य प्रतिक्षा तिवारीले आआफ्ना धारणा राख्नुभएको थियो।

माननीय सदस्यहरूले राख्नुभएको धारणाका विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव डा. दिपक काफ्ले, सहसचिव श्री माधव प्रसाद अधिकारी र का.उ.खा.बो.का कार्यकारी निर्देशक श्री संजिव विक्रम राणाले प्रष्ट पार्नुभएको थियो।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले यस विधेयकसँग सम्बन्धित अन्य मन्त्रालयसँग छलफल गरी समितिको बैठकमा प्रस्तुत गर्न बाँकी विषयहरू भएमा अन्य मन्त्रालयहरूसँग छलफल भएको थियो।

**२०८१ साउन २४**

- बैठकमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल भएको थियो।

  समितिको मिति २०८० साल असोज २३ गतेको बैठकमा पेस भएको यस विधेयकसम्बन्धी उपसमितिको प्रतिवेदन तथा त्यसपछिका समितिका बैठकहरूमा भएका छलफलको आधारमा समिति सचिवालयले तयार गरेको विधेयकसम्बन्धी समितिको मस्यौदा प्रतिवेदनमाथि बृहत् छलफल भएको थियो। बैठकमा उपस्थित सबै माननीय सदस्यहरूले छलफलका क्रममा आआफ्ना भनाइ राख्नुभएको थियो। छलफल भएपश्चात् बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकसम्बन्धी बैठकमा पेस भएको प्रतिवेदनको मस्यौदालाई प्रस्तुत रूपमा नै यस विधेयकसम्बन्धी समितिको प्रतिवेदनको रूपमा सर्वसम्मतिले पारित गर्ने निर्णय भएको थियो।

- बैठकले पारित गरेको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकसम्बन्धी समितिको

प्रतिवेदन प्रतिनिधि सभाको आगामी बैठकमा पेस गर्ने व्यवस्था मिलाइदिनका लागि सम्माननीय सभामुखसमक्ष अनुरोध गर्ने निर्णय भएको थियो।

## २०८१ साउन २५

- बैठकमा नेपालका बाल सुधार गृहमा रहेका बालबालिकाहरू र नेपालका कारागारहरूमा रहेका कैदी तथा थुनुवाहरूको मानव अधिकारको अवस्थाका सम्बन्धमा स्थलगत अनुगमन गर्न गठित उपसमितिहरूको प्रतिवेदनमाथि छलफल भएको थियो। छलफलका क्रममा माननीय सदस्य पूर्ण बहादुर घर्ती, माननीय सदस्य शेर बहादुर कुँवर, माननीय सदस्य नैनकला थापा, माननीय सदस्य चन्द्र बहादुर विश्वकर्मा, माननीय सदस्य मंगलप्रसाद गुप्ता, माननीय सदस्य प्रतिक्षा तिवारी, माननीय सदस्य रामकुमार राई, माननीय सदस्य पुष्पबहादुर शाह, माननीय सदस्य रन्जु कुमारी झा, माननीय सदस्य सोबिता गौतम, माननीय सदस्य गोमा लाभ (सापकोटा) र माननीय सदस्य नागिना यादवले आआफ्ना धारणा राख्नुभएको थियो। माननीय सदस्यहरूले राख्नुभएको धारणाका सम्बन्धमा कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसियाले सरकारको तर्फबाट आफ्नो विचार राख्नुभएको थियो।
- मोरङको विराटनगर बाल सुधार गृह तथा मोरङ, सुनसरी र धनकुटा जिल्लाको कारागार अनुगमन उपसमितिको प्रतिवेदन, २०८१; वीरगञ्जको बाल सुधार गृह र पर्सा, रौतहट, महोत्तरी र सर्लाही जिल्लाको कारागार अनुगमन उपसमितिको प्रतिवेदन, २०८१ र बाँकेको जयेन्दु बाल सुधार गृह र बाँके, बर्दिया र सुर्खेत जिल्लाको कारागार अनुगमन उपसमितिको प्रतिवेदन, २०८१ मा रहेका सुझावहरू कार्यान्वयन गर्नका लागि गृह मन्त्रालय; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई अनुरोध गर्ने निर्णय भएको थियो। उपसमितिको प्रतिवेदनहरूमा नसमेटिएका तर समितिको आजको बैठकमा प्राप्त सुझावहरूलाई कानून, न्याय तथा संसदीय ममिला मन्त्रालयमार्फत नेपाल सरकारलाई ध्यानाकर्षण गराउनेसमेत निर्णय भएको थियो।

## २०८१ साउन ३२

- समितिको आजको बैठकमा विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूसँग छलफल भएको थियो।

  बैठकमा यो विधेयकमाथि संशोधन प्रस्ताव दर्ता गराउनुभएका यस समितिका सदस्यबाहेकका १० जना माननीय सदस्यहरूलाई आमन्त्रण गरिएकोमा ८ जना माननीय सदस्यहरूको उपस्थिति रह्यो। बैठकमा उपस्थित माननीय सदस्य सुमना श्रेष्ठ, माननीय सदस्य गगनकुमार थापा, माननीय सदस्य अशोककुमार चौधरी, माननीय सदस्य गणेश पराजुली, माननीय सदस्य दामोदर पौडेल बैरागी, माननीय सदस्य निशा डाँगी, माननीय सदस्य विराजभक्त श्रेष्ठ र माननीय सदस्य रुपा सो. शी. (चौधरी) ले यस विधेयकमाथि राख्नुभएका आफ्ना सबै संशोधन प्रस्तावका सम्बन्धमा धारणा राख्नुभएको थियो। तत्पश्चात् कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसियाले सरकारको तर्फबाट आफ्नो धारणा राख्नुभएको थियो।

## २०८१ भदौ २

- बैठकमा विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा विषय विज्ञहरूसँग छलफल भएको थियो। बैठकमा विषय विज्ञहरू- राष्ट्रिय सभाका पूर्वसदस्य श्री खिमलाल देवकोटा, पूर्वमन्त्री एवम् कानूनविद् श्री माधव पौडेल, संविधानसभा सदस्य एवम् वरिष्ठ अधिवक्ता श्री राधेश्याम अधिकारी, पूर्वउपसभामुख श्री पुष्पा भुसाल गौतम र विधायन व्यवस्थापन समितिका पूर्वसभापति श्री परशुराम मेघी गुरुङले यस विधेयकका विषयमा आआफ्ना धारणा राख्नुभएको थियो। छलफलका क्रममा कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसियाले सरकारको तर्फबाट आफ्नो सङ्क्षिप्तमा धारणा राख्नुभएको थियो।

## २०८१ भदौ ९

- बैठकमा विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा दफावार छलफल भएको थियो। यस विधेयकको प्रस्तावनादेखि दफा ३ सम्म दफावार छलफल भएको थियो।

  दफावार छलफलका क्रममा माननीय सदस्य रन्जु कुमारी झा, माननीय सदस्य चन्द्रबहादुर विश्वकर्मा, माननीय सदस्य नागिना यादव, माननीय सदस्य ध्रुव बहादुर प्रधान, माननीय सदस्य सुशीला थिङ, माननीय सदस्य रामकुमार राई, माननीय सदस्य सोबिता गौतम, माननीय सदस्य सन्तोष परियार, माननीय सदस्य प्रतिक्षा तिवारी, माननीय सदस्य पूर्णबहादुर घर्ती र माननीय सदस्य जीवन परियारले आआफ्ना धारणा राखुभएको थियो। छलफलका क्रममा कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसियाले सरकारको तर्फबाट आफ्नो धारणा राख्नुभएको थियो। त्यसै गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका संचिव श्री उदयराज सापकोटा र सहसचिव श्री मानबहादुर अर्यालले समेत मन्त्रालयको तर्फबाट आआफ्नो धारणा राख्नुभएको थियो।

- बैठकको कार्यसूचीमा रहेको "विविध" अन्तर्गत माननीय सदस्य प्रतिक्षा तिवारी, माननीय सदस्य जीवन परियार, माननीय सदस्य पूर्णबहादुर घर्ती, माननीय सदस्य नागिना यादव, माननीय सदस्य ध्रुव बहादुर प्रधान र माननीय सदस्य सोबिता गौतमले विभिन्न विषयमा आआफ्ना विचार व्यक्त गर्नुभएको थियो। विविधअन्तर्गत समितिमा उठेका विषयमा देहायबमोजिमको निर्णय भयोः-
  - त्रि. वि. शिक्षण अस्पताललगायत नेपालका अन्य अस्पतालहरूमा बिरामीले आकस्मिक एवम् अत्यावश्यक सेवासमेत सुलभ रूपमा पाउन नसकेको, स्वास्थ्यसम्बन्धी मैलिक हकको समेत सहज रूपमा उपयोग गर्न नपाउने अवस्था रहेकाले यस विषयमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रीमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउने।

- यस समितिको कार्यक्षेत्रका विषयहरू अन्य समितिमा छलफल भएको विषयमा समितिको ध्यानाकर्षण हुँदा यस समितिको कार्यक्षेत्रको विषयमा अन्य समितिसँग दोहोरोपन हुन नदिन आवश्यक समन्वय गर्ने।
- नेपालका कारागारहरूमा रहेका कैदी तथा थुनुवाहरूको मानव अधिकारसम्बन्धी स्थलगत अनुगमन गर्ने तथा विभिन्न घटनाहरूमा मानव अधिकार हनन् भएका विषयमा समितिले स्थलगत अनुगमनसम्बन्धी कार्यक्रम तय गर्ने।
- समितिअन्तर्गत उपसमिति गठनका विषयमा समितिमा थप छलफल गरी निष्कर्षमा पुग्ने।
- जेष्ठ नागरिकसम्बन्धी विषयमा कानून निर्माण गर्ने क्रममा हुन गएका कमी कमजोरीहरूका सम्बन्धमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई ध्यानाकर्षण गराउने।
- विभेदकारी कानूनसम्बन्धी अध्ययन गर्ने विषयलाई समितिको आगामी दिनको कार्ययोजना समावेश गर्ने।

**२०८१ भदौ १२**

- बैठकमा विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा दफावार छलफल भएको थियो। यस विधेयकको दफा ४ देखि दफा ६ सम्म दफावार छलफल भएको थियो।

  दफावार छलफलका क्रममा माननीय सदस्य महेश कुमार बतौला, माननीय सदस्य जीवन परियार, माननीय सदस्य सुशीला थिङ, माननीय सदस्य प्रतिक्षा तिवारी, माननीय सदस्य सोबिता गौतम, माननीय सदस्य पूर्णबहादुर घर्ती, माननीय सदस्य नैनकला थापा र माननीय सदस्य नागिना यादवले आआफ्ना धारणा राखुभएको थियो। छलफलका क्रममा कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसियाले सरकारको तर्फबाट आफ्नो धारणा राखुभएको थियो। त्यसै गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री उदयराज सापकोटा र

सहसचिव श्री मानबहादुर अर्यालले समेत मन्त्रालयको तर्फबाट आआफ्नो धारणा राखुभएको थियो।

## २०८१ भदौ १७

- बैठकमा विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा दफावार छलफल भएको थियो। यस विधेयकको दफा ७ देखि दफा ३७ सम्म दफावार छलफल भएको थियो।

  दफावार छलफलका क्रममा माननीय सदस्य सुशीला थिङ, माननीय सदस्य शेर बहादुर कुँवर, माननीय सदस्य नागिना यादव, माननीय सदस्य सोबिता गौतम, माननीय सदस्य ध्रुव बहादुर प्रधान र माननीय सदस्य गोमा लाभ सापकोटाले आआफ्ना धारणा राखुभएको थियो। छलफलका क्रममा कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसियाले सरकारको तर्फबाट आफ्नो धारणा राखुभएको थियो। त्यसै गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री उदयराज सापकोटा र सहसचिव श्री मानबहादुर अर्यालले समेत मन्त्रालयको तर्फबाट आआफ्नो धारणा राखुभएको थियो।

  विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा दफावार छलफल सकिएकाले दफावार छलफलका आधारमा समिति सचिवालयले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग समन्वय गरेर यस विधेयकसम्बन्धी तयार गरेको समितिको मस्यौदा प्रतिवेदनमाथि समितिको आगामी बैठकमा छलफल हुने निर्णय भएको थियो।

- बैठकको कार्यसूचीमा रहेको 'विविध' अन्तर्गत माननीय सदस्य ध्रुव बहादुर प्रधानले नेपाल सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधि मन्त्रीले प्रहरी महानिरीक्षकप्रति लक्षित गरी दिएको अभिव्यक्ति गैरजिम्मेवारपूर्ण रहेको धारणा राखुभएको थियो। यस सम्बन्धमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रीमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउने जानकारी गराइएको थियो।

**२०८१ भदौ १९**

- बैठकमा विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा समितिका यसअगिका बैठकहरूमा भएका दफावार छलफलका आधारमा समिति सचिवालयले तयार गरेको विधेयकसम्बन्धी समितिको मस्यौदा प्रतिवेदनमाथि छलफल भएको थियो।

  छलफलका क्रममा माननीय सदस्य सुशीला थिङ, माननीय सदस्य पूर्णबहादुर घर्ती, माननीय सदस्य नागिना यादव, माननीय सदस्य चन्द्र बहादुर विश्वकर्मा, माननीय सदस्य सोबिता गौतम, माननीय सदस्य प्रतिक्षा तिवारी र माननीय सदस्य शेर बहादुर कुँवरले आआफ्ना धारणा राख्नुभएको थियो। छलफलका क्रममा कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसियाले सरकारको तर्फबाट आफ्नो धारणा राखुभएको थियो। त्यसै गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री उदयराज सापकोटा र सहसचिव श्री मानबहादुर अर्यालले समेत मन्त्रालयको तर्फबाट आआफ्नो धारणा राख्नुभएको थियो।

  छलफलपश्चात् विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकसम्बन्धी समितिको प्रतिवेदनको मस्यौदालाई आवश्यक परिमार्जनसहित समितिको प्रतिवेदनको रूपमा सर्वसम्मतिले पारित गर्ने निर्णय भएको थियो।
- बैठकले पारित गरेको विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकसम्बन्धी समितिको प्रतिवेदन प्रतिनिधि सभाको आगामी बैठकमा पेस गर्ने व्यवस्था मिलाइदिनका लागि सम्माननीय सभामुखसमक्ष अनुरोध गर्ने निर्णय भयो

**२०८१ असोज ६**

- बैठकमा समितिले गर्ने स्थलगत अनुगमन तथा समितिका कामकारबाहीका विषयमा छलफल भएको थियो। छलफलमा माननीय सदस्य शेर बहादुर कुँवर, माननीय सदस्य रन्जु कुमारी झा, माननीय सदस्य सुशीला थिङ, माननीय सदस्य पुष्प बहादुर शाह, माननीय सदस्य चन्द्र बहादुर विश्वकर्मा, माननीय सदस्य पूर्णबहादुर घर्ती, माननीय सदस्य सोविता गौतम र माननीय सदस्य रामकुमार राईले आआफ्ना

धारणा रानुभएको थियो। छलफलका क्रममा कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसियाले आफ्नो धारणा राखुभएको थियो।

छलफलपश्चात् देहायबमोजिम निर्णय भयोः-

- प्रहरी हिरासतमा रहेका थुनुवाहरूलाई नेपालको संविधानले सुनिश्चित गरेको मैलिक हकको कार्यान्वयन तथा मानवअधिकारको अवस्थाका सम्बन्धमा २०८१ साल असोज १४ गतेदेखि १६ गतेसम्म सुदूरपश्चिम प्रदेशको कैलाली र कञ्चनपुर जिल्लामा रहेका प्रहरी हिरासतको स्थलगत अनुगमन गरी समितिसमक्ष सुझावसहितको प्रतिवेदन पेस गर्न देहायबमोजिमको ५ सदस्यीय उपसमिति गठन गर्नेः-
  - माननीय सदस्य विमला सुवेदी
  - माननीय सदस्य गोमा लाभ (सापकोटा)
  - माननीय सदस्य चन्द्र बहादुर विश्वकर्मा
  - माननीय सदस्य पुष्प बहादुर शाह
  - माननीय सदस्य शेर बहादुर कुँवर
- समितिका सभापति तथा उपसमितिका माननीय सदस्यहरूसँग समन्वय गरी समिति सचिवालयले उपसमितिको स्थलगत अनुगमन कार्यक्रम तय गर्ने, उपसमितिले आफ्नो संयोजक आफै चयन गर्न सक्ने साथै कार्यविधि आफैले बनाई लागु गर्ने।
- निर्णयको उपबुँदा (क) बमोजिम गठित उपसमितिले गर्ने स्थलगत अनुगमनको समय अवधिभित्रको कुनै दिन वा समयमा उपसमितिले सुदूरपश्चिम प्रदेशको राजधानी रहेको कैलाली जिल्लाको धनगढीमा संघीय संसदले बनाएको ऐन कानून कार्यान्वयनका चुनौतीका विषयमा अन्तरक्रिया कार्यक्रम गर्ने। उक्त अन्तरक्रिया कार्यक्रममा प्रदेश सभाका सदस्य, प्रदेश सरकारका प्रतिनिधि, कानुन व्यवसायी, स्थानीय निकायका जनप्रतिनिधि, विज्ञ, सरोकारवाला एवम् पत्रकारलगायतलाई आमन्त्रण गर्ने।

**समितिको बैठक बाहेकका गतिविधि**

- समितिको मिति २०८१ असोज ६ गते बसेको ४८ औं बैठकको निर्णयबमोजिम गठित उपसमितिले मिति २०८१ असोज १४ गतेदेखि १६ गतेसम्म सुदूरपश्चिम प्रदेशको कैलाली र कञ्चनपुर जिल्लामा रहेका प्रहरी हिरासतको स्थलगत अनुगमन तथा संघीय संसदले बनाएको ऐन/कानून कार्यान्वयनका चुनौतीका विषयमा जिल्ला प्रशासन कार्यालय कैलालीको सभाहलमा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो।

## १.२.२.५ कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति

**२०८१ साउन १५**

- प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७६ को उपनियम (२) बमोजिम समितिका माननीय सदस्य कुसुमदेवी थापा सभापति पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको एकमात्र सूचना प्राप्त भएकाले सोही नियमको उपनियम (४) बमोजिम माननीय सदस्य कुसुमदेवी थापालाई सभापति पदमा निर्विरोध निर्वाचित गरेको।

**२०८१ साउन २३**

- बाँदर, बँदेल दुम्सी, निलगाईले गर्दा विशेषतः ग्रामीण क्षेत्रमा बसोबास गर्ने किसानहरूलाई आक्रान्त पारेकोले यस प्रकारका वन्यजन्तुहरूबाट किसानहरूलाई परेको कहर नियन्त्रण तथा न्यूनीकरण गर्नका लागि बाँदर, बँदेल, दुम्सी, निलगाई लगायतका वन्यजन्तुको प्रभाव रहेको क्षेत्रलाई कृषि हानीकारक जन्तु घोषणा लगायत अन्य उपयुक्त खालका विधि, प्रविधि अपनाई किसानहरूले प्रत्यक्ष राहतको अनुभूति गर्ने गरी बाँदर, बँदेल,दुम्सी, निलगाई नियन्त्रण गर्ने कार्य तत्काल गर्न र दीर्घकालीन रुपमा बाँदरको नियन्त्रणका लागि निर्यात लगायतका आवश्यक कार्य गरी न्यूनीकरण गर्न सकिने अवस्थाका सम्बन्धमा रहेका कानुनी जटिलता समेतका विषयहरूमा आवश्यक अध्ययन गरी १ महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिएको,
- बाघ, भालु, हात्ती, निलगाई लगायतका वन्यजन्तुहरू मानव बस्तीमा प्रवेश गरी किसानहरूको खेतीवाली नष्ट गर्ने, मानिसहरूलाई आक्रमण गरी ज्यान लिने तथा

घाइते बनाउने गरेकाले यस्तो अवस्थाको नियन्त्रणका लागि यस प्रकारका जंगली जनावरहरू मानव बस्तीमा प्रवेश गर्ने कार्यको नियन्त्रण गरी आवश्यक सुरक्षा सतर्कता अपनाउन विद्युतीय तारवार, मेसजाली घेरा, वेरा तथा आवश्यकतानुसारका भौतिक संरचना समेतको निर्माण गर्ने कार्य गरी क्षतिको न्यूनीकरण गर्न वन तथा वातावरण, कृषि तथा पशुपंक्षी विकास, भौतिक पुर्वाधार र अर्थ मन्त्रालयलाई निर्देशन दिएको,

- जंगली जनावर बाँदर, बदेल, दुम्सी, भालु, निलगाई, हात्ती लगायतले मानिसहरूको खेतीवाली तथा जनधनमा क्षति पुऱ्याएको अवस्थामा क्षतिको मूल्याङ्कन गरी उचित राहत तथा क्षतिपूर्तिको सहज उपलब्ध गराउँने व्यवस्था प्रभावकारी रुपमा अवलम्बन गर्न कृषि तथा पशुपंक्षी, वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिएको,
- हाल नेपालका विभिन्न स्थानहरूका मानव बस्ती तथा खेतबारीमा बाघ, हात्ती जस्ता जनावरहरू प्रबेश गरेर मानिसलाई आक्रमण गरी ज्यान लिने, घाइते गराउने गरेकोले यसको प्रमुख कारणमा यिनीहरूको वासस्थान र सख्याको उचित संयोजन नभएको भन्ने पाइएकोले यस किसिमको समस्या समाधानका लागि यस्ता जनावरको गणना लगायतका विषयमा आवश्यक अध्ययन गरी मानिसको जीउधनको रक्षा तथा बाघ, हात्तीको उचित संरक्षण गर्दै पर्यावरणमा उचित सन्तुलन मिलाउने गरी कार्य गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन गरेको,
- यस समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषय जलवायु परिवर्तन, जैविक विविधता, दिगो पूर्वाधार विकासमा प्राकृतिक सम्पदाको सुरक्षाका सम्बन्धमा मिति २०८१/०४/२८ गते अन्तर्क्रिया तथा छलफल कार्यक्रम गर्ने र यसको आवश्यक व्यवस्थापकिय कार्यको प्रवन्ध मिलाउन समिति सचिवालयलाई निर्देशन दिएको।

## २०८१ भदौ २

- कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको विद्यमान दरवन्दी संरचना तथा कर्मचारी समायोजन ऐन,२०७५ अनुसार समायोजन भएका कर्मचारीहरूको वृत्ति विकास लगायतको समस्या समाधान गर्न यस समितिको मिति २०८१ साल असार १८

गतेको निर्देशन तत्काल कार्यन्वयन गर्न कृषि तथा पशुपंक्षी विकास, अर्थ, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिएको,

- एक गाउँपालिका एक कृषि र एक पशुसेवाका प्राविधिक कर्मचारी राख्ने कृषि विकास रणनीति (२०७२-२०९२) सञ्चालनका लागि कार्यरत रहेका कर्मचारीहरूको तथ्याङ्क एकिन गर्ने र उनिहरूले खाईपाई आएको सुविधा कटौती नहुने गरी कर्मचारीहरूले उच्च मनोवलका आधारमा कार्य सम्पादन गर्ने व्यवस्था अवलम्बन गर्न कृषि तथा पशुपंक्षी विकास र अर्थ मन्त्रालयलाई निर्देशन दिएको,
- वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग लगायतका निकायहरूमा रहेका वातावरण निरीक्षकको वृत्ति विकास सुनिश्चित गर्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने र यस क्षेत्रमा उच्च शिक्षा हासिल गरेका वातावरण विद्हरुलाई देशको पूर्वाधार विकास, जलवायु परिवर्तन लगायतको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA,IEE) गर्ने कार्यमा पर्याप्त स्रोतसाधन रहेको संस्थागत व्यवस्था मार्फत कार्यसम्पादन हुने वातावरण मिलाउन वन तथा वातावरण, अर्थ मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिएको,
- समितिको वार्षिक प्रतिवेदन तयार गरी एक महिना भित्र सदनमा प्रतिवेदन पेश गर्ने सम्बन्धमा प्रतिवेदन तयार गरी समितिमा पेश गर्न माननीय सदस्य सरस्वती सुब्बाको संयोजकत्वमा देहायका सदस्यहरू रहेको एक उपसमिति गठन गरेको
    - माननीय सदस्य सरस्वती सुब्बा संयोजक
    - माननीय सदस्य अनिशा नेपाली सदस्य
    - माननीय सदस्य दिपक कार्की सदस्य
    - माननीय सदस्य मिना तामाङ्ग सदस्य
    - माननीय सदस्य विर बहादुर बलायर सदस्य
    - माननीय सदस्य विनिता कठायत सदस्य
    - माननीय सदस्य सम्झना थपलिया सदस्य

२०८१ भदौ ९

- कतिपय सहकारी संस्थाहरूले सहकारीको सिद्धान्त प्रतिकूल हुनेगरी कार्य गर्दा सहकारीमा बचत गर्ने बचतकर्ताको रकमको सुरक्षा हुन नसकेकोले सहकारीमा बचत तथा लगानी गर्ने व्यक्तिको बचत तथा कर्जा सुरक्षाका लागि कर्जा सूचना केन्द्र, कर्जा असूली न्यायधीकरण लगायतको संस्थागत तथा कानूनी व्यवस्था सहितको उच्चस्तरको नियमक निकायको गठन गरी सहकारीको प्रबर्द्धन, बचत तथा लगानी कर्ताको रकमको सुरक्षाको प्रत्याभूति हुने आवश्यक प्रबन्ध मिलाउन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिएको,
- भूमि सम्बन्धी रहेका समस्या समाधानको लागि आयोगको गठन, जनशक्ति परिचालन, नापी, मालपोत कार्यालयहरूको सेवाग्राही मैत्री पूर्वाधार निर्माण,जग्गाको नाप नक्शाङ्कनको लागि नविनतम प्रवृद्धिको विकास र नापी तथा मालपोत कार्यलयबबाट प्रबाह हुने कार्यको गुणस्तर कायम तथा विचौलीयाहरूबाट हुन सक्ने फर्जी कामको नियन्त्रण सहज रुपमा गर्न सकिने गरी रेकर्डलाई चुस्त दुरुस्त गराई उल्लेखित कार्यालयबाट सम्पादन हुने कार्यलाई व्यवस्थित, सेवाग्राही मैत्री, गुणस्तरीय बनाई सुशासन कायम हुने गरी कार्यसम्पादन गर्न भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिएको,
- अधिकांश नापी र मालपोत कार्यालयमा दरवन्दी अनुसारको कर्मचारीको अभावमा पदसोपानको तल्लोतहमा कार्यरत कर्मचारीहरूबाट कार्य गर्नु परेकोले सेवा छिटो, छरितो, गुणस्तरयुक्त हुन नसकेको भनी अत्याधिक जनगुनासो रहेको पाइएकोले दरबन्दी अनुसारको आवश्यक कर्मचारी उपलब्ध गराउने र उनीहरूलाई आवश्यक तालिम समेत उपलब्ध गराई सहज रुपमा कार्यसम्पादन हुने वातावरण मिलाउन संघीय मामिला तथा समान्य प्रशासन र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिएको,
- गरिबी निवारणको लागि गरिबको असली पहिचान गर्न राज्य सुविधा परिचय पत्र उपलब्ध गराउने कार्यलाई प्रभावकारी बनाई यसको माध्यमबाट सरकारी सेवा सुविधा सहज ढंगले जोड्ने र यस मन्त्रालय बाहेक अन्य मन्त्रालय तथा निकाय र गैर सरकारी संस्थाहरूबाट सञ्चालन हुने गरिवी निवारणसँग सम्बन्धित

कार्यक्रमहरूमा आपसी समन्वय सहितको एकिकृत प्रयासबाट गरिबी निवारण गर्ने र यसको नेतृत्वदायी भूमिका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गर्ने गरी निर्देशन दिएको,

- सहकारी क्षेत्रमा संविधान र कानून विचमा विरोधाभास रहेको ऐनमा रहेका कतिपय प्रावधानहरू लागु गर्नका लागि यस ऐन सँग सम्बन्धित अन्य ऐन र कानूनहरू मिलाउन नसक्दा ऐन कार्यान्वयन सही ढंगले हुन नसकेको, कतिपय ऐनको प्रावधानहरू लागु नहुदा यसको प्रभावकारी कार्यान्वयनमा समस्या रहेको र प्रत्यायोजित ऐनको व्यवस्था अनुसार भएका कार्यबाट सहकारीको नियमन बचत तथा लगानी कर्ताको सुरक्षा तथा कार्यसम्पादन परेका समस्याहरूका सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, UNDP लगायतको सहयोग तथा सहजीकरणमा सहकारी ऐन,२०७४ को उत्तर विद्यायिकी परीक्षण (Post Legislative Scrutiny) गर्ने निर्णय गरेको।

**२०८१ भदौ १४**

- नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट आयोजना निर्माणको लागि विद्युत उत्पादन अनुमति र वन तथा वातावरण मन्त्रालयको मन्त्रिस्तरको निर्णय अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत भै निर्माण भएका आयोजनाहरू, आयोजनाको विस्तृत अध्ययनबाट उत्पादन क्षमतामा वृद्धि भएको सम्बन्धमा विद्युत विकास विभागबाट सैद्धान्तिक सहमति प्राप्त गरी सोही अनुसारको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) समेत सम्पन्न भइसकेका तामाकोशी हाइड्रोपावर, कालीगण्डकी गर्ज हाइड्रोपावर, एपोलो हाइड्रोपावर लगायतका आयोजनाहरूले सञ्चालन अनुमतिका सम्बन्धमा मन्त्रालयका पदाधिकारी, माननीय सदस्यहरू, सम्बन्धित सरोकारवालाहरू समेतको सहभागितामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन,२०२९ मा थप भएको प्रावधानबाट वन तथा वातावरण मन्त्रालयले आयोजनको सञ्चालन अनुमति उपलब्ध नगराएको सन्दर्भमा व्यापक छलफल भएको थियो।

उर्जा क्षेत्रको विकासका लागि सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासको फैसलाबाट उल्लेखित समस्या समाधनका लागि कार्यविधि बनाई विकास र वातावरणलाई सँगसँगै लिई अगि बढ्नु र यो भन्दा अगाडि अनुमति लिईसकेका आयोजनाहरूलाई कार्यविधि बनाई आयोजना सञ्चालन गर्ने गरी निर्देशन भए बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी लागु भैसकेको कार्यविधि २०८१ अनुसार सो मिति भन्दा अगाडि सर्वेक्षण अनुमति पत्र लिएर लगानी गरी सकेका लागनी कर्ताहरूको लगानीको सुरक्षा तथा उर्जा विकास गर्ने नेपाल सरकारको कर्तव्य समेत हुने हुँदा यसरी लगानी भईसकेका आयोजनाहरूको सञ्चालन अनुमति दिई अगाडि बढाउने सम्बन्धमा आवश्यक सहजीकरण गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिएको,

- लुम्बिनी प्रदेशको रोल्पा जिल्ला परिवर्तन गाउँपालिका लगायत जिल्लामा रहेका जग्गा २०५० सालमा नापी भई  हाल नेपाल सरकारले छुट जग्गा दर्ताको लागि निवेदनको सूचना आह्वान भै निवेदन पेश गर्दा भोगचलनमा रहेको उल्लिखित आवादी जग्गाको फिल्डबुकमा वन जनाईएकोले जग्गा धनी प्रमाण पूर्जा प्राप्त गर्न नसकिएको सम्बन्धमा समितिको बैठकमा मन्त्रालयका पदाधिकारी र सम्बन्धित सरोकारवालाको सहभागितामा छलफल हुँदा उक्त क्षेत्रका जनताहरूको भोगचलनमा रहेको आवादी जग्गामा के कति कारणबाट वन जनिन गएको हो सो सम्बन्धमा वन तथा वातावरण र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले आपसमा समन्वय गरी स्थानीय तहको सहयोगमा उल्लेखित समस्याको जाँचबुझ तथा समाधान लागि आवश्यक भएमा उच्च स्तरीय कार्यदल समेत गठन गरी पीडित जनतामा परेको समस्या समाधानका लागि तत्काल आवश्यक पहल गर्न वन तथा वातावरण, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिएको,
- वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित  महत्वपूर्ण समस्याहरू समितिसँग आपसी छलफल गरी  समाधान गर्ने सम्बन्धमा मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यक्रम, त्यसमा रहेका समस्या, समाधानका लागि  समितिले गर्नुपर्ने आवश्यक

सहजीकरण सम्बन्धी विषयहरू यस समितिमा लेखी पठाउन मन्त्रालयलाई निर्देशन दिएको,

- यस समितिको कार्यक्षेत्रः कृषि तथा पशुपंक्षी विकास, वन तथा वातावरण, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित रहेका विभिन्न आयोजना, कार्यक्रम तथा समस्याहरूका सम्बन्धमा उल्लेखित मन्त्रालयहरूको आपसी सहयोग र समन्वयमा समितिका माननीय सदस्यहरूबाट आवश्यकता अनुसार स्थलगत अनुगमन निरीक्षण गर्ने।

## २०८१ भदौ २८

- कृषि क्षेत्रमा उपलब्ध गराइने अनुदानको रकम टाठाबाठाले मात्र प्राप्त गर्ने गरेको यसमा पारदर्शी नभएको संघ, प्रदेश र स्थानीय तहबाट उपलब्ध गराइने अनुदानको रकममा समेत दोहोरो तेहेरो रुपमा प्राप्त गर्ने गरेको र वास्तविक गरिब सर्वसाधारण किसानहरू यस्तो अनुदानबाट लाभान्वित हुन नसकेको भन्ने गुनासो रहेकोले संघ, प्रदेश र स्थानीय तहबाट उपलब्ध गराइने अनुदानमा दोहोरो नपर्ने गरी आपसी समन्वय मार्फत सबै किसानले सहज रुपमा प्राप्त गर्न सक्ने गरी कार्यविधि तथा निश्चित मापदण्डका आधारमा उपलब्ध गराउने व्यवस्था अवलम्बन गर्न कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई निर्देशन दिएको,
- रासायनिक मल वितरणमा भेदभाव हुने गरेको भन्ने पाइएकोले यसको वितरण प्रकृया निश्चित मापदण्डको आधारमा हुने गरी सबैलाई समानुपातिक तवरवाट उपलब्ध गराउने व्यवस्था अवलम्बन गर्न र यसको प्रभावकारी अनुगमन समेत गर्न कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई निर्देशन दिएको,
- बाँदर, बदेल, दुम्सी, निलगाई जस्ता वन्यजन्तुहरूबाट कृषकको खेती बाली नष्ट गरी किसानलाई आजित पारेकोले यस समितिवाट पहिले भएको निर्देशन समेतका आधारमा बाँदर, बँदेल, दुम्सी, निलगाई जस्ता वन्यजन्तुलाई कृषि हानिकारक घोषणा गर्न आवश्यक कानूनमा परिमार्जन गरी छिटो भन्दा छिटो कार्यान्वयनमा ल्याउने र यस्ता जंगली जनवारबाट कृषकलाई पुग्न गएको क्षतिको उचित क्षतिपूर्ति उपलब्ध

गराउने कार्य सहज र पारदर्शी बनाउने र सबै प्रकारका वालीनालीमा उपलब्ध हुने व्यवस्था अवलम्बन गर्न कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई निर्देशन दिएको,

- कृषि र सिंचाई क्षेत्रको विकास कार्यहरूबीच आपसमा समन्वय हुन नसक्दा कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि हुन नसकेको, कृषि मन्त्रालयले सञ्चालनमा गरेका आयोजना तथा कार्यक्रमहरूको प्रभावकारीता नदेखिएकोले यी दुई मन्त्रालयवाट आपसी समन्वयका आधारमा कृषि तथा सिंचाईका पूर्वाधार निर्माण गर्ने कार्य एकीकृत रुपमा हुनेगरी योजना तर्जुमा गर्न कृषि तथा पशुपंक्षी विकास, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयलाई निर्देशन दिएको,
- नेपालका किसानहरूले उत्पादन गरेका बस्तुहरूको लागत अनुसार बजार भाउ पाउन नसकेको भन्ने रहेको र यसको मुख्य कारण छिमेकी मुलुक भारतबाट निर्वाध रुपमा आयात हुँदा त्यसरी आयात हुने वस्तुसँग नेपालमा उत्पादित बस्तुले प्रतिस्पर्धा गर्न नसक्दा व्यवसायिक रुपमा खेती गर्ने किसानहरू निरुत्साहित भएको पाइएकोले त्यस्ता वस्तु आयात गर्दा उपयुक्त मौसमी कर नीति अवलम्बन गर्न अर्थ र कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई निर्देशन दिएको,
- नेपाल सरकारबाट शित भण्डारहरूलाई दिंदै आएको विद्युत अनुदान सहुलियत र सबै प्रकारका कृषकहरूलाई कृषि मिटर आवश्यक मापदण्डको आधारमा उपलब्ध गराउन अर्थ, कृषि तथा पशुपंक्षी विकास, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयलाई निर्देशन दिएको,
- यस समितिलाई आवश्यक सहयोग, सल्लाह र विशेषज्ञ ज्ञान उपलब्ध गराउने सम्बन्धमा सन्तोष मणी नेपाल, डा. योगेन्द्र कुमार कार्की र प्रताप पौडेललाई अवैतनिक विज्ञ तोकी आवश्यक सहयोग लिने,
- सुनसरी, झापा, मोरङ्ग लगायतका जिल्लाहरूमा हात्ति बस्तीमा प्रवेश गरी सर्वसाधारण जनतालाई दुःख दिने गरेको सम्बन्धमा यस समितिका माननीय सदस्य  अशोक कुमार चौधरीले समितिबाट स्थलगत अनुगमन गरी पाऊँ भनी दिएको निवेदनको समेतका सम्बन्धमा यस समितिको माननीय सदस्य  सभापति सहित देहाय अनुसारका माननीय सदस्य र कर्मचारीहरूबाट यही मिति २०८१/०६/०६ देखी ऐ ९ गतेसम्म स्थलगत अनुगमन, निरीक्षण गर्ने ।

- माननीय सदस्य कुसुम देवी थापा (सभापति)
- माननीय सदस्य अशोक कुमार चौधरी
- माननीय सदस्य अमृतलाल राजवंशी
- माननीय सदस्य रुपा शोसी चौधरी
- माननीय सदस्य सरस्वती सुब्बा
- माननीय सदस्य विर बहादुर बलायर
- उपसचिव श्री शिवदत्त बराल
- नायब सुब्बा श्री कौशिला पन्थी

- भुटान सरकारको अनुरोध, वन तथा वातावरण मन्त्रालय र ICIMOD को आवश्यक सहयोग तथा सहजीकरणमा नोभेम्बर महिनाको दोस्रो हप्ता यस समितिका माननीय सदस्य, समितिका कर्मचारी र वन तथा वातावरण मन्त्रालयका प्रतिनिधि रहने १० देखी ११ जनासम्मको टोलीले भुटानको जैविक विविधता र वातावरण परिवर्तन, मानव र वन्यजन्तु बिच रहेको द्धन्द्ध, राष्ट्रिय खुसी सूचकांङ्क, समितिको निर्णय कार्यान्वयनको अवस्था र कृषि तथा पशुपंक्षी क्षेत्रको विकासको अवस्थाको सम्बन्धमा स्थलगत अध्ययन अवलोकन गर्ने निर्णय गरेको।
- संयुक्त राष्ट्रसंघ (UNO) को खाद्य तथा कृषि सङ्गठनको प्रधान कार्यालय इटालीस्थित रोममा यहि मिति २०८१ आश्विन २८ देखि कार्तिक २ (२०२४ अक्टुवर१४-१८) गतेसम्म आयोजना हुने Hand-in-Hand (HIH) Initiative Investment Forum र World Food Forum Flagship Events सम्वन्धी कार्यक्रममा नेपाल सरकारलाई आर्थिक व्ययभार नपर्ने गरी यस समितिको सभापति माननीय कुसुम देवी थापाको सहभागिताका लागि आवश्यक प्रक्रिया मिलाउन कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई अनुरोध गर्ने र सो को जानकारी संघीय संसद, प्रतिनिधि सभाका सम्माननीय सभामुखलाई गराउने ।
- यहि मिति २०८१ कार्तिक ५ देखि कार्तिक१२(२०२४ अक्टोवर २१-२८) गतेसम्म Colombia को Cali शहरमा आयोजना हुन गैरहेको Convention on Biological Diversity Conference of Parties (COP16) सम्मेलनमा नेपाल सरकारलाई आर्थिक व्ययभार नपर्ने गरी सहभागी हुन यस समितिका सभापति माननीय कुसुम देवी थापा र समितिका उपसचिव श्री शिवदत्त बराल कार्यक्रममा सहभागिताको लागि आवश्यक सहजीकरण गर्न वन तथा वातावरण मन्त्रालयलाई

अनुरोध गर्ने र सो को जानकारी संघीय संसद, प्रतिनिधि सभाका सम्माननीय सभामुखलाई गराउने ।

**२०८१ असोज १६**

- बैठकले २०८१ साल असोज महिनाको दोस्रो साता मुलुकका विभिन्न भागमा आएको बाढि पहिरोले जनधन तथा कृषि फसल एवं बालीमा पुग्न गएको क्षतिको यकिन तथ्याङ्क प्राप्त गरी प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा आवश्यकतानुसार दातृ निकायहरूको एकिकृत सहयोगमा दोहोरो नपर्ने गरी सबैलाई एकद्वार प्रणालीबाट तत्काल राहत उपलब्ध गराउने, प्राप्त क्षति सम्बन्धी तथ्याङ्कको सही मूल्याङ्कनबाट कृषि उपज तथा पशुपंक्षीको बीमा गराएका किसानलाई सहज रुपमा बीमा बापतको रकम भुक्तानी दिने व्यवस्था मिलाउने र बीमा नगराएका तर गाँस, वास एवं परिवार गुमाएका घरपरिवारका लागि खाद्यान्न बाली, फलफूल तथा तरकारी बाली, पशुपंक्षी तथा मत्स्यपालक किसान एवं यसको व्यवसाय गर्ने व्यवसायी समेतलाई विगतका कार्यविधि तथा मापदण्ड समेतका आधारमा भएको नोक्सानीको क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था मिलाउन गृह, अर्थ र कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई निर्देशन दिएको,
- कोशी, बागमति प्रदेश लगायतका विभिन्न भागमा बाढी पहिरोले कृषि जमिनमा अत्याधिक मात्रामा क्षति पुऱ्याएको सन्दर्भमा यस प्रकारको प्राकृतिक प्रकोपको कारणले हुने कृषि जमिनको क्षति तथा क्षयीकरणको यथार्थ तथ्यांक लिने प्रबन्ध मिलाउँन भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयलाई र बाढि पहिरोले क्षति पुऱ्याएको कृषि सडकको हकमा यथार्थ तथ्याङ्क लिई मर्मत सम्भार गर्ने र उक्त क्षतिको विवरण यस समितिमा समेत उपलब्ध गराउन शहरी विकास, भौतिक पूर्वाधार तथा यातायात र कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई निर्देशन दिएको,
- कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिबाट यहि २०२४ नोभेम्वर ११ देखि नोभेम्वर २२ सम्म अजरबैजानको बाकुमा आयोजना हुने UNFCCC COP-29 सम्मेलनमा समितिका माननीय सभापति सहित देहायका ५ जना माननीय

सदस्यहरू र समिति सचिवालयका एक कर्मचारी सहभागी हुने र उक्त सहभागिताको लागि आवश्यक सहजीकरण सहितको व्यवस्था मिलाउन वन तथा वातावरण मन्त्रालयलाई अनुरोध गर्नेः-

- माननीय सदस्य कुशुम देवी थापा सभापति
- माननीय सदस्य अशोक कुमार चौधरी सदस्य
- माननीय सदस्य दिक्पाल कुमार शाही सदस्य
- माननीय सदस्य रुपा सो. शी. चौधरी सदस्य
- माननीय सदस्य सरस्वती सुब्बा सदस्य
- श्री शिवदत्त बराल उपसचिव (समिति सचिवालय)

समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा चाडपर्व तथा संसद अधिवेशन नरहेको अवस्थामा समितिमा उपलब्ध रहेका माननीय सदस्यहरूको कार्यदलले समितिमा प्रगति प्रतिवेदन पेश गर्नेगरी आवश्यकतानुसार कुनै पनि विषयको स्थलगत अनुगमन गर्ने र अन्तरक्रिया तथा छलफलमा भाग लिन सक्ने।

### १.२.२.६ महिला तथा सामाजिक मामिला समिति

**२०८१ साउन २**

- राज्यको मूल प्रवाहमा मधेशी समुदायको समावेशिताको अवस्था र यस सम्बन्धमा मधेशी आयोगले खेलेको भूमिका विषयक छलफल भएको थियो। उक्त छलफलमा मधेशी समुदायको हकमा विद्यमान संवैधानिक एवं कानूनी व्यवस्था, समावेशीकरणका सम्बन्धमा आयोगले गर्दै आएका प्रयास र भावी दिनमा गर्नुपर्ने कार्यदिशाको सन्दर्भमा मधेशी आयोगका तर्फबाट प्रस्तुति भएको थियो।
- छलफलका क्रममा राज्यको मूल प्रवाहमा मधेशी समुदायको प्रतिनिधित्वको पहिलेको भन्दा सुधारोन्मुख रहेता पनि सन्तोष गर्न लायक नभएको आयोगको निष्कर्ष थियो। नीतिगत तथा कानूनी व्यवस्था भएता पनि समावेशिताको कार्यान्वयन पक्ष कमजोर रहेको देखिन्छ। समावेशीकरणको मूल उद्देश्य भनेको सम्पूर्ण वर्ग, जाति, समुदायको पहिचान, प्रतिनिधित्व तथा राज्यको स्रोतमा समान पहुँचको सुनिश्चितता कायम गराउनु हो। समावेशीकरणको नाममा अझै पनि

मधेशी समुदायमा निश्चित वर्ग, जात-थर तथा सम्भ्रान्त वर्गले नै विशेष लाभ लिने गरेको देखिन्छ। त्यसैले समावेशीकरणको हालको मोडल कत्तिको व्यवहारिक तथा उपलब्धिमूलक रह्यो त भनी अध्ययन-विश्लेषण र अनुसन्धान गरेर आवश्यक कदम चाल्नुपर्ने देखिन्छ। समावेशिताको आधारको रुपमा संख्यालाई मात्र नभई सामर्थ्यलाई समेत जोड दिनुपर्ने हुन्छ। तसर्थ मधेशी समुदायको क्षमता अभिवृद्धि गर्न मधेशी आयोगले विभिन्न अनुसन्धनात्मक तथा जनचेतनामूलक कार्यक्रममा विशेष जोड दिनुपर्ने लगायतका विषयमा छलफल भएको थियो।

## २०८१ साउन ३

- राज्यको मूलप्रवाहमा आदिवासी जनजातिको समावेशिताको अवस्था र यस सम्बन्धमा आदिवासी जनजाति आयोग र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले खेल्दै आएको भूमिका विषयक छलफलमा आदिवासी जनजाति समुदायको निम्ति विद्यमान संवैधानिक एवं कानूनी रुपमा भएको व्यवस्था, सो सम्बन्धमा आयोग तथा प्रतिष्ठानले गर्दै आएका प्रयास र भावी दिनमा गर्नुपर्ने कार्यका सन्दर्भमा आदिवासी जनजाति आयोग र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका तर्फबाट छुट्टाछुट्टै रुपमा प्रस्तुति भएको थियो। छलफलका क्रममा सामाजिक, राजनैतिक, शैक्षिक, आर्थिक लगायत विभिन्न रुपले पिछडिएका भनिएका आदिवासी जनजाति समुदायलाई राज्यको मूलधारमा ल्याउन आरक्षणको व्यवस्था गरिएको भए तापनि यो अर्थपूर्ण एवम् प्रभावकारी नदेखिएको र राज्यका सबै अङ्ग तथा तहमा आदिवासीहरूको उचित प्रतिनिधित्व हुन नसकेको निष्कर्ष आयो। हाल नेपालमा ६० वटा जनजाति रहेका छन् तर समावेशीकरणको प्रत्यक्ष लाभ पाउने पदमा हुनेखाने र सम्पन्न वर्गका मानिसहरूको नै बोलवाला रहेको देखिँदै आएको छ। तसर्थ आदिवासी जनजातिभित्र पनि सक्षमलाई मात्र नभई पिछडिएका तथा सिमान्तकृत जातथरको पहिचान गरी आवश्यकताका आधारमा राज्यको संरचनामा समानुपातिक प्रतिनिधित्व गराउने गरी कानूनमा सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ। आदिवासी जनजाति समुदायको इतिहास, भाषा, संस्कृति, रहनसहन एवम् मौलिकतालाई जोगाइराख्न विशेष पहल गरिनु पर्दछ। विभिन्न

खालका विकास कार्यक्रम अगाडि बढाउँदा आदिवासी जनजाति समुदायको थातथलो, उनीहरूको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल र खानी) सँगको सम्बन्ध व्यवस्थापनतर्फ विशेष ध्यान पुर्‍याउनु पर्दछ। आदिवासी जनजातिमा रहेको सीपलाई व्यवसायीकरण गरेर स्वरोजगारमार्फत् उनीहरूको आर्थिक अवस्थामा सुधार ल्याउन सकिन्छ। तसर्थ समावेशीकरणलाई प्रभावकारी रुपले लक्षित वर्गसम्म पु¥याउन आदिवासी जनजाति आयोग र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले संयुक्त रुपमा समन्वय र सहकार्य गरी अगाडि बढ्नु आवश्यक छ। साथै आदिवासी जनजाति आयोग एवम् आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले सरकारलाई दिएको सिफारिसहरूको कार्यान्वयन गर्ने सम्बन्धमा सबैले आ-आफ्नो स्थानबाट पहल गर्नु अपरिहार्य देखिन्छ।

- रुक्शना कपालीले "नेवाः जातिभित्रको जातीय विविधताको पहिचान गरी त्यस भित्र जात व्यवस्थाका कारण सिमान्तकृत जात समुदायलाई विशेष व्यवस्था गरिपाउँ" भनी दिएको निवेदन सम्बन्धमा समेत आदिवासी जनजाति आयोग र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानसँग बैठकमा छलफल भएको थियो।

## २०८१ साउन १०

- संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक, सांस्कृतिक सङ्गठन (युनेस्को) ले नेपालमा शैक्षिक पुनरुत्थान, संस्कृति, समावेशी एवं दिगो विकास जस्ता मूलभूत विषयगत क्षेत्रमा योगदान गर्दै आएको छ। युनेस्कोका मूलभूत विषयगत क्षेत्रमध्ये शैक्षिक पुनरुत्थान, उत्थानशीलता र पुनर्परिकल्पना पनि रहेको सन्दर्भमा "बालबालिकाको शैक्षिक विकासमा युनेस्कोले खेल्दै आएको भूमिका" सम्बन्धामा समितिको बैठकमा युनेस्को प्रतिनिधिसँग छलफल भएको थियो। छलफलका क्रममा युनेस्कोको नेपाल स्थित सङ्गठनबाट नेपालको शैक्षिक स्तर सुधारका लागि शिक्षक तालिम, शैक्षिक सामग्रीको उपलब्धता एवं पाठ्यक्रममा सुधार लगायतका विषयमा शिक्षा मन्त्रालयसँग समन्वय भईरहेको, विद्यालयसँग सम्बन्धित लैङ्गिक हिंसा सम्बन्धमा नमूना परियोजनाका रुपमा काम भईरहेको, साक्षारता अभियान नेपालको नेतृत्व समेत गर्दै आएको कुराको जानकारी भएको थियो। सार्वजनिक विद्यालयको स्तर

अत्यन्तै कमजोर रहेकोले शिक्षालाई व्यवहारिक ज्ञान आर्जन, उत्पादन र रोजगारीसँग जोड्नका लागि थप पहल गर्नुपर्ने, शिक्षालाई दलित उत्थानको विषय बनाउनु पर्ने र शिक्षालाई सूचना प्रविधिसँग जोड्नु पर्ने लगायतको विषयमा समितिबाट सुझाव दिईयो। साथै आगामी दिनमा उक्त सङ्गठनसँग विस्तृत छलफल गर्ने निर्णय गरियो।

**२०८१ साउन ११**

- देशको समग्र विकासको मूलप्रवाहमा आउन नसकेका जाति, वर्ग तथा समुदायको "सूचनाको हक" विषयक छलफलका क्रममा नेपालमा सूचनाको हक सम्बन्धमा संवैधानिक तथा कानूनी व्यवस्था, सर्वजनिक निकायको दायित्व, आयोगको काम कर्तव्य र अधिकार, आयोगबाट भएको प्रवर्धनात्मक कार्यहरू, आयोगबाट भएका पुनरावेदन उपर र सूचना नदिने उपर भएको कारबाही सूचनाको हकका सन्दर्भमा चुनौतीहरू जस्ता विषयमा आयोगबाट प्रस्तुति भयो भने आगामी दिनमा आयोगले खेल्नु पर्ने भूमिका लगायतका विषयमा समितिका सदस्यहरूबाट सुझाव दिइयो।

**२०८१ साउन १६**

- नेपालको संविधानको धारा २८७ मा भाषा आयोगको व्यवस्था छ। उक्त धाराको उपधारा ६ मा भाषा आयोगको काम कर्तव्य र अधिकार र ६ (ख) मा भाषाहरूको संरक्षण, संवर्द्धन र विकासमा लागि अवलम्बन गर्नुपर्ने उपायहरूको नेपाल सरकार समक्ष सिफरिस गर्ने व्यवस्था समेत रहेको छ। यसै परिप्रेक्ष्यमा देशको समग्र विकासको मूलप्रवाहमा आउन नसकेका जाति, वर्ग तथा समुदायको भाषाहरूको अवस्था र तिनीहरूको संरक्षण तथा संवर्द्धनमा भाषा आयोगले खेलेको भूमिका कस्तो रहेको छ भन्ने सम्बन्धमा भाषा आयोगसँग समितिमा छलफल भएको थियो। छलफलका क्रममा नेपालमा बोलिने १२४ भाषा मध्ये ६ वटा भाषा मात्र सुरक्षित देखिएका र २३ वटा भाषाहरूमा एक हजारभन्दा कम वक्ताको संख्या रहेकाले मृत प्रायः भाषा कहलिएका छन् भन्ने बारेमा, राज्यको मूलधारामा आउन नसकेका जातजातिको भाषा अन्तर्गत आदिवासी जनजाति समुदायले बोल्ने भाषाहरू, मधेशी समुदायले बोल्ने भाषाहरू र मृत प्रायः भाषाहरूको अवस्थाको बारेमा

आयोगबाट प्रस्तुति भएको थियो। राज्य संरचना, भाषा, संस्कृतिमा अल्पसंख्यक वा लोपोन्मुख जातिको समावेशीकरण र मूलप्रवाहीकरणमा, शिक्षा सञ्चार र सहकारी प्रयोजनमा मातृभाषाको प्रयोग गर्ने, वक्ताको संरक्षण र भाषा कक्षा सञ्चालन मार्फत भाषिक पुस्तान्तरणमा जोड दिने  एवं मातृभाषाको लागि समानुपातिक लगानीको सुनिश्चिततामा ध्यान दिने कार्यमा आयोग र समितिले सरकारलाई घच्घच्याउन सकिएमा देशको समग्र विकासको मूलप्रवाहमा आउन नसकेका जाति, वर्ग तथा समुदायको  भाषाहरूको संरक्षण तथा संबर्द्धनमा सहयोग पुग्ने निष्कर्षमा पुगियो।

**२०८१ साउन ३२**

- सामाजिक परिचालिकाहरूको व्यवस्थापन सम्बन्धमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयका प्रतिनिधिहरूसँग छलफल भएको थियो।

**२०८१ भदौ २**

- मानव बेचबिखन तथा ओसारपसार न्यूनीकरण सम्बन्धमा गृह मन्त्रालयका प्रतिनिधिहरूसँग छलफल भएको थियो।

**२०८१ भदौ ५**

समितिको बैठकमा "देशको समग्र विकासको मूलप्रवाहमा आउन नसकेका वर्ग र समुदायको मानव अधिकारको अवस्था  र विविध विषय" का सम्बन्धमा छलफल भएको थियो। छलफलमा राष्ट्रिय मानव अधिकार आयोगको तर्फबाट उपस्थित अध्यक्ष, सदस्यहरू र सचिवले आ-आफ्नो धारणा राखु भएको थियो। तत्पश्चात् समितिका माननीय सदस्यहरूले सो विषयउपर विभिन्न जिज्ञासा राखु भएको र जिज्ञासालाई सम्बन्धित व्यक्तिहरूले प्रष्ट पार्नु भएको थियो।

तत्पश्चात् समितिले विगतमा नेपाल सरकार र विभिन्न संवैधानिक निकायलाई दिएका निर्देशनहरूको कार्यान्वयन अवस्थाबारे र समितिको वार्षिक प्रतिवेदन तयारीका सम्बन्धमा उपसमिति गठन गर्ने सम्बन्धमा छलफल भएको थियो।

बैठकले,-

- महिला तथा सामाजिक मामिला समितिले विगतमा नेपाल सरकार र विभिन्न संवैधानिक निकायहरूलाई दिएका निर्देशनहरूको कार्यान्वयन अवस्थाका बारेमा अध्ययन एवं मूल्याङ्कन गरी सोको प्रतिवेदन मिति २०८१ कार्तिक मसान्तभित्र समिति समक्ष पेश गर्न देहाय बमोजिम पाँच सदस्यीय "समितिको निर्देशन कार्यान्वयन अध्ययन तथा मूल्याङ्कन उपसमिति" गठन गर्ने निर्णय गरियोः
    - माननीय शोभा ज्ञवाली -संयोजक,
    - माननीय कल्पना मिया -सदस्य,
    - माननीय जावेदा खातुन जागा -सदस्य,
    - माननीय लक्ष्मी तिवारी -सदस्य,
    - माननीय विना देवी -सदस्य।
- नेपाल सरकारद्वारा आ. व. २०८१/८२ को लागि आय व्ययको वार्षिक अनुमान पेश गर्नुपूर्व नै प्रतिनिधि सभा समक्ष पेश गर्ने महिला तथा सामाजिक मामिला समितिको वार्षिक प्रतिवेदन, २०८१ तयारीका लागि मिति २०८१ कार्तिक मसान्तसम्मको कार्यावधि रहने गरी देहाय बमोजिम "समितिको वार्षिक प्रतिवेदन तयारी उपसमिति" गठन गर्ने निर्णय गरियोः
    - माननीय सुशिला सिर्पाली ठकुरी -संयोजक,
    - माननीय ईश्वर बहादुर रिजाल -सदस्य,
    - माननीय विन्दवासिनी कंसकार -सदस्य,
    - माननीय सरस्वती बजिमय -सदस्य,
    - माननीय शान्ति श्रेष्ठ -सदस्य।

**२०८१ असोज ७**

बैठकमा "राज्यको मूलप्रवाहमा आउन नसकेका समुदाय तथा जातजातिको अवस्था सम्बन्धमा" र "विविध विषय " मा छलफल भएको थियो। छलफलमा राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी र अन्य प्रतिनिधिहरूले वि.सं. २०७८ सालको पछिल्लो जनगणनाका आधारमा विभिन्न समुदाय र जातजातिको अवस्थाका सम्बन्धमा

तथ्याङ्क सहित आ-आफ्नो धारणा राख्नु भएको थियो। तत्पश्चात् समितिका माननीय सदस्यहरूले सो विषयउपर विभिन्न जिज्ञासा राख्नु भएको र जिज्ञासालाई सम्बन्धित व्यक्तिहरूले प्रष्ट पार्नु भएको थियो।

तत्पश्चात रौतहट जिल्लामा बोक्सी प्रथा र दाइजो प्रथा विषयमा यू.एन.डि.पी.(पी.एस. पी) को सहकार्यमा समितिले सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा छलफल भएको थियो। उक्त सार्वजनिक सुनुवाई कार्यक्रमका लागि उपयुक्त समयमा समिति र समिति सचिवालयबाट देहाय बमोजिमका माननीय सदस्यहरू र कर्मचारीहरू जाने निर्णय भयोः

- माननीय किरण कुमार साह सभापति,
- माननीय आशा वि.क सदस्य,
- माननीय ईश्वर बहादुर रिजाल सदस्य,
- माननीय उमरावती देवी सदस्य,
- माननीय जावेदा खातुन जागा सदस्य,
- माननीय विना देवी सदस्य,
- माननीय बिन्दबासिनी कंसकार सदस्य,
- माननीय शान्ती श्रेष्ठ सदस्य।

## १.२.२.७ राज्य व्यवस्था तथा सुशासन समिति

**२०८१ बैशाख ७**

- खोकनाको समस्या तुरुन्तै समाधान गरी द्रुतमार्ग निर्धारित समयमा नै सम्पन्न गर्नका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र रक्षा मन्त्रालयलाई आवश्यक सहयोग र संयोजनको लागि निर्देशन दिने।
- दार्चुला टिंकर लगायतका सेनाले बनाउँदै गरेका सडकलाई पर्याप्त बजेट उपलब्ध गराउन र उक्त क्षेत्रमा काम गर्ने नेपाली सेनाका सकल दर्जाका लागि जोखिम भत्ता उपलब्ध गराउन अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र रक्षा मन्त्रालयलाई निर्देशन दिने।

- द्रुतमार्ग आयोजना निर्धारित समयमा नै सक्ने कार्यमा सहयोग पुऱ्याउन र आवश्यक सहजीकरण गर्नका लागि वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने।
- नेपाली सेनाले बनाउने सबै सडक आयोजनाहरू समयमा नै सम्पन्न गर्न र p1 तथा राष्ट्रिय गौरवका आयोजनाका सम्बन्धमा आवश्यक निर्णयहरू र सहजीकरण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र रक्षा मन्त्रालयलाई निर्देशन दिने।
- लाभकर छुट सम्बन्धमा सरकारले विगतमा गरेका निर्णयहरू कार्यान्वयन गर्ने विषयमा अर्थ मन्त्रालयसँग समन्वय गर्न सरोकारवाला निकायलाई निर्देशन दिने।
- नेपाली सेनाले बनाउँदै गरेको द्रुतमार्ग र अन्य सडकहरूको समितिले आगामी दिनमा (उपयुक्त समयमा) स्थलगत/अध्ययन अवलोकन भ्रमण गर्ने।

## २०८१ बैशाख २१

- नेपाली सेनाले बनाउदै गरेको राष्ट्रिय गौरव तथा पहिलो प्रथमिकता प्राप्त सडक आयोजनाहरूको आगामी दिन अनुकूल समयमा यस समितिका माननीय सदस्यहरूलाई राजनैतिक प्रतिनिधित्वको आधारमा आलो पालो मिलाएर सहभागिता गराउदै विभिन्न चरणमा अनुगमन गर्ने निर्णय गरियो।
- यसै गरी पहिलो चरणमा दार्चुला-टिंकर (महाकाली करिडोर) र कर्णाली करिडोर अन्तर्गतको हुम्ला खण्ड आगामी दिन उपयुक्त समयमा माननीय सदस्य रक्षा मन्त्री, समितिका माननीय सदस्य सभापति र तपसिल बमोजिमका माननीय सदस्यहरू लगायतको सहभागितामा अनुगमन गर्ने निर्णय गरियो।

<u>तपसिलः</u>

- माननीय रक्षा मन्त्री हरि प्रसाद उप्रेती
- माननीय सभापति रामहरि खतिवडा
- माननीय सदस्य अशोक कुमार राई
- माननीय सदस्य ईश्वरी देवी न्यौपाने
- माननीय सदस्य कृष्ण गोपाल श्रेष्ठ
- माननीय सदस्य चन्दा कार्की (भण्डारी)

- माननीय सदस्य चित्र बहादुर के.सी.
- माननीय सदस्य दिलेन्द्र प्रसाद बडु
- माननीय सदस्य बुद्धिमान तामाङ
- माननीय सदस्य रघुजी पन्त
- माननीय सदस्य राजेन्द्र प्रसाद पाण्डे
- माननीय सदस्य सर्वेन्द्र नाथ शुक्ला
- माननीय सदस्य हितराज पाण्डे
- समिति सचिव सुरज कुमार दुरा

**२०८१ बैशाख २६**

- समितिको आजको बैठकमा यस समितिमा प्राप्त भएको "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक" का सम्वन्धमा छलफल भएको थियो। समितिमा उपस्थित माननीय सदस्य उपप्रधानमन्त्री तथा गृह मन्त्री रवि लामिछाने र माननीय सदस्य सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले सरकारका तर्फबाट विधेयकका सम्बन्धमा आ-आफ्नो धारणा राख्नुभएको थियो। विधेयकमा रहेका केही दफाहरूको संवेदनशीलता र गाम्भिर्यताको विषयमा औपचारिक तथा अनौपचारिक रुपमा थप छलफल गरी आगामी बैठकमा टुंङ्गो लगाउने निर्णय भएको।
- संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयकमाथि दफाबार छलफल सम्पन्न भएको थियो। बैठकमा विधेयक संशोधन सहित सर्वसम्मतिले पारित भएको थियो। विधेयकसम्बन्धी समितिको प्रतिवेदन प्रतिनिधि सभाको आगामी बैठकमा पेश गर्ने निर्णय भएको थियो। प्रतिवद्ध रहेको जानकारी प्राप्त भएको थियो।

## १.२.२.८ पूर्वाधार विकास समिति

यस समिति अन्तर्गतका तीन वटा उपसमिति रहेका छन्।

- ऊर्जा, जलस्रोत तथा सिंचाइ उपसमिति- संयोजक, माननीय गोकर्ण राज विष्ट,
- भौतिक पूर्वाधार तथा सहरी विकास उपसमिति- संयोजक, माननीय दिनेश कुमार यादव,
- खानेपानी उपसमिति- संयोजक, माननीय उर्मिला माझी रहनु भएको छ।

२०८१ साउन महिना देखि असोज मसान्त सम्ममा ऊर्जा, जलस्रोत तथा सिंचाइ उपसमितिका २ वटा बैठक बसेका छन्। समितिमा विचाराधिन रहेको विद्युत विधेयक,२०८० का सन्दर्भमा सरोकार राख्ने सम्बद्ध निकाय तथा व्यक्तिहरूसँग बैठकमा छलफल गरिएको थियो।

२०८१ साउन देखि असोज सम्ममा खानेपानी उपसमितिको १ वटा बैठक बसी उपसमितिको आन्तरिक छलफल गरिएको थियो।

**२०८१ साउन ९**

समितिमा प्राप्त ऊजुरी, गुनासो तथा निवेदनहरूका सम्बन्धमा देहाय बमोजिम गर्ने गरी प्रस्ताव गर्दछः-

- समिति गठन भए देखि समितिमा प्राप्त उजुरीहरूलाई आजको बैठक समक्ष प्रस्तुत गर्दा देहायका उजुरीहरू सम्बन्धमा सम्बन्धित मन्त्रालयबाट जवाफ माग गर्नेः-
    - बुटवल पावर कम्पनीको आँधिखोला वितरण केन्द्रबाट विद्युत वितरण गरिएका स्याङ्जा जिल्लाका चारवटा पालिका र पाल्पा जिल्लाका दुईवटा पालिकामा हचुवाको भरमा विद्युत महसुल युनिटमा खपतको आधारमा ३९ देखि ६५ प्रतिशतसम्म महशुल बढाइएको संलग्न उजुरीका सम्बन्धमा विद्युत नियमन आयोगबाट जवाफ माग गर्ने।
    - अरुण तेस्रो जलविद्युत आयोजना अन्तर्गत छ्याङकुटी-दिदिङ पावर हाउस जाने ०-२४ कि.मि. सडक खण्डका करिब ४०० घरपरिवार जग्गाधनीहरूले १४-१५ वर्ष अगाडि प्राप्त गरिसक्नु पर्ने मुआब्जा आजसम्म पनि प्राप्त हुन नसकेको संलग्न उजुरी सम्बन्धमा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट जवाफ माग गर्ने।
    - वीरगञ्ज महानगरपालिका वडा नं. २० को हरपतगज टोल, अपौनी र वडा नं. २७ को कुहडी, घुर्मी, रामपुर गण्डक नहरसम्ममा पर्ने Harpatagunj Highway-Kalauti-Kuhadi-Rampur river सडक खण्डमा विगत ६ वर्षदेखि हालसम्म श्री स्वछन्द पप्पु युनाइटेड विल्डर्स जे/भिले कुहडी टोलमा सडकको दुवैतिर घरतोडी नालामात्र निर्माण गरेको र नाला पनि गुणस्तरहिन भई काम नलाग्ने भएको, बनेको नाला पनि भत्किसकेको भन्ने सम्बन्धमा सहरी विकास मन्त्रालयबाट जवाफ माग गर्ने।

- श्री दिनेश भण्डारीले काठमाडौं उपत्यका खानेपानी लिमिटेडद्धारा जडान गरेको खानेपानी धाराको मिटर रिडिङका क्रममा भएको कर्मचारीको अनियमितता र लापर्वाहीले आफू मर्कामा परेकोले आवश्यक कारवाही गर्न भनी समिति समक्ष निवेदन प्राप्त भएकोमा खानेपानी मन्त्रालयबाट जवाफ माग गर्ने।
- श्री ठाकुर गोविन्द प्रसाद नवीनले यस समितिमा मधेश प्रदेशको जनकपुरदेखि जलेश्वर-भिट्टामोड सडक खण्डको पिपरा गा.पा. क्षेत्रभरी सडकको डिभाइडर सडक सिमा क्षेत्र २५/२५ मिटरको वीच भागमा हुनु पर्नेमा त्यसो नभई दाँया बाँया घटी बढी रहेको भन्ने सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट जवाफ माग गर्ने।

- समितिमा प्राप्त उजुरीहरू बैठकमा पेश गर्न माननीय सभापति र समिति सचिवालयलाई अधिकार दिने।
- समितिमा उजुरी दर्ता/प्राप्त भएपछिको पहिलो बैठकमा समिति सचिवालयले उक्त उजुरीको संक्षिप्त विवरण वैठक समक्ष पेश गर्ने।

**२०८१ साउन १६**

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलयलाई देहाय बमोजिमको निर्देशन दिनेः-

- नागढुङ्गा-थानकोट सुरुङ्ग मार्गको निर्माण अन्तिम चरणमा रहेको भएता पनि यस सुरुङ्ग मार्गको पश्चिम तर्फको Road side service station निर्माणमा रहेको मुआब्जा र क्षतिपूर्तिको लागि मन्त्रालय, सडक विभागका पदाधिकारी तथा धादिङ्ग जिल्लाको प्रमुख जिल्ला अधिकारी एकै स्थानमा बसी तीन महिना भित्र समस्याको समाधान निकाल्न समितिले आवश्यक पहल गर्ने।यस कार्यका लागि समिति अन्तर्गत गठित भौतिक पूर्वाधार तथा शहरी विकास उपसमितिले आवश्यक कार्य गर्ने।
- सुरुङ्ग मार्गको पूर्वीद्वारबाट मूल सडकमा जोडिने फ्लाइ ओभर निर्माणमा जग्गाको मुआव्जा तथा क्षतिपूर्तिका सम्बन्धमा मन्त्रालय तथा सडक विभागका पदाधिकारी, काठमाण्डौ जिल्लाको प्रमुख जिल्ला अधिकारी एकै स्थानमा बसी तीन महिना भित्र समस्याको समाधान निकाल्न समितिले आवश्यक पहल गर्ने।यस कार्यका लागि

समिति अन्तर्गत गठित भौतिक पूर्वाधार तथा शहरी विकास उपसमितिले आवश्यक कार्य गर्ने।

- थानकोटदेखि मुग्लिन सम्मको राजमार्गमा दैनिक बीसौ हजार सवारी साधनहरू सञ्चालन भइरहेको विद्यमान अवस्था छ। उक्त निर्माणाधिन बाटोको अवस्था दुरावह रहेको छ। दैनिक यातायात सञ्चालनमा सहज वातावरण सृजना गर्दै निर्धारित समयभित्र निर्माण कार्य सम्पन्न गर्न मन्त्रालयलाई आवश्यक निर्देशन दिने। मन्त्रालय, सडक विभागका पदाधिकारी तथा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी एकै स्थानमा बसी तीन महिना भित्र समस्याको समाधान निकाल्न समितिले आवश्यक पहल गर्ने। यस कार्यका लागि समिति अन्तर्गत गठित भौतिक पूर्वाधार तथा शहरी विकास उपसमितिले आवश्यक कार्य गर्ने।
- नेपालीहरूको महान चाड दशैं, तिहार, छठ लगायतका पर्व अगावै प्रमुख राजमार्गहरूको विद्यमान अवस्थामा सुधार ल्याई यात्रुहरूलाई सहज रुपमा आवत जावत गर्ने व्यवस्था मिलाउन उक्त राजमार्गहरूमा वर्षामा हिलो र हिउँदमा धुलो नउड्ने व्यवस्था मिलाउन मन्त्रालयलाई निर्देशन दिने।
- देशभर बिग्रिएर यत्रतत्र रहेका/सञ्चालनमा नआएका सरकारी सवारी साधनहरूको एकिन तथ्याङ्क तीन महिना भित्र समिति समक्ष माग गर्ने । साथै उक्त सवारी साधनहरूको कानून बमोजिम व्यवस्थापन गर्न मन्त्रालयलाई निर्देशन दिने।
- सवारी सञ्चालन अनुमति पत्र व्यवस्थापन सम्बन्धमा;
    - सवारी सञ्चालन अनुमति पत्र व्यवस्थापन सम्बन्धमा मन्त्रालयबाट आवश्यक विवरण तथा कागजात माग गर्ने,
    - नेपाल सरकारले तत्कालीन सूचना प्रविधि विभागका विभागीय प्रमुख श्री प्रेमशरण श्रेष्ठको संयोकत्वमा समिति गठन गरी सवारी साधन अनुमति पत्र तथा सवारी दर्ता सम्बन्धमा समितिले तयार गरेको प्रतिवेदन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग माग गर्ने ।
- तनहुँको-२ मा दुई वटा पालिका रिसिङ्ग र घिरिङ्ग रहेको छ। जसले पाल्पा, नवलपरासी, नवलपुर, स्याङ्गजा, रूपन्देही आदि जिल्लाहरूलाई जोड्दछ। यी मार्गलाई श्रृग राजमार्ग र कृष्ण राजमार्ग भनिन्छ। श्रृग पथमा दशौ वर्ष हुन लाग्यो निर्माण

व्यवसायीले काम नगरी कानूनी प्रक्रियामा अदालत गएर काम अवरूद्ध भएको। अदालतबाट विकास निर्माण जस्तो सम्वेदनशील विषयमा समय मै समस्याको निरूपण नगर्दा दुर्गम गाउँमा समस्या सृजना भएको छ। उक्त स्थानहरू विकट भएको हुँदा त्यहाँका स्थानीय बासीलाई वर्षायाममा धेरै असुविधा हुन्छ। तसर्थ उक्त बाटो तत्काल निर्माण प्रारम्भ गर्न समितिले निर्देशन गर्दछ।

- सार्वजनिक खरिद ऐनलाई विकासमैत्री बनाउन, ऐनको कारणबाट विकास निर्माणमा भएका कमजोरीहरूलाई हटाउने गरी मन्त्रालयलाई आगामी हिंउदे अधिवेशनमा नयाँ सार्वजनिक खरिद विधेयक प्रस्तुत गर्न मन्त्रालयलाई निर्देशन दिने।
- देशमा सडक सुरक्षा ऐन नभएको कारणबाट अन्तर निकाय समन्वय गर्न समेत समस्या भएको हुँदा नेपालले संयुक्त राष्ट्र संघसँग गरेको प्रतिवद्धता अनुसार सडक सुरक्षा विधेयक आगामी हिंउदे अधिवेशनसम्म संसद समक्ष प्रस्तुत गर्न मन्त्रालयलाई निर्देशन दिने।
- समितिमा प्राप्त जलस्रोत विधेयक, २०८१ माथि संशोधनकर्ता माननीय सदस्यहरूलाई दफावार छलफलका लागि मिति २०८१ साउन २३, २४ र २५ गतेको बैठकमा आमन्त्रण गर्ने । उक्त बैठकमा सम्बद्ध मन्त्रालय र कानून मन्त्रालयलाई पनि आमन्त्रण गर्ने ।
- काठमाडौंबाट तातोपानीसम्म जोड्ने अरनिको राजमार्गको विद्यमान अवस्था के कस्तो छ सो को समितिले २०८१ साउन मसान्तभित्र स्थलगत अवलोकन गर्ने । कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, प्रदेश सभा सदस्य तथा पालिका प्रमुखहरू, आयोजनाहरूको कार्यान्वयनसँग प्रत्यक्ष रुपमा सम्बन्धित आयोजना प्रमुख, निर्माण व्यवसायी, परामर्शदाता एवं अन्य इन्जिनियर र कर्मचारीहरू, स्थानीय पत्रकार, सरोकारवाला एवम् बुद्विजीवीलाई समेत आमन्त्रण गर्ने ।

## २०८१ साउन २३

- जलस्रोत विधेयक, २०८१ माथि २० वटा समूहमा ४६ जना माननीय सदस्यहरूको संशोधन प्रस्ताव प्राप्त भएको थियो।

- आजको बैठकमा माननीय बुद्धिमान तामाङ्ग, माननीय दिपक बहादुर सिंह, माननीय रोसन कार्की, र माननीय अनिसा नेपालीको समूहबाट माननीय बुद्धिमान तामाङ्ग र माननीय रोसन कार्कीले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनु भएको थियो।
- माननीय विनिता कठायतले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनु भएको थियो।
- माननीय चन्द्र बहादुर विश्वकर्माले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनु भएको थियो।

- जलस्रोत विधेयक, २०८१ माथि संशोधनकर्ता प्रस्ताव प्रस्तुतकर्ता बाँकी माननीयसँग आगामी बैठकमा दफावार छलफल गर्ने ।

**२०८१ साउन २४**

- जलस्रोत विधेयक, २०८१ माथि २० वटा समूहमा ४६ जना माननीय सदस्यहरूको संशोधन प्रस्ताव प्राप्त भएको थियो। आजको बैठकमा
  - माननीय बुद्धिमान तामाङ्ग, माननीय दिपक बहादुर सिंह, माननीय रोसन कार्की, र माननीय अनिसा नेपालीको समूहबाट माननीय अनिसा नेपालीले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनु भएको थियो।
  - माननीय दिलेन्द्र प्रसाद बडू, माननीय शान्ति वि.क., माननीय जावेदा खातुन जागा, माननीय आशा वि.क., माननीय राजु थापा, माननीयजीवन परियार, माननीय रामकृष्ण यादव, माननीयश्यामकुमार घिमिरे, माननीय मैना कार्की, माननीय सीता कुमारी राना र माननीय सरस्वती बजिमयको समूहबाट माननीय सिता कुमारी राना र माननीय सरस्वती बजिमयले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनु भएको थियो।
  - माननीय गगन कुमार थापा, माननीय प्रदीप पौडेल, माननीय बद्री प्रसाद पाण्डे, माननीय प्रतिमा गौतम, माननीय ऐन बहादुर शाही, माननीय कुसुमदेवी थापा, माननीय रामकृष्ण यादव, माननीय मैना कार्की, माननीय सपना राजभण्डारी, माननीय

सीता मिजारको समूहबाट माननीय सपना राजमण्डारीले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनु भएको थियो।

  - माननीय बिजुला रायमाझीले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनु भएको थियो।
  - माननीय मनिष झाले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनु भएको थियो।

- समितिको वार्षिक प्रतिवेदन, २०८० प्रतिनिधि सभाको आगामी बैठकमा पेश गरे पश्चात कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालयमा (पठाउने)।
- समितिको वार्षिक प्रतिवेदन, २०८० प्रतिनिधि सभाको आगामी बैठकमा पेश गरे पश्चात संघीय संसद सचिवालयको पुस्तकालय प्रयोजनका लागि पुस्तकालाय शाखामा पठाउने।

## २०८१ साउन २५

- जलस्रोत विधेयक, २०८१ माथि संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय सदस्यहरूसँगको बैठकमा माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीको अनुपस्थिति रहेको हुँदा पुनः अर्को मितिमा छलफल गर्ने गरी बैठक स्थगित भएको थियो।

## २०८१ भदौ २

जलस्रोत विधेयक, २०८१ माथि २० वटा समूहमा ४६ जना माननीय सदस्यहरूको संशोधन प्रस्ताव प्राप्त भएको थियो। आजको बैठकमा;

- माननीय रघुजी पन्त, माननीय ठाकुर प्रसाद गैरे र माननीय अम्बर बहादुर रायमाझीको समूहबाट माननीय रघुजी पन्तले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनु भएको थियो।
- माननीय उदय शम्शेर ज.ब.रा.ले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनु भएको थियो।

- माननीय दामोदर पौडेल बैरागी, माननीय उच्युत प्रसाद मैनाली, माननीय प्रभु हजारा, माननीय सूर्य प्रसाद ढकाल र माननीय दिपा शर्मा समूहबाट माननीय  दामोदर पौडेल बैरागी र माननीय दिपा शर्माले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनु भएको थियो।
- माननीय दिलेन्द्र प्रसाद वडु, माननीय शान्ति वि.क. माननीय जावेदा खातुन जागा, माननीय आशा वि.क., माननीय राजु थापा, माननीय जीवन परियार, माननीय रामकृष्ण यादव, माननीय श्यामकुमार घिमिरे, माननीय मैना कार्की, माननीय सीता कुमारी राना र माननीय सरस्वती बजिमयको समूहबाट माननीय दिलेन्द्र प्रसाद बडुले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनु भएको थियो।
- माननीय ध्रुव बहादुर प्रधानले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनु भएको थियो।

**२०८१ भदौ २८**

- जलस्रोत विधेयक, २०८१ माथि २० वटा समूहमा ४६ जना माननीय सदस्यहरूको  संशोधन प्रस्ताव प्राप्त भएको थियो। बैठकमा माननीय जावेदा खातुन जागा, माननीय नागिना यादव, प्रेम सुवाल र श्याम कुमार घिमिरेले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनु भएको थियो।

**२०८१ असोज १८**

**ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयः**

- यही असोज ११ र १२ गते देशका विभिन्न भागमा आएको भारी वर्षाका कारण विद्युत प्रशारण र सिंचाइ संरचनाहरूमा क्षति भएको कारण विभिन्न गाउँ बस्तीमा विद्युत आपूर्ति र सिंचाइ अवरुद्ध भएकोले विद्युत र सिंचाइ संरचना तत्काल मर्मत सम्भार गरी जनतालाई यथाशीघ्र राहत पुऱ्याउन निर्देशन दिने।
- यही असोज ११ र १२ गते आएको अविरल वर्षाको कारण देशमा निर्माणाधिन र सञ्चालनमा रहेका माथिल्लो तामाकोशी लगायत सार्वजनिक तथा निजी जलविद्युत आयोजनाहरूमा पुगेको क्षतिको मूल्याङ्कन गरी तत्काल पुननिर्माण कार्य अघि बढाउन र त्यसका लागि प्रदेश र स्थानीय सरकारसँग समन्वय गर्न समितिले निर्देशन दिने।

- ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयले विद्युत नियमन आयोग, स्वतन्त्र विज्ञ र निजी क्षेत्रका उत्पादकहरूलाई समेत समेटेर एउटा छानविन समिति गठन गरी एक महिना भित्र कुलेखानी जलविद्युत आयोजनाको ड्यामको पानी खोलेका कारण पुगेको क्षति र आगामी दिनमा अपनाउनु पर्ने सजगताका सम्बन्धमा समेत समिति समक्ष प्रतिवेदन पेश गर्न मन्त्रालयलाई निर्देशन दिने।
- मध्य भोटेकोशी जलविद्युत आयोजनामा ट्रान्समिसन लाइन विस्तारका बेला स्थानीयको अवरोध र त्यस पछि भएको सहमतिमा प्रभावित क्षेत्र बाहिर गएर आर्थिक भुक्तानी दिने सहमति सम्बन्धमा के भएको हो सोको यथार्थ विवरण मन्त्रालयसँग माग गर्ने।

**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः**

- यही असोज ११ र १२ गतेको अविरल वर्षाको कारण आएको बाढी पहिरोबाट क्षतिग्रस्त वि.पी राजमार्ग लगायत सबै राजमार्ग, सडक र पुलको यथाशीघ्र मर्मत सम्भार गरी यातायात सुचारु गर्न नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देशन दिने,
- दशैमा घर जाने यात्रुहरूलाई सरकारले सहजरुपमा घर जाने वातावरण बनाउनका लागि सरकारले चाडपर्व केन्द्रित निर्माण कार्य संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको समेत समन्व गरी दशैमा यातायात सहज ढंगले गन्तव्य स्थानमा पुग्ने व्यवस्था मिलाउनका लागि मन्त्रालयलाई निर्देशन दिने।

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः**

- वर्षात् पछाडि सरकारले गर्नु पर्ने उद्धार कार्य युद्धस्तरमा गर्न, वि.पी राजमार्गमा फसेका उद्धार गर्नु पर्ने यातायात कर्मीहरूको २४ घण्टा भित्र उद्धार गर्न, मृतक र वेपत्ता परिवारलाई सरकारद्वारा प्रदान गरिने क्षतिपूर्ति दशैं अगाडि नै प्रदान गर्न, बाढी पहिरोका कारण बासस्थान गुमाएकाहरूको अस्थायी बसोबासको व्यवस्था ७ (सात) दिन भित्र मिलाउन सरकारलाई निर्देशन दिने।

## १.२.२.९ शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

यस अवधिमा समितिका १५ बैठकहरू बसेका थिए । समितिका उक्त बैठकहरूमा विद्यालय शिक्षा विधेयक, २०८०, सार्वजनिक सेवा प्रसारण विधेयक, २०८०, नेपाल विश्वविद्यालय विधेयक, २०७९, युवा तथा खेलकूद मन्त्रालयबाट भए गरेका काम कारबाही, समस्या तथा चुनौती र भावी कार्यदिशा जस्ता विषयहरूमा छलफल भएको थियो। यी विषयहरूका सम्बन्धमा समितिबाट भएका बैठक तथा निर्णय सम्बन्धी विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छः

**२०८१ साउन २**

विद्यालय शिक्षा विधेयक, २०८० का सम्बन्धमा संशोधनकर्तासँग छलफल गर्न बसेको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठक समितिका माननीय सभापति अम्मर बहादुर थापाको सभापतित्वमा बसेको थियो। समिति बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका माननीयमन्त्री विद्या भट्टराई एवम् मन्त्रालयका सचिव, सह सचिव र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका कर्मचारीको उपस्थिति रहेको थियो।

विद्यालय शिक्षा विधेयक, २०८० का सम्बन्धमा देहायका संशोधनकर्ता माननीय सदस्यहरूले आफ्नो संशोधन प्रस्तावको सन्दर्भमा धारणा राख्नु भएको थियो :

- माननीय सदस्य वासुदेव घिमिरे
- माननीय सदस्य अच्यूतप्रसाद मैनाली
- माननीय सदस्य विना लामा
- माननीय सदस्य प्रतिक्षा तिवारी
- माननीय सदस्य अमृतलाल राजवंशी
- माननीय सदस्य विजुला रायमाझी
- माननीय सदस्य रञ्जु झा
- माननीय सदस्य शान्ति श्रेष्ठ

समितिको सो बैठकले देहाय बमोजिम निर्णय गरेको थियो:

- शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति अन्तर्गत गठित उपसमितिको कार्यलाई गतिशिल बनाउने निर्णय भएको थियो।

## २०८१ साउन ३

विद्यालय शिक्षा विधेयक, २०८० का सम्बन्धमा संशोधनकर्तासँग छलफल गर्न बसेको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका माननीयमन्त्री विद्या भट्टराई एवम्  मन्त्रालयका सचिव ,सह सचिव र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका कर्मचारीको उपस्थिति रहेको थियो।

विद्यालय शिक्षा विधेयक, २०८० का सम्बन्धमा देहायका संशोधनकर्ता माननीय सदस्यहरूले आफ्नो संशोधन प्रस्तावको सन्दर्भ, सैद्धान्तिक पक्ष र औचित्यको सन्दर्भमा धारणा राख्नु भएको थियो :

- माननीय सदस्य दामोदर पौडेल वैरागी
- माननीय सदस्य बुद्धिमान तामाङ्ग
- माननीय सदस्य अमरेश कुमार सिंह
- माननीय सदस्य रघुजी पन्त
- माननीय सदस्य मीना तामाङ्ग
- माननीय सदस्य उर्मिला माझी
- माननीय सदस्य माधव सापकोटा
- माननीय सदस्य जनार्दन शर्मा
- माननीय सदस्य गोकुल वास्कोटा
- माननीय सदस्य जीवन परियार
- माननीय सदस्य श्याम कुमार घिमिरे

समितिको सो बैठकले देहाय बमोजिम निर्णय गरेको थियो:

- नेपाल विश्वविद्यालय विधेयक, २०७९ का सम्बन्धमा गठित उपसमितिमा माननीय दीपा शर्मा र डिग बहादुर लिम्बु साथै उजुरी तथा निवेदन छानवीन उपसमितिको संयोजकमा माननीय इश्वरी घर्तीलाई मनोनयन गर्ने ।
- माध्यमिक शिक्षा परीक्षा एस.ई.ई. को नतिजामा कुल विद्यार्थीहरूमध्ये ५० प्रतिशत भन्दा बढी विद्यार्थी अनुत्तीर्ण भएको सन्दर्भमा समितिको गम्भीर ध्यानाकर्षण भएको, यसबाट शिक्षण, व्यवस्थापन, परीक्षा प्रणाली र प्रक्रियामा गुणस्तर सुधार वाञ्छनीय देखिएको, परीक्षामा असफल हुने केही विद्यार्थी आत्महत्या समेत गरेको समाचार आएका, शिक्षा प्रणालीमा नै चुनौती आउने यस्ता घटना सोचनीय देखिएको

सन्दर्भमा समग्र पक्षमा गुणस्तर सुधार गर्न पुनर्योगका लागि निवेदन दिने मध्ये धेरै विद्यार्थी उत्तीर्ण भएको जानकारी प्राप्त भएको सन्दर्भमा सोको एकिन विवरण यस समितिमा पठाउन, नतिजा प्रकाशनमा त्रुटि भएको पाइएमा आगामी दिनमा यस प्रकारको कमजोरी हुन नदिने उपाय अवलम्बन गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देश गर्ने।

- गुरुकुल, मदरसा, गुम्वा लगायतका परम्परागत विद्यालयहरूमा धेरै विद्यार्थी अध्ययनरत रहेको सन्दर्भमा यस प्रकारका शिक्षालयहरूमा शिक्षक दरवन्दी, पाठ्यक्रमको समुचित प्रबन्ध, भौतिक पूर्वाधार लगायत श्रोत व्यवस्थापन गर्ने प्रक्रिया अघि बढाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देश गर्ने।
- माननीय सदस्य विद्या भट्टराई संयोजक रहेको मिति २०८१/०३/२७ गतेको उजुरी तथा निवेदन छानविन अध्ययन उपसमितिको प्रतिवेदन उपर समितिमा व्यापक छलफल भई उपसमितिबाट समितिमा पेश भए बमोजिमको सुझाव तथा निर्देशन कार्यान्वयनको लागि त्रिभुवन विश्वविद्यालय, उपकुलपतिको कार्यालयलाई पत्राचार गर्ने।

## २०८१ साउन ९

विद्यालय शिक्षा विधेयक, २०८०का सम्बन्धमा संशोधनकर्तासँग  छलफल गर्न बसेको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठक समितिका माननीय सभापति अम्मर बहादुर थापाको सभापतित्वमा बसेको थियो। समिति बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका माननीयमन्त्री विद्या भट्टराई एवम् मन्त्रालयका सचिव, सह सचिव र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका कर्मचारीको उपस्थिति रहेको थियो।

विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वनेको विधेयकका सम्बन्धमा देहायका संशोधनकर्ता माननीय सदस्यहरूले आफ्नो संशोधन प्रस्तावको सन्दर्भ, सैद्धान्तिक पक्ष, गुणस्तर र औचित्यको सन्दर्भमा धारणा राखु भएको थियो :

- माननीय सदस्य कान्तिका सेजुवाल
- माननीय सदस्य सुर्यप्रसाद ढकाल
- माननीय सदस्य हेमराज राई
- माननीय सदस्य कल्पना मिया

- माननीय सदस्य सपना राजभण्डारी
- माननीय सदस्य रमा कोइराला
- माननीय सदस्य मैना कार्की
- माननीय सदस्य कुसुमदेवी थापा
- माननीय सदस्य सीता मिजार

समितिको सो बैठकले देहाय बमोजिम निर्णय गरेको थियो:

- प्राविधिक शिक्षालयको सम्बन्धन सम्बन्धमा समितिबाट मिति २०८१÷०४÷०८ गते निवेदन दर्ता भएकोमा सो सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका माननीय सदस्य मन्त्रीलाई समेत अवगत भएको र  यस सम्वन्धमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, चिकित्सा शिक्षा आयोग र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयवीच छलफल गरी समस्या समाधानको सन्दर्भमा समितिमा छलफल गर्न मन्त्रालयलाई निर्देश गर्ने ।
- काठमाडौ विमानस्थलवाट पोखराका लागि उडेको सौर्य एअरको जहाज दुर्घटनामा परि १८ जनाको दुःखद निधन भएको सम्बन्धमा समितिको तर्फवाट दिवङ्गत आत्माको चीरशान्ति, मृतकको परिवारजनप्रति गहिरो समवेदना र घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने ।

## २०८१ साउन ११

विद्यालय शिक्षा विधेयक, २०८० का सम्बन्धमा संशोधनकर्तासँग  छलफल गर्न बसेको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका माननीयमन्त्री विद्या भट्टराई एवम् मन्त्रालयका सचिव, सह सचिव र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका कर्मचारीको उपस्थिति रहेको थियो।

विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकका सम्बन्धमा देहायका संशोधनकर्ता माननीय सदस्यहरूले आफ्नो संशोधन प्रस्तावको सन्दर्भ, सैद्धान्तिक पक्ष र औचित्यको सन्दर्भमा धारणा राख्नु भएको थियो :

- माननीय सदस्य सरस्वती वजिमय
- माननीय सदस्य विराजभक्त श्रेष्ठ
- माननीय सदस्य शिशिर खनाल
- माननीय सदस्य सदस्य निशा डाँगी

- माननीय सदस्य अशोक कुमार चौधरी
- माननीय सदस्य लेखनाथ दहाल

समितिको उक्त बैठकले देहाय बमोजिमको निर्णय गरेको थियो:

- सार्वजनिक सेवा प्रसारण विधेयक सम्बन्धमा सहजीकरण गर्न गठित उपसमितिमा रिक्त रहेको स्थानमा माननीय सदस्य डिग बहादुर लिम्बुलाई मनोनयन गर्ने ।

**२०८१ साउन १७**

प्राविधिक शिक्षा तथा व्यावासायिक तालिम परिषदबाट सम्बन्धन स्वीकृती नपाएको तथा सम्बन्ध पाएर सञ्चालन भइरहेका संस्थाहरूमा भर्ना प्रकृया अवरुद्ध भएको सम्बन्धमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद र चिकित्सा शिक्षा आयोगसँग छलफल गर्न बसेको समितिको उक्त बैठकमा माननीय सदस्य शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई, चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष प्रा. डा. अन्जनी कुमार झा, शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का सदस्य सचिव श्री महेश कुमार भट्टराई, समिति समक्ष निवेदन पेश गर्नुहुने विभिन्न निवेदकहरूको उपस्थिति रहेको थियो। बैठकमा भएको छलफल पश्चात समितिले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई देहाय बमोजिमको निर्देशन दिने निर्णय गऱ्यो :

- प्राविधिक शिक्षा तथा व्यासायिक तालिम परिषद्को बैठक तत्काल राखी सम्बन्धनको लागि चिकित्सा शिक्षा ऐन, २०७५ र चिकित्सा शिक्षा नियमावली, २०७७ बमोजिम आवश्यक मापदण्ड, शर्त र प्रकृया पूरा गरेका शिक्षण संस्थाहरूलाई चिकित्सा शिक्षा आयोग समक्ष पेश गरी सम्बन्धन स्वीकृत दिई यसै शैक्षिक सत्रभित्र भर्ना प्रकृया प्रारम्भ गर्ने।
- २०४५ सालमा बनेको प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐनले वर्तमान सन्दर्भका समस्याहरूलाई सम्बोधन गर्न नसक्ने तथा उक्त ऐनलाई चिकित्सा शिक्षा ऐन, २०७५ अनुरुप सामाञ्जयस्ता कायम गर्न समेत आवश्यक देखी ऐन संशोधन गर्न समितिले २०८० माघ २ गते दिएको निर्देशन कार्यान्वयन गर्न पुनः स्मरण गराउने।

**२०८१ साउन २३**

विद्यालय शिक्षा विधेयक, २०८० माथि संशोधन प्रस्ताव राख्नुहुने संशोधनकर्ता माननीय सदस्यहरूसँग छलफल गर्न समितिका माननीय सदस्य सभापतिज्यूको सभापतित्वमा बसेको समितिको उक्त बैठकमा माननीय सदस्य शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई तथा मन्त्रालयका सचिव डा.दिपक काफ्ले र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि समेतको उपस्थिति रहेको थियो। समितिको उक्त बैठकमा देहाय वमोजिमका संशोधनकर्ता माननीय सदस्यहरूले आफ्नो संशोधन प्रस्तावको आवश्यकता, औचित्य र सान्दार्भिकताका सम्बन्धमा धारणा राख्नु भएको थियो:

- माननीय सदस्य लाल प्रसाद सावाँ लिम्बु
- माननीय सदस्य रण कुमारी बलम्पाकी
- माननीय सदस्य सुनिता बराल
- माननीय सदस्य मनिष झा
- माननीय सदस्य दुर्गा राई
- माननीय सदस्य चन्द्र बहादुर विश्वकर्मा

समितिको उक्त बैठकले देहाय बमोजिमको निर्णय गरेको थियो :

- संशोधनकर्ता माननीय सदस्यहरूसँग छलफल गर्न अझै बाँकी रहेकोले समितिको अर्को बैठकमा समेत विद्यालय शिक्षा विधेयक, २०८० माथि संशोधन प्रस्ताव राख्नुहुने संशोधनकर्ता माननीय सदस्यहरूसँग छलफल गर्ने ।

**२०८१ साउन २४**

विद्यालय शिक्षा विधेयक, २०८० माथि संशोधन प्रस्ताव राख्नुहुने संशोधनकर्ता माननीय सदस्यहरूसँग छलफल गर्न समितिका माननीय सदस्य सभापतिको सभापतित्वमा बसेको समितिको उक्त बैठकमा माननीय सदस्य शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई तथा मन्त्रालयका सचिव डा. दिपक काफ्ले र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि समेतको उपस्थिति रहेको थियो। समितिको उक्त बैठकमा देहाय वमोजिमका संशोधनकर्ता माननीय सदस्यहरूले आफ्नो संशोधन प्रस्तावको आवश्यकता, औचित्य र सान्दार्भिकताका सम्बन्धमा धारणाहरू राख्नु भएको थियो :

- माननीय सदस्य डोल प्रसाद अर्याल
- माननीय सदस्य गणेश पराजुली
- माननीय सदस्य प्रभु साह
- माननीय सदस्य रेखा यादव
- माननीय सदस्य कृष्ण कुमार श्रेष्ठ
- माननीय सदस्य ठाकूर प्रसाद गैरे
- माननीय सदस्य रणेन्द्र वराली
- माननीय सदस्य सोविता गौतम
- माननीय सदस्य प्रेम सुवाल
- माननीय सदस्य रामकुमार राई
- माननीय सदस्य छिरिङ्ग डम्डुल लामा

समितिको उक्त बैठकले देहाय बमोजिमको निर्णय गरेको थियो :

- संशोधनकर्ता माननीय सदस्यहरूसँग छलफल गर्न अझै बाँकी रहेकोले समितिको अर्को बैठकमा समेत विद्यालय शिक्षा विधेयक, २०८० माथि संशोधन प्रस्ताव राख्नुहुने संशोधनकर्ता माननीय सदस्यहरूसँग छलफल गर्ने।

## २०८१ साउन २५

विद्यालय शिक्षा विधेयक, २०८० माथि संशोधन प्रस्ताव राख्नुहुने संशोधनकर्ता माननीय सदस्यहरूसँग छलफल गर्न समितिका माननीय सदस्य सभापतिज्यूको सभापतित्वमा बसेको समितिको उक्त बैठकमा माननीय सदस्य शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई तथा मन्त्रालयका सचिव डा. दिपक काफ्ले र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि समेतको उपस्थिति रहेको थियो। समितिको उक्त बैठकमा देहाय वमोजिमका संशोधनकर्ता माननीय सदस्यहरूले आफ्नो संशोधन प्रस्तावको आवश्यकता, औचित्य र सान्दार्भिकताका सम्बन्धमा धारणाहरू राख्नु भएको थियो :

- माननीय सदस्य लाल प्रसाद सावाँ लिम्बु
- माननीय सदस्य रण कुमारी बलम्पाकी
- माननीय सदस्य सुनिता बराल
- माननीय सदस्य मनिष झा
- माननीय सदस्य दुर्गा राई
- माननीय सदस्य चन्द्र बहादुर विश्वकर्मा

समितिको उक्त बैठकले देहाय बमोजिमको निर्णय गरेको थियो :

- संशोधनकर्ता माननीय सदस्यहरूसँग छलफल गर्न अझै बाँकी रहेकोले समितिको अर्को बैठकमा समेत विद्यालय शिक्षा विधेयक, २०८० माथि संशोधन प्रस्ताव राख्नुहुने संशोधनकर्ता माननीय सदस्यहरूसँग छलफल गर्ने ।

**२०८१ साउन ३२**

सार्वजनिक सेवा प्रसारण विधेयक, २०८० का सम्बन्धमा उपसमितिको प्रतिवेदन पेश तथा प्रतिवेदनमाथि छलफल गर्न बसेको समितिको उक्त बैठकमा माननीय सदस्य सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङ्ग, मन्त्रालयका सचिव राधिका अर्याल, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि समेतको उपस्थिति रहेको थियो। समितिको उक्त बैठकमा प्रतिवेदनको सम्बन्धमा धारणा राख्नुहुने देहाय वमोजिमका माननीय सदस्यहरूमध्ये प्रायःजसो सबैले प्रतिवेदन ठीक रहेकोले प्रतिवेदनलाई पारित गरी अघि बढ्न सुझाव दिनु भएको थियोः

- माननीय सदस्य सुमना श्रेष्ठ
- माननीय सदस्य प्रभु हजारा
- माननीय सदस्य ज्ञानु बस्नेत सुवेदी
- माननीय सदस्य महिन्द्र राय यादव
- माननीय सदस्य कालुराम राई
- माननीय सदस्य रेखा शर्मा
- माननीय सदस्य डा .तोसिमा कार्की
- माननीय सदस्य दिपा शर्मा
- माननीय सदस्य डिग बहादुर लिम्बु
- माननीय सदस्य उर्मिला थेवे

समितिको उक्त बैठकले देहाय बमोजिमको निर्णय गरेको थियो:

- उक्त प्रतिवेदनका सम्बन्धमा माननीय सदस्य मन्त्री पृथ्वी सुब्बा गुरुङ्गले प्रतिवेदन अध्ययनका लागि मन्त्रालयलाई केही समय उपलब्ध गराउन माग गर्नुभएकोले प्रतिवेदन अध्ययनका लागि मन्त्रालयलाई छोटो समय उपलब्ध गराउने ।

## २०८१ भदौ १४

नेपाल विश्वविद्यालय विधेयक, २०७९ का सम्बन्धमा उपसमितिको प्रतिवेदन पेश तथा प्रतिवेदनमाथि छलफल गर्न बसेको समितिको उक्त बैठकमा माननीय सदस्य शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि समेतको उपस्थिति रहेको थियो। समितिको उक्त बैठकमा नेपाल विश्वविद्यालय विधेयका सम्बन्धमा गठित उपसमितिका माननीय सदस्य संयोजक देवेन्द्र पौडेलले उपसमितिको प्रतिवेदन पेश गर्नु भएको थियो। उक्त प्रतिवेदनको सम्बन्धमा भएको छलफलमा देहाय वमोजिमका माननीय सदस्यहरूले आफ्नो धारणा राख्नु भएको थियोः

- माननीय सदस्य सुमना श्रेष्ठ
- माननीय सदस्य कालुराम राई
- माननीय सदस्य छविलाल विश्वकर्मा
- माननीय सदस्य सरिता भुसाल
- माननीय सदस्य धनराज गुरुङ्ग
- माननीय सदस्य डिक बहादुर लिम्बु
- माननीय सदस्य चन्द्रकान्त भण्डारी
- माननीय सदस्य ज्ञानु बस्नेत सुवेदी
- माननीय सदस्य रामप्रकाश चौधरी
- माननीय सदस्य प्रभु हजारा
- माननीय सदस्य दिपा शर्मा

समितिको छलफल पश्चात समितिको बहुमतबाट पारित भएको प्रतिवेदनका सम्बन्धमा देहाय बमोजिमको निर्णय भएको थियो :

- समितिको उक्त बैठकबाट उपसमितिबाट पेश भएको प्रतिवेदनलाई सामान्य परिमार्जन सहित पारित गर्ने र सभाको आगामी बैठकमा पेश गर्ने ।

## २०८१ भदौ १६

सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ सम्बन्धी उपसमितिको प्रतिवेदनमाथि छलफल गर्न बसेको समितिको उक्त बैठकमा माननीय सदस्य सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुव्बा गुरुङ्ग, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि समेतको उपस्थिति रहेको थियो। समितिको उक्त बैठकमा "सार्वजनिक सेवा प्रसारण संस्थाको संचालक

समितिको अध्यक्षको नियुक्तिका लागि सिफारिस गर्न बन्ने सिफारिस समितिको नेतृत्व र कर्मचारीको स्वेच्छिक अवकासको विषयमा" केन्द्रित रही छलफल भएको थियो। उक्त छलफलमा देहाय वमोजिमका माननीय सदस्यहरूले आफ्नो धारणा राख्नु भएको थियो:

- माननीय सदस्य चन्द्रकान्त भण्डारी
- माननीय सदस्य सुमना श्रेष्ठ
- माननीय सदस्य दिपा शर्मा
- माननीय सदस्य राम प्रकाश चौधरी
- माननीय सदस्य देवेन्द्र पौडेल
- माननीय सदस्य प्रभु हजारा
- माननीय सदस्य डिग बहादुर लिम्बु
- माननीय सदस्य छवीलाल विश्वकर्मा

उक्त छलफल पश्चात समितिको बहुमतबाट पारित भएको प्रतिवेदनका सम्बन्धमा देहाय बमोजिमको निर्णय भएको थियो :

- समितिको उक्त बैठकबाट सार्वजनिक सेवा प्रसारण विधेयक सम्बन्धी उपसमितिको प्रतिवेदनलाई सामान्य परिमार्जन सहित सभाको आगामी बैठकमा पेश गर्ने।

## २०८१ भदौ १९

विद्यालय शिक्षा विधेयक, २०८० को सम्बन्धमा संशोधनकर्ता माननीय सदस्यहरूको धारणा लिन तथा चिकित्सा शिक्षा सम्बन्धी एकीकृत प्रवेश परीक्षाको नतिजा प्रकाशनमा भएको त्रुटिका सम्बन्धमा छलफल गर्न बसेको समितिको बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका माननीय सदस्य मन्त्री विद्या भट्टराई एवम् मन्त्रालयका सचिव, चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष प्रा. डा. अञ्जनी कुमार झा, सदस्य सचिव श्री कृष्ण प्रसाद काप्री र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि समेतको उपस्थिति रहेको थियो। समितिको उक्त बैठकमा विधेयकका सम्बन्धमा देहाय वमोजिमका संशोधनकर्ता माननीय सदस्यहरूले आफ्नो संशोधन प्रस्तावको आवश्यकता, औचित्य र सान्दार्भिकताका सम्बन्धमा धारणा राख्नु भएको थियो :

- माननीय सदस्य मेटमणि चौधरी
- माननीय सदस्य छिरिङ ल्यामु लामा (तामाङ्ग)
- माननीय सदस्य गंगा कार्की
- माननीय सदस्य असिम शाह

- माननीय सदस्य ऋषिकेश पोखरेल
- माननीय सदस्य गगन कुमार थापा
- माननीय सदस्य हित बहादुर तामाङ्ग
- माननीय सदस्य महेश बस्नेत

त्यसैगरी चिकित्सा शिक्षा सम्बन्धी एकीकृत प्रवेश परीक्षाको नतिजा प्रकाशनमा भएको त्रुटीका सम्वन्धमा छलफल भई समितिबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निम्न बमोजिमको निर्देशन दिने निर्णय भएको थियो :

- आम नागरिकको स्वास्थ्यसँग जोडिएको चिकित्सा शिक्षा जस्तो गम्भीर विषयमा तथा विद्यार्थीको भविष्यसँग समेत जोडिएको चिकित्सा शिक्षा सम्बन्धी एकीकृत प्रवेश परीक्षाको नतिजा प्रकाशनमा यस पटक देखिएको कमजोरी के कारणले भएको हो सो सम्बन्धमा १० दिनभित्र छानविन गरी तथ्य कुरा वाहिर ल्याउन र त्यसका आधारमा आगामी दिनमा मेरिट प्रणालीमा कुनै पनि सम्झौता नगरी आम नागरिक र सम्बन्धित विद्यार्थीलाई समेत आश्वस्त पार्ने गरी आवश्यक सुधार गर्न तथा छानविन सम्बन्धी प्रतिवेदन समिति समक्ष पेश गर्ने ।

## २०८१ भदौ २०

स्वास्थ्य र जनसंख्या व्यवस्थापन सम्बन्धी विद्यमान अवस्था, यस सम्बन्धमा मन्त्रालयबाट भए गरेका काम कारबाही, विद्यमान समस्या तथा चुनौती र भावी कार्यदिशाका सम्वन्धमा छलफल गर्न बसेको समितिको बैठकमा स्वाथ्य तथा जनसंख्या मन्त्रालयका माननीय सदस्य मन्त्री प्रदिप पौडेल, मन्त्रालयका सचिव डा. रोशन पोखरेल, अतिरिक्त स्वास्थ्य सचिव डा. विकास देवकोटा लगायतका पदाधिकारीको उपस्थिति रहेको थियो।

छलफलका आधारमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई देहाय बमोजिम निर्देशन दिने निर्णय भएको थियो:

- औषधिको गुणस्तर सुनिश्चितताका लागि उत्पादन, बिक्री वितरण सम्बन्धी कार्यको र दर्ता नभई जथाभावी बिक्री वितरण भइरहेका पोषण परिपुरकहरूको सम्बन्धमा प्रभावकारी अनुगमन गरी नियमन गर्ने ।

- स्वास्थ्य विमा योजनालाई व्यस्थित गर्ने, स्वास्थ्य विमा अन्तर्गत समावेश गरिएका तथा विरामीका लागि आवश्यक पर्ने सबै प्रकारका औषधिहरू अस्पतालका फार्मेसीबाटै सहजै प्राप्तिको सुनिश्चित गर्ने लगायतका अस्पतालको सेवा प्रवाहलाई प्रभावकारी बनाई आम नागरिकले सहज रुपमा सेवा पाउने अवस्थाको सुनिश्चित गर्ने सम्बन्धमा समितिले विगतमा दिएका निर्देशनहरूको कार्यान्वयन सम्बन्धी प्रगति विवरण १० दिनभित्र समिति समक्ष उपलब्ध गराउने।

## २०८१ भदौ २७

युवा तथा खेलकूल मन्त्रालय सम्बन्धी विद्यमान अवस्था, भए गरेका काम कारबाही, समस्या तथा चुनौती र भावी कार्यदिशाका सम्वन्धमा छलफल गर्न बसेको समितिको बैठकमा युवा तथा खेलकूल मन्त्रालयका माननीय सदस्य मन्त्री तेजुलाल चौधरी, मन्त्रालयका सचिव सुमनराज अर्याल लगायतका मन्त्रालय अन्तर्गतका विभिन्न निकायका पदाधिकारीहरूको उपस्थिति रहेको थियो। समितिको उक्त बैठकले देहाय वमोजिमको निर्णय तथा निर्देशन दिएको थियो :

- पेरिसमा हालै सम्पन्न पारा ओलम्पिक प्रतियोगितमा तेक्वान्दो खेलाडी पलेशा गोवर्धन श्रेष्ठले पहिलो पटक कांस्य पदक जिती नेपाललाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन सफल हुनु भएकोले यो समिति तेक्वान्दो खेलाडी पलेशा गोवर्धन श्रेष्ठलाई हार्दिक बधाई दिंदै आगामी दिनमा अन्तर्राष्ट्रियस्तरको खेलमा स्वर्ण पदक प्राप्तिमा सफलताको शुभकामना व्यक्त गर्दछ।
- ४२.५६ प्रतिशत युवाहरूको जिम्मेवारी रहेको युवा तथा खेलकूल मन्त्रालयलाई छुट्याइने बजेट न्यून हुने गरेकोले युवा लक्षित कार्यक्रमहरू प्रभावित हुने गरेको सन्दर्भमा हालको बजेट विनियोजन प्रणालीमा पुनरावलोकन गरी युवा तथा खेलकूद मन्त्रालयलाई आवश्यक बजेटको व्यवस्था मिलाउन नेपाल सरकार, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई निर्देशन दिने।
- युवा तथा खेलकुद मन्त्रालयलाई देहायका विषयमा निर्देशन दिनेः

- अन्तर्राष्ट्रियस्तरमा हाम्रो सबलता हुन सक्ने खेलको पहिचान गरी त्यस्ता खेललाई प्राथमिकतामा राखी प्रवर्द्धन गर्ने र संभावना भएका खेलहरूलाई अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा समावेश गराउने व्यवस्था मिलाउने ।
- युवा लक्षित युवा तथा साना व्यवसायी स्वरोजगार कोषलाई सम्बन्धित निकायहरूसँग समन्वयन गरी उद्देश्य अनुरुप प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाउने ।
- युवा तथा साना व्यवसायी स्वरोजगार कोष अन्तर्गत दिइएको ऋण असुल सम्बन्धी स्पष्ट मापदण्ड बनाई प्राथमिकताका साथ असुली गर्ने ।
- युवाहरूलाई स्वदेशमै उद्यम गरी देश विकासमा समर्पित हुने वातावरण सिर्जना गर्न युवा जगतका समस्या र संभावना पहिचान गर्ने सम्बन्धमा अबिलम्ब अध्ययन अनुसन्धान गर्ने।
- १० औं राष्ट्रिय खेलकूद प्रतियोगितालाई उत्सवका रुपमा मनाउन आवश्यक सम्पूर्ण तयारी पूरा गरी तोकिएकै समयमा सम्पन्न गर्ने गरी आवश्यक व्यवस्था मिलाउने र उक्त प्रतियोगितामा मौलिक खेलहरू पहिचान गरी समावेश गर्ने व्यवस्था मिलाउने
- खेल क्षेत्रको विकासका लागि खेलाडीहरूको वृहत्तर हितलाई ध्यानमा राखी खेलाडीका समस्या सम्बोधन गर्ने, खेलाडीहरूका लागि विमा योजना लागू गर्ने, खेलाडीलाई रोजगारको व्यवस्था मिलाउने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरू विरामी पर्दा औषधोपचारको व्यवस्था मिलाउने, खेलाडीहरूको प्रवर्द्धनका लागि सम्बन्धित निकायसँग समन्वय गरी विद्यायस्तरबाटै योजना बनाई लागू गर्ने सम्बन्धमा आवश्यक अध्ययन गर्ने तथा खेलाडीका अन्य सेवा सुविधा, सम्मान र पुरस्कार लगायतका विषयहरूको पुनरावलोकन गर्ने।
- खेलाडीहरूलाई निरन्तर अभ्यासको व्यवस्थाका लागि आवासीय तालिमको व्यवस्था मिलाउने
- मन्त्रालय अन्तर्गतका कतिपय निकायहरू ऐनद्वारा सञ्चालित र व्यवस्थित हुनुपर्नेमा प्रत्यायोजित विधायन अनुरुप सञ्चालित भएको हुँदा ती निकायहरूलाई

ऐनद्वारा सञ्चालन तथा व्यवस्थापन हुने व्यवस्था मिलाउन ऐनको मस्यौदा गरी संसदको आगामी अधिवेशन अवधिमा संसदमा दर्ता गर्ने ।

- हाल सञ्चालनमा रहेका विश्वविद्यालय ताथ सञ्चालनको लागि विभिन्न चरणको प्रकृयामा रहेका प्रस्तावित विश्वविद्यालयहरूको विद्यमान अवस्था, समस्या तथा संभावनाका सम्बन्धमा समितिबाट अनुकूल समय मिलाएर स्थलगत अवलोकन गर्ने सम्बन्धमा आवश्यक समन्वय गरी मिति तय गर्न सभापतिलाई जिम्मेवारी दिने ।

**२०८१ असोज ४**

विद्यालय शिक्षा विधेयक, २०८० माथि संशोधन प्रस्ताव राख्नुहुने संशोधनकर्ता माननीय सदस्यहरूसँग छलफल गर्न बसेको समितिको बैठकमा माननीय सदस्य शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई तथा मन्त्रालयका सचिव डा. दिपक काफ्ले र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि समेतको उपस्थिति रहेको थियो। समितिको आजको बैठकमा देहाय वमोजिमका संशोधनकर्ता माननीय सदस्यहरूले आफ्नो संशोधन प्रस्तावको आवश्यकता, औचित्य र सान्दार्भिकताका सम्बन्धमा धारणा राख्नु भएको थियो

- माननीय सदस्य रघुजी पन्त
- माननीय सदस्य मैना कार्की
- माननीय सदस्य जावेदा खातुन जागा
- माननीय सदस्य नारायण प्रसाद आचार्य
- माननीय सदस्य हर्कमाया विश्वकर्मा
- माननीय सदस्य चन्दा चौधरी

समितिको आजको बैठकले देहाय वमोजिमको निर्णय तथा निर्देशन दिएको थियो :

- समितिबाट २०८१ असोज ६ गते भक्तपुर जिल्लाको भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वपः इन्जिनियरिङ्ग कलेज लगायतका शिक्षा सम्बन्धी विभिन्न स्कूल तथा कलेज, ख्वपः अस्पताल लगायतका निकायहरूको स्थलगत अवलोकन गर्ने र सोको लागि सबै सदस्यहरूलाई कार्यतालिकाको सम्बन्धमा जानकारी गराई आवश्यक तयारी तथा व्यवस्थापन गर्न समिति सचिवालयलाई निर्देशन दिने ।
- समितिको कार्यक्षेत्रभित्रको कुनै विषयमा समितिबाट स्थलगत अनुगमन तथा अध्ययन भ्रमण गर्दा समितिमा प्रतिनिधित्व गर्ने दलहरूसँग समन्वय गरी उपयुक्त

मिति निर्धारण गर्न, स्थलगत अनुगमनको लागि सदस्यहरूको चयन गर्न र सोको आवश्यक प्रबन्ध मिलाउने सम्बन्धमा समिति सचिवालयलाई निर्देशन दिन सक्नेगरी समितिबाट माननीय सदस्य सभापतिलाई अधिकार प्रदान गर्ने ।

- समितिबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकूल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्ने।

### १.२.२.१० सार्वजनिक लेखा समिति

- समितिमा प्राप्त उजुरीहरू उपर छलफल गर्न सार्वजनिक लेखा समितिको मिति २०८१/०४/०१ को निर्णयानुसार समिति सभापतिको संयोजकत्वमा उपसमिति गठन भएको,
- समितिका ५ वटा बैठक सम्पन्न भएका,
- समितिको पहिलो बैठक मिति २०८१/०४/०१ मा बसी समितिको कामकारवाहीलाई प्रभावकारी बनाउन आन्तरिक छलफल भएको,
- समितिको दोस्रो देखि पाचौं बैठकमा डेडिकेटेड र ट्रंकलाईनसँग सम्बद्ध सरोकारवालाहरूलाई समितिमा आमन्त्रण गरी छलफल गरिनुका साथै विवादित विषयसँग सम्बन्धित कागजात मगाई सो उपर अध्ययन गरी आगामी बैठकमा थप छलफल गरी निष्कर्षमा पुग्ने निर्णय गरिएको ।
- बेरुजु सम्बन्धमा छलफल गर्न समितिअन्तर्गत ९ वटा उपसमिति गठन भएकोमा हालसम्म निम्नलिखित मन्त्रालय, आयोग र कार्यालयहरूको महालेखापरीक्षकको ६० औं प्रतिवेदन उपर छलफल गर्न तपशिल बमोजिमको संख्यामा उपसमितिको बैठक बसेका ।
    - अर्थ मन्त्रालय- ६ वटा
    - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय- १ वटा
    - भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय- १ वटा
    - उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय- २ वटा
    - शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय- २ वटा
    - उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय- १ वटा

- खानेपानी मन्त्रालय- २ वटा
- लोकसेवा आयोग- १ वटा
- राष्ट्रिय समावेशी आयोग- १ वटा
- मुस्लिम आयोग- १ वटा
- महान्यायाधिवक्ताको कार्यालय- १ वटा

- पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको अध्ययन तथा अनुगमन उपसमितिको ३ वटा बैठकमा सरोकारवालाहरूसँग छलफल गरी प्रारम्भिक प्रतिवेदन तयारीको क्रममा रहेको।
- समितिमा प्राप्त उजुरीहरू उपर छलफल गर्न गठित उपसमितिको ५ वटा बैठक बसी समितिमा प्राप्त उजुरीहरूको वर्गीकरण गरी सम्बन्धित मन्त्रालय/ कार्यालयमा पठाई सो सँग सम्बन्धित आवश्यक प्रमाण एवम् कागजातहरू माग गरिएको।

## १.२.३ राष्ट्रिय सभाका समितिका गतिविधि

राष्ट्रिय सभा अन्तर्गत जम्मा ४ वटा समिति रहेका छन्।

२०८१ साउन १ देखि असोज मसान्तसम्म राष्ट्रिय सभाका समितिबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

### १.२.३.१ विकास, आर्थिक मामिला तथा सुशासन समिति

**२०८१ साउन ३**

- समितिको बैठकमा आ.व. ०८०/०८१ को वार्षिक कार्ययोजनाको कार्यप्रगति सम्बन्धमा छलफल भएको थियो। सो सम्बन्धमा सम्पन्न हुन नसकेका कार्यक्रमहरू एवं बैठकमा प्राप्त सुझावहरूलाई आगामी कार्ययोजनाको मस्यौदामा समावेश गर्ने निर्णय भएको । समितिको आ.व. ०८०/०८१ को वार्षिक प्रतिवेदन मस्यौदा तयार गरी समिति समक्ष पेश गर्न समिति सचिवालयलाई निर्देशन भएको।
- समिति अन्तर्गत गठित निम्नानुसारको उपसमितिहरूको कार्यावधि मिति २०८२ असार मसान्तसम्म थप गर्ने निर्णय भएको,
    - दिगो विकास उपसमिति

- आर्थिक मामिला उपसमिति
- सुशासन प्रवर्द्धन उपसमिति
- संकल्प प्रस्ताव कार्यान्वयन अनुगमन उपसमिति ।

- हाल देशमा मनसुनको प्रभावले भएको वाढी, पहिरो र सडक दुर्घटनाबाट पीडित एवं घाइतेहरूको निशुल्क उपचारको व्यवस्था गर्न, हराइरहेका व्यक्तिको खोजी कार्य तिव्र पार्न, विस्थापितहरूलाई क्षतिपूर्ति एवं राहत र पुनर्स्थापनाको कार्य प्रभावकारी बनाउन गृह मन्त्रालयलाई निर्देशन भएको।
- हाल देशमा जारी मनसुनको प्रभावले भएको वाढी, पहिरो एवं सडक दुर्घटनामा ज्यान गुमाउने मृतकहरूप्रति यस समिति भावपूर्ण श्रद्धान्जली ब्यक्त गर्दे, शोक सन्तप्त परिवारमा गहिरो समवेदना प्रकट गर्दछ र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ।

**२०८१ साउन १४**

- समितिको आ.व. ०८१/०८२ को कार्ययोजना निर्माण सम्बन्धमा सचिवालयबाट प्रस्तावित कार्ययोजनाको मस्यौदाको वारेमा छलफल भएको थियो। बैठकमा प्राप्त सुझावहरूलाई समेटी कार्ययोजनाको मस्यौदा समितिको आगामी बैठकमा पेश गर्न समिति सचिवालयलाई निर्देशन भएको।
- मिति २०८१/०४/०९ गते त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा सौर्य एअरलायन्सको विमान दुर्घटनामा दिवङ्गत भएकाप्रति यस समिति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारमा गहिरो समवेदना प्रकट गर्दछ र घाइते क्याप्टेनको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ।

**२०८१ साउन १७**

- लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरणको लागि अनिवार्य शर्त रहेको "सुशासन" र यसको प्रवर्द्धन गर्न "राष्ट्रिय सदाचार नीति" जारी गर्ने सम्बन्धमा माननीय गृहमन्त्री रमेश लेखक, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव डा. कृष्णहरि पुष्कर र गृह मन्त्रालयका सचिव एकनारायण अर्यालको सहभागितामा छलफल भएको।

**२०८१ साउन २९**

- लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरणको लागि अनिवार्य शर्त रहेको "सुशासन" र यसको प्रवर्द्धन गर्न "राष्ट्रिय सदाचार नीति" जारी गर्ने सम्बन्धमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसिया, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव विनोद कुमार भट्टराईको सहभागितामा छलफल भएको।

**२०८१ साउन ३०**

- लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरणको लागि अनिवार्य शर्त रहेको "सुशासन" र यसको प्रवर्द्धन गर्न "राष्ट्रिय सदाचार नीति" जारी गर्ने सम्बन्धमा समाज कल्याण परिषद, गैर सरकारी संस्था महासंघ नेपाल, लोकतान्त्रिक गैर सरकारी संस्था महासंघ नेपाल, अन्तराष्ट्रिय गैर सरकारी संस्था संघ नेपालका पदाधिकारीको सहभागितामा छलफल भएको।

**२०८१ भदौ ५**

- लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरणको लागि अनिवार्य शर्त रहेको "सुशासन" र यसको प्रवर्द्धन गर्न "राष्ट्रिय सदाचार नीति" जारी गर्ने सम्बन्धमा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, राष्ट्रिय सहकारी महासंघ (नेपाल)का पदाधिकारीको सहभागितामा छलफल भएको।

**२०८१ भदौ ११**

- माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी र मन्त्रालयका सहसचिव देवराज जोशीको उपस्थितिमा नेपाल अतिकम विकसित मुलकबाट विकासशील राष्ट्रमा स्तरोन्नति (LDC Graduation) हुने सम्बन्धमा यस स्तरोन्नतिले नेपाललाई पार्ने प्रभाव/असर, चुनौती, प्राप्त हुने अवसर एवं यस सम्बन्धमा नेपाल सरकारबाट भएका कामकारवाही र प्रगतिको अवस्था वारेमा छलफल भएको।
- समितिको आ.व. ०८१/०८२ को वार्षिक कार्ययोजनाको मस्यौदामा छलफल भई आवश्यक परिमार्जन सहित सर्वसम्मत पारित भएको थियो।

- समितिको आजको बैठकमा छलफलको लागि आमन्त्रण गरिएकोमा पूर्व सूचना विना उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (उद्योग) र सचिव (वाणिज्य तथा आपूर्ति) समितिको बैठकमा अनुपस्थित हुनु भएकोमा गम्भीर ध्यानाकर्षण गराउने निर्णय भएको।

**२०८१ भदौ २६**

- सचिवालयबाट तयार गरिएको समितिको आ.व. ०८०/०८१ को वार्षिक प्रतिवेदनको मस्यौदा प्रस्तुत भई छलफल भएको र समितिको आ.व. ०८०/०८१ को वार्षिक प्रतिवेदनको मस्यौदा उपर माननीय सदस्यहरूबाट आएका सुझावहरूलाई समेटी समितिको आगामी बैठकमा पेश गर्ने निर्णय भएको।

**२०८१ भदौ २८**

- समितिको आ.व. ०८०/०८१ को वार्षिक प्रतिवेदनको मस्यौदा उपर छलफल गरियो र आवश्यक परिमार्जन सहित समितिको आ.व. ०८०/०८१ को वार्षिक प्रतिवेदन सर्वसम्मत पारित गरियो। समितिबाट पारित गरिएको समितिको आ.व. ०८०/०८१ को वार्षिक प्रतिवेदन राष्ट्रिय सभाको आगामी बैठकमा पेश गर्ने निर्णय भएको।

**२०८१ आश्विन ६**

- माननीय वन तथा वातावरण मन्त्री ऐन बहादुर शाही ठकुरी, वन तथा वातारण मन्त्रालयका सचिव डा. गोविन्द प्रसाद शर्मा र सहसचिव डा. बुद्धिसागर पौडेलको उपस्थितिमा विश्व जलवायु सम्मेलन (कोप २८) को कार्यप्रगति र विश्व जलवायु सम्मेलन (कोप २९) मा नेपालको सहभागिताका लागि आवश्यक तयारी सम्बन्धमा छलफल भएको।

**२०८१ आश्विन १५**

- सम्माननीय अध्यक्षद्वारा यस समिति (तत्कालीन दिगो विकास तथा सुशासन समिति) बाट तयार गरिएको "अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयन

सम्बन्धमा राष्ट्रिय सभाबाट स्वीकृत संकल्प प्रस्ताव" सम्बन्धी पुस्तिकाको विमोचन भएको।

- सम्माननीय अध्यक्ष र माननीय उपाध्यक्ष समितिको कामकारवाहीलाई प्रभावकारी बनाउन मार्गनिर्देश गर्नु भएको थियो।
- माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी एवं मन्त्रालयका सहसचिव श्री बाबुराम अधिकारी, नेपाल कृषि अनुसन्धान परिषद्का बाली तथा वागवानी निर्देशक श्री भानु पोखरेल र सरोकारवालाको उपस्थितिमा नेपालमा उत्पादित सुपारीको निर्यात सम्बन्धी विषयमा छलफल भएको।
- मिति २०८१ साल आश्विन ११ र १२ गते देशभर परेको अतिवर्षाको कारणले उत्पन्न बाढी पहिरोबाट सिर्जित विपद्मा दिवङ्गत भएकाप्रति यो समिति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दे, शोक सन्तप्त परिवारमा गहिरो समवेदना प्रकट गर्दछ  र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ।

**समितिको अन्तर्क्रियात्मक छलफल कार्यक्रम सम्बन्धी विवरण**

- राष्ट्रिय सभाबाट पारित दलितका सवाल सम्बन्धी संकल्प प्रस्ताव कार्यान्वयन सन्दर्भमा छुवाछुत तथा जातीय भेदभाव  अन्त्य गर्ने सम्बन्धी नीति/कानूनहरूको सम्बन्धमा सरोकारवालाहरूसँग अन्तर्क्रियात्मक छलफल कार्यक्रम मिति २०८१/०४/२५ र २६ गते नगरकोटमा सञ्चालन भएको थियो। उक्त कार्यक्रममा समितिका माननीय सदस्यहरू, राष्ट्रिय सभा र  प्रतिनिधि सभाका माननीय सदस्यहरू, कानून विद्, विषयविज्ञ र सरोकारवालाहरूको सहभागिता रहेको थियो।
- संघ तथा प्रदेश सभाका जलवायु परिवर्तन र विपद् व्यवस्थापनसँग सम्बन्धित विषयगत समितिहरू बीच जलवायु परिवर्तन (दिगो विकास लक्ष्य नं. १३) को असर र प्रभावकारी व्यवस्थापनका लागि संसदीय निगरानी सम्बन्धी अन्तर्क्रियात्मक छलफल कार्यक्रम मिति २०८१ साल भदौ ३०, ३१ र आश्विन १ गते नगरकोटमा सञ्चालन भएको थियो।कार्यक्रममा समितिका माननीय सदस्यहरू, प्रदेश सभाका जलवायु परिवर्तन र विपद् व्यवस्थापनसँग सम्बन्धित

विषयगत समितिहरूका माननीय सभापति एवं समितिहरूका सचिवहरू र विषयविज्ञहरूको सहभागिता रहेको थियो।

- राष्ट्रिय सदाचार नीतिसँग सम्बन्धित सरकारी, निजी, सहकारी, गैरसरकारी, न्यायिक, एवं कुटनीतिक निकायका सरोकारवालाहरूको सहभागितामा मिति २०८१ साल आश्विन ११ गते पार्क भिलेज रिसोर्ट, बुढानिलकण्ठमा "राष्ट्रिय सदाचार नीति मस्यौदा कार्यशाला गोष्ठी" आयोजना भएको थियो।

### १.२.३.२ विधायन व्यवस्थापन समिति

**सभापति निर्वाचन**

- २०८१ साल भदौ २२ गते निवर्तमान सभापति माननीय जयन्ती देवी राईको कार्यकाल समाप्त भएपछि रिक्त सभापति पदमा २०८१ साल भदौ ३१ गते माननीय तुलसा कुमारी दाहाल निर्वाचित हुनुभएको थियो।

**बैठक सम्बन्धी विवरण**

- २०८१ साल साउन १ गतेदेखि असोज मसान्तसम्म समितिका कुल तेइसवटा बैठक सम्पन्न भएका छन्। त्यसमध्ये उन्नाइसवटा विधायिकी कार्यमा, एउटा ऐन कार्यान्वयन मापनमा र तीनवटा अन्य विषयमा केन्द्रित भई छलफल भएको थियो। यस अवधिमा भएका मुख्य कार्यहरू निम्नानुसार छन्ः

**विधेयकउपर छलफल तथा विधेयक व्यवस्थापन**

- समितिको उन्नाइसवटा बैठक विधायन व्यवस्थापन सम्बन्धी कार्यसूचीमा आधारित भएर बसेको थियो। यस अवधिमा समितिले राष्ट्रिय सभामा उत्पत्ति भएको मिडिया काउन्सिल विधेयक, २०८० उपर आठवटा बैठकमा छलफल गरी प्रतिवेदन पारित गरेको थियो।
- यसै अवधिमा राष्ट्रिय सभामा उत्पत्ति भई २०८१ साल असार १७ गते समितिमा प्राप्त नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक, २०८१ उपर दशवटा बैठक सम्पन्न भएका छन्।

**ऐन कार्यान्वयन मापन**

- बालबालिका सम्बन्धी ऐन, २०७५ का विभिन्न दफाहरूमा रहेका बालबालिकाको सहभागिता सम्बन्धी विषयको कार्यान्वयन मापन सम्बन्धी कार्ययोजना समितिले पारित गरेको छ।

**समितिको वार्षिक प्रतिवेदन पेस**

- समितिले आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न काम कारबाहीको विवरण समेटी तयार गरिएको वार्षिक प्रतिवेदन पारित गरी २०८१ साल भदौ १३ गते सभामा पेस गरेको थियो।

### १.२.३.३ सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति

- २०८१ साउन १ गते जडिबुटी उत्पादन तथा प्रसोधन केन्द्रको स्थलगत अवलोकन भ्रमण।
- २०८१ साउन १६ गते सिंहदरवार वैद्यखानाको स्थलगत अवलोकन भ्रमण।
- २०८१ साउन १७ गते दलित अधिकार कार्यान्वयन सम्बन्धी सार्वजनिक महत्त्वको प्रस्तावको कार्यान्वय सम्वन्धमा राष्ट्रिय सभामा सम्माननीय अध्यक्ष र सभामा प्रतिनिधित्व गर्ने दलित समुदायका माननीय सदस्यहरूसँग छलफल।
- २०८१ साउन २४ गते पुरातात्त्विक महत्वका सम्पदाहरूको संरक्षण र पुरानो प्रतिनिधिसभा हल अर्थात ग्यालरी बैठक हलको पुननिर्माण सन्दर्भमा पुरातत्व विभागसँग छलफल।
- २०८१ साउन २७ गते सार्वजनिक नीतिको अध्ययन तथा विश्लेषण सम्बन्धमा राष्ट्रिय सभाका सचिवसँग छलफल।
- २०८१ साउन ३२ गते आ. व . २०८०/८१ को नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयका सम्वन्धमा वन तथा वातावरण मन्त्रालयसँग छलफल।
- २०८१ भदौ २० गते समितिको आ. व. २०८०/८१ को बार्षिक प्रतिवेदन पारित।
- २०८१ भदौ ३१ गते समितिको सभापति पदको निर्वाचन।

- २०८१ असोज ४ गते राष्ट्रिय निकुञ्जसँग सम्वन्धित नीति तथा कानूनहरूमा सुधारको लागि लानटाड राष्ट्रिय निकुञ्ज तथा शुक्लाफाँटा, बाँके र बर्दिया राष्ट्रिय निकुञ्जको स्थलगत अवलोकन भ्रमण गर्ने।

## १.२.३.४ सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति

**छलफल मात्र भएका समितिका बैठकहरूः-**

**मिति २०८१ साउन २ गते**

समितिको सो दिन बसेको बैठकमा समितिको कार्य प्रभावकारिताका लागि समितिको कार्यक्षेत्रका विषयमा  गहन अध्ययन, अनुगमन गरी समितिको काम कारवाही प्रभावकारी बनाउन राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५२ को उपनियम (५) बमोजिम देहाय बमोजिमका उपसमिति गठन गर्ने निर्णय भएको थियो।

**संघीयता सबलीकरण उपसमिति**

यस उपसमिति अन्तर्गत रहने माननीय सदस्यहरूः-

- माननीय सदस्य उदय बहादुर बोहोरा — संयोजक
- माननीय सदस्य कृष्ण बहादुर रोकाय — सदस्य
- माननीय सदस्य जगत बहादुर पार्की — सदस्य
- माननीय सदस्य दुर्गा गुरुङ्ग — सदस्य
- माननीय सदस्य शेखर कुमार सिंह — सदस्य

**अन्तर्राष्ट्रिय सम्बन्ध र राष्ट्रिय सुरक्षा उपसमिति**

यस उपसमिति अन्तर्गत रहने माननीय सदस्यहरू

- माननीय सदस्य किरणबाबु श्रेठ — संयोजक
- माननीय सदस्य ईन्दिरादेवी गौतम — सदस्य
- माननीय सदस्य गोपी बहादुर सार्की आछामी — सदस्य
- माननीय सदस्य राजेन्द्रलक्ष्मी गैरे — सदस्य

**सामाजिक न्याय उपसमिति**

यस उपसमिति अन्तर्गत रहने माननीय सदस्यहरू

- माननीय सदस्य जग प्रसाद शर्मा संयोजक
- माननीय सदस्य मनरुपा शर्मा सदस्य
- माननीय सदस्य मोहम्मद खालिद सदस्य
- माननीय सदस्य विष्णु कुमारी सापकोटा सदस्य

**२०८१ साउन ३**

- समितिको सो दिन बसेको बैठकमा समितिले मिति २०८०/०४/०१ गतेदेखि मिति २०८१ साल असार मसान्तसम्म सम्पन्न गरेको काम कारवाहीका सम्बन्धमा समीक्षात्मक छलफल भएको थियो। सो बैठकमा आ.व. २०८०/८१ को समितिको वार्षिक प्रतिवेदन तयार गर्न र समितिको कामकारवाहीलाई व्यवस्थित, प्रभावकारी बनाउन समितिको आ.व.२०८१/८२ को वार्षिक कार्ययोजना तयार गर्न समिति सचिवालयलाई निर्देशन दिने निर्णय भएको थियो।

**२०८१ साउन १०**

- समितिको सो दिन बसेको बैठकमा आमन्त्रित उपभोक्ता जागरण अभियान, नेपालका अध्यक्ष श्री कृष्ण प्रसाद भण्डारी मार्सेली, सुशासन नेपाल महासंघका अध्यक्ष श्री ओम लामिछाने, विश्व उपभोक्ता महासंघ नेपालका श्री तारा कार्की, उपभोक्ता हित मञ्चका उपाध्यक्ष श्री कुमारी खरेल, राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष श्री प्रेमलाल महर्जनसँग उपभोग्य वस्तु तथा सेवाको मूल्यवृद्धि, बजार अनुगमनको अवस्था, उपभोक्ता हक संरक्षण र प्रवर्द्धनमा देखिएका समस्याका सम्बन्धमा छलफल एवं अन्तर्क्रिया गरी जानकारी लिईएको थियो।

**२०८१ साउन १७**

- समितिको सो दिन बसेको बैठकमा समितिको काम कारवाहीलाई व्यवस्थित, प्रभावकारी बनाउन तयार गरिएको समितिको आ.व. २०८१/८२ को वार्षिक कार्ययोजनाको मस्यौदामाथि छलफल भएको थियो।

**२०८१ साउन १८**

- समितिको सो दिन बसेको बैठकमा समितिले आ.व. २०८०/८१ मा सम्पादन गरेको कामकारवाही समावेश गरी तयार भएको वार्षिक प्रतिवेदनको मस्यौदामाथि छलफल भएको थियो।

**२०८१ साउन २४**

- समितिको सो दिन बसेको बैठकमा वर्षायाममा डेंगु, हैजा लगायतका सरुवा रोगको संक्रमणको हालको अवस्था, सरुवा रोगको नियन्त्रणका लागि मन्त्रालयबाट भए गरेका कामकारवाही, समस्या र भावी कार्ययोजना एवं समग्र स्वास्थ्य क्षेत्रको सुधारका सम्बन्धमा माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदिप पौडेल, सचिव डा. रोशन पोखरेल लगायतसँग छलफल भई उपचार, नियन्त्रण एवं भावी कार्ययोजना सम्बन्धमा जानकारी लिई समितिले मिति २०७९/१२/०२ गते समग्र स्वास्थ्य क्षेत्रको सुधारका सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई दिएको निर्देशनको प्रभावकारी कार्यान्वयन गर्न माननीय मन्त्रीको ध्यानाकर्षण गर्ने निर्णय भएको थियो।

**२०८१ साउन २७**

- समितिको सो दिन बसेको बैठकमा बाढी, पहिरो लगायतका मनसुनजन्य घटना एवं विपद् सम्बन्धमा भएका काम कारवाही तथा भावी कार्ययोजना र सिमलताल बस दुर्घटना अध्ययन प्रतिवेदनको निष्कर्ष कार्यान्वयन कार्ययोजनाका सम्बन्धमा माननीय गृहमन्त्री रमेश लेखक, सचिव एक नारायण अर्याल लगायतसँग छलफल भई समितिले विपद व्यवस्थापन सम्बन्धमा मिति २०८१/०१/२१ गते दिएको निर्देशनको प्रभावकारी कार्यान्वयन गर्न माननीय मन्त्रीको ध्यानाकर्षण गराउने निर्णय भएको थियो।

**२०८१ भदौ १६**

- समितिको सो दिन बसेको बैठकमा श्री बौद्ध तथा मेलम्ची घ्याङ् गुठीको पुजारी, भेटी एवं चल अचल सम्पत्ति व्यवस्थापन, उपयोग र उक्त गुठीबाट प्राप्त निवेदनका

सम्बन्धमा छलफलका लागि निवेदकहरूलाई बिहान ११:०० बजे बस्ने समिति बैठकमा आमन्त्रण गरिएकोमा तोकिएको समयमा आमन्त्रित व्यक्तिहरू उपस्थित नभएको र कार्यसूचीमा रहेको विविध शीर्षक अन्तर्गत समितिलाई आ.व. २०८१/८२ का लागि प्राप्त विनियोजित बजेट सम्बन्धमा समिति बैठकमा छलफल सम्पन्न भएको थियो। सोही बैठकमा समितिको कार्यक्षेत्रका विषयहरू मध्ये राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यान्वयन प्रगति अवस्था, समयमै सहज रुपमा आयोजना सम्पन्न गर्न समस्या समाधानको लागि एवं समितिले यस अघि दिएका सुझाव र निर्देशनहरूको प्रभावकारी कार्यान्वयन र सुधारको अवस्थाको सम्बन्धमा अध्ययन गर्न, तहगत अन्तरसम्बन्ध र समन्वयको अवस्था सम्बन्धमा स्थानीय तहसँग सम्बन्धित क्षेत्रमा गई अध्ययन गर्न, राष्ट्रिय सम्पदा र प्राकृतिक स्रोतको संरक्षण, सम्बर्द्धन, उपयोगको विषयमा समेत अनुगमन गर्न समितिका माननीय सदस्य ५ जना र २ जना सचिवालयका कर्मचारी गरी जम्मा ७ जनाको टोलीबाट उपयुक्त समयमा स्थलगत अनुगमन एवं अन्तर्क्रिया गर्ने र सो को लागि आवश्यक व्यवस्थापन गर्न सचिवालयलाई निर्देशन दिने निर्णय दिने निर्णय भएको थियो।

### २०८१ भदौ १९

- समितिको सो दिन बसेको बैठकमा आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदनको मस्यौदामाथि छलफल भई माननीय सदस्यहरूको सुझाव समावेश गरी परिमार्जित प्रतिवेदन सर्वसम्मत रुपमा पारित भएको थियो। बैठकबाट पारित सो प्रतिवेदन राष्ट्रिय सभामा पेश गर्ने निर्णय भएको थियो। सोही बैठकमा समितिको तहगत अन्तरसम्बन्ध र समन्वय सम्बन्धी हालसम्मको कार्यको समीक्षा तथा वार्षिक कार्ययोजना निर्माण सम्बन्धमा समितिका माननीय सभापति, माननीय सदस्यहरू, सचिवालयका कर्मचारी समेतको सहभागितामा मिति २०८१/५/२७ र २८ गते २ दिने आवासीय अन्तर्क्रियात्मक कार्यक्रम गर्नको लागि व्यवस्थापकीय तयारी गर्न सचिवालयलाई निर्देशन दिने निर्णय भएको थियो।

## २०८१ भदौ २८

- समितिको सो दिन बसेको बैठकमा मिति २०८१/०४/१७ गतेको समिति बैठकमा पेश भएको समितिको आ.व.२०८१/८२ को वार्षिक कार्ययोजना मस्यौदा उपर भएको छलफल, मिति २०८१/०५/२७ र २८ गते समितिको तहगत अन्तरसम्बन्ध र समन्वय सम्बन्धी  समीक्षा एवं अन्तर्क्रिया कार्यक्रममा सो कार्ययोजना उपर भएको छलफल एवं माननीय सदस्यहरूको सुझाव समेत समावेश गरी समितिको काम कारकारवाहीलाई व्यवस्थित, प्रभावकारी बनाउन आ.व. २०८१/८२ को वार्षिक कार्ययोजना पारित भएको थियो।

## २०८१ असोज २

- समितिको सो दिन बसेको बैठकमा  उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय अन्तर्गत सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरू महाकाली सिँचाई आयोजना, रानी जमरा कुलरिया सिँचाई आयोजना, भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना र सिक्टा सिँचाई आयोजनाको हालसम्मको  कार्य प्रगति अवस्था (वित्तीय र भौतिक), प्रमुख सवाल, समस्या, भावी कार्ययोजना सम्बन्धमा उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयका ( जलस्रोत तथा सिँचाई) सचिव श्री सरिता दवाडीसँग छलफल तथा अन्तर्क्रिया सम्पन्न भएको थियो।

## समितिको बैठकमा दिइएका निर्देशनहरूः-

## २०८१ साउन २२

समितिको सो दिन बसेको  बैठकमा  उपभोग्य तथा अत्यावश्यक  वस्तु र सेवाको आपूर्ति एवं  वितरण, मूल्य नियन्त्रण, गुणस्तर, बजार अनुगमन, उपभोक्ता हक संरक्षण तथा प्रवर्द्धन लगायतका सम्बन्धमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री मधुसुदन बुर्लाकोटी, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक श्री राजन पौडेल लगायतसँग भएको छलफल तथा  मिति २०८१/०४/११ गतेको बैठकमा  सम्बन्धित अभियन्ताहरूसँग भएको छलफल समेतका आधारमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई देहाय बमोजिम निर्देशन दिने निर्णय भएको थियोः-

- बजारमा दैनिक उपभोग्य तथा अत्यावश्यक वस्तु र सेवामा हुने गरेको मूल्यवृद्धि, कृत्रिम अभाव र कालोबजारीको समस्याले आम नागरिकहरू आक्रान्त भईरहेको सन्दर्भमा नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हक र कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने,
- देशभर गुणस्तरीय वस्तु तथा सेवाको सहज आपूर्तिको व्यवस्था मिलाई कृत्रिम अभाव एवं कालोबजारी रोक्ने,
- दैनिक उपभोग्य वस्तु तथा सेवाहरूको अस्वभाविक मूल्य वृद्धिमा नियन्त्रण गर्ने
- सर्वसाधारणको सहज पहुँच हुने गरी सुपथ मूल्य पसलको नियमित सञ्चालन र क्षेत्रगत दायरा विस्तार गर्ने,
- उपभोक्ता सचेतना कार्यक्रमको प्रभावकारी सञ्चालन गर्ने,
- प्रत्येक पसलमा मूल्य सूची अनिवार्य रुपमा राख्ने व्यवस्था गर्ने,
- तहगत सरकार र अन्तर मन्त्रालयबीच समन्वय र सहकार्य गर्दै नियमित रुपमा बजार अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने।

## २०८१ भदौ ११

समितिको सो दिन बसेको बैठकमा विश्व सम्पदा सूचीमा सूचिकृत बौद्धनाथ क्षेत्र, बौद्ध मेलम्ची घ्याङ् गुठीको जग्गा जमिनको अवस्था, समस्या, चुनौती, बौद्धनाथ क्षेत्रको पुजारी नियुक्ति, आय आर्जन र भेटी व्यवस्थापन सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव श्री अर्जुन प्रसाद पोखरेल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव डा. सुरेश सरस श्रेष्ठ, गुठी संस्थानका अध्यक्ष डा. शिवराज पण्डित, पुरातत्व विभागका महानिर्देशक श्री सौभाग्य प्रधानाङ्ग लगायतसँग छलफल भई देहाय बमोजिम निर्णय भएको थियोः-

- बौद्ध तथा मेलम्ची घ्याङ् गुठीले बौद्धनाथ स्तुपामा दैनिक रुपमा प्राप्त भेटी, बौद्ध तथा मेलम्ची घ्याङ् गुठीको सम्पत्तिको विवरण सार्वजनिक गर्न, मिति २०७३/०३/२१ मा ५ वर्षको लागि पुजारीमा भूपतिबज्र लामालाई नियुक्ति गरेको तर उक्त ५ वर्षको अवधि समाप्त भईसकेको पनि ३ वर्ष २ महिनाभन्दा बढी अवधि व्यतित भईसकेकोले रिक्त स्थानमा तत्काल पुजारी नियुक्ति गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिने,

- बौद्ध तथा मेलम्ची घ्याङ् गुठी जग्गाको विवरण ३० दिनभित्र अद्यावधिक गरी उपलब्ध गराउन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट माग गर्ने,

**समितिको आयोजनामा भएको अन्तर्क्रिया कार्यक्रम**

समितिको आयोजना र National Forum of Parliamentarians on Population and Development (**NFPPD**) सँगको सहकार्यमा समितिको तहगत अन्तरसम्बन्ध र समन्वय सम्बन्धी हालसम्मको कार्यको समिक्षा तथा वार्षिक कार्ययोजना निर्माण सम्बन्धमा समितिका माननीय सभापति, माननीय सदस्यहरू, नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघका प्रतिनिधिहरू र सचिवालयका कर्मचारी समेतको सहभागितामा बुढानिलकण्ठमा मिति २०८१/५/२७ र २८ गते २ दिने आवासीय अन्तर्क्रियात्मक कार्यक्रम सम्पन्न भएको थियो।

**समितिको वार्षिक प्रतिवेदन सभामा पेश**

समितिले आ.व. २०८०/०८१ मा सम्पन्न गरेको कामकारवाही समेटी तयार गरेको र समितिको मिति २०८१ भदौ १९ गतेको बैठकबाट पारित आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन राष्ट्रिय सभाको मिति २०८१/०५/३० गते बसेको बैठकमा पेश भएको थियो।

**स्थलगत अनुगमन**

समितिको कार्यक्षेत्र अन्तर्गतको रहेको राष्ट्रिय सम्पदा (पाल्पाको रानीमहल, पाल्पा दरवार संग्रहालय, कपिलवस्तुको तिलौराकोट, कपिलवस्तु संग्रहालय) राष्ट्रिय गौरवका आयोजनाहरू (लुम्बिनी क्षेत्र विकास कोष, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, विद्युत प्रसारण आयोजना पाल्पा खण्ड, उत्तर-दक्षिण (कालिगण्डकी) कोरीडोर लोकमार्ग गैडाकोट-राम्दि-मालढुङ्गा खण्डको स्थलगत अनुगमन एवं अन्तर्क्रिया गर्न र राज्यको तहगत संरचनामा समन्वय र सबलीकरणका सन्दर्भमा पाल्पाका स्थानीय तहसँग अन्तर्क्रिया गर्नका लागि UNDP को संसदीय सहयोग परियोजनाको सहकार्यमा मिति २०८१/०६/०६ गतेदेखि ८ गतेसम्म समितिका माननीय सभापति सोनाम गेल्जेन शेर्पाको नेतृत्वमा माननीय कृष्ण बहादुर रोकाय, माननीय जग प्रसाद शर्मा, माननीय राजेन्द्रलक्ष्मी गैरे, माननीय विष्णु

कुमारी सापकोटा, समिति सचिव सीता काफ्ले वाग्ले र उपसचिव सरस्वती मरहट्टाको सहभागितामा स्थलगत अनुगमन एवं अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको थियो।

त्यसैगरी मिति २०८१/०६/१३ गतेदेखि १५ गतेसम्म UNDP को संसदीय सहयोग परियोजनाको सहकार्यमा राष्ट्रिय गौरवका आयोजनाहरू भेरी बबई डाईभर्सन आयोजना, बबई सिँचाई आयोजना र महाकाली सिँचाई आयोजनाको माननीय सभापति सोनाम गेल्जेन शेर्पाको नेतृत्वमा माननीय किरणबाबु श्रेष्ठ, माननीय ईन्दिरादेवी गौतम, माननीय गोपी बहादुर सार्की आछामी, समिति उपसचिव सरस्वती मरहट्टा र शाखा अधिकृत नारायण बहादुर कार्कीको सहभागितामा स्थलगत अनुगमन एवं अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको थियो।

## १.३ संघीय संसदका पदाधिकारीका गतिविधि

संघीय संसद, प्रतिनिधि सभाका सम्माननीय सभामुख, राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, प्रतिनिधि सभाका माननीय उपसभामुख र राष्ट्रिय सभाका माननीय उपाध्यक्षका गतिविधि देहाय बमोजिम उल्लेख गरिएको छ।

### १.३.१ प्रतिनिधि सभाका सम्माननीय सभामुख

२०८१ साल साउन १ गतेदेखि असोज मसान्तसम्ममा सम्माननीय सभामुखबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

**२०८१ साउन १**

- रैथाने एग्री प्रडक्टस् नेपालद्वारा आयोजित रैथाने कृषि हाटबजारको प्रथम वार्षिक उत्सव समारोहमा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ साउन ३**

- सिंहदरबारस्थित सम्माननीय सभामुखको कार्यकक्षमा स्वीट्जरल्याण्डका राजदूत Dr. Daniel Muli Montelione सँग शिष्टाचार भेट गर्नुभएको।
- प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दलका प्रमुख सचेतकसँग संसदको आगामी बैठकको कार्यसूचीका विषय, संसद क्यालेण्डर तयार लगायत संसदको प्रभावकारिता सम्बन्धमा सिंहदरबारमा छलफल गर्नुभएको।

- राष्ट्रपति भवनमा नवनियुक्त माननीय न्यायाधिवक्ता श्री रमेश बडालको महान्यायाधिवक्ता पदको पद तथा गोपनीयताको शपथ समारोहमा उपस्थिति जनाउनुभएको।

**२०८१ साउन १०**

- बागमती प्रदेशको राजधानी हेटौंडामा बिहीवार युवा सीप वर्ष २०८१ अन्तर्गत सञ्चालित निःशुल्क सीप विकास तालिमको प्रमाणपत्र वितरण कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ साउन १६**

- अष्ट्रेलियाका राजदूत H.E. Felicity Jane Volk सँग सिंहदरवारमा बिदाइ भेट गर्नुभएको।
- कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका माननीय सभापति कुसुमदेवी थापालाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको।

**२०८१ साउन १९**

- ताप्लेजुङ सरोकार केन्द्रले काठमाडौंमा आयोजना गरेको तिलगङ्गा आँखा प्रतिष्ठानका संस्थापक तथा कार्यकारी निर्देशक डा. सन्दुक रुइत अभिनन्दन कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ साउन २४**

- एक्सन इन्टरटेनमेन्टले आयोजना गरेको 'मिस मंगोल नेपाल २०२४ मा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ साउन ३१**

- राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिका माननीय सभापति  ठाकुरप्रसाद गैरे र संसदीय सुनुवाइ समितिका माननीय सभापति ईश्वरीदेवी न्यौपानेलाई शपथ गराउनुभएको।

**२०८१ भदौ ३**

- काठमाडौंमा होमप्रसाद आचार्यद्वारा लिखित बृहत् कर्मकाण्ड प्रदीप पुस्तक लोकार्पण कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ भदौ ८**

- सिन्धुपाल्चोकको चौतारास्थित चौतारा बहुमुखी क्याम्पसको २४ औं वार्षिकोत्सव समारोहमा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ भदौ ९**

- सिंहदरवारमा आयोजित "संसदको प्रभावकारिता सम्बन्धी अन्तरसंवाद कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ भदौ १४**

- जीवन विज्ञान प्रतिष्ठानको आयोजनामा भएको स्वजागरण कार्यक्रममा विशिष्ट अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ भदौ २०**

- सिंहदरबारमा निर्माणाधीन संसद भवनको निर्माण प्रगतिबारे जानकारी लिनुभएको।

**२०८१ भदौ २३**

- नेपालका लागि पाकिस्तानका राजदूत Abrar H. Hashmi सँग शिष्टाचार भेट गर्नुभएको।

**२०८१ भदौ २४**

- राष्ट्रपति भवनमा प्रधान सेनापति श्री अशोकराज सिग्देलको प्रधान सेनापति पदको पद तथा गोपनीयताको शपथ समारोहमा उपस्थिति जनाउनुभएको।

**२०८१ भदौ २७**

- संविधान सभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङको पहिलो स्मृति दिवसमा संघीय संसद परिसरमा श्रद्धाञ्जली अर्पण गर्नुभएको।

**२०८१ भदौ २९**

- घिमिरेबन्धु राष्ट्रिय प्रतिष्ठानको १४ औं वार्षिक साधारण सभा तथा चौथो अधिवेशनका अवसरमा काठमाडौंमा आयोजित कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ असोज १**

- इन्द्रजात्रा महोत्सवको उपलक्ष्यमा हुने श्रीगणेश, श्रीभैरव र श्रीकुमारीको रथयात्रा कार्यक्रममा सहभागी हुनुभएको।

**२०८१ असोज २**

- संघीय संसद सचिवलय र नेशनल लेजिस्लेटिभ एकेडेमीले ललितपुरमा आयोजना गरेको "अन्तरसंवाद कार्यक्रम" मा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ असोज ३**

- संविधान दिवस तथा राष्ट्रिय दिवस २०८१ को अवसरमा सैनिक-मञ्च टुँडिखेल, काठमाडौंमा आयोजित कार्यक्रममा विशिष्ट अतिथिको रूपमा र सोही अवसरमा राष्ट्रपतिको कार्यालय, शीतल निवासमा आयोजना भएको विशेष साँस्कृतिक कार्यक्रम तथा रात्री भोजमा सहभागी हुनुभएको।

**२०८१ असोज ५**

- मधेशी आयोगको जितिया व्रत सम्बन्धी अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।
- जैन धर्मालम्बीहरूको महापर्व "पर्युषण महापर्व" को अवसरमा आयोजित मैत्री दिवस, तपस्वी अभिनन्दन समारोहमा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको।
- शमी साहित्य प्रतिष्ठानद्वारा आयोजित शमी साहित्य साधना सम्मान वितरण तथा स्रष्टा गङ्गाप्रसाद उप्रेतीको कृति लोकार्पण समारोहमा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको।

**२०८१ असोज ६**

- संविधान सभा सदस्य परिषद् नेपालले आयोजना गरेको चियापान कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ असोज ७**

- मोरङ्गको उर्लाबारीस्थित मदन भण्डारी स्मृति प्रतिष्ठान नेपालको २३ औं वार्षिक साधारण सभाको अवसरमा आयोजित कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ असोज १०**

- नीति अनुसन्धान प्रतिष्ठान नेपालको छैटौं वार्षिकोत्सवको अवसरमा काठमाडौंमा आयोजित कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ असोज ११**

- काठमाडौंमा आयोजित "ताप्लेजुङको पर्यटन प्रवर्द्धन तथा विकास निर्माण सम्बन्धमा केन्द्रित वृहत् अन्तर्क्रिया" कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ असोज १६**

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम कारबाहीबारे सिंहदरवारमा जानकारी लिनुभएको।
- सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति, २०८१ का तर्फबाट समितिको काममा योगदान दिएका व्यक्ति तथा पदाधिकारीहरूका लागि सिंहदरवारमा आयोजना गरिएको धन्यवाद समारोहमा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।
- नेपाल र गणतन्त्र कोरियाबीच कूटनीतिक सम्बन्ध स्थापनाको ५० औं वार्षिकोत्सवको अवसरमा आयोजित “२०२४ कोरियाली सांस्कृतिक कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ असोज २०**

- राष्ट्रपतिको कार्यालय शीतल निवासमा नवनियुक्त प्रधानन्यायाधीशको शपथ ग्रहण समारोहमा सहभागी हुनुभएको।

## १.३.२ राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष

सम्माननीय अध्यक्षबाट २०८१ साल साउन १ गतेदेखि असोज मसान्तसम्मका सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

**२०८१ साउन २१**

- सिंहदरबार स्थित सम्माननीय अध्यक्षको कार्यकक्षमा नेपालका लागि अष्ट्रेलियन राजदूत फेलिसिटी वोल्कले (Felicity Volk) बिदाइ भेट गर्नुभएको।

**२०८१ भदौ ५**

- सम्माननीय अध्यक्षसँग नेपालका लागि चिनीयाँ राजदूत छेन सोङ (Chen Song) ले शिष्टाचार भेट गर्नुभएको।

**२०८१ भदौ २४**

- सम्माननीय अध्यक्षसँग नेपालका लागि पाकिस्तानी राजदूत अबरार एच हाश्मी (Abrar H. Hashmi) ले शिष्टाचार भेट गर्नुभएको।

**२०८१ असोज २२**

- सम्माननीय अध्यक्षसँग नेपालका लागि रुसी महासंघका राजदूत अलेक्सेई नोभिकोभ (Aleksei Novikov) ले शिष्टाचार भेट गर्नुभएको।

**२०८१ असोज २९**

- सम्माननीय अध्यक्षसँग चिनीयाँ जनकङ्ग्रेसका शिक्षा, विज्ञान, संस्कृति एवं स्वास्थ्य समिति उपाध्यक्ष थ्यान सुइजन (Tian Xuejun) नेतृत्वको चिनीयाँ टोलीले जेनेभामा भेटवार्ता भएको।

- अन्तर व्यवस्थापिका संघका अध्यक्ष डा. तुलिया अक्सन (Dr. Tulia Ackson) एवं महासचिव मार्टिन चुङगोङ (Martin Chungong) सँग जेनेभामा शिष्टाचार भेटवार्ता गर्नुभएको थियो।

**२०८१ असोज ३०**

- सम्माननीय अध्यक्ष र थाइल्याण्डको सिनेटका अध्यक्ष मोङकोल सुरसज्जा (Mongkol Surasajja) बीच द्विपक्षीय भेटघाट भएको थियो।
- सम्माननीय अध्यक्ष र स्वीजरल्याण्डको नेसनल काउन्सिलका अध्यक्ष एरिक नसबाउमर (Eric Nussbaumer) बीच द्विपक्षीय भेटवार्ता भएको।
- सम्माननीय अध्यक्ष र भारतीय संसद लोकसभाका अध्यक्ष ओम बिरलाबिच शिष्टाचार भेटवार्ता भएको।

**विभिन्न निकायहरूबाट आयोजित सभा/समारोह/गोष्ठी/अन्तर्क्रिया कार्यक्रममा सहभागिता**

**२०८१ साउन ४**

- सिंहदरबारमा निर्माणाधीन संघीय संसद भवनको निर्माण प्रगतिबारे उपप्रधान तथा सहरी विकास मन्त्रीसँग निर्माण प्रगतिको बारेमा जानकारी लिनुभएको।

**२०८१ साउन ११**

- धुलिखेलमा आयोजित संघीय संसद राष्ट्रिय सभाका पदाधिकारी र सञ्चारकर्मीहरूबीच अन्तरक्रिया एवम् सञ्चारकर्मीहरूको क्षमता अभिवृद्धि कार्यक्रममा सम्माननीय अध्यक्षले सम्बोधन गर्नुभएको।

**२०८१ साउन १७**

- राष्ट्रिय सभाको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले आयोजना गरेको राष्ट्रिय सभामा दलित समुदायबाट प्रतिनिधित्व गर्ने सांसदसँग संकल्प प्रस्ताव बारेको छलफलमा सम्बोधन गर्नुभएको।

**२०८१ भदौ १४**

- जीवन विज्ञान प्रतिष्ठानले काठमाडौंमा आयोजना गरेको सांसदहरूका लागि ध्यान, योग र अध्यात्मको स्वजागरण कार्यक्रममा सम्माननीय अध्यक्षले सम्बोधन गर्नु भएको।

**२०८१ भदौ २०**

- प्रोफेसर मौलाना मोहम्मद रमजान अलि मियाँले अरबी भाषामा गरिने नमाजको नेपाली भाषामा लेखिएको पुस्तक लोकार्पण समारोहमा उपस्थित हुनुभएको।

**२०८१ असोज २**

- संविधान दिवसका अवसरमा संघीय संसद सचिवालय र नेशनल लेजिस्लेटिभ एकेडेमीद्वारा आयोजित कार्यक्रममा सम्माननीय अध्यक्षले सम्बोधन गर्नु भएको ।
- सिजन मिडियाद्वारा आयोजित एसियन प्रोफेसनल अचिभमेन्ट अवार्ड २०२४ समारोहमा सम्बोधन गर्नुभएको।

**२०८१ असोज ९**

- जनवादी गणतन्त्र चीन स्थापनाको ७५ औं वार्षिकोत्सवको सन्दर्भमा काठमाडौंमा आयोजित बीआरआई अवसर तथा चुनौती विषयक अन्तक्रिया कार्यक्रममा प्रमुख अतिथिको रूपमा सम्बोधन गर्नुभएको।

**२०८१ असोज १२**

- सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा राष्ट्रिय सूचना आयोगले आयोजना गरेको सार्वजनिक क्षेत्रमा सूचनाको हक मूलप्रवाहीकरण विषयक राष्ट्रिय गोष्ठीमा सम्माननीय अध्यक्षले सम्बोधन गर्नुभएको।

**२०८१ असोज १५**

- सम्माननीय अध्यक्षले विकास, आर्थिक मामिला तथा सुशासन समिति (तत्कालीन दिगो विकास तथा सुशासन समिति) ले प्रकाशन गरेको अपाङ्गता भएका व्यक्तिको

अधिकार कार्यान्वयन सम्बन्धमा राष्ट्रिय सभाबाट स्वीकृत संकल्प प्रस्तावको पुस्तक सार्वजनिक गर्नुभएको।

**२०८१ असोज १८**

- बडादशैं, तिहार, नेपाल संवत् तथा छठ पर्वको अवसरमा हिमालय ब्रोकरेज र जोय स्टोरको आयोजनामा सम्पन्न शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रममा सम्माननीय अध्यक्षले सम्बोधन गर्नुभएको।

**२०८१ असोज २६ देखि कार्तिक २ सम्म**

- स्वीट्जरल्याण्डको जेनेभामा भएको अन्तर-व्यवस्थापिका संघको १४९ औं सभामा सम्माननीय अध्यक्षले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नुहुँदै भाग लिनु भएको।

**२०८१ असोज २८**

- सम्माननीय अध्यक्षले अन्तर व्यवस्थापिका संघको १४९ औं महासभालाई सम्बोधन गर्नु भएको।

**विधायिकी कार्य**

- संघीय संसदको दुवै सभाबाट पारित देहायको विधेयकहरूलाई प्रमाणित गर्नुभएको।
    - सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ प्रमाणित
    - नेपाल विश्वविद्यालय विधेयक, २०७९ प्रमाणित

### १.३.३ प्रतिनिधि सभाका माननीय उपसभामुख

२०८१ साल साउन १ गतेदेखि असोज मसान्तसम्ममा माननीय उपसभामुखबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

**२०८१ साउन ३१**

- जन आकाश मिडिया प्रा.लि. को १७ औं वार्षिकोत्सवको अवसरमा मोहन कार्कीद्वारा लिखित कृपज नामक कृति लोकार्पण तथा संगीत खबर कार्यक्रमको प्रोमोमा उपसभामुख प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको थियो।

**२०८१ भदौ २**

- नेपाल उद्योग वाणिज्य महासंघद्धारा आयोजित आर्थिक विकासका लागि नीतिगत सुधार अन्तरक्रिया कार्यक्रममा उपस्थित हुनुभएको थियो।

**२०८१ भदौ ६**

- Fairfield ले आयोजना गरेको कार्यक्रममा दृष्टिविहीन बालबालिकाको लागि माटोको भाँडा बनाउने मेशिन हस्तान्तरण गर्ने विषयवस्तु कार्यक्रममा माननीय उपसभामुख प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको थियो।

**२०८१ भदौ ८**

- लायन्स क्लब अफ काठमाडौं सुनगाभाले आयोजना गरेको ११ वटा लायन्स क्लवहरू र लियो क्लब अफ काठमाडौं सुनगाभा तथा ब्राइट भिजनको संयुक्त आयोजन मा पदस्थापन तथा सपथ ग्रहण कार्यक्रममा उपस्थिति हुनुभएको थियो।

**२०८१ भदौ ९**

- घरायसी स्याहार तथा हेरचाह कार्यको विषयमा हुने राष्ट्रिय संवादमा प्रमुख आतिथ्यको रुपमा ललितपुर, पुलचोकमा उपसभामुख सहभागी हुनुभएको थियो।

**२०८१ भदौ १०**

- विश्व समावेशी साहसी संस्थाले आयोजना गरेको कार्यक्रममा विविध, सीमान्तकृत र प्रेरणादायक महिलाहरूको Girls rewriting destiny वृत्तचित्रको विशेष प्रदर्शनी समारोहमा प्रमुख अतिथिको अतिथ्गता ग्रहण गर्नुभएको थियो।

**२०८१ भदौ ११**

- गोरेवहादुर खपाङ्गी फाउण्डेशनको आयोजनामा आठौं स्मृति दिवसमा आयोजना गरेको कार्यक्रममा ललितपुर स्थित सीमान्तकृत महिला तथा अपाङ्गता भएका बालबालिक का लागि लैङ्गिक उत्तरदायी शिक्षा प्रदान गरिएको र सोही कार्यक्रममा प्रमुख अतिथि रहनुभएको थियो।

**२०८१ भदौ १४**

- जीवन विज्ञान प्रतिष्ठानले सम्माननीय प्रधानमन्त्रीको प्रमुख आतिथ्यमा दुवै सदनका माननीय सदस्यहरूका लागि स्वजागरण कार्यक्रम आयोजना गरेकोमा माननीय उपसभामुख पनि सहभागी हुनुभएको थियो।
- नाडा अटोमोवाईल्स एशोसिएशन अफ नेपालको १६औं संस्करणमा भृकुटीमण्डप स्थित माननीय उपसभामुख पनि अवलोकनमा उपस्थिति हुनुभएको थियो।

## २०८१ भदौ १५

- उपासना महिला बचत तथा ऋण सहकारी संस्था लि. ले आयोजना गरेको व्यवसाय दर्ता प्रकृया सम्बन्धी जानकारी तथा उपासना तिज २०८१ कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको थियो।
- गोपाल गौरी दिगो विकास प्रतिष्ठानको सातौं साधारण सभा तथा तिज विशेष कार्यक्रममा कुमारीगाल स्थित प्रमुख अतिथिको आतिथ्य गर्नुभएको थियो।
- तामाङ चलचित्र प्रदर्शन दिवस अर्थात (T.F.A Award) सम्मान कार्यक्रममा चावहिल, काठमाडौंमा प्रमुख आतिथ्य ग्रहण गर्नुभएको थियो।

## २०८१ भदौ १६

- Exito Events ले आयोजना गरेको कार्यक्रमको उदघाटन समारोहमा युवावर्गलाई लक्षित गरी प्रेरणा दिन ३ दिनको सम्मेलनमा बालुवाटार स्थित प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको थियो।
- कमलपोखरी काठमाडौं स्थित रिपब्लिकन फाउण्डेशन नेपालद्धारा आयोजित तीज विशेष विविध साँस्कृतिक एवं श्रष्टा सम्मान् कार्यक्रम २०८१ मा माननीय उपसभामुख प्रमुख अतिथिमा रहनुभएको थियो।

## २०८१ भदौ २०

- राष्ट्रिय लोक दोहोरी व्यवसायी संघद्धारा आयोजित मौलिक तिज गीत प्रतियोगिता तथा स्रष्टा सम्मान कार्यक्रममा प्रमुख अतिथिको रुपमा गोंगबु काठमाडौंमा प्रमुख अतिथि रहनुभएको थियो।

## २०८१ भदौ २२

- शब्दयात्रा प्रकाशन 'सरर बग्यो हावा' को आधिकारीक म्युजिक भिडियो स्क्रिनिङ कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको थियो।

**२०८१ भदौ २६**

- चिनीयाँ राजदूतावास र त्रिभुवन विश्वविद्यालयको कन्फ्युसियस इन्स्टिच्युटले हिमालय चिनीयाँ कला प्रदर्शनी कार्यक्रममा उपसभामुख प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको थियो।

**२०८१ भदौ २८**

- डिजिटल प्लेटफर्मको शासन र उदयमान प्रवृत्ति र राम्रो अभ्यासहरूमा UNESCO ले आयोजना गरेको कार्यक्रममा माननीय उपसभामुख सहभागी हुनुभएको थियो।

**२०८१ असोज २**

- चौथो युरेसियन महिला फोरममा भाग लिन सेन्टपिटर्सवर्ग, रसियामा असोज २ देखि ४ गते सम्म माननीय उपसभामुख सहभागी हुनुभएको थियो।

**२०८१ असोज ११**

- श्री जैन श्वेताम्बर तेरापंथ महिला मण्डलले आयोजना गरेको कमलपोखरी, काठमाडौं स्थित उत्सव कार्यक्रममा माननीय उपसभामुख उपस्थित हुनुभएको थियो।

**२०८१ असोज १२**

- सुरज रानाको कवितासङ्ग्रह 'जब कविता निस्कन्छ जुलुसमा' विमोचन कार्यक्रममा बत्तीसपुतली, काठमाडौंमा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको थियो।
- महान हिमालयको पदयात्रा डकुमेन्ट्री प्रर्दशनी बागबजार, काठमाडौं माननीय उपसभामुखले प्रमुख अतिथिको आतिथ्य ग्रहण गर्नुभएको थियो।

**२०८१ असोज १६**

- तेस्रो राष्ट्रिय एक्टिभ म्युजिक अवार्ड २०८१ मा विभन्न विधाका कलाकारहरूलाई सम्मान कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको थियो।

**२०८१ असोज १७**

- नागरिक समाजको १८ औं वार्षिकोत्सवको कार्यक्रममा प्रमुख अतिथिको आतिथ्य ग्रहण गर्नु भएको थियो।

**२०८१ असोज २१**

- महिलाहरूलाई शसक्तीकरण करण र बाँच्नका लागि लडाइ गर्नुपर्छ भन्ने The unsilenced नामक डकुमेन्ट्री प्रदर्शनीमा कार्यक्रममा माननीय उपसभमुख प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको थियो।

**२०८१ असोज २२**

- श्री कुम्भेश्वर प्राविधिक शिक्षालयद्वारा आयेजित ललितपुर स्थित कार्यक्रमको ३७ औं वार्षिक उत्सव समारोहमा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको थियो।

### १.३.४ राष्ट्रिय सभाका माननीय उपाध्यक्ष

२०८१ साल साउन १ गतेदेखि असोज मसान्तसम्ममा माननीय उपाध्यक्षबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

**२०८१ साउन ५-१०**

- चीनको युनानको प्रान्तीय सरकार तथा चीनको वाणिज्य मन्त्रालयको निमन्त्रणामा 23-28 July, 2024 मा चीनको युनान प्रान्तको कुन्मिन शहरमा आयोजित 8th China South Asia Expo मा सहभागिता जनाउनु भएको र उक्त Expo को उद्घाटन समारोहमा सम्बोधन गर्नुभएको।

**२०८१ साउन ११**

- संघीय संसद सचिवालयबाट धुलिखेल, काभ्रेमा आयोजित संघीय संसदका पदाधिकारी र सञ्चारकर्मीहरूबीचको अन्तरक्रिया एवम् सञ्चारकर्मीहरूको क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी हुनु भएको।

**२०८१ साउन १२**

- Lions International को आयोजनामा काठमाडौंमा भएको डिष्ट्रिक्ट ३२५ एम नेपाल, क्लष्टर ४ अन्तर्गत काठमाण्डौं क्षेत्रमा रहेका क्लवहरूको संयुक्त पदस्थापन कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनु भएको।
- Friends of Silk Road Club-Nepal को आयोजनामा काठमाडौंमा "Third Plenary session of the 20th Central Committee of CPC: Sharing Development Opportunities with Nepal" विषयमा भएको Conference कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनु भएको र उक्त कार्यक्रम नेपाल चीन सम्बन्ध र साझेदारीको सम्बन्धमा विविध पक्षको बारेमा चर्चा गर्नुभएको।

**२०८१ साउन २५-२७**

- काठमाडौं र भक्तपुरमा गरिएको Interactive Discussion Program with Hon. Women Parliamentarians on CEDAW, BPFA, Beijing +30 Review, SDG, UNSCR 1325 & 1820 कार्यक्रममा विशेष अतिथिका रुपमा सहभागी हुनु भएको।

**२०८१ भदौ १२**

- संघीय संसद सचिवालयद्वारा आयोजित "राष्ट्रिय सभामा प्रश्नोत्तरको प्रभावकारी व्यवस्थापन सम्बन्धी अन्तरसंवाद" कार्यक्रममा सहभागी हुनु भएको।

**२०८१ भदौ १४**

- जीवन विज्ञान प्रतिष्ठानद्वारा काठमाडौंमा दुवै सदनका लागि आयोजित स्वजागरण कार्यक्रममा सहभागी हुनु भएको।

**२०८१ भदौ २५ र २६**

- माननीय उपाध्यक्ष्यको गृह जिल्ला स्थित जिल्ला समन्वय समितिको आयोजनामा जिल्लाका सबै स्थानीय तह तथा जिल्लास्थित संघीय र प्रादेशिक कार्यालयहरूको गत आ. ब. २०८०/०८१ को वार्षिक समिक्षा कार्यक्रममा प्रमुख अतिथिका रुपमा सहभागी हुनु भएको।

**२०८१ भदौ ३०**

- फोकस नेपालको आयोजनामा नेपाल हाउस, हात्तिसार, काठमाडौंमा संस्थाको १२ औ वार्षिकोत्सवको शुभ अवसरमा "समुन्नत नेपाल निर्माणमा सामाजिक संघ-संस्थाहरूको भूमिका" विषयक विचार गोष्ठी तथा पुरस्कार प्रदान कार्यक्रममा प्रमुख अतिथिका रुपमा सहभागी हुनु भएको।

**२०८१ असोज १**

- वसन्तपुर परिसरमा परम्परागतरुपमा मनाइदै आएको सांस्कृतिक तथा ऐतिहासिक महत्वको पर्व इन्द्रजात्रा महोत्सवको उपलक्ष्यमा सम्माननीय राष्ट्रपतिको समुपस्थितिमा भएको श्रीगणेश, श्रीभैरव र श्रीकुमारीको रथयात्रा कार्यक्रममा सहभागी हुनु भएको।

**२०८१ असोज २**

- महिला नेतृत्व विकास राष्ट्रिय प्रतिष्ठानद्वारा आयोजित "संविधान प्रद्वत महिला अधिकार र कार्यान्वयनको अवस्था" विषयक अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिका रुपमा सहभागी हुनु भएको।

**२०८१ असोज ३**

- संविधान दिवस तथा राष्ट्रिय दिवस २०८१ मूल समारोह समितिद्वारा नेपाली सैनिक-मञ्च टुँडिखेल, काठमाडौंमा आयोजना भएको मूल समारोहको कार्यक्रममा सहभागी हुनु भएको।

**२०८१ असोज ४**

- नेपाल जन-स्वास्थ्य प्रतिष्ठानको १५ औँ साधारण सभामा प्रमुख अतिथिको रुपमा सहभागी हुनु भएको।

**२०८१ असोज ५**

- ललितपुर जिल्लामा पतञ्जली योग समिति नेपालको ७ औं वार्षिक साधारण सभा तथा स्थापना दिवसको कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनु भएको।

**२०८१ असोज १७**

- कपिलवस्तु जिल्ला बाणगङ्गा नगरपालिका वडा नं. ८ वडा कार्यसमितिको आयोजनामा आउदै गरेका महान चाडपर्वहरूको अवसरमा शुभकामना आदानप्रदान र अवकास हुनुभएका स्वयंसेविकाहरूलाई सम्मान गर्ने कार्यक्रममा विशेष अतिथिको रुपमा सहभागी हुनु भएको।

**२०८१ असोज १८ र १९**

- सुनसरीस्थित कृषि अनुसन्धान निर्देशनालय, तरहरा, र जुटबाली अनुसन्धान कार्यक्रम इटहरीद्वारा आयोजित अबलोकन भ्रमण कार्यक्रममा सहभागी भई प्रादेशिक कृषि अनुसन्धान केन्द्रको अवलोकन गर्नुभएको।

**२०८१ असोज ३०**

- वाणगंगा नपा वडा नं. ३ स्थित राजापानी सामूदायीक बनको साधारण सभामा प्रमुख आतिथ्य ग्रहण गर्दै उत्कृष्ट वन संरक्षणमा योगदान पुऱ्याउने नागरिकलाई सम्मान तथा प्रमाणपत्र हस्तान्तरण गर्नुभएको।
- ग्लोवल डेरी नगरपालिका वडा नं. इमिलियाको अवलोकन तथा दुग्ध उत्पादक किसानहरूलाई प्रोत्साहन गर्दै ग्लोवल डेरीको अवस्था, उत्पादन क्षमता र परेका समस्याहरू आदिबारे जानकारी लिनु भएको।

## खण्ड-दुई
## संघीय संसद सचिवालय

### २.१ संघीय संसद सचिवालय अन्तर्गतका गतिविधि

संघीय संसद सचिवालयको सङ्गठन संरचना अनुसार सचिवालयमा महाशाखा, समिति सचिवालय, शाखा, निजी सचिवालय, इकाई लगायतका संरचनाहरू रहेका छन्। यी संरचनाहरूले संघीय संसदको कामकारबाहीलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न सहयोग गर्दछन्। यस खण्डमा सचिवालयका विभिन्न शाखाहरूबाट भएका कामकारबाहीको विवरण प्रस्तुत गरिएको छ।

### २.१.१ कार्यव्यवस्था महाशाखा (प्रतिनिधि सभा)

यस महाशाखा अन्तर्गत कार्यव्यवस्था शाखा (प्रतिनिधि सभा), सम्पूर्ण विवरण शाखा (प्रतिनिधि सभा) र प्रश्न व्यवस्थापन शाखा (प्रतिनिधि सभा) रहेका छन्।

### २.१.१.१ कार्यव्यवस्था शाखा (प्रतिनिधि सभा)

२०८१ साउन १ गतेदेखि असोज मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

- कार्यव्यवस्था शाखा (प्रतिनिधि सभा) ले यस अवधिमा सञ्चालन भएका प्रतिनिधि सभाका बैठकहरू सञ्चालनका लागि सम्माननीय सभामुखलाई आवश्यक सहयोग र समन्वय गरेको छ। साथै, बैठकमा आवश्यक पर्ने विभिन्न प्रस्ताव, कागजात र विवरणहरूको संकलन, छनौट, सदनमा प्रस्तुत गर्ने प्रक्रिया तयार गर्ने लगायतका नियमित कार्य र सोको अभिलेखीकरण गर्ने कार्य यस शाखाबाट भएको छ।
- त्यसैगरी सभाको बैठकहरू सुव्यवस्थित रूपमा सञ्चालन गर्न सम्माननीय सभामुखलाई आवश्यक परामर्श दिन विभिन्न मितिमा ५ पटक बसेको कार्यव्यवस्था परामर्श समितिको बैठक आह्वान, समन्वय, कार्यसूची, माइन्यूट तथा निर्णय तयार गरी कार्यान्वयनको लागि पत्राचार गर्ने कार्य यस शाखाबाट भएको छ। साथै साउन १ गतेदेखि भदौ मसान्तसम्मका बैठकहरूमा १० भन्दा कम बैठकमा अनुपस्थित ३८ जना माननीय सदस्यहरूको अनुपस्थितिका सूचना टिप्पणी मार्फत् सम्माननीय सभामुखबाट स्वीकृत गराई सम्बन्धित शाखामा जानकारी दिने कार्य भएको छ। शाखाबाट प्रतिनिधि सभाको चौथो अधिवेशन अन्तर्गत यस अवधिको बैठक सञ्चालन सम्बन्धी सम्भावित पाक्षिक कार्यतालिका तयार गरी कार्यव्यवस्था परामर्श समितिबाट स्वीकृत भएपश्चात् प्रकाशन गरिएको छ। यसको अतिरिक्त शाखाले प्रतिनिधि सभा सञ्चालनका लागि माननीय मन्त्री एवं मन्त्रालय र माननीय सदस्यहरूसँग समन्वय गर्नुका साथै अन्य विविध कार्यमा सहयोग पुर्याइरहेको छ।

### २.१.१.२ सम्पूर्ण विवरण शाखा (प्रतिनिधि सभा)

२०८१ साउन १ देखि असोज मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छः

- संघीय संसदको अघिल्लो कार्यकाल अन्तर्गतको चौथो अधिवेशनका सम्पूर्ण विवरण सम्बन्धी तयार भई प्रकाशित पुस्तकमा रहेका त्रुटिहरू सच्चाउने कार्यहरू भईरहेको।

- संघीय संसदको दोस्रो कार्यकाल अन्तर्गतको चालु अधिवेशनका सम्पूर्ण विवरणको पुस्तक प्रकाशन प्रयोजनार्थ लिपिबद्ध गर्ने कार्य भईरहेको।

### २.१.२ कार्यव्यवस्था महाशाखा (राष्ट्रिय सभा)

यस महाशाखा अन्तर्गत कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा), सम्पूर्ण विवरण शाखा (राष्ट्रिय सभा) र प्रश्न व्यवस्थापन शाखा (राष्ट्रिय सभा) रहेका छन्।

#### २.१.२.१ कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा)

कार्यव्यवस्था शाखाले सभा र कार्यव्यवस्था परामर्श समितिका बैठकहरूको व्यवस्थापन गर्ने, कार्यसूची, वाचनपत्र, सूचनापत्र तयार गर्ने, सदस्यहरूलाई बैठक सम्बन्धी सूचना उपलब्ध गराउने, सभामा पेश गरिने सामग्रीहरूको वितरणको व्यवस्थापन गर्ने, शून्य समय, विशेष समय, आकस्मिक समय र प्रादेशिक सरोकार समयमा बोल्ने सदस्यहरूको नामावली तयार गर्ने, सभा तथा कार्यव्यवस्था परामर्श समितिका बैठकहरूको व्यवस्थापन तथा अभिलेखीकरण गर्ने लगायतका कार्यहरू गरेको छ।

#### २.१.२.२ सम्पूर्ण विवरण शाखा (राष्ट्रिय सभा)

२०८१ साउन १ देखि असोज मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छः

- सोह्रौं अधिवेशनको बैठक संख्या-१४ देखि बैठक संख्या-४० सम्मको बैठकगत सम्पूर्ण विवरण तयार गरी Website मा राखिएको।
- राष्ट्रिय सभाका माननीय सदस्यहरूको हालसम्मका बैठकहरूको व्यक्तिगत पुस्तकको Digital Copy तयार पारिएको।

### २.१.३ विधि व्यवस्थापन महाशाखा (प्रतिनिधि सभा)

यस महाशाखा अन्तर्गत विधेयक शाखा (प्रतिनिधि सभा) रहेको छ।

### २.१.३.१ विधेयक शाखा (प्रतिनिधि सभा)

२०८१ साउन १ देखि असोज मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

यस अवधिमा देहाय बमोजिमको विधेयक र सन्धि दर्ता गरी वितरण गरियोः

| क्र.स. | विधेयकको नाम | दर्ता नं./मिति | वितरण मिति | अधिवेशन |
|---|---|---|---|---|
| १. | मानव शरीर जलन नियन्त्रण तथा सजाय विधेयक, २०८१(गैरसरकारी/प्रस्तुतकर्ता माननीय विन्दवबासिनी कांसकार समेत १४ जनाद्वारा दर्ता) | २४/०८१-०४-३१ | २०८१/०५/१६ | चौथो |

**सन्धि**

| क्र.स. | सन्धिको नाम | दर्ता नं./ मिति | वितरण मिति | सभामा पेश गरेको मिति | अधिवेशन |
|---|---|---|---|---|---|
| १ | मोन्ट्रियल प्रोटोकलको किगाली संशोधन अनुमोदन | १/२०८१-०५-१४ | २०८१/०५/१६ | २०८१/०५/२५ | चौथो |

**देहायका विधेयकहरू सभामा सैद्धान्तिक छलफल समाप्त भए पश्चात प्राप्त संशोधन प्रस्तावहरू एकीकृत गरी सभामुखबाट स्वीकृत गरी समितिमा पठाइएकोः**

| सि.नं. | विधेयकको नाम | दर्ता नं./ मिति | समितिमा पठाइएको मिति | अधिवेशन |
|---|---|---|---|---|
| १. | धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८१ | २५/२०८१-०४-३२ | २०८१-०५-१८ | चौथो |
| २. | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ | २६/२०८१-०४-३२ | २०८१-०५-१८ | चौथो |

**यस अवधिमा राष्ट्रपतिबाट प्रमाणीकरण भएको विधेयकः**

| क्र.स. | विधेयकको नाम | दर्ता मिति | सभामा प्रस्तुत मिति | प्रमाणीकरण मिति | अधिवेशन |
|---|---|---|---|---|---|
| १. | बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०८१ | २०७९/११/२५ | २०७९/१२/५ | २०८१/०५/१३ | चौथो |

## २.१.४ विधि व्यवस्थापन महाशाखा (राष्ट्रिय सभा)

यस महाशाखा अन्तर्गत रहेको विधेयक शाखा (राष्ट्रिय सभा) रहेको छ।

### २.१.४.१ विधेयक शाखा (राष्ट्रिय सभा)

२०८१ साउन १ गतेदेखि असोज मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छः

**प्रमाणीकृत विधेयकहरू**

राष्ट्रिय सभामा उत्पत्ति भएका तीनवटा विधेयक प्रमाणीकरण भएका छन्। प्रमाणीकृत विधेयकहरू देहाय बमोजिम रहेका छनः-

| क्र.स. | विधेयक | राष्ट्रिय सभाबाट पुनः पारित मिति | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १. | अभिलेख संरक्षण सम्बन्धी ऐन, (पहिलो संशोधन) | २०८१ साउन ७ | २०८१ साउन १४ |

| | | | |
|---|---|---|---|
| २. | सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ | २०८१ भदौ ३१ | २०८१ असोज २२ |
| ३. | नेपाल विश्वविद्यालय विधेयक, २०७९ | २०८१ भदौ ३० | २०८१ असोज २३ |

**समितिमा विचाराधीन विधेयकहरू**

विधायन व्यवस्थापन समितिमा दुईवटा विधेयक दफावार छलफलका लागि विचाराधीन रहेका छन्। विचाराधीन विधेयकहरू देहाय बमोजिम छनः-

| क्र.स. | विधेयक | विधेयक दर्ता मिति | सभाले समितिमा पठाएको मिति |
|---|---|---|---|
| १. | तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१ | २०८१ असार ४ गते | २०८१ साउन २१ |
| २. | नेपाल कानून व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ | २०८१ साउन १८ गते | २०८१ भदौ १३ |

**विधेयक दर्ता**

राष्ट्रिय सभातर्फ एउटा नयाँ विधेयक दर्ता भएको छ। २०८१ साउन १८ गते नेपाल कानून व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ दर्ता भएको हो। उक्त विधेयक २०८१ भदौ २ गते सभामा प्रस्तुत भएको थियो।

### २.१.५ प्रशासन महाशाखा

यस महाशाखा अन्तर्गत रहेका कर्मचारी प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, सूचना तथा अभिलेख व्यवस्थापन शाखा, मर्यादापालन तथा सुरक्षा शाखा गरी चारवटा शाखाहरू तथा निजी सचिवालयहरू रहेका छन्।

### २.१.५.१ कर्मचारी प्रशासन शाखा

२०८१ साउन १ देखि असोज मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छः

१. सचिवालयमा रिक्त रा.प. अनं. द्वितीय श्रेणीको प्रेस टेक्निसियन पदमा लोक सेवा आयोगको सिफारिसमा श्री सुस्मीका सुनुवारलाई मिति २०८१/०४/१५ गते नियुक्ति दिइएको।

२. सचिवालयमा कार्यरत कर्मचारीहरूको आ.व. २०८०/८१ को कार्यसम्पादन मूल्याङ्कन फाराम संकलन र आवश्यक व्यवस्थापन गरिएको।

३. सचिवालयमा कार्यरत कर्मचारीहरूको सावधिक जीवन बीमाका लागि आवश्यक कारबाही गर्न मिति २०८१/०५/१३ मा राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडमा विवरण पेश गरिएको।

४. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१(क) को उपदफा (१) बमोजिम सचिवालयमा कार्यरत कर्मचारीहरूको आ.व. २०८०/८१ सम्पत्ति विवरण संकलन गरी राष्ट्रिय किताबखाना (निजामती) मा पेश गरिएको र संघीय संसद सचिवालय सम्बन्धी ऐन को दफा ७४ बमोजिम संसद सचिवालयमा पेश भएका सम्पत्ति विवरण संकलन गरी आवश्यक व्यवस्थापन गरिएको।

५. आ.व. २०८०/८१ को तलबी प्रतिवेदन तयार गरी आवश्यक कारबाहीका लागि राष्ट्रिय किताबखाना (निजामती) मा मिति २०८१/०५/३० मा पेश गरिएको।

६. संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा ३५ को कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा गरिने बढुवा सम्बन्धी विशेष व्यवस्थाअनुसार बढुवाका लागि मिति २०८०/०६/०१ मा दरखास्त आह्वान सम्बन्धी सूचना प्रकाशन गरिएको।

### २.१.५.२ सूचना तथा अभिलेख व्यवस्थापन शाखा

यस शाखाले मूलतः संसद तथा सचिवालयका सूचना तथा अभिलेखजन्य सामग्रीको सङ्कलन, प्रशोधन तथा भण्डारण लगायत व्यवस्थापन सम्वन्धी कार्यका साथै संघीय संसदका सदस्य तथा पूर्व संसद सदस्य, संसदीय रिपोर्टिङ्गका लागि आउने मन्त्रालयका कर्मचारी र पत्रकारलाई परिचय पत्र तयार गरी उपलब्ध गराउने कार्य गर्दछ। सूचनाको हकसम्बन्धी ऐन,२०६४ बमोजिम यस सचिवालयले प्रत्येक तीन महिनामा सम्पादन गरेका कामकारबाहीको विवरण प्रकाशनको कार्य जिम्मेवारी समेत यस शाखाले वहन गर्दछ। सूचना अधिकारीको सचिवालय समेत रहेको यस शाखाले नेपालको सविधान, सुचनाको हक सम्बन्धी ऐन, २०६४ तथा अन्य प्रचलित कानूनको अधीनमा रही हुने सूचना माग सम्बन्धी निवेदनहरूको प्रक्रियागत कार्य गर्नुका साथै सांसद सुविधा व्यवस्थापन शाखाले जारी गर्ने स्वकीय सचिवहरूका परिचय पत्र समेत हाललाई यसै शाखाबाट जारी गर्ने गरी निर्देशन भए अनुसार उक्त शाखाले गरेको सिफारिसका आधारमा त्यस्ता परिचयपत्रहरू समेत तयार गरी उपलब्ध गराउने गर्दै आइरहेको छ। यस शाखाले यस अवधिमा गरेका कामहरूको विवरण निम्नानुसार प्रस्तुत गरिएको छः

**परिचय पत्र जारी**

| परिचय पत्रको प्रकार | सङ्ख्या | | जम्मा सङ्ख्या |
|---|---|---|---|
| प्रतिनिधि सभा सदस्य | ३ (प्रतिलिपि) | | ३ |
| राष्ट्रिय सभा सदस्य | ८ | | ८ |
| संविधान सभा सदस्य | १६ | | १६ |
| पूर्व सांसद | ७ | | ७ |
| स्वकीय सचिव (प्रतिनिधि सभा) | ५७ | | ५७ |
| स्वकीय सचिव (राष्ट्रिय सभा) | १० | | १० |
| पत्रकार (संसद प्रवेश पास) | ३५(नयाँ) | ३२५(नवीकरण) | ३६० |
| **कुल जम्मा** | ४६१ | | |

## सूचनाको हक सम्बन्धी सूचना

| सूचना मागकर्ता | सूचनाको विषय | उपलब्ध गराइएको मिति |
|---|---|---|
| शम्भु दंगाल | संसद सचिवालयले विविध शीर्षकमा गरेको खर्च | २०८१/०४/१६ |
| भक्त राई | प्रतिनिधि सभा सदस्यहरूले नियुक्त गरेका स्वकीय सचिवहरूको विवरण | २०८१/०४/२७ |
| सागर जोशी | State Partnership Program सम्बन्धमा जानकारी | २०८१/०४/२७ |
| रुक्सना कपाली | कानून, न्याय तथा मानव अधिकार समितिमा दिएको निवेदन उपर भएको कारबाही सम्बन्धमा जानकारी | २००८१/०४/३१ |
| कृपा महर्जन सहित ३ जना | मुलुकी अपराध संहिता २०७४ उपर छलफल हुँदा तयार गरिएको प्रतिवेदन सम्बन्धमा | २०८१/०४/३१ |
| मकर बहादुर श्रेष्ठ | संघीय संसद सदस्यका स्वकीय सचिवालयमा रहेका कर्मचारीहरूको शैक्षिक योग्यता लगायतका विवरण | २०८१/०४/२७ |
| मकर बहादुर श्रेष्ठ | दुवै सभाका स्वकीय सचिवहरूको सम्बन्धमा जानकारी | २०८१/०५/०४ |
| सागर जोशी | उपसभामुखले अमेरिकी दुतावासलाई लेखेको पत्रका विषयमा जानकारी | २०८१/०५/०४ |

| सूचना मागकर्ता | सूचनाको विषय | उपलब्ध गराइएको मिति |
| --- | --- | --- |
| नारदमुनि गौतम | प्रतिनिधि सभा सदस्यको, सभाको बैठकमा उपस्थिति | २०८१/०५/११ |
| सागर जोशी | शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा पेश गरेको निवेदन उपर भएको कारबाहीको विवरण | २०८१/०५/१९ |
| राखी रेग्मी तथा मदन रिजाल | नेपालगञ्ज मेडिकल कलेजले फेल बनाएको सम्बन्धमा उजुरी | २०८१/०५/१४ |
| भेषराज लुइटेल | संघीय संसदमा रहेको विद्युतीय हाजिरी सम्बन्धमा जानकारी | २०८१/०५/१८ |
| कृष्णमान प्रधान | निजको निर्वाचन आयुक्तमा भएको सिफारिस उपर संसदीय सुनुवाइ समितिमा भएका उजुरीको विवरण | २०८१/०५/२४ |
| प्रशान्त विक्रम शाह | संविधान सम्बद्ध दस्तावेजका सम्बन्धमा जानकारी | २०८१/०५/२५ |
| कृष्णमान प्रधान | निजको निर्वाचन आयुक्तमा भएको सिफारिस उपर संसदीय सुनुवाइ समितिले गरेको निर्णय | २०८१/०५/२६ |
| तारानाथ दाहाल र आदित्य दाहाल | सार्वजानिक लेखा समितिमा छलफल भएका महालेखपरीक्षकको प्रतिवेदनहरूको सम्बन्धमा जानकारी | २०८१/०६/११ |

| सूचना मागकर्ता | सूचनाको विषय | उपलब्ध गराइएको मिति |
|---|---|---|
| शुसिल पन्थ र अजय अनुरागी | संघीय संसद सदस्यको हाजिरी विवरण | २०८१/०६/१९ |
| रुक्सना कपाली | सचिवालयमा लैङ्गिक तथा यौनिक अल्पसङख्यकलाई आरक्षणको व्यवस्था सम्बन्धमा जानकारी | २०८१/०६/२२ |
| कमल राज भट्ट | संघीय संसद सदस्यको हाजिरी विवरण | २०८१/०६/२७ |

## २.१.५.३ आर्थिक प्रशासन शाखा

२०८१ बैशाख १ देखि असार मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छः

- आ.व. ०८०/८१ को विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालनको आन्तरिक लेखापरीक्षण सम्पन्न गराइएको छ ।
- आर्थिक प्रशासनसँग सम्बन्धित महाशाखा/शाखाबाट माग गरिएको राय समयमा नै उपलब्ध गराउने गरिएको छ ।
- **NPSAS** मा आधारित केन्द्रीय आर्थिक विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय पठाइएको छ ।
- आ.व. ०८०/८१ को वार्षिक आर्थिक विवरण को.ले.नि.का. बाट प्रमाणित गराईएको छ

आ.व.०८१/८२ को पहिलो त्रैमासिक वित्तीय प्रगति विवरण

| सि.नं. | व.उ.सि.नं. | वार्षिक वजेट | पहिलो त्रैमासिक खर्च | | कैफियत |
|---|---|---|---|---|---|
| | | | खर्च | वित्तीय प्रगति | |
| चालु | २०२०००११३ | ३३,५५१,०००.०० | ४,४८९,४८७.०० | १३.३८ | |
| | २०२०००१११३ | ८९७,२२७,०००.०० | १६६,९८८,८०५.१२ | १८.६१ | |
| | २०२०००१२३ | ४८२,७९४,०००.०० | ९३,८१६,१६१.३८ | १९.४३ | |
| जम्मा | | १,४१३,५७२,०००.०० | २६५,२९४,४५३.५० | १८.७७ | |
| पूँजीगत | २०२०००१२४ | ९३,४५०,०००.०० | ६,४५३,३३९.९० | ६.९१ | |
| जम्मा | | ९३,४५०,०००.०० | ६,४५३,३३९.९० | ६.९१ | |

- यस वर्षको पहिलो त्रैमासिकमा कुल वित्तीय प्रगति पूँजीगत तर्फ ६.९१ प्रतिशत र चा.लु. तर्फ १८.७७ प्रतिशत भएको छ ।
- सचिवालयको वेरुजुको लगत अद्यावधिक गरिएको छ ।

## २.१.६ सांसद सुविधा व्यवस्थापन महाशाखा

यस महाशाखा अन्तर्गत सांसद सुविधा व्यवस्थापन र संसदीय दल समन्वय शाखा रहेका छन्।

### २.१.६.१ सांसद सुविधा व्यवस्थापन शाखा

२०८१ साउन १ देखि असोज मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

- संघीय संसदका १८ जना माननीय सदस्यहरूको लागि औषधि उपचार खर्चको लागि रु २,४५,६५०/- (दुई लाख पैंतालिस हजार छ सय पचास रुपैया मात्र) भुक्तानी दिने निर्णय चिकित्सक वोर्डबाट भएको।

- संघीय संसद, प्रतिनिधि सभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका नवनिर्वाचित माननीय सभापति कुसुमदेवी थापाको मिति २०८१/०४/१६ गते शपथग्रहण सम्पन्न गरेको।
- संघीय संसद, प्रतिनिधि सभाका २७५ र राष्ट्रिय सभाका ५९ जना माननीय सदस्यहरूको उपस्थिति विवरणको डिजिटल तथा हार्ड कपी व्यवस्थापन गरेको र सम्बन्धित समिति र शाखाहरूमा पठाउने कार्य गरेको।
- संघीय संसदको दुई वटा संयुक्त समिति (राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति र संसदीय सुनुवाई समिति) का नवनिर्वाचित माननीय सभापतिहरूको मिति २०८१/०४/३१ गते शपथ ग्रहण सम्पन्न गरेको।
- संघीय संसद, राष्ट्रिय सभा अन्तर्गतको विधायन व्यवस्थापन समिति र सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका नवनिर्वाचित माननीय सभापतिहरूको मिति २०८१/०५/३१ गते शपथग्रहण सम्पन्न गरेको।
- संघीय संसदका माननीय सदस्यहरूलाई स्वास्थ्य इकाइबाट आधारभूत स्वास्थ्य सेवा एवम् प्रेस्क्रिप्सन बमोजिम औषधी प्रदान गरेको।
- संघीय संसद, प्रतिनिधि सभाका २५० जना र राष्ट्रिय सभाका ५८ जना गरी जम्मा ३०८ जना सदस्यहरूको सम्पत्ति विवरण दर्ता सम्पन्न गरेको।
- विभिन्न मन्त्रालय/संवैधानिक निकाय/आयोग/कार्यालय/व्यक्तिहरूबाट संघीय संसदका माननीय सदस्यहरूको वितरण प्रयोजनार्थ प्राप्त पुस्तक, प्रतिवेदन, निमन्त्रणा एवम् शुभकामना पत्रहरू वितरणका लागी आवश्यक कार्य गरेको।
- संघीय संसदका सदस्यहरूको विवरण सम्वन्धी वेवसाइट अद्यावधिक, एस.एम.एस. व्यवस्थापन लगायतका कार्यहरू गरेको। साथै, राष्ट्रिय सतर्कता केन्द्रको वेवसाइट www.nvc.gov.np मा सम्पत्ति विवरण सम्बन्धी सूचनाहरू अद्यावधिक कार्य प्रारम्भ भएको।
- संघीय संसदका सदस्य तथा सदस्यहरूका स्वकीय सचिव एवम् अन्य कर्मचारीहरूको विवरणहरू अद्यावधिक गर्ने कार्य सम्पन्न गरेको।

### २.१.६.२ संसदीय दल समन्वय शाखा

२०८१ साउन १ देखि असोज मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

- संसदीय दलको सचिवालय व्यवस्थापन सम्बन्धी कार्य गरेको।
- संसदीय दलको सचिवालयको भौतिक, मानवीय, प्रविधिगत तथा मानव स्रोतगत व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन आवश्यक कार्य गरेको।
- संसदीय दलको सचिवलायमा हुने विभिन्न राजनीतिक दलको बैठक व्यवस्थापन सम्बन्धी कार्य गरेको।
- संसदीय दलको कार्यालयमा प्राप्त विभिन्न अध्ययन सामग्रीहरूको वितरण र पिजन होलको व्यवस्थापन सम्बन्धी कार्य गरेको।
- विभिन्न संसदीय दलका पदाधिकारी तथा सदस्यहरूका स्वकीय कर्मचारीहरूको प्रवेश पास व्यवस्थापन र नियमन सम्बन्धी आवश्यक कार्य गरेको।

### २.१.७ आन्तरिक सेवा तथा योजना व्यवस्थापन महाशाखा

यस महाशाखा अन्तर्गत आन्तरिक सेवा तथा योजना शाखा र सवारी साधन व्यवस्थापन शाखा रहेका छन्।

### २.१.७.१ आन्तरिक सेवा तथा योजना शाखा

२०८१ साल साउन १ गतेदेखि असोज मसान्तसम्ममा यस शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

- सचिवालयमा आवश्यक मालसामान तथा सेवा खरिद सम्बन्धी सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ द्वारा निर्देशित प्रकृया बमोजिम देहायका बोलपत्र तथा सिलबन्दी दरभाउपत्र सम्बन्धी क्रियाकलापहरुः

## बोलपत्र/दरभाउपत्र सम्बन्धी क्रियाकलाप

| क.स | बोलपत्र/दरभाउपत्रको विवरण | जम्मा आइटम | कैफियत |
| --- | --- | --- | --- |
| १. | The Procurement of the Supply and Delivery of Stationery and Office Goods. IFB No.: FPS/NCB/GOODS/ 2081-082/01 | ६३५ | आ.व ०८१/८२ को लागि श्री चण्डिको स्टेश्नरी जनरल तथा सप्लायर्ससँग सम्झौता गरिएको |
| २. | The Procurement of Supply and Delivery of Spare Parts of Vehicles, IFB Bids No.: FPS/NCB/GOODS/२०८१-०८२/02 | 845 | मिति २०८१/०५/०२ गतेको गोरखापत्रमा सूचना प्रकाशन गरिएको |
| ३. | The Procurement of Supply and Delivery of Two Wheelers Vehicles (Motorcycle and Scooter) IFB No.: FPS/NCB/GOODS/2081-082/CS/01 | 22 | मिति २०८१/०५/११ गतेको गोरखापत्रमा सूचना प्रकाशन गरिएको |
| ४. | The procurement of Supply and Delivery of Furniture & Furnishing Goods, IFB No.: FPS/NCB/GOODS/2081-082/03 | ४३ | मिति २०८१/०६/०२ गतेको गोरखापत्रमा सूचना प्रकाशन गरिएको |
| ५. | The procurement of Supply and Delivery of Electronics Goods, IFB No.: FPS/NCB/GOODS/2081-082/04 | ५९ | मिति २०८१/०६/०२ गतेको गोरखापत्रमा सूचना प्रकाशन गरिएको |
| ६. | The Procurement of Supply and Delivery of Medicines and Medical Supplies, IFB No.:FPS/NCB/GOODS/2080-081/SQ/01 | ४४७ | मिति २०८१/०६/१६ गतेको गोरखापत्रमा पून सूचना प्रकाशन गरिएको |
| ७. | The Procurement of Official Costume for Marshal Federal Parliament IFB No.: FPS/NCB/GOODS/2081-082/SQ/02 | 141 | मिति २०८१/०६/१६ गतेको गोरखापत्रमा सूचना प्रकाशन गरिएको |

| क.स | बोलपत्र/दरभाउपत्रको विवरण | जम्मा आइटम | कैफियत |
|---|---|---|---|
| ८. | The procurement of Supply and Delivery of Four Wheelers Vehicles (Electric Car) For Fiscal Year 2081-082, IFB No.: FPS/NCB/GOODS/२०८१-०८२/05 | ८ | मिति २०८१/०६/२१ गतेको गोरखापत्रमा सूचना प्रकाशन गरिएको |

- सचिवालयको परिसरभित्र रहेका खानेपानी, ढल निकास, सरसफाई, बगैंचा व्यवस्थापन लगायतका कार्य नियमित रूपमा सम्पन्न गरेको।
- स्वीकृत बजेट अनुसार संसद र सचिवालयको लागि आवश्यक मालसामानहरूको खरिद र आपूर्ति सम्बन्धी व्यवस्था मिलाउने कार्य सम्पन्न गरेको।
- भवनहरू समय समयमा निरिक्षण गर्ने र आवश्यकतानुसार त्यसको मर्मत सम्भार गर्ने, गराउने कार्य नियमित रूपमा सम्पन्न गरेको।

## २.१.८ अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय महाशाखा

यस महाशाखा अन्तर्गत अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय शाखा रहेको छ।

### २.१.८.१ अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय शाखा

२०८१ साल साउन १ गतेदेखि असोज मसान्तसम्ममा यस शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

**१. अन्तर्राष्ट्रिय कार्यक्रम/सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलको सहभागिता**

**अन्तर्राष्ट्रिय कार्यक्रम/सम्मेलन**

- 8th China - South Asia Expo
- मितिः 23 – 28 July, 2024
- स्थानः Kunming, China
- संघीय संसदका सदस्यः
    - माननीय उपाध्यक्ष बिमला घिमिरे
    - माननीय माया प्रसाद शर्मा
    - माननीय तुलसा कुमारी दाहाल

- मानननीय दुर्गा कुमारी गुरुङ
- संघीय संसद सचिवालयका कर्मचारीः

  उपसचिव विकास बोहोरा
- अन्यः

  माननीय उपाध्यक्षको स्वकीय सचिव प्रेम बहादुर सिंह

**2024 Interregional Seminar on the Achievement of SDGs for Parliaments of Developing Countries**

- मितिः 19 – 28 August, 2024
- स्थानः Beijing, China
- संघीय संसदका सदस्यः
  - माननीय सुनिता बराल
  - माननीय कल्पना चौधरी
- संघीय संसद सचिवालयका कर्मचारीः
  - शाखा अधिकृत बिनुका शेर्पा

**4th Eurasian Women's Forum**

- मितिः 18 – 20 September, 2024
- स्थानः Saint-Petersburg, Russia
- संघीय संसदका सदस्यः
  - माननीय उपसभामुख इन्दिरा राना

**Visit to Xizang Autonomous Region of China**

- मितिः 23 – 27 September, 2024
- स्थानः Xizang, China
- संघीय संसद सचिवालयका कर्मचारीः
  - महासचिव पद्म प्रसाद पाण्डेय
  - सहसचिव बविता मिश्र
  - उपसचिव राम कुमार पौडेल
  - उपसचिव होम नाथ पहाडी

**149th Inter-Parliamentary Union (IPU) Assembly**

- मितिः 13 – 17 October, 2024
- स्थानः Geneva, Switzerland
- संघीय संसदका सदस्यः
    - सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहाल, राष्ट्रिय सभा
    - माननीय सुनिता बराल, प्रतिनिधि सभा
    - माननीय निशा डाँगी, प्रतिनिधि सभा
    - माननीय तारामान स्वाँर, राष्ट्रिय सभा
    - माननीय कृष्ण प्रसाद पौडेल, राष्ट्रिय सभा
- संघीय संसद सचिवालयका कर्मचारीः
    - महासचिव पद्म प्रसाद पाण्डेय
    - सहसचिव सीता काफ्ले वाग्ले
    - उपसचिव नमराज नगरकोटी
- अन्यः
    - सम्माननीय अध्यक्षको प्रमुख स्वकीय सचिव विष्णु प्रसाद सापकोटा

**13th International Seminar for Parliamentary Research Services**

- मितिः 14 – 16 October, 2024
- स्थानः Seoul, Korea Republic
- संघीय संसद सचिवालयका कर्मचारीः
    - सचिवालय सचिव सुदर्शन खड्का
    - उपसचिव (लेखा) प्रेमचन्द्र भुषाल

**International Study Programme for Parliamentary Staff of Second Chambers**

- मितिः 14 – 18 October, 2024
- स्थानः Berlin, Germany
- संघीय संसद सचिवालयका कर्मचारीः
    - सहसचिव मनोज कुमार गिरी

## २. विदेशी प्रतिनिधिमण्डलको नेपाल भ्रमण

**Japanese Parliamentary Delegation's visit to Nepal**

- मितिः 27 – 30 July, 2024
- भ्रमण दलका सदस्य
    - Hon. Mr. TAKEBE Arata
    - Hon. Mr. MAKIHARA Hideki
    - Hon. Mr. MICHISIMA Daiki
    - Hon. Mr. OGUCHI Yoshinori
    - Mr. TACHIBANA Hiroki
    - Mr. UEHARA Ryu
    - Mr. UEDA Kuniaki

## ३. शिष्टाचार भेटघाट

### स्वीस राजदूतसँग भेटघाट

- मितिः २०८१ साउन २
- स्थानः सम्माननीय सभामुखको कार्यकक्ष
- विवरणः प्रतिनिधि सभाका सम्माननीय सभामुखसँग नेपालका लागि स्वीस राजदूत H.E. DR. Danielle Meuwly को शिष्टाचार भेटघाट

### अष्ट्रेलियन राजदूतसँग भेटघाट

- मितिः २०८१ साउन १६
- स्थानः सम्माननीय सभामुखको कार्यकक्ष
- विवरणः प्रतिनिधि सभाका सम्माननीय सभामुखसँग नेपालका लागि अष्ट्रेलियाका राजदूत H.E. Ms. Felicity Jane Volk को शिष्टाचार भेटघाट

### चिनीयाँ राजदूतसँग भेटघाट

- मितिः २०८१ भदौ ५
- स्थानः सम्माननीय अध्यक्षको कार्यकक्ष
- विवरणः राष्ट्रिय सभाका सम्माननीय अध्यक्षसँग जनवादी गणतन्त्र चीनका राजदूत H.E. Mr. Chen Song को शिष्टाचार भेटघाट

**पाकिस्तानी राजदूतसँग भेटघाट (सभामुख)**

- मितिः २०८१ भदौ २३
- स्थानः सम्माननीय सभामुखको कार्यकक्ष
- विवरणः प्रतिनिधि सभाका सम्माननीय सभामुखसँग नेपालका लागि पाकिस्तानका राजदूत H.E. Mr. Abrar H. Hasmi को शिष्टाचार भेटघाट

**पाकिस्तानी राजदूतसँग भेटघाट (अध्यक्ष)**

- मितिः २०८१ भदौ २४
- स्थानः सम्माननीय अध्यक्षको कार्यकक्ष
- विवरणः राष्ट्रिय सभाका सम्माननीय अध्यक्षसँग नेपालका लागि पाकिस्तानका राजदूत H.E. Mr. Abrar H. Hasmi को शिष्टाचार भेटघाट

**रसियन राजदूतसँग भेटघाट**

- मितिः २०८१ असोज २२
- स्थानः सम्माननीय अध्यक्षको कार्यकक्ष
- विवरणः राष्ट्रिय सभाका सम्माननीय अध्यक्षसँग नेपालका लागि रसियाका राजदूत H.E Mr. Aleksei Novikov को शिष्टाचार भेटघाट

**४. संसदीय मैत्री समूहका गतिविधि**

**२०८१ साउन १४**

- नेपाल - जापान संसदीय मैत्री समूहले नेपाल भ्रमणमा रहेको जापानी प्रतिनिधिमण्डलसँग एभरेस्ट होटल लिमिटेडमा अन्तरक्रिया गरी दिवाभोज समेत आयोजना गरेको

५. कूटनीतिक राहदानी सिफारिस

| सभा | यस त्रैमासमा | हालसम्म |
|---|---|---|
| प्रतिनिधि सभा सदस्य | ५ | १६४ (२०७९/०९/०७ देखि) |
| राष्ट्रिय सभा सदस्य | ३ | ९० (२०७४/११/२० देखि) |

## २.१.९ प्रविधि व्यवस्थापन महाशाखा

यस महाशाखा अन्तर्गत सूचना प्रविधि शाखा, श्रव्य दृश्य शाखा, विद्युत शाखा र मुद्रण तथा प्रकाशन शाखा रहेका छन्।

### २.१.९.१ सूचना प्रविधि शाखा

२०८१ साल साउन १ गतेदेखि असोज मसान्तसम्ममा यस शाखाबाट सम्पादित मुख्य मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

- संघीय संसद सचिवालय सिंहदरबार र संसद भवन नयाँ बानेश्वरमा इन्टरनेट र नेटवर्किङ सञ्चालन र व्यवस्थापन सम्बन्धी नियमित कार्यहरू गरेको,
- विभिन्न समिति, महाशाखा र शाखालाई Website मा सामग्रीहरू व्यवस्थापन र प्राविधिक समस्याहरूको समाधान तथा परामर्श सम्बन्धी नियमित कार्य गरेको,
- संसदका पदाधिकारी, सदस्य तथा कर्मचारीहरूको सरकारी डोमेनमा सञ्चालित Email Account व्यवस्थापन सम्बन्धी कार्य गरेको,
- Web SMS System मा Contact Management र प्राविधिक सहयोग तथा परामर्श सम्बन्धी नियमित कार्य गरेको,
- सचिवालयका कम्प्युटरहरूलाई भाइरसहरूबाट सुरक्षित गर्न Endpoint Security Installation सम्बन्धी कार्य गरेको,
- संघीय संसदका पदाधिकारी सहभागी हुने विभिन्न मितिमा Online conference/meeting को सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य गरेको।
- सचिवालयमा खरिद हुने कम्प्युटर र नेटवर्किङ सामग्रीहरूको स्पेसिफिकेशन तयार गर्ने र सामग्री खरिद भइसकेपछि स्पेसिफिकेशन बमोजिम ठीक भए नभएको चेकजाँच गरेको।

### २.१.९.२ विद्युत शाखा

२०८१ साल साउन १ गतेदेखि असोज मसान्तसम्ममा यस शाखाबाट सम्पादित मुख्य मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

- सम्माननीय सभामुख, सम्माननीय अध्यक्ष, माननीय उपसभामुख, माननीय उपाध्यक्ष, महासचिव, सचिवहरूको कार्यकक्ष, महाशाखाहरू, शाखाहरू, संसदीय दलहरूको कार्यालयहरू र सचिवालय परिसरमा विद्युत मर्मत तथा सुधार कार्य गरेको
- विद्युत आपूर्ति नभएको बेला जेनेरेटर सञ्चालन गरेको
- सभा तथा समितिहरू सञ्चालनका बखत विद्युत आपूर्ति तथा विद्युत सुरक्षा सम्बन्धित कार्य गरेको
- जेनेरेटरहरूको सर्भिसिङ्ग गरेको
- ट्रान्सफर्मरहरूको सर्भिसिङ्ग गरेको
- विद्युतीय उपकरणहरूको Routine supervision तथा Preventive Maintenance गरेको
- विद्युत आपूर्तिको समुचित व्यवस्थापन गरेको

<u>सचिवालयमा रहेको मिटरहरू</u>

| | | |
|---|---|---|
| १. | मुख्य मिटर सचिवालयको | २२-१०-२०६ |
| २. | ने. का. पा.एमाले संसदीय दलको कार्यालयमा | २२-२७-२०२ |
| ३. | ने. का. संसदीय दल को कार्यालयमा | २२-२७-२०१ |
| ४. | पूर्व संसद मञ्चमा | २२-२७-२११ |

### २.१.९.३ मुद्रण तथा प्रकाशन शाखा

२०८१ साउन १ देखि असोज मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छः

- संघीय संसद सचिवालयको लेटर हेड छपाई
- बिदाको निवेदन छपाई
- शिक्षा तथा स्वास्थ्य समितिको छपाई

- सहकारी संसदीय छानवीन बिशेष समितिको प्रतिवेदन छपाई
- प्रतिनिधि सभाका समितिहरू, राष्ट्रिय सभाका समितिहरू र सचिवालयको लेटर हेड छपाई
- "राष्ट्रिय सभाका छ बर्ष" छपाई
- संसद जर्नल छपाई
- उधोग वाणिज्य तथा श्रम र रोजगार समितिको प्रतिवेदन छपाई
- संसद दर्पण छपाई
- अन्य विविध छपाई

## २.१.९.४ श्रव्य/दृश्य शाखा

२०८१ साउन १ देखि असोज मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छः

- सभा/समितिहरूको बैठकमा Audio/video रेकर्डिङ गरिएको।
- सभा/समितिहरूको बैठकमा रेकर्डिङ्ग गरेको सम्पूर्ण सामग्रीहरूको उचित भण्डारण गरिएको।
- सभा/समितिहरू बैठकमा गरेका गतिविधिहरूको श्रव्यदृश्य सामग्री तयार गरिएको।
- सभा तथा समितिहरूमा खिचिएका श्रव्यदृश्य सामग्री सम्पादन गरिएको।
- सम्पादित भिडियोहरूलाई व्यवस्थित रुपले भण्डारण गरिएको।
- प्रक्रिया बमोजिम आएका सम्पादित सामग्री माग भए बमोजिम उपलब्ध गराइएको।
- सम्पादित सामग्रीहरूलाई आवश्यक्ता अनुसार प्रसारण योग्य बनाइएको।
- सभाको निर्देशन बमोजिम भिडियो सामग्री सम्पादन गरी वितरणको व्यवस्था मिलाइएको।
- Youtube live बाट सभा तथा समितिहरूमा खिचिएका श्रव्यदृश्य सामग्री प्रत्यक्ष प्रसारण गरिएको।

- इलेक्ट्रोनिक्स सामानहरूको प्राविधिक Specification तयार गरिएको।
- ICC मा जडान तथा मर्मत गरिएका Conference system, broadcasting system, audio video system सँग सम्बन्धित र सचिवालयको Scope मा पर्ने प्रविधिक पक्षको Day to day supervision तथा Preventive maintenance गरिएको।
- विभिन्न समितिहरूका सभा हलमा जडित Audio conference system मा आएका समस्याहरू Troubleshoot गरी निराकरण गरिएको।
- शाखाको कामसँग सम्बन्धित सूचना, तथ्याङ्क, कागजात, परिपत्र तथा आदेश, निर्णयहरूका अभिलेख अद्यावधिक गरिएको।
- आफ्नो शाखामा रहेका फाइल तथा अन्य कागजातहरूको अभिलेख राखिएको।

### २.१.१० कानूनी परामर्श महाशाखा

यस महाशाखा अन्तर्गत कानुनी परामर्श शाखा रहेको छ।

### २.१.१०.१ कानूनी परामर्श शाखा

२०८१ साउन १ देखि असोज मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छः

- विभिन्न विषयहरूका १० (दश) थान रिट निवेदनको लिखित जवाफ सम्बन्धित अदालतहरूमा प्रेषित गरिएको।
- अन्तरिम आदेश छलफलको लागि प्राप्त १ (एक) थान रिट निवेदनमा यस सचिवालयको तर्फबाट बहस पैरवी (प्रतिरक्षा) गर्नका लागि उच्च सरकारी वकिल कार्यालयमा पठाइएको।
- संघीय संसद् सचिवालयको महासचिवसमेत विपक्षी रहेको रिट नं. ०८०-WO-०८९८ मा सम्मानित सर्वोच्च अदालतबाट भएको फैसला पुनरावलोकनका लागि महान्यायाधिवक्ता कार्यालयमार्फत सर्वोच्च अदालतमा पुनरावलोकन निवेदन थान १ (एक) पठाइएको ।

- विभिन्न प्रकारका २ (दुई) थान सूचना कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सम्पादन गरी नेपाल राजपत्रमा सूचना प्रकाशनार्थ मुद्रण विभागमा पठाइएको।
- साथै, यस महाशाखाबाट सम्पादन हुने अन्य दैनिक कार्यहरू, आन्तरिक र बाह्य पत्राचारहरू, समन्वय तथा कानुनी परामर्शलगायतका कार्यहरू निरन्तर रुपमा सम्पादन गरिएको।

## २.१.११ संसदीय अध्ययन तथा अनुसन्धान महाशाखा

यस महाशाखा अन्तर्गत संसदीय अध्ययन तथा अनुसन्धान शाखा, पुस्तकालय शाखा, प्रत्यायोजित व्यवस्थापन अध्ययन शाखा र नागरिक सम्बन्ध शाखा रहेका छन्।

### २.१.११.१ संसदीय अध्ययन तथा अनुसन्धान शाखा

२०८१ साउन १ देखि असोज मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छः

- संसदमा प्रस्तुत गरिने विचार तथा अभिव्यक्तिहरूलाई सहयोग पुग्ने गरी तथ्य पुस्तिका (Fact Sheet) को प्रकाशनका लागि कार्य प्रारम्भ भएको छ।
- संसदीय निगरानी सम्बन्धी नीति, कार्यविधि र मापदण्ड निर्माण सम्बन्धी कार्यको थालनी भएको छ।

### २.१.११.२ पुस्तकालय शाखा

२०८१ साउन १ देखि असोज मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

- पुस्तकालय दिवस कार्यक्रम सम्पन्न गरिएको ।
- पुस्तकालयमा उपलब्ध  पुस्तकहरूको वर्गीकरण, वर्कसिट भर्ने, पुस्तक डाटाबेसमा इन्ट्रि गर्ने, प्रत्येक पुस्तकमा बारकोड लेवल टाँस्ने कार्य तथा उक्त पुस्तकहरूलाई पुस्तक दराजमा कोड नम्वर अनुसार सेल्भिङ गरिएको।

- राजपत्र  र अन्य पत्रपत्रिकाहरू नियमित रुपमा सचिवालयका विभिन्न स्थान तथा पदाधिकारीहरूकोमा वितरण गर्ने कार्य गरिएको।
- विभिन्न संवैधानिक निकायहरू तथा आयोगहरूका प्रतिवेदनहरू संकलन गरिएको ।
- सम्पूर्ण विवरण, सचिवालयका विभिन्न समितिका प्रतिवेदनहरू, पत्रपत्रिकाहरू र पुस्तकहरू अध्ययन गर्न पुस्तकालयमा आउने सचिवालयका कर्मचारी तथा माननीय सदस्यहरू र अन्य बाहिरी निकायबाट आउनुहुने पुस्तकालय प्रयोगकर्ताहरूलाई नियमित रुपमा सेवा पुर्याएको ।
- पुस्तकालयमा भएका पुराना तथा घामले रङ खुलिएका पुस्तकहरूको पुन नयाँ स्टिकर टाँस्ने र पुस्तक सरसफाइ गरेर पुस्तक दराजमा राख्ने कार्य गरिएको।
- पुस्तकहरूको सूचीकरण अद्यावधिक गरिएको।
- पुस्तकालयमा भएका वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनहरूको कम्प्यूटरमा सूची तयार गरिएको ।
- सचिवालयका कर्मचारीहरू तथा माननीय सदस्यहरूलाई पुस्तक आदनप्रदान गर्ने कार्य गरिएको।
- अन्य मन्त्रालयहरू एवम् विभाग तथा आयोगहरूका प्रकाशनहरू सङ्कलन गरी पुस्तकालयमा राखिएको।
- विभिन्न संसदीय छानवीन समितिहरूले विभिन्न समयमा सचिवालयमा बुझाएका प्रतिवेदनहरू अध्ययनको लागि पुस्तकालयमा राखिएको।

### २.१.११.३ नागरिक सम्बन्ध शाखा

२०८१ साउन १ देखि असोज मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य मुख्य कार्यहरूको संक्षिप्त विवरण यसप्रकार छ :

- रेडियो प्रसार विकास समिति र संघीय संसद सचिवालयको नागरिक सम्बन्ध शाखाबीच भएको सम्झौता बमोजिम असार मसान्तसम्म प्रत्येक हप्ताको शुक्रबारको बिहान ७ बजेको रेडियो नेपालको समाचारपछि १५ मिनेट (७:१५ देखि ७:४० सम्म) संसद गतिविधि सम्बन्धी कार्यक्रम प्रशारण भएको छ । कार्यक्रममा संघीय

संसदमा भएका महत्वपूर्ण छलफल सम्बन्धी विषय, समिति एवं सदनबाट पारित विधेयक एवं सो विधेयकका निहित महत्वपूर्ण विषयहरू, संसदको बैठक सम्बन्धी विषय, विशिष्ट व्यक्तिहरूसँगको सचिवालयबाट भए गरेका महत्वपूर्ण छलफल लगायत विभिन्न विषयहरू प्रसारण भएको ।

- नेपाल टेलिभिजन र संघीय संसद सचिवालयको नागरिक सम्बन्ध शाखाबीच मिति २०८१।०२।१७ गते भएको "संसद गतिविधि टेलिभिजन कार्यक्रम उत्पादन तथा प्रसारण" सम्बन्धी सम्झौता बमोजिम हरेक आइतबार बेलुका ३० मिनेट (७:२५ देखि ७:५५ सम्म) संसद गतिविधि सम्बन्धी कार्यक्रम प्रसारण भइरहेको छ । कार्यक्रममा संघीय संसदमा भएका महत्वपूर्ण छलफल सम्बन्धी विषय, समिति एवं सदनबाट पारित विधेयक एवं सो विधेयकका निहित महत्वपूर्ण विषयहरू, संसदको बैठक सम्बन्धी विषय, विशिष्ट व्यक्तिहरूसँगको सचिवालयबाट भए गरेका महत्वपूर्ण छलफल लगायत विभिन्न विषयहरू प्रसारण भइरहेको छ ।
- प्रतिनिधि सभाको २०८१ साउन १ देखि असोज मसान्तसम्मको बसेको बैठकमा विभिन्न विद्यालय तथा कलेजका ४,२२० जना विद्यार्थीले अवलोकन गरेका छन् । यसको लागि शाखाबाट सहजीकरण गरिएको छ ।

## २.१.१२ मानव संसाधन विकास महाशाखा

यस महाशाखा अन्तर्गत संसदीय प्रशिक्षण शाखा, कर्मचारी प्रशिक्षण शाखा, योजना तथा सङ्गठन विकास शाखा र प्रदेश सभा सम्पर्क तथा समन्वय शाखा रहेका छन्।

### २.१.१२.१ संसदीय प्रशिक्षण शाखा

२०८१ साउन १ देखि असोज मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छः

**२०८१ साउन ४**

- संघीय संसदका विषयगत समितिका सभापति तथा सचिवहरूका लागि समिति प्रणाली, कानून निर्माण र संसदीय निगरानीसम्बन्धी अन्तरक्रियात्मक अनुशिक्षण कार्यक्रम UNDP को सहकार्यमा सञ्चालन गरेको।

**२०८१ साउन ११ र १२**

- संघीय संसद राष्ट्रिय सभाका पदाधिकारी र सञ्चारकर्मीबीच अन्तरक्रिया एवम सञ्चारकर्मीका क्षमता अभिवृध्दि कार्यक्रम UNDP को सहकार्यमा सञ्चालन गरेको।

**२०८१ साउन ३२ र भदौ १**

- संघीय संसदका महिला तथा सीमान्तकृत समुदायका ह्वीपहरूका बीच अन्तरक्रियात्मक अनुभव आदान-प्रदान कार्यक्रम UNDP को सहकार्यमा सञ्चालन गरेको।

**२०८१ भदौ ११**

- संसदीय प्रभावकारिता सम्बन्धी अन्तरसम्वाद कार्यक्रम UNDP को सहकार्यमा सञ्चालन गरेको।

**२०८१ भदौ २०**

- "The Governance of Digital Platforms Emerging Trends and Good Practices"
- United Nations Educational, Scientific and Cultural Organization (UNESCO) को सहकार्य र फ्रिडम फोरमको समन्वयमा काठमाण्डौमा UNDP को सहकार्यमा सञ्चालन गरेको।

## २.१.१२.२ कर्मचारी प्रशिक्षण शाखा

२०८१ साउन १ देखि असोज मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छः

**२०८१ साउन १८**

- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा SEDP मा सहसचिव श्री एकराम गिरीलाई मनोनयन गरिएको।

**२०८१ साउन २५**

- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा Refresher's Program को लागि शाखा अधिकृत श्री सदन राई, शाखा अधिकृत श्री पवन महतलाई मनोनयन गरिएको।

**२०८१ भदौ १३**

- संघीय संसद सचिवालयमा नव-प्रवेशी राजपत्र अनङ्कित कर्मचारीहरूका लागि मिति २०८१/०५/१६ गतेदेखि २०८१/०५/१९ गतेसम्म अभिमुखीकरण कार्यक्रम गर्ने निर्णय भएको।

**२०८१ भदौ १७**

- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानमा ३० कार्यदिनको सेवाकालीन प्रशिक्षणमा ना.सु. श्री सकुन्तला भट्ट, ना.सु. श्री रेणुका सुवेदी, ना.सु. श्री चन्द्रा पौडेललाई मनोनयन गरिएको।

**२०८१ भदौ २५**

- शाखा अधिकृतहरूका लागि मिति २०८१/०५/२७ गतेदेखि पाँच कार्यदिनको नैतिकता, सदाचार, उत्तरदायित्व र प्रभावकारी सेवा प्रवाह सम्बन्धी क्षमता विकास तालिम गर्ने निर्णय भएको।

**२०८१ असोज ९**

- शाखा अधिकृतहरूका लागि मिति २०८१/०६/११ गतेदेखि पाँच कार्यदिनको नैतिकता, सदाचार, उत्तरदायित्व र प्रभावकारी सेवा प्रवाह सम्बन्धी क्षमता विकास तालिम गर्ने निर्णय भएको।

**२०८१ असोज ११**

- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानमा ७ कार्यदिनको व्यक्तित्व विकास र कार्यालय सञ्चालन सेवा प्रवेश प्रशिक्षणको लागि खरिदार श्री पूजा ठगुन्ना र खरिदार श्री इन्द्र कुमार राईलाई मनोनयन गरिएको।

### २०८१ असोज २०

- Seminar on Application of Information and Communication Technologies in Public Security for BRI partners कार्यक्रममा चीनको लागि सिनियर इलेक्ट्रोनिक्स ईन्जिनियर श्री रविन्द्र रिजाललाई मनोनयन गरिएको।

### २०८१ असोज २०

- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा SEDP मा सहसचिव श्री सीता काफ्ले (वाग्ले)लाई मनोनयन गरिएको।

### २०८१ असोज २३

- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा Refresher's Program को लागि शाखा अधिकृत श्री विकास श्रेष्ठ, शाखा अधिकृत श्री विनुका शेर्पालाई मनोनयन गरिएको।
- The Project For Human Development Scholarhip Japa Grant Aid (JDS) को लागि शाखा अधिकृतहरू श्री रोशन तण्डुकार, श्री सपना सापकोटा, प्रविन राई, श्री नवीन भट्टराई, श्री सरस्वती रिजाल, श्री विकास श्रेष्ठ, श्री बिनुका शेर्पा, श्री निरज दाहाल, श्री सविता खनाललाई मनोनयन गरिएको।

# खण्ड-तीन
# विविध

## ३.१.१ पूर्वाधार विकास समितिको परिचय

### विश्व परिवेश

संसदीय व्यवस्थाको जननीको रूपमा बेलायतलाई लिने गरिन्छ। संसदीय व्यवस्थाको विकासमा "म्याग्नाकार्टा" (सन १२१५) को महत्वपूर्ण योगदान रहेको मान्न सकिन्छ।"म्याग्नाकार्टा"ले राजा र जनताको अधिकार र कर्तव्यहरूलाई स्पष्ट गरे लगत्तै बेलायतले समय क्रमसंगै आधुनिक संसदीय प्रणालीको विकासमा फड्को मारेको देखिन्छ।संसदीय प्रणालीको विकासक्रमका आयामहरू अन्य देशहरूको लागि संसदीय नमुनाको रूपमा विकास हुँदै आएको पनि पाइन्छ।

बेलायतको संसदमा सन् १८५७ मा पहिलो पटक संसदीय समितिहरूको गठन गरी समिति प्रणालीको अभ्यास शुरू भएको थियो। त्यतिबेला समितिहरू विशेष गरी विधेयकहरू अध्ययन गर्न र संसदमा प्रस्तुत गर्न गठन गरिन्थे।समिति गठनको उद्देश्य भनेको ठूला र जटिल विषयहरूलाई गहन ढंगले छलफल गर्ने र संसदलाई आवश्यक

परेको समयमा सहयोग गर्ने रहेको थियो। साथै जनताका चासोलाई सरकार समक्ष प्रस्तुत गर्ने माध्यमको रुपमा संसदीय समितिलाई लिने गरिन्छ।

संसदीय समितिले सरकारलाई मात्र होइन, निजी क्षेत्र र अन्य संस्थाहरूलाई पनि जिम्मेवार बनाउनुका अतिरिक्त प्राविधिक र जटिल विषयहरूमा विशेषज्ञहरूसँग छलफल गरी व्यवस्थापकीय पाटोलाई मजबुत बनाउन मद्वत पुऱ्याउँदछ।

## नेपालमा पूर्वाधार विकास समितिको विकासक्रम

प्रतिनिधि सभाका कार्यहरूलाई व्यवस्थित र प्रभावकारी ढंगबाट सम्पादन गर्न र सदस्यहरूलाई मुलुकको शासनमा बढी मात्रामा सहभागी गराउने प्रयोजनका लागि संसदमा विषयगत समितिहरू गठन गरिएको हुन्छ। कानूनले तोकिए बमोजिम विषयगत समितिको कार्यक्षेत्र रहेको हुन्छ। समितिको कार्यक्षेत्र नेपाल अधिराज्यको संविधान, २०१५ बमोजिम गठित पहिलो संसद, नेपालको संविधान, २०१९ अनुसारका विभिन्न समयका राष्ट्रिय पञ्चायत नियमावली देखि प्रतिनिधि सभा नियमावली, २०७९ सम्म विभिन्न कालखण्डमा फरक फरक र कतिपय अवस्थामा समान रहेको पाइन्छ।

## नेपाल अधिराज्यको संविधान, २०१५ (पहिलो प्रतिनिधि सभा)

२०१५ सालको संसदमा विकास समिति नामक संसदीय समिति नभएता पनि हाल विकास समितिको क्षेत्रमा पर्ने जलचरहरूको संरक्षण र तत्सम्बन्धी अरु कुराहरूको व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन तत्कालीन मन्त्री प्रेमराज आंगदम्बेले प्रवर समितिले पारित गरी सभा समक्ष प्रस्तुत गर्नु भएको थियो।

## नेपालको संविधान, २०१९

यो संविधानले एक निर्दलीय पञ्चायती व्यवस्था अंगालेको थियो।संविधान बमोजिम राष्ट्रिय पञ्चायत नामक एक संसद गठन भएको थियो।उक्त राष्ट्रिय पञ्चायतमा संसदीय समितिको रुपमा "निर्देशक समिति" गठन गरी राष्ट्रिय पञ्चायतका अध्यक्षलाई काम कारवाहीमा सहयोग पुऱ्याउने थियो।

तत्कालीन समयमा पूर्ण सदनबाट नै विधेयकहरू छलफल गरी पारित गर्ने गरेको पाइन्छ। राष्ट्रिय पञ्चायतलाई आवश्यक परेको खण्डमा विधेयक निर्देशक समितिमा पठाउन सकिने व्यवस्था रहेको पाइन्छ।

## नेपालको संविधान, २०१९ मा दोस्रो संशोधन

वि.स. २०३२ मा नेपालको संविधान २०१९ मा दोस्रो संशोधन गरी राष्ट्रिय पञ्चायतको तत्कालीन समिति प्रणालीमा परिमार्जन गरियो।२०३२ साल भन्दा अगाडि विषयगत समिति नरहेता पनि सो पछि कानूनी व्यवस्था गरी लेखा समिति र अनुमान समितिको व्यवस्था गरिएको थियो।

## राष्ट्रिय पञ्चायत नियमावली, २०४०

समितिको गठनः-

राष्ट्रिय पञ्चायतमा नेपालको संविधान, २०१९ को धारा ४१ क. बमोजिम राष्ट्रिय पञ्चायतका सदस्यहरूलाई मुलुकका शासनमा बढी मात्रामा सरिक गराउने उद्देश्यले राष्ट्रिय पञ्चायत नियमावली, २०४० को नियम ११८ मा विभिन्न ६ वटा समितिहरू मध्ये विकास समिति एक महत्वपूर्ण समिति रहेको थियो। प्रत्येक समितिमा सो समितिको विषयसित सम्बन्धित मन्त्री लगायत बढीमा २५ जनासम्म सदस्यहरू रहने व्यवस्था रहेको थियो।

राष्ट्रिय पञ्चायतमा विकास समितिको कार्यक्षेत्र उद्योग, निर्माण यातायात, आवास, भौतिक योजना, पर्यटन र श्रम मन्त्रालय रहेका थिए।समिति २ वर्ष ६ महिनाको निमित्त गठन हुने र त्यस्तो अवधिको गणना गर्दा समिति गठन भएको मितिले गरिने व्यवस्था रहेको थियो। राष्ट्रिय पञ्चायतका अध्यक्षले समितिका सदस्यहरूमा आवश्यकता अनुसार हेरफेर गर्न थपघट गर्न सक्ने व्यवस्था रहेको थियो।

**प्रतिनिधि सभा कार्यकाल वि. सं. २०४८ देखि २०५१ सम्म**

समितिको गठनः-

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४४ मा प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदन सहितको एक व्यवस्थापिका रहने व्यवस्था थियो। संविधानको धारा ६४ मा प्रतिनिधि सभा अन्तर्गत ७ वटा विषयगत समिति र आवश्यकता अनुसार अन्य समितिहरू गठन गर्न सकिने प्रावधान बमोजिम प्रतिनिधि सभा नियमावली, २०४८ को नियम १८२ मा विकास तथा सञ्चार समितिको व्यवस्था गरिएको थियो। प्रत्येक समितिमा सभामुखले सभाको सहमति लिई पदेन सदस्य सहित बढीमा पच्चीस जना सदस्यहरू मनोनित गर्न सक्ने र समितिको विषयसित सम्बन्धित मन्त्री सो समितिको पदेन सदस्य रहने व्यवस्था थियो।

विकास तथा सञ्चार समितिको कार्यक्षेत्र आवास, भौतिक, योजना निर्माण, यातायात, सञ्चार, उद्योग, पर्यटन, आपूर्ति, वाणिज्य र स्थानीय विकास मन्त्रालयहरू रहेका थिए। समितिको कार्यावधि संसद कालभरको लागि हुने र प्रत्येक वार्षिक अधिवेशनमा समितिका बढीमा एक चौथाई सदस्यहरू सभामुखले सभाको सहमतिमा हेरफेर वा थपघट गर्न सक्ने व्यवस्था रहेको थियो।

समितिमा छलफलको लागि दश वटा विधेयक प्रतिनिधि सभाबाट पठाइएकोमा समितिबाट सबै विधेयक माथि छलफल गरी समितिले सभा समक्ष विधेयकको प्रतिवेदन पेश गरेको थियो।

वि.स. २०४८ भदौ २७ गते माननीय श्रीमती लीला कोइराला विकास तथा सञ्चार समितिको सभापतिमा निर्वाचित हुनुभएको थियो। समितिका माननीय सदस्यहरूको नामावली देहाय बमोजिम रहेको थियो :-

- माननीय सदस्य अमिक शेरचन
- माननीय सदस्य ओमकारप्रसाद गौचन
- माननीय सदस्य किरण गुरुङ्ग
- माननीय सदस्य कृष्णराज श्रेष्ठ
- माननीय सदस्य छविप्रसाद देवकोटा
- माननीय सदस्य जीत वीर तामाङ लामा

- माननीय सदस्य तारिणीदत्त चटौत
- माननीय सदस्य थममाया थापा
- माननीय सदस्य परशुराम मेघी गुरुङ
- माननीय सदस्य पाल्तेन गुरुङ
- माननीय सदस्य पूर्णबहादुर खड्का
- माननीय सदस्य बलबहादुर के.सी.
- माननीय सदस्य भीमबहादुर श्रेष्ठ
- माननीय सदस्य मिर्जा दिलसाद बेग
- माननीय सदस्य मीठाराम शर्मा बजगाई
- माननीय सदस्य राजेन्द्रप्रसाद पाण्डे
- माननीय सदस्य रामकृष्ण उपाध्याय आचार्य
- माननीय सदस्य लक्ष्मीनारायण चौधरी
- माननीय सदस्य वरमन बुढा
- माननीय सदस्य विजयकुमार गच्छदार
- माननीय सदस्य सलीम मियाँ अन्सारी

**द्वितीय प्रतिनिधि सभा वि. सं. २०५१ देखि २०५५ सम्म (आठौं अधिवेशनदेखि पन्ध्रौं अधिवेशनसम्म)**

समितिको गठनः-

प्रतिनिधि सभाको कार्यलाई व्यवस्थित र प्रभावकारी ढंगबाट सञ्चालन गर्न विषयगत समितिहरूको व्यवस्था रहेको थियो। प्रचलित प्रतिनिधि सभा नियमावली बमोजिम विषयगत समितिमा सभामुखले सभाको सहमति लिई पदेन सदस्यहरू मनोनित गर्न सक्ने कानूनी व्यवस्था थियो। प्रधानमन्त्री सबै समितिको र समितिको कार्यक्षेत्रसित सम्बन्धित मन्त्री सो समितिको पदेन सदस्य हुने व्यवस्था गरिएको थियो। समितिका माननीय सदस्यहरूको नामावली देहाय बमोजिम रहेको थियो।

- माननीय सदस्य अनिस अन्सारी
- माननीय सदस्य आशाकाजी वासुकला
- माननीय सदस्य कमलराज श्रेष्ठ
- माननीय सदस्य गोपालजीजंग शाह
- माननीय सदस्य जगदीशप्रसाद कुशियैत
- माननीय सदस्य तुलबहादुर गुरुङ्ग
- माननीय सदस्य ध्रुवराज लम्साल
- माननीय सदस्य महेन्द्र यादव
- माननीय सदस्य रकम चेम्जोङ्ग
- माननीय सदस्य रघुजी पन्त
- माननीय सदस्य राजेन्द्र प्रसाद पाण्डे
- माननीय सदस्य रामविलास यादव
- माननीय सदस्य रेवतीप्रसाद भुसाल
- माननीय सदस्य शान्तिशम्शेर राणा
- माननीय सदस्य हरिनाथ वास्तोला
- माननीय सदस्य हस्तबहादुर मल्ल

विकास समितिको कार्यक्षेत्र निर्माण, यातायात, स्थानीय विकास, विज्ञान तथा प्रविधि, सूचना र सञ्चारसँग सम्बन्धित विषयहरू रहेका थिए। समितिको कार्यावधि संसद कालभरको लागि हुने र प्रत्येक वार्षिक अधिवेशनमा समितिका बढीमा एक चौथाई सदस्यहरू सभामुखले सभाको सहमतिमा हेरफेर वा थपघट गर्न सक्ने व्यवस्था रहेको थियो।

यस अवधिमा विकास समितिमा छलफलको लागि प्रतिनिधि सभाले २१ वटा विधेयक पठाएकोमा समितिबाट प्रतिवेदन सहित सभामा ६ वटा विधेयकहरू पेश भएका थिए।

वि.सं. २०५१ माघ ११ गते माननीय प्रेम बहादुर भण्डारीको सभापतित्वमा १६ सदस्ययीय विकास समितिको गठन भएको थियो। समितिका माननीय सदस्यहरूको नामावली देहाय बमोजिम रहेको छः-

**तृतीय प्रतिनिधि सभा वि. सं. २०५६ देखि २०५९ सम्म (सोह्रौं अधिवेशनदेखि एक्काइसौं अधिवेशनसम्म)**

**समितिको गठनः**

प्रतिनिधि सभाको कार्यलाई व्यवस्थित र प्रभावकारी ढंगबाट सञ्चालन गर्न विषयगत समितिहरूको व्यवस्था रहेको थियो। प्रचलित प्रतिनिधि सभाको नियमावली बमोजिम समितिमा सभामुखले सभाको सहमति लिई पदेन सदस्यहरू मनोनित गर्न सक्ने व्यवस्था थियो। प्रधानमन्त्री सबै समितिको र समितिको कार्यक्षेत्रसित सम्बन्धित मन्त्री सो समितिको पदेन सदस्य हुने व्यवस्था गरिएको थियो।

यस समितिमा प्रतिनिधि सभाबाट छलफलका लागि एउटा विधेयक पठाइएकोमा सो विधेयकमाथि छलफल गरी समितिले सभामा प्रतिवेदन समेत पेश गरिएको थियो।

विकास समितिको कार्यक्षेत्र निर्माण, यातायात, स्थानीय विकास, विज्ञान तथा प्रविधि, सूचना र सञ्चारसँग सम्बन्धित रहेका थिए।

वि.सं. २०५६ भदौ १६ गते माननीय श्री टंक प्रसाद राईको सभापतित्वमा १७ सदस्ययी विकास समितिको गठन भएको थियो। समितिका माननीय सदस्यहरूको नामावली देहाय बमोजिम रहेको थियो :-

- माननीय सदस्य अजयप्रताप शाह
- माननीय सदस्य कृष्णप्रसाद दाहाल
- माननीय सदस्य डम्बरसिंह सम्वाहाम्फे
- माननीय सदस्य तीर्था गौतम
- माननीय सदस्य रघुजी पन्त
- माननीय सदस्य रामचन्द्र थिवारी
- माननीय सदस्य शेरबहादुर देउवा
- माननीय सदस्य सुशीला स्वाँर
- माननीय सदस्य ज्ञानु के.सी.
- माननीय सदस्य ऋषिकेश गौतम
- माननीय सदस्य घनेन्द्र बस्नेत
- माननीय सदस्य तीर्थराम डंङ्गोल
- माननीय सदस्य दानबहादुर चौधरी
- माननीय सदस्य रामकुमार चौधरी
- माननीय सदस्य लालबाबु पण्डित
- माननीय सदस्य सुशीला नेपाल
- माननीय सदस्य हरिलाल जोशी

**पुर्नस्थापित प्रतिनिधि सभा वि. सं. २०६३ बैशाख १५ गतेदेखि २०६३ माघ १ गतेसम्म समितिको गठनः**

प्रतिनिधि सभाको मिति २०६३ को असार १ गतेको बैठकले प्रतिनिधि सभा नियमावली, २०६३ को नियम १७८ बमोजिम ९ वटा स्थायी विषयगत समितिहरू गठन गरेको थियो। जसमध्ये विकास समिति पनि एक हो। समितिको कार्यावधि संसद कालभरको लागि हुने र प्रत्येक वार्षिक अधिवेशनमा समितिका बढीमा एक चौथाई सदस्यहरू सभामुखले सभाको सहमतिमा हेरफेर वा थपघट गर्न सक्ने व्यवस्था रहेको थियो।

यस समितिको कार्यक्षेत्र भित्र निर्माण, यातायात, स्थानीय विकास, विज्ञान तथा प्रविधि, सूचना र सञ्चार विषय रहेका थिए।

भौतिक पूर्वाधार तथा विकास समितिमा सभाबाट तीन वटा विधेयकहरू छलफलका लागि पठाइएकोमा समितिले दुई वटा विधेयकहरूमाथि छलफल गरी सभा समक्ष प्रतिवेदन समेत पेश गरेको थियो। समितिमा सभामुखबाट पदेन सदस्य सहित बढीमा २५ जना

सदस्यहरू मनोनित हुने व्यवस्था रहेको थियो। समितिका माननीय सदस्यहरूको नामावली देहाय बमोजिम रहेको थियो :-

अध्यक्षः माननीय सदस्य श्री टंकप्रसाद राई

- माननीय सदस्य अजयकुमार चौरसिया बरै
- माननीय सदस्य ऋषिकेश गौतम
- माननीय सदस्य कमला पन्त (आचार्य)
- माननीय सदस्य कुन्ता शर्मा
- माननीय सदस्य केशरमान रोका
- माननीय सदस्य कृष्णचरण श्रेष्ठ
- माननीय सदस्य कृष्णप्रसाद दाहाल
- माननीय सदस्य खुमबहादुर खड्का
- माननीय सदस्य जनकराज गिरी
- माननीय सदस्य ज्ञानु के.सी.
- माननीय सदस्य दानबहादुर चौधरी
- माननीय सदस्य देवीलाल थापा
- माननीय सदस्य रघुजी पन्त
- माननीय सदस्य लालबाबु पण्डित
- माननीय सदस्य शिवराज जोशी (सुर्खेत)
- माननीय सदस्य सुशीला स्वाँर
- माननीय सदस्य हरि आचार्य
- माननीय सदस्य हरिलाल जोशी

**व्यवस्थापिका-संसद (वि. सं.२०६३–२०६४ सम्म)**

**समितिको गठनः**

पुर्नस्थापित प्रतिनिधि सभाबाट नेपालको अन्तरिम संविधान, २०६३ जारी भएपछि व्यवस्थापिका-संसदको गठन भएको थियो। नेपाल सरकारलाई व्यवस्थापिका-संसद प्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतको लागि यस अवधिमा व्यवस्थापिका-संसद अन्तर्गत भौतिक पूर्वाधार तथा विकास समिति गठन भएको थियो।

भौतिक पूर्वाधार तथा विकास समितिको कार्य क्षेत्रमा भौतिक योजना तथा निर्माण मन्त्रालय रहेको थियो।

यस समितिले कुनै पनि विधेयकमाथि छलफल गरी सभा समक्ष प्रतिवेदन दिएको सूचना पाइएन।

यस समितिको सभापति चयन भएको थिएन। समितिमा सभामुखले सभाको समितिले पदेन सदस्य सहित बढीमा २५ जना सदस्यहरू मनोनित गर्ने व्यवस्था रहेको

थियो। सोही बमोजिम सभामुखले २१ जना सदस्यहरू मनोनयन गर्नु भएको थियो। समितिका माननीय सदस्यहरूको नामावली देहाय बमोजिम रहेको थियो:-

- माननीय सदस्य अर्जुनजङ्गबहादुर सिंह
- माननीय सदस्य अशोक कोइराला
- माननीय सदस्य इन्द्रजीत थारु
- माननीय सदस्य इलियास मुसलमान
- माननीय सदस्य टंकप्रसाद राई
- माननीय सदस्य तीर्था गौतम
- माननीय सदस्य देवीलाल थापा
- माननीय सदस्य नारायणी देवी श्रेष्ठ
- माननीय सदस्य पूर्णकुमारी सुवेदी
- माननीय सदस्य बुद्धिमान माझी
- माननीय सदस्य महेन्द्रप्रसाद यादव
- माननीय सदस्य रत्नप्रसाद शर्मा न्यौपाने
- माननीय सदस्य लालबाबु पण्डित
- माननीय सदस्य शान्ति पाखिन
- माननीय सदस्य शिवराज जोशी (सुर्खेत)
- माननीय सदस्य शंकरनाथ शर्मा अधिकारी
- माननीय सदस्य सितादेवी यादव
- माननीय सदस्य हरिलाल जोशी
- माननीय सदस्य हितबहादुर तामाङ
- माननीय सदस्य हिसिला यमी
- माननीय सदस्य ज्ञानु के.सी.

**संविधान सभा (व्यवस्थापिका-संसद वि. सं. २०६५ देखि २०६९ सम्म)**

**समितिको गठनः**

अन्तरिम संविधान, २०६३ को धारा ५८ मा प्रतिनिधि सभाको नियमावलीमा व्यवस्था भए बमोजिम आवश्यक संख्यामा विषयगत समितिहरू र उपसमितिहरू रहने व्यवस्था गरिएको थियो।सोही बमोजिम संविधान सभा (व्यवस्थापिका संसदको कार्य सञ्चालन) नियमावली २०६५ को नियम ११० मा ७ वटा विषयगत समितिहरू मध्ये विकास समितिको पनि व्यवस्था गरिएको थियो। समितिको कार्यक्षेत्र भौतिक योजना तथा निर्माण मन्त्रालय, शान्ति तथा पुननिर्माण मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, स्थानीय विकास मन्त्रालय र वातावरण विज्ञान तथा प्रविधि मन्त्रालय रहेका थिए।

समितिको कार्यावधि व्यवस्थापिका-संसदको कालभरको लागि हुने र सभामुखले व्यवस्थापिका-संसदको सहमति लिई सदस्यहरूको हेरफेर वा थपघट गर्न सक्ने व्यवस्था रहेको थियो।

विधायन समिति छुट्टै रहेको हुँदा विधेयकमाथि समितिमा छलफल भएको थिएन।

प्रत्येक समितिमा सभामुखले व्यवस्थापिका-संसदको सहमति लिई पदेन सदस्य सहित बढीमा ६३ जना सदस्यहरू मनोनयन गर्ने व्यवस्था रहेको थियो। प्रधानमन्त्री सबै समितिको र समितिको कार्यक्षेत्रसित सम्बन्धित मन्त्री सो समितिको पदेन सदस्य हुने व्यवस्था रहेको थियो। वि.स. २०६५ मंसिर ३० गते माननीय माननीय सदस्य जितेन्द्र प्रसाद सोनारको सभापतित्वमा ५३ सदस्ययीय विकास समितिको गठन भएको थियो।

विकास समिति माननीय सदस्य जितेन्द्रप्रसाद सोनारको अध्यक्षतामा ५३ सदस्यीय समिति गठन भएको थियो। समितिका माननीय सदस्यहरूको नामावली देहाय बमोजिम रहेको थियोः-

- माननीय सदस्य कर्णजीत बुढाथोकी
- माननीय सदस्य केशवकुमार बुढाथोकी
- माननीय सदस्य कृष्णकुमार चौधरी
- माननीय सदस्य गमबहादुर श्रीस मगर
- माननीय सदस्य चन्द्रलाल मेचे
- माननीय सदस्य जयप्रकाश यादव
- माननीय सदस्य तारानारायण श्रेष्ठ
- माननीय सदस्य दुर्गा लिंखा
- माननीय सदस्य देवीलाल चौधरी
- माननीय सदस्य नारदमुनी राना
- माननीय सदस्य पद्मा कुमारी अर्याल
- माननीय सदस्य पूर्णकुमार शेर्मा
- माननीय सदस्य प्रकाशमान सिंह
- माननीय सदस्य मनमोहन भट्टराई
- माननीय सदस्य मानबहादुर महतो
- माननीय सदस्य मोहम्मद इस्तियाक राई
- माननीय सदस्य रमा गुरागाईं
- माननीय सदस्य कल्पना सोव
- माननीय सदस्य कौशलकुमार राय यादव
- माननीय सदस्य कृष्णप्रसाद सापकोटा
- माननीय सदस्य गोविन्दराम प्रजा
- माननीय सदस्य चलनबहादुर तामाङ्ग
- माननीय सदस्य जिवनप्रेम श्रेष्ठ
- माननीय सदस्य दिपक कार्की
- माननीय सदस्य देवराज जोशी
- माननीय सदस्य नन्दकुमार प्रसाई
- माननीय सदस्य नारायणप्रसाद अधिकारी
- माननीय सदस्य पार्वती महतो (कुमाल)
- माननीय सदस्य पूर्णप्रसाद राई
- माननीय सदस्य प्रदुमनप्रसाद चौहान
- माननीय सदस्य महेन्द्र यादव
- माननीय सदस्य मुगालाल महतो
- माननीय सदस्य यामलाल कंडेल
- माननीय सदस्य रश्मिराज नेपाली

- माननीय सदस्य राजकिशोर यादव
- माननीय सदस्य राधववीर जोशी
- माननीय सदस्य रामचन्द्र राय अमात
- माननीय सदस्य रामचरण चौधरी
- माननीय सदस्य रामबहादुर थापा मगर (उदयपुर)
- माननीय सदस्य रामरती राम
- माननीय सदस्य रेणु दाहाल
- माननीय सदस्य ललिता किङरीङ मगर
- माननीय सदस्य विश्वनाथप्रसाद यादव (निलम्बन)
- माननीय सदस्य विष्णुकुमारी राई
- माननीय सदस्य सन्तमाया तामाङ
- माननीय सदस्य सन्तोषी वि.क.
- माननीय सदस्य सोनाम छेजुङ्ग लामा
- माननीय सदस्य हरिलाल थापा मगर
- माननीय सदस्य हलिना खातुन सोखिन
- माननीय सदस्य हिसिला यमी (भट्टराई)
- माननीय सदस्य श्रामणेर आनन्द
- माननीय सदस्य ज्ञानेन्द्र कुमाल

**दोस्रो संविधान सभा वि. सं. २०७० देखि २०७२ सम्म**

यस अवधिमा संविधान सभाको मात्र कार्य भएको हुँदा संसदीय समितिहरू नरहेको पाइयो।

**रुपान्तरित व्यवस्थापिका-संसद वि. सं. २०७२ देखि २०७४ सम्म**

नेपाल सरकारलाई व्यवस्थापिका-संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन एवम् राय सल्लाह दिन समेतको लागि रुपान्तरित व्यवस्थापिका-संसद अन्तर्गत व्यवस्थापिका-संसद नियमावली, २०७३ बमोजिम १२ वटा विषयगत समिति गठन भएको थियो। जस मध्ये विकास समिति एक हो।

समितिको कार्यावधि व्यवस्थापिका-संसदको अवधिभरको लागि हुने र सभामुखले व्यवस्थापिका-संसदको सहमति लिई सदस्यहरूको हेरफेर वा थपघट गर्न सक्ने व्यवस्था रहेको थियो।

विधायन समिति छुट्टै रहेको हुँदा विधेयकमाथि समितिमा छलफल नभएको पाइन्छ।

विकास समितिमा ४६ जना माननीय सदस्यहरू रहनु भएको थियो।

यस समितिको सभापति मननीय रविन्द्र अधिकारी हुनु हुन्थ्यो। समितिका माननीय सदस्यहरूको नामावली देहाय बमोजिम रहेको थियो:-

- माननीय सदस्य अजय शंकर नायक
- माननीय सदस्य अनिता देवकोटा
- माननीय सदस्य अमृत कुमार अर्याल
- माननीय सदस्य आङटावा शेर्पा
- माननीय सदस्य इश्तियाक अहमद खान
- माननीय सदस्य कमलेश्वर पुरी गोस्वामी
- माननीय सदस्य कल्पना चौधरी
- माननीय सदस्य कल्पना सोप
- माननीय सदस्य केशव कुमार बुढाथोकी
- माननीय सदस्य गणेश कुमार पहाडी
- माननीय सदस्य गणेश सिंह ठगुन्ना
- माननीय सदस्य गुरु प्रसाद बुर्लाकोटी
- माननीय सदस्य चिनकाजी श्रेष्ठ
- माननीय सदस्य जनार्दन ढकाल
- माननीय सदस्य जानकी कुमारी साउद रावल
- माननीय सदस्य टोपबहादुर रायमाझी
- माननीय सदस्य तुलसा राना
- माननीय सदस्य दिनेश प्रसाद साह
- माननीय सदस्य दिलनाथ गिरी
- माननीय सदस्य धन बहादुर घले
- माननीय सदस्य प्रकाश शर्मा पौडेल
- माननीय सदस्य प्रेम बहादुर आले
- माननीय सदस्य बल देव बोहरा
- माननीय सदस्य बहादुर सिंह थापा
- माननीय सदस्य भक्त बहादुर विश्वकर्मा (खपाङ्गी)
- माननीय सदस्य मोहन बानियाँ
- माननीय सदस्य रन्जना कुमारी सरकार
- माननीय सदस्य रविन कोइराला
- माननीय सदस्य रामअयोध्या प्रसाद यादव
- माननीय सदस्य राम कुमार भट्टराई
- माननीय सदस्य राम कुमार राई
- माननीय सदस्य रामकृष्ण घिमिरे
- माननीय सदस्य राम चन्द्र पोखरेल
- माननीय सदस्य राजेन्द्र अमात्य
- माननीय सदस्य राजेश्वरी देवी
- माननीय सदस्य ललित जंग शाही
- माननीय सदस्य लाल बहादुर गुरुङ
- माननीय सदस्य वैजनाथ चौधरी थारु
- माननीय सदस्य शान्ता मानवी
- माननीय सदस्य शिव चन्द्र चौधरी
- माननीय सदस्य डा. शिवजी यादव
- माननीय सदस्य शैल कुमारी देवी
- माननीय सदस्य सिता गिरी (ओली)
- माननीय सदस्य सितादेवी यादव
- माननीय सदस्य हितराज पाण्डे

**संघीय संसद प्रतिनिधि सभा वि. सं.२०७४ देखि २०७९ सम्म**

नेपाल सरकारलाई प्रतिनिधि सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन एवम् सल्लाह दिन समेतको लागि प्रतिनिधि सभा नियमावली, २०७५ अन्तर्गत दश वटा विषयगत समितिहरू रहेका थिए। जस मध्ये विकास तथा प्रविधि समिति एक हो।

विकास तथा प्रविधि समितिको कार्य क्षेत्र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, खानेपानी मन्त्रालय, सहरी विकास मन्त्रालय र राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका कार्यक्षेत्र रहेका थिए।

यस समितिले पाँच वर्षे कार्यकालमा तीनवटा विधेयक पारित गरेको थियो।

समितिमा सभामुखले प्रतिनिधि सभाको सहमति लिई पदेन सदस्य बाहेक बढीमा २७ जना सदस्य मनोनयन गर्ने व्यवस्था रहेको थियो। साथै समितिको कार्यावधि प्रतिनिधि सभाको कार्यवधि भरी हुने व्यवस्था थियो।

यस समितिको सभापति माननीय श्री कल्याणी कुमारी खड्का हुनुहुन्थ्यो। समितिका माननीय सदस्यहरूको नामावली देहाय बमोजिम रहेको थियोः-

- माननीय सदस्य अनिल कुमार झा
- माननीय सदस्य आशा कुमारी वि.क.
- माननीय सदस्य ईन्दुकुमारी शर्मा
- माननीय सदस्य कमला रोका
- माननीय सदस्य केदार सिग्देल
- माननीय सदस्य गणेश कुमार पहाडी
- माननीय सदस्य गौरी शंकर चौधरी
- माननीय सदस्य जीप छिरिङ्ग लामा
- माननीय सदस्य झलनाथ खनाल
- माननीय सदस्य टेक बहादुर बस्नेत
- माननीय सदस्य टोप बहादुर रायमाझी
- माननीय सदस्य दामोदर भण्डारी
- माननीय सदस्य दुर्गा पौडेल
- माननीय सदस्य प्रभु साह
- माननीय सदस्य महिन्द्र राय यादव
- माननीय सदस्य मिनाक्षी झा
- माननीय सदस्य यज्ञ राज सुनुवार
- माननीय सदस्य रंगमती शाही
- माननीय सदस्य राजेन्द्र कुमार राई
- माननीय सदस्य राजेन्द्र प्रसाद लिंग्देन

- माननीय सदस्य राम बहादुर बिष्ट
- माननीय सदस्य बहादुर सिंह लामा (तमाङ्ग)
- माननीय सदस्य शेर बहादुर देउवा
- माननीय सदस्य लिलानाथ श्रेष्ठ
- माननीय सदस्य विना कुमारी श्रेष्ठ
- माननीय सदस्य हरिनारायण प्रसाद सा.रौनियार

**संघीय संसद प्रतिनिधि सभा वि. सं.२०७९ देखि हालसम्म**

**समितिको गठनः**

नेपाल सरकारलाई प्रतिनिधि सभा प्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिनका लागि संविधानको धारा ९७ मा प्रतिनिधि सभा र राष्ट्रिय सभाले संघीय कानून बमोजिम समितिहरू गठन गर्न सक्ने व्यवस्था रहेको छ। सोही बमोजिम प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७३ मा विभिन्न १० वटा विषयगत समितिहरूको मध्ये विकास समिति पनि रहेको छ। सोही बमोजिम नियम १७० बमोजिमका प्रत्येक समितिमा सभामुखले प्रतिनिधि सभाको सहमति लिई पदेन सदस्य बाहेक बढीमा २७ जना सदस्यहरू मनोनयन गर्ने व्यवस्था छ। साथै प्रधानमन्त्री सबै समितिको र समितिको कार्यक्षेत्रसित सम्बन्धित मन्त्री सो समितिको पदेन सदस्य हुने व्यवस्था रहेको छ। समितिको कार्यावधि प्रतिनिधि सभाको अवधिभरको लागि हुने र सभामुखले प्रतिनिधि सभाको सहमति लिई सदस्यहरूको हेरफेर वा थपघट गर्न सक्ने व्यवस्था रहेको छ।

यस समितिको कार्यक्षेत्र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, खानेपानी मन्त्रालय, सहरी विकास मन्त्रालय र सम्बद्ध विषय तथा निकाय रहेका छन्।

यस समितिमा विद्युत विधेयक, २०८० र जलस्रोत विधेयक, २०८१ विचाराधिन रहेका छन्।

वि.स. २०८० असोज ७ गते माननीय दिपक बहादुर सिंह सभापतिमा निर्वाचित हुन भएको छ। हाल यस समितिमा पदेन सदस्य बाहेक देहाय बमोजिमका माननीय सदस्यहरू रहनु भएको छ।

- माननीय सदस्य उर्मिला माझी
- माननीय सदस्य कल्पना चौधरी
- माननीय सदस्य गोकर्ण राज विष्ट
- माननीय सदस्य ठाकुर प्रसाद गैरे
- माननीय सदस्य दिनेश कुमार यादव
- माननीय सदस्य निशा डाँगी
- माननीय सदस्य प्रतिमा गौतम
- माननीय सदस्य प्रेम बहादुर महर्जन
- माननीय सदस्य महेश बस्नेत
- माननीय सदस्य मैना कार्की
- माननीय सदस्य राजेन्द्र बजगाई
- माननीय सदस्य विना लामा
- माननीय सदस्य शंकर भण्डारी
- माननीय सदस्य ऐन बहादुर शाही ठकुरी
- माननीय सदस्य खम बहादुर गर्बुजा
- माननीय सदस्य डा. चन्द्र कान्त राउत
- माननीय सदस्य दयाल बहादुर शाही
- माननीय सदस्य निर्मला कोइराला
- माननीय सदस्य प्रकाश ज्वाला
- माननीय सदस्य प्रदिप पौडेल
- माननीय सदस्य बसन्त कुमार नेम्वाङ्ग
- माननीय सदस्य माधव सापकोटा
- माननीय सदस्य राज कुमार गुप्ता
- माननीय सदस्य लालबिर चौधरी
- माननीय सदस्य शिव नेपाली
- माननीय सदस्य सुशीला श्रेष्ठ

यस समितिले समिति गठन भएदेखि २०८० साल चैत मसान्तसम्म गरेका क्रियाकलापहरूको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गरी सकेको छ। सोको विस्तृत विवरण देहायको Website बाट हेर्न सकिन्छ।

https://hr.parliament.gov.np/uploads/attachments/qxfppreog4cc8d28.pdf

**सन्दर्भ सामग्री**


नेपाल अधिराज्यको संविधान, २०४७

नेपालको अन्तरिम संविधान, २०६३

नेपालको संविधान, २०७२

राष्ट्रिय पञ्चायत नियमावली, २०४०

प्रतिनिधि सभा नियमावली, २०४८

प्रतिनिधि सभा नियमावली, २०६३

संविधानसभा (व्यवस्थापिका संसदको कार्य सञ्चालन) नियमावली, २०६५

संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०७०

प्रतिनिधि सभा नियमावली, २०७५

प्रतिनिधि सभा नियमावली, २०७९

संसदीय विवरण पुस्तिका, २०४८-२०५१

संसदीय विवरण पुस्तिका, २०५१-२०५५

संसदीय विवरण पुस्तिका, २०५६-२०५९

संसदीय विवरण पुस्तिका, २०६३-२०६४

संसदीय विवरण पुस्तिका, २०६५-२०६९

संसदीय विवरण पुस्तिका, २०७०-२०७२

संसदीय विवरण पुस्तिका,२०७२-२०७४

संसदीय विवरण पुस्तिका, २०७४-७९,

पूर्वाधार विकास समितिको वार्षिक प्रतिवेदन, २०८०

दक्षिण एसियाली संसदीय समिति प्रणाली तुलनात्मक विश्लेषण- विष्णुदत्त उप्रेती

## ३.१.२ सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानविन विशेष समितिको परिचय

### समितिको गठन

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १८० बमोजिम संघीय संसद, प्रतिनिधि सभाबाट मिति २०८१ जेठ १५ गते देहायका सात सदस्यीय सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समिति गठन भई मिति २०८१ जेठ २३ गतेबाट कार्य प्रारम्भ गरेको थियोः-

| क्र.सं. | पद | नाम | कैफीयत |
|---|---|---|---|
| १ | माननीय सभापति | सूर्य बहादुर थापा क्षेत्री | |
| २ | माननीय सदस्य | ईश्वरी देवी न्यौपाने | |
| ३ | माननीय सदस्य | दिलेन्द्र प्रसाद बडू | मिति २०८१ साउन १५ मा समितिको सदस्य मनोनीत |
| | | बद्रीप्रसाद पाण्डे | सुरूदेखि २०८१ असार ३१ मा नेपाल सरकारको मन्त्री नियुक्त हुनुपूर्वसम्म |
| ४ | माननीय सदस्य | ध्रुव बहादुर प्रधान | |
| ५ | माननीय सदस्य | लेख नाथ दाहाल | |
| ६ | माननीय सदस्य | शिशिर खनाल | |
| ७ | माननीय सदस्य | सरिता भुसाल | |

### समितिको कार्यदेश

समितिलाई सभाले देहायका चार कार्यदेश दिएको थियोः-

- सहकारी संस्थाहरूमा देखिएको सङ्कट तथा यससँग जोडिएको कानूनी र संस्थागत प्रयोजन एवं वित्तीय प्रणालीको नियमन, सुपरिवेक्षण र पारदर्शिता सम्बन्धमा

अध्ययन गरी सुझाव दिने,

- समस्यामा परेका सहकारी संस्थाका बचतकर्ताको बचत रकमको सुरक्षा गर्न, जोखिममा रहेको तथा दुरुपयोग भएको बचत रकम छिटो र सहज ढङ्गले फिर्ता गर्न सकिने उपायका सम्बन्धमा अध्ययन गरी सिफारिस गर्ने,

- नेपाल सरकार, सहकारी विभाग र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सार्वजनीकरण गरेका अनुसूची-१ मा उल्लेख भएका संस्थाहरू लगायतका सहकारी संस्थामा देखिएका समस्या समाधानको प्रयास र ती सहकारीमा आवद्ध बचतकर्ताको बचत सुरक्षा र फिर्ताको प्रक्रिया कहाँ पुगेको छ सोको अध्ययन विश्लेषण गरी अविलम्ब बचत फिर्ताको उपायसहितको सुझाव दिने, र

- सहकारी संस्था सदस्य (शेयरधनी) एवं बचतकर्ताबाट सहकारी संस्थामा जम्मा गरिएको रकम हिनामिना गरिएको रकम हिनामिना, अपचलन, अनुचित लेनदेन गरी हानि नोक्सानी पुऱ्याएको भनी संघीय संसद र सार्वजनिक रूपमा प्रश्न उठेका, विभिन्न तह र निकायमा उजुरी परेका अनुसूची-२ मा उल्लिखित लगायतका सहकारी संस्थाहरूबाट गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायत अन्य कम्पनी वा संस्थाहरूमा प्रवाह भएको रकमको स्थिति, सो रकम गैरकानूनी रूपमा प्रवाह भए वा नभएको र त्यस्तो गैरकानूनी वा अनुचित कार्यमा कोही संलग्न देखिएमा त्यस्ता व्यक्तिहरूको बारेमा अध्ययन छानबिन गरी जोखिममा परेको रकमको असुलीको उपाय र संलग्न देखिएका व्यक्तिहरूलाई कानून बमोजिम कारबाहीका लागि आवश्यक सिफारिस गर्ने।

## अनुसूची-१

### समस्याग्रस्त र सार्जनिक रूपमा प्रश्न उठेका सहकारी संस्थाहरूको नाम

१. ओरेण्टल को-अपरेटिभ लिमिटेड,

२. स्टयाण्डर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ,

३. प्यासिफिक सेभिङ् एण्ड इनभेष्टमेन्ट को-अपरेटिभ,

४. प्रभु बचत तथा ऋण सहकारी संस्था,

५. कोहिनुर हिल सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ,

६. कन्जुमर बचत तथा ऋण सहकारी संस्था,

७. कुवेर बचत तथा ऋण सहकारी संस्था,

८. चार्टर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ,

९. भेगास बचत तथा ऋण सहकारी संस्था,

१०. स्टयाण्डर्ड मल्टीप्रपोज को-अपरेटिभ लिमिटेड,

११. सोसाइटल बचत तथा ऋण सहकारी संस्था,

१२. लुः निभा वहुउद्देश्यीय सहकारी संस्था,

१३. पशुपति सेभिङ् क्रेडिट को-अपरेटिभ लिमिटेड,

१४. शिव शिखर वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,

१५. तुलसी वहुमुखी सहकारी संस्था लिमिटेड,

१६. हाम्रो नयाँ कृषि सहकारी संस्था लिमिटेड,

१७. कृषि विकास वहुउद्देश्यीय सहकारी संस्था,

१८. कान्तिपुर सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड,

१९. लालीगुराँस वहुउद्देश्यीय सहकारी संस्था,

२०. गौतमश्री वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड।

**अनुसूची-२**

१. आइडियल यमुना वहुउद्देश्यीय संस्था,

२. इमेज बचत तथा ऋण सहकारी संस्था लि.,

३. सहारा बचत तथा ऋण सहकारी,

४. समानता बचत तथा ऋण सहकारी,

५. सानो पाइला बचत तथा ऋण सहकारी,

६. सुप्रिम बचत तथा ऋण सहकारी,

७. सूर्यदर्शन बचत तथा ऋण सहकारी,

८. सुमेरू बचत तथा ऋण सहकारी,

९. स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी, लगायत अन्य।

**समितिको कार्यावधि**

समितिलाई तीन महिनाको कार्यावधि प्रदान गरिएकोमा २०८१ भदौ १८ गतेको बैठकबाट १५ दिनको समयावधि थप भएको थियो। थप भएको अवधिको नवौं दिनमा मिति २०८१ भदौ ३१ गते समितिले सभासमक्ष प्रतिवेदन पेश गरेको थियो।

**समितिका मुख्य काम कारबाहीहरू**

- छानबिनको क्रममा सहकारी सञ्चालन गरी बचत रकम दुरुपयोग गरेको आरोप लागेका गितेन्द्रबाबु राईसहित देश/विदेशमा रहहेका २९ जनालाई यथाशीघ्र खोजी गरी समितिसमक्ष उपलब्ध गराइदिन गृहमन्त्रालय मार्फत् सरकारलाई निर्देशन दिएको,
- समितिले विभिन्न सहकारी संस्थासँगको बचत रकम दुरूपयोग र अपचलनमा आरोपित ४७ जना सहकारी सञ्चालक, गोरखा मिडिया नेटवर्क प्रा.लि. सँग सम्बन्धित तीन जना र सहकारी नियामक निकायमा काम गरिसकेका पाँच जना निजामती कर्मचारी गरी ५५ जनासँग सोधपुछ गर्नुका साथै फरार रहेका दुई जनाबाट निवेदन प्राप्त भई त्यसलाई सोधपुछको अङ्ग बनाएको,
- समितिले कार्यदिशमा उल्लिखित सहकारी संस्थाहरूसहित जम्मा ४० वटा सहकारी संस्थाहरूको वित्तीय विश्लेषण समेत गरेको,
- समितिमा ५१ वटा सहकारी संख्यासँग सम्बन्धित ५५४ जना व्यक्तिहरूबाट उजुरी/निवेदन प्राप्त भएको,
- समितिको बैठकमा विभिन्न मन्त्रालय/निकाय/कार्यालयका पदाधिकारी एवम् कर्मचारीहरू लगायत विभिन्न व्यक्तित्वहरूसँग छलफल एवम् अन्तरक्रिया भएको,
- समितिले आफूलाई प्राप्त कार्यदिशमा केन्द्रित रही समग्र सहकारी क्षेत्रका समस्यालाई केलाउँदै छानबिनको कार्यलाई निष्कर्षमा पुऱ्याउने सिलसिलामा समितिका ६६ वटा बैठक र सचिवालयको २ वटा बैठक सम्पन्न गरेको,

- चार कार्यदिशमा अलग अलग निष्कर्ष र सुझावसहितको १०७७ पृष्ठको प्रतिवेदन २०८१ भदौ ३१ गते प्रतिनिधि सभामा पेस गरेको।

**समितिका सुझाव तथा सिफारिसहरू**

समितिका सुझाव तथा सिफारिसहरू देहाय बमोजिम छन्ः-

**कार्यदिश एकका सम्बन्धमा सिफारिस**

- सहकारी संस्था दर्ता गर्नुपूर्व त्यस्तो व्यक्ति पूर्वप्रशिक्षित भएको सुनिश्चित गर्ने, सरकारी तवरबाटमात्र सम्भव नभएमा निजी क्षेत्रका तालिम सेवाप्रदायकहरूलाई समेत अधिकार दिने गरी प्रबन्ध गर्ने,
- सहकारीमा राख्न सकिने अधिकतम बचत र लिन सकिने अधिकतम कर्जाको सीमा निर्धारण गरी त्यसलाई कडाइका साथ पालना गर्ने, गराउने र बचतकर्ताले लिएर आउने रकमको कानून बमोजिम स्रोत खुलाउने कुरालाई प्रभावकारी बनाउने,
- सहकारी संस्थाहरूको नियमनका लागि दोस्रो तहको नियमनकारी निकाय (Second Tier Institution -STI) का रूपमा सहकारी सम्बन्धी विषय हेर्ने मन्त्रालय र नेपाल राष्ट्र बैङ्कसँग प्रत्यक्ष समन्वयमा रही काम गर्ने गरी स्वायत्त संस्थाका रूपमा सहकारी प्राधिकरण स्थापना गरिनु पर्ने, प्राधिकरण स्थापना गर्दा देहायका कुरामा ध्यान दिनेः-
- सहकारीको सञ्चालन ईजाजतपत्र प्रदान गर्ने, नियमित रूपमा नियमन (नियम जारी गर्ने वा निर्देशन दिने) गर्ने एवं सुपरीवेक्षण गर्ने, सुपरीवेक्षणको क्रममा देखा पर्ने कैफियत कार्यान्वयन गर्ने, गराउने र नगरेमा कारबाही गर्ने अधिकार दिइनु पर्ने,
- बचत तथा ऋणको कारोबार गर्ने सबै प्रारम्भिक सहकारी र वित्तीय कारोबार गर्ने सबै महासङ्घ, सङ्घहरूलाई नियमन, सुपरीवेक्षण, कार्यान्वयन र कारबाही गर्ने अधिकार प्राधिकरणलाई दिइनु पर्ने,
- सञ्चालक समितिमा विषयविज्ञ र अनुभवी व्यक्तिहरूको आवश्यकता रहने हुँदा, नेपाल सरकार, नेपाल राष्ट्र बैङ्क र सहकारी क्षेत्रका जानकार र विज्ञ व्यक्तिहरूको प्रतिनिधित्व हुने गरी नियुक्ति गर्नु पर्ने,

- आवश्यक विज्ञ जनशक्ति (जस्तैः सहकारी, बैङ्किङ्ग, चार्टर्ड एकाउण्टेन्ट तथा व्यवस्थापन) को योग्यता निर्धारण, छनौट, भर्ना, पदोन्नति एवं यसै निकायभित्र मात्र सरुवा गर्ने गरी संस्थागत स्मरण समेतलाई ध्याद दिइनु पर्ने,
- पच्चीस करोड रूपैयाँभन्दा बढी कुल सम्पत्ति भएका सहकारीले प्राधिकरण गठन भएको मितिले ६ महिनाभित्र वित्तीय कारोबार सञ्चालन ईजाजतपत्र लिनु पर्ने गरी कानूनी प्रबन्ध गर्नु पर्ने,
- सहकारीको नियमन तथा सुपरीवेक्षणका लागि कानूनले अधिकार दिए बमोजिम निर्देशिका, मापदण्ड तथा कार्यविधि जारी गर्ने अधिकार दिनु पर्ने,
- प्राधिकरण स्थापना भएपछि राष्ट्रिय सहकारी विकास बोर्ड र सहकारी विभागको आवश्यकता नरहने हुँदा सम्पत्ति र दायित्व सर्ने गरी कानूनी प्रबन्ध गर्नु पर्ने,
- प्राधिकरण गठन नभएसम्म नेपाल राष्ट्र बैङ्क र सहकारी विभागको संयुक्त अनुगमन टोलीले ठूलो वित्तीय कारोबार गर्ने सहकारीलाई प्राथमिकतामा राखी सहकारीको अनुगमनलाई नियमितता दिनु पर्ने,
- बैङ्क तथा वित्तीय संस्थाको उपस्थिति बाक्लो रहेका सहरी वा अर्धसहरी क्षेत्रमा बचत तथा ऋणको कारोबार गर्ने सहकारीलाई कम संख्यामा कायम राख्ने नीति लिई एकीकरणलाई प्राथमिकता दिने, सहकारी बैङ्कलाई आवश्यकताअनुसार प्रदेश तहमा समेत बिस्तार गर्ने,
- सहकारी संस्थाहरूलाई पुंजी/वित्तीय परिचालन क्षमताका आधारमा क, ख र ग वर्गमा विभाजन गरी नियमन गर्नु उपयुक्त हुने,
- सहकारी संस्थाहरूको लेखापरीक्षण सहकारी प्राधिकरणमा सूचीकृत लेखापरीक्षकहरूबाट गराउने प्रबन्ध गर्ने र हरेक वर्ष कम्तिमा एकपटक सहकारी संस्थाको अनुगमन गर्ने र उक्त आर्थिक वर्षको लेखापरीक्षण गर्दा अनुगमनका क्रममा जनाइएका कैफियत कार्यान्वयन भए, नभएका सम्बन्धमा उल्लेख गर्ने गरी कानूनी प्रबन्ध गर्ने,
- संविधानको अनुसूची (५), (७) र (९) समेतका आधारमा सहकारी संस्थाको नियमन र मापदण्ड संघले बनाउने, प्रदेश र स्थानीय तहले सहकारी संस्थाको दर्ता तथा अभिलेख र सुशासन प्रणालीलाई प्रभावकारी बनाउनतर्फ पहल गर्ने र

नियमनलाई पुनर्विभाजन र पुनर्व्यवस्थित गरी नियमनको अधिकार संघीयस्तरमा स्थापना हुने प्राधिकरणलाई प्रदान गरिनु पर्ने,

- सहकारी प्राधिकरण तीन महिनाभित्र स्थापना गर्नु पर्ने, स्थापना नहुँदासम्म सहकारी ऐन, २०७४ र नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ मा २०८० चैत ३० गते भएको संशोधन बमोजिम २०८१ असार मसान्तको लेखापरीक्षण प्रतिवेदनलाई आधार मानी पचास करोड रूपैयाँ वा सोभन्दा बढी कूल सम्पत्ति भएका वा वित्तीय कारोबार गर्ने सहकारी संस्थालाई नेपाल राष्ट्र बैङ्कले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ बमोजिम नियमन तथा सुपरीवेक्षण गर्ने व्यवस्था मिलाउनु पर्ने,
- सहकारी कानूनमा सद्नियतले काम गर्दागर्दै लगानी समस्यामा परेकोमा राज्यले हेर्नु पर्ने र सानो क्षति भएको खण्डमा सदस्यहरूले पनि दामाशाहीले घाटापूर्ति गर्नु पर्ने र बद्नियतले काम गरेका कारण संस्था समस्यामा परेकोमा कानून बमोजिमको प्रक्रिया अवलम्बन गर्ने गरी किटानी प्रबन्ध गरी सहकारी कानूनलाई समयानुकूल बनाउने,
- सहकारी संस्थालाई सदस्यकेन्द्रित र समुदायआधारित बनाई सदस्यकै सामुहिक प्रयासमा आर्थिक, सामाजिक र साँस्कृतिक उन्नयन गर्ने प्रयोजनका लागि उत्पादनमूलक र सेवामुखी सहकारीलाई प्रवर्द्धन गर्ने,
- सहकारी मूल्य, मान्यता, सिद्दान्त र प्रचलित सहकारी कानून विपरीत सञ्चालनमा रहेका, आफ्नो विनियममा निर्धारित उद्देश्य विपरीत कार्य गरेका तथा निस्क्रिय अवस्थामा रहेका सहकारी संस्थाहरूको दर्ता खारेजी र विघटन गरी सम्बन्धित संस्थाले नै खर्च वेहोर्ने गरी लिक्विडेटर नियुक्त गरी लिक्विडेशन र सम्पत्ति एवं दायित्व फरफारक गर्ने,
- सहकारी महासंघ र संघलाई प्रारम्भिक सहकारी सरह बचत तथा ऋण कारोबार गर्न नदिने,
- देशभरका सहकारी संघ संस्थामा भएका असल अभ्यासहरू संकलन गरी केन्द्रबाट दिइने तालिमको पाठ्यक्रममा समावेश गरेर प्रशिक्षणको माध्यमबाट प्रचार प्रसार गर्ने गराउने र सहकारी शिक्षा विषयमा विद्यालय र विश्वविद्यालयका पाठ्यक्रममा समावेश गर्ने।

**कार्यदिश दुईका सम्बन्धमा सिफारिस**

सहकारी कानूनमा व्यवस्था भएबमोजिम बचत तथा कर्जा सुरक्षण कोष, कर्जा असुली न्यायाधिकरण, कर्जा सूचना केन्द्र र बचत बीमा देहाय बमोजिम प्रबन्ध गर्नेः-

- **कर्जा सूचना केन्द्रः** कर्जा प्रवाह गर्दा कर्जा सूचना केन्द्रबाट सूचना लिनु पर्ने हुन्छ। ऋणीले कहाँबाट कति कर्जा लिइरहेको छ भन्ने जानकारी हुने हुँदा थप कर्जा प्रवाह गर्ने वा नगर्ने भन्ने निर्णय गर्न सजिलो हुन्छ। व्यक्तिको वित्तीय स्वास्थ्य थाहा पाउने उपाय कर्जा सूचना केन्द्र हो। अहिले नेपाल राष्ट्र बैङ्क लगायत बैङ्क तथा वित्तीय संस्थाहरूका लागि खोलिएको कर्जा सूचना केन्द्रले बैङ्क तथा वित्तीय संस्थाहरूलाई कर्जा सूचना प्रदान गरिरहेको छ। सहकारीका लागि कानूनमा कर्जा सूचना केन्द्रको प्रबन्ध भएता पनि केन्द्र स्थापना नभएको हुँदा यसको अपरिहार्यता महसुस भएको छ। छुट्टै संस्था स्थापना र सञ्चालन गर्न समय र लागत बढी लाग्ने हुँदा अहिले भइरहेको कर्जा सूचना केन्द्रमै कानूनी अधिकार र स्रोत प्रदान नगरी कर्जा सूचना केन्द्रलाई व्यवस्थित गर्न सकिन्छ। सहकारी र बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिने ऋणीका लागि समेत यो प्रभावकारी हुन्छ।
- **बचतको बीमाः** बैङ्क तथा वित्तीय संस्थाहरूको प्रतिव्यक्ति प्रतिखाता ५ लाख रूपैयाँसम्मको निक्षेपको बीमा गर्ने व्यवस्था छ। यसका लागि सरकारको ९ अर्ब र नेपाल राष्ट्र बैङ्कको १ अर्ब गरी रु. १० अर्बको लगानीमा स्थापित निक्षेप बीमा तथा कर्जा सुरक्षण निगम छ। बचत तथा ऋण सहकारीका लागि बचत तथा कर्जा सुरक्षण कोष स्थापना गर्न सक्ने व्यवस्था कानूनमा रहे पनि अहिलेसम्म स्थापना हुन सकेको छैन। छुट्टै बचत तथा कर्जा सुरक्षण कोष स्थापना गर्न समय र लागत धेरै लाग्ने हुँदा विद्यमान निक्षेप तथा कर्जा सुरक्षण कोषमार्फत नै बचत तथा ऋण सहकारी संस्थाहरूको निश्चित सीमासम्मको रकमको बीमा गर्ने व्यवस्था मिलाउन उपयुक्त हुन्छ। आवश्यकताअनुसार कानूनमा सुधार गरी विमा अनिवार्य गरिनु पर्दछ।
- **कर्जा असुली न्यायाधिकरणः** बैङ्क तथा वित्तीय संस्थाको कर्जा असुलीका लागि कर्जा असुली न्यायाधिकरण रहेकै हुँदा सहकारी कानूनमा प्रबन्ध भएबमोजिम कर्जा असुली न्यायाधिकरण नहुँदा ऋणीहरूलाई जिम्मेवार बनाउन सकिएको छैन। यसका लागि भइरहेको ऋण असुली न्यायाधिकरणलाई जनशक्ति, कानूनी

अख्तियारी र स्रोतले युक्त बनाई सहकारीको कर्जा समेत हेर्ने जिम्मेवारी बिस्तार गर्नु उपयुक्त हुन्छ।

- समस्यामा रहेका सहकारी संस्थाका सञ्चालकलाई सरकारको निगरानीमा निज तथा निजको एकाघरका सदस्य समेतको नाममा रहेको अचल सम्पत्ति, बैङ्क खाता, पासपोर्ट र यात्रा अनुमति रोक्का राखी सहकारीको मुख्य कार्यालय रहेको सहरबाहेक बाहिर जानु पर्दा सरकारको सम्बन्धित निकायको अनुमति लिनु पर्ने गरी नियमित कार्यालय खोल्नु पर्ने शर्त सहित settlement का लागि निश्चित अवधि तोकी उक्त अवधिभित्र पूर्ण समाधान हुन नसकेमा पुनः कानूनी कारबाहीमा जाने गरी व्यवस्थापन गर्न समय दिने,
- वर्तमान सहकारी सङ्कट समाधानार्थ सरकारका तर्फबाट औचित्यपूर्ण हस्तक्षेप भई पाँच लाखसम्मका साना बचतकर्ताको रकम सरकारको जमानीमा आन्तरिक ऋणपत्र (Bond) जारी गरी प्राधिकरणमार्फत फिर्ता गर्ने र सरकारले पछि सरकारी बाँकी सरह असुलउपर गर्ने कार्यक्रमिक प्रबन्ध गरी तत्काल काम सुरू गर्ने र क्रमशः ठूला बचतकर्ताहरूको बचत रकम कानून बमोजिम स्रोत खुलाई करको दायरामा ल्याई फिर्ताको लागि सहजीकरण गर्ने,
- समस्याग्रस्त बचत तथा ऋण सहकारीका सम्बन्धमा देहायका उपायहरू कार्यान्वयन गर्नेः
  - समस्याग्रस्त बचत तथा ऋण सहकारी संस्थाहरूको सम्पूर्ण कारोबारहरूका विवरणहरू छानबिन गरी यथार्थ स्थिति पत्ता लगाउने,
  - सहकारीको रकम गलत ढङ्गले ऋणको रूपमा प्रवाह गर्ने र कर्जा अपचलन गर्नेलाई कानूनी कारवाही गर्ने, उनीहरूका चल अचल सम्पत्तिहरू जफत गर्ने,
  - कर्जा असुली गरेर बचतकर्ताको रकम फिर्ता गर्ने, सहकारीले लगानी गरेका सम्पत्तिहरू जफत गरी सरकारको नाममा ल्याउने र सरकारले साना बचतकर्ताको बचत रकम फिर्ता गर्ने र कर्जा असुलीपछि सो रकम शोधभर्ना लिने।

देहायका कार्यक्रम सहित सहकारी पुनरोत्थान योजना लागू गर्ने

- मुलुकको उत्पादन, आत्मनिर्भरता र औद्योगिक विकास प्रक्रियामा सहकारी क्षेत्रको योगदान बढाउने,

- कतिपय सहकारीका कारण हाल गुमेको सहकारी क्षेत्रको विश्वास र साख पुनःआर्जन गर्ने,
- बचत अपचलनकर्तालाई सजाय गर्ने,
- अपचलित रकम सम्बन्धितहरूबाट असुलउपर गर्ने,

**कार्यदिश तीनका सम्बन्धमा सिफारिस**

१. **समस्याग्रस्त सहकारीको हरहिसाव राफसाफ गर्नेः** समस्याग्रस्त घोषणा भइसकेका सहकारी सामान्यतया पुनः सञ्चालनमा आउन सक्ने सम्भावना एकदमै क्षीण रहेको छ। प्रत्येक सहकारीको हरहिसाव फरफारक गर्न सहकारीको पछिल्लो वित्तीय कारोबारको आकारलाई दृष्टिगत गरी बैङ्किङ्गविज्ञ, सहकारीविज्ञ र चार्टर्ड एकाउन्टेन्ट सहितको ३ देखि ५ जनासम्मको संस्थापिच्छे अलग कार्यसमूह (Dedicated Team) बनाई निश्चित कार्यदिश र कार्यविधि प्रदान गर्ने र सोही कार्यसमूहबाट सम्पत्ति र दायित्वको फरफारक गर्नेदेखि पुनर्सञ्चालन वा खारेजीसम्मको अधिकार प्रदान गर्ने।

२. समस्याग्रस्त सहकारी संस्थाका बचतकर्ताको बचत रकम फिर्ता गर्ने सम्बन्धमा प्राथमिकताको आधारमा फिर्ता योजना अगाडि बढाउनु पर्ने देखिन्छः-

**संस्थागत सम्पत्तिबाट बचत फिर्ता गर्ने (प्रथम चरण)**

- सहकारी संस्थाहरूको संस्थागत सम्पत्ति तथा त्यसका सञ्चालक एवं संलग्न व्यक्तिको तत्काल सम्पत्ति रोक्का गर्ने,
- संघ, प्रदेश तथा स्थानीय तहमा आ-आफ्नो जिम्मेवारीभित्र पर्ने गैरकानूनी कारोबार गर्ने सहकारी संस्थाहरू र त्यससँग सम्बन्धित व्यक्तिहरूको सम्पत्ति जिम्मा लिने, बेचबिखन गर्ने, ऋण असुली गर्ने, निक्षेप कर्ताहरूको निक्षेप फिर्ता गर्ने लगायतका कार्यहरू गर्न कानूनी र संस्थागत प्रबन्ध गर्ने,
- गैरकानूनी कारोबार गर्ने सहकारी संस्थाहरू र तिनका सञ्चालक एवं अन्य संलग्न व्यक्तिहरूको सम्पत्तिको लगत तयार गर्ने,
- लगतअनुसार संस्थागत सम्पत्ति संयन्त्रले जिम्मा लिने,
- संस्थाबाट लगानी भएको ऋणलाई सरकारी बाँकीसरह असुल गर्ने,

- त्यस्ता संस्थाहरूको अचल सम्पत्तिलाई चलमा परिणत गर्ने (बेचबिखन गर्ने),
- बचतकर्ताको प्राथमिकता र उपलब्ध सम्पत्तिको आधारमा फिर्ता गर्ने रकमको अनुपात निर्धारण गर्ने,
- निर्धारण भएबमोजिमको प्राथमिकताक्रममा बचत फिर्ता गर्ने।

**संस्थागत सम्पत्ति अपुग भएमा व्यक्तिगत सम्पत्तिबाट फिर्ता गर्ने (दोश्रो चरण)**

- सञ्चालक/संलग्न व्यक्ति र परिवारको सदस्य र संलग्न देखिएका अन्यको चल/अचल सम्पत्ति नियन्त्रणमा लिने,
- अचल सम्पत्तिलाई चलमा परिणत गर्ने (बेचबिखन गर्ने),
- बचतकर्ताको प्राथमिकता र उपलब्ध सम्पत्तिको आधारमा फिर्ता गर्ने रकमको अनुपात निर्धारण गर्ने,
- निर्धारण भएको प्राथमिकताअनुसार बचत फिर्ता गर्ने।

- ○ सहकारी संस्थाहरू समस्याग्रस्त भएसँगै कार्यालय बन्द हुने र सञ्चालकहरू समेत निलम्बन वा थुनामा पर्न सक्ने हुँदा बचतकर्ताको बचत रकम लगानी भएका सम्पत्ति धितो राखी ऋण लिएकोमा सोको व्याज समेत पुँजीकृत गर्ने र बचतकर्ताको बचत रकमको वेवास्ता गरी ऋण रकममै लिलाम गरी लिने खालका प्रवृत्ति देखिएको हुँदा बजार मूल्यमा लिलाम गरी ऋण रकम असुल गरी बाँकी रकम समस्याग्रस्त सहकारी व्यवस्थापन समितिलाई उपलब्ध गराउने सम्बन्धमा आवश्यक समन्वय गर्न नेपाल राष्ट्र बैङ्कमार्फत बैङ्क तथा वित्तीय संस्थाहरूलाई पत्राचार गर्न नेपाल सरकारलाई सिफारिस गर्ने।
- ○ सहकारी संस्थाहरूले पुँजी प्रवाहको सन्तुलन देखाउन केही नक्कली ऋणीहरू खडा गर्ने वा चुक्ता गरिसकेका ऋणको लगत कट्टा नगर्ने जस्ता समस्या देखिएका छन्, यसमा सुधार हुनु पर्ने।
- ○ चालु आर्थिक वर्षको बजेटमा व्यवस्था भई मौद्रिक नीतिले स्पष्ट पारेको पाँच लाख रुपैयाँसम्मका बचतकर्ताहरूको बचत रकम फिर्ता गर्ने सम्बन्धमा शिघ्र नतिजा देखिने गरी तत्काल कार्यारम्भ गर्नु पर्ने देखिन्छ।

**कार्यदिश चारका सम्बन्धमा सिफारिस**

- सहकारी संस्थाहरूबाट कम्पनीमा रकम प्रवाह भएकोमा विवाद रहेन, त्यसरी सहकारी संस्थाहरूबाट निजी कम्पनीमा लगानी गर्न वा रकम प्रवाह गर्न मिल्ने कानूनी व्यवस्था नभएको हुँदा उक्त कानून विपरीतको कार्यलाई रोकी कानूनी प्रबन्धको कडाइका साथ पालना गर्ने/गराउने,
- निजी कम्पनीमा लगानी गर्नुको सट्टा उत्पादनकेन्द्रित सहकारीलाई प्रवर्द्धन गरी सहकारीको आफ्नै ब्राण्ड स्थापित गर्नेतर्फ प्रोत्साहन दिने र त्यसको सहकारी-व्यवसायमा कर छुट लगायतका सुविधा प्रदान गर्ने गरी नीतिगत प्रबन्ध गर्ने,
- सहकारी कानून विपरीत गोरखा मिडिया नेटवर्क प्रा.लि.मा रकम प्रवाह गर्ने सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि., पोखरा, सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि.,बुटवल, स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि., काठमाडौं, सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लि., चितवन र सानोपाइला बचत तथा ऋण सहकारी संस्था लि., वीरगञ्जका सञ्चालक एवं निर्णय प्रक्रियामा संलग्न सबैलाई कानून बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा पठाउन नेपाल सरकारलाई सिफारिस गर्ने, यसैगरी कम्पनीमा रकम पठाएको देखिएका इमेज बचत तथा ऋण सहकारी संस्था लि., समानता बचत तथा ऋण सहकारी संस्था लि., सुमेरू बचत तथा ऋण सहकारी संस्था लि., आइएमई कोअपरेटिभ्स र यस्तै कानून विपरीतको कार्य गरेका सहकारी संस्थाका सञ्चालक एवं निर्णय प्रक्रियामा संलग्न सबैलाई कानून बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा पठाउन नेपाल सरकारलाई सिफारिस गर्ने,
- कुनै पनि कम्पनीको आफ्नै उद्देश्य र मर्म हुन्छ। कम्पनीका सञ्चालक वा शेयरहोल्डरहरू त्यस्तो संस्थामा मुख्य जिम्मेवार हुन्छन्। शेयर सदस्य, सञ्चालक सदस्य र प्रबन्ध निर्देशकको भूमिका र जिम्मेवारीमा रहेका पात्रहरूले कम्पनीमा प्राप्त हुने रकमप्रति जिम्मेवारी र दायित्वबोध नगर्न मिल्दैन। खातावाल हस्ताक्षरकर्ताहरू जसले खाता सञ्चालन अर्थात् वित्त परिचालनमा सहभागी हुन्छन्, त्यसवापत दायित्व ग्रहण गर्नु पर्दछ। सहकारी संस्थामा रहेको बचतकर्ताको रकम अनियमित तवरबाट गोरखा मिडिया नेटवर्क प्रा.लि.को खातामा आइसकेपछि उक्त रकम खर्च गर्ने, गराउने प्रक्रियामा संलग्न रहेको देखिन आएबाट निज सञ्चालकहरू अध्यक्ष गितेन्द्रबाबु राई र सदस्य कुमार रम्तेल तथा तत्कालीन

प्रबन्ध निर्देशक रवी लामिछाने र सञ्चालक छविलाल जोशी कम्पनीमा साझेदारका रूपमा बहाल रहेको अवधिमा सहकारीबाट कम्पनीमा आएको रकमको हकमा जिम्मेवार रहेको हुँदा प्रचलित कानून बमोजिम कारबाहीका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,

- सहकारी बचत रकम अपचलनमा संलग्न रही फरार रहेका गितेन्द्रबाबु राई, थानबहादुर बुढा मगर-सूर्यदर्शन पोखरा, दिनेश रोक्का-सहारा चितवन, सागर के.सी.-सुप्रिम, बुटवल, तस्वीरण खातुन-सानो पाइला, बिरगञ्ज र भूपेन्द्र राई-स्वर्णलक्ष्मी, काठमाडौंलाई  शिघ्र खोजी गरी कानूनी दायरामा ल्याउन नेपाल सरकारलाई निर्देशन दिने,
- समितिले छानबिनको लागि खोजी गरेर उपस्थित गराइ दिन गृह मन्त्रालय मार्फत नेपाल सरकारलाई  निर्देशन गरेका अन्य फरार व्यक्तिहरूलाई अविलम्ब कानूनको दायरामा  शिघ्र ल्याई बचत अपचलनमा कारबाही अघि बढाउन सिफारिस गर्ने,
- कार्यदिशको अनुसूची-२ मा उल्लिखित अन्य सहकारी संस्थाहरूबाट गैरकानूनी प्रक्रियाबाट रकम लिई उक्त रकम खर्च गर्ने, गराउने प्रक्रियामा सहभागी भएका सबै कम्पनीका सञ्चालक, निर्णयकर्ता एवं मुख्य जिम्मेवारहरूलाई आफू बहाल रहेको अवधिमा कम्पनीमा आएको रकमको हकमा उत्तरदायी र जवाफदेही बनाउने गरी सम्बद्ध कानूनअनुसार सम्बद्ध निकायबाट अनुसन्धान गरी कानून बमोजिम गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,
- गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायतका कम्पनीहरूमा शेयर खरिद बिक्री गर्दा कानूनबमोजिम पेश हुने भुक्तानीका साधन र उपकरणहरू पूर्ण नभई किर्ते कागजकै आधारमा खरिद बिक्री भएको पाइएको हुँदा भुक्तानी प्रक्रिया पूर्ण भएको यकिन गरी र सोबमोजिमको कर समेत तिर्ने सम्बन्धमा बाध्यकारी प्रबन्ध गर्न र श्वेट शेयर सम्बन्धी कानूनी प्रबन्धबारे अध्ययन गरी आवश्यक र उपयुक्त प्रबन्ध गर्न सम्बद्ध निकायको ध्यानाकर्षण गराउन नेपाल सरकारलाई सिफारिस गर्ने।

**अन्य सुझावहरू**

- नेपालको सहकारी आन्दोलनलाई सुदृढ र दिगो बनाउन प्रवर्द्धन र नियमनबीचको सन्तुलन आवश्यक छ। केन्द्रीय संघ, विषयगत केन्द्रीय संघ, प्रादेशिक संघ र

जिल्लास्तरीय संघहरूले एक अर्कासँग परस्परमा समन्वय गर्दै पारदर्शिता, नैतिकता र सदस्यहरूको सर्वोत्कृष्ट हितमा केन्द्रित भएर काम गर्नुपर्दछ।

- नेपालको सहकारी क्षेत्रको नियमन र व्यवस्थापनलाई सुधार गर्न, कानूनी प्रावधानहरूलाई स्पष्ट र एकरूप बनाउन अत्यावश्यक छ। संघीय, प्रादेशिक र स्थानीय तहका कानूनहरूको समन्वय गर्दै एकरूप कानूनी संरचना बनाउनु पर्दछ, जसले समन्वय सहितको कार्यान्वयनलाई मद्दत गर्नेछ।
- सहकारी क्षेत्रको प्रभावकारिता र दिगोपनालाई सुनिश्चित गर्न बचत र ऋणको कारोबार सेवाबाहेक कृषि, उपभोक्ता र सामुदायिक विकासजस्ता अन्य सहकारी क्रियाकलापमा केन्द्रित हुनु आवश्यक छ।
- सहकारी क्षेत्रको संख्यात्मक वृद्धिसँगैं गुणात्मकतामा ध्यान दिन गुणस्तरीय शिक्षा, तालिम, र अनुगमनको सुदृढ व्यवस्थापन गर्नु पर्दछ।
- सहकारी क्षेत्रको प्रभावकारी अनुगमन र सुपरीवेक्षणका लागि संघ, प्रदेश र स्थानीय तहमा आवश्यक स्रोतसाधनसहित नियामक निकायमा विषयविज्ञससहितको दरबन्दी र तत्काल पदपूर्तिको प्रबन्ध गर्नु गर्दछ।
- बचत तथा ऋण सहकारीहरूको दर्ता, कार्यक्षेत्र र सेवाकेन्द्र बिस्तार हाललाई रोकी प्रभावकारी नियमनमा ध्यानकेन्द्रित गर्नु पर्दछ।
- सहकारीको मुख्य प्रशासनिक अधिकारीको स्वविवेकीय अधिकारलाई उत्तरदायी र जवाफदेही बनाई सहकारी संस्थाहरूको सेवा बिस्तार र एकीकरण (एकीकरण) प्रक्रियामा पारदर्शिता र सदस्यहरूको सहमतिलाई अनिवार्य बनाउनु आवश्यक छ।

### ३.१.३ विधेयक शाखाको परिचय

**पृष्ठभूमिः**

विधेयक संसदमा पेश भएको ऐनको मस्यौदा हो। नयाँ ऐन निर्माण गर्न वा पुरानो ऐनलाई परिमार्जन वा सुधार गरी समयसापेक्ष बनाउन ऐनको मस्यौदा तयार गरी संसदमा पेश गरिन्छ। संविधानको अधीनमा रही संघीय संसदको कुनै पनि सदनमा विधेयक प्रस्तुत गर्न सकिन्छ। सरकारी र गैरसरकारी गरी दुई प्रकारका विधेयक संसदमा पेश गर्न सकिने व्यवस्था रहेको छ। अर्थ विधेयक प्रतिनिधि सभामा मात्र प्रस्तुत हुन सक्दछ भने अर्थ, नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल लगायत सुरक्षा निकायसँग

सम्बन्धित विधेयक सरकारी विधेयकको रूपमा मात्र प्रस्तुत हुन सक्ने संवैधानिक व्यवस्था रहेको छ।

संघीय संसदमा प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन रहने संवैधानिक व्यवस्था भए तापनि अन्य धेरै मुलुकमा भन्दा फरक दुवै सभाको एउटै साझा संघीय संसद सचिवालय रहेको छ। संसारभर सचिवालय संसद वा व्यवस्थापिकाका सदस्य तथा पदाधिकारीहरूलाई प्रशासनिक एवं विज्ञ सेवा प्रदान गर्ने निजामती प्रकृतिका कर्मचारीको समूहका रूपमा रहेको हुन्छ। सभाका अङ्गहरूका रूपमा समितिहरू रहे जस्तै सचिवालयमा आवश्यकता अनुसार विभिन्न महाशाखा, शाखाहरू र शाखाहरू अन्तर्गत विभिन्न इकाइहरू रहने गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणबाट सचिवालयको सङ्गठनात्मक संरचना निर्धारण गरिएको छ।

विधि व्यवस्थापन महाशाखा संघीय संसदमा विधि व्यवस्थापन सम्बन्धी कार्य हेर्ने सचिवालयको महत्त्वपूर्ण अङ्ग वा महाशाखा हो। हाल संघीय संसद सचिवालयमा प्रतिनिधि सभातर्फको र राष्ट्रिय सभातर्फको विधि व्यवस्थापन सम्बन्धी कार्य हेर्नका लागि अलग महाशाखा रहेका छन्। दुवै महाशाखाले संघीय संसदको सम्बन्धित सदनमा प्रस्तुतिका लागि पेश भएका विधेयक दर्ता देखि व्यवस्थापन प्रक्रिया पूरा गरी प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश गर्ने कामको प्रशासनिक संयोजन र सहयोग गर्ने जिम्मेवारी रहेको हुन्छ।

तत्कालीन व्यवस्थापिकीय अङ्गका रूपमा २०१० सालमा स्थापित सल्लाहकार सभाको सचिवालयको रूपमा स्थापित सल्लाहकार सभा सचिवालय तत्तत् समयका व्यवस्थापिकीय अङ्गको सचिवालयका रूपमा रहँदै हाल संघीय संसद सचिवालयका रूपमा रहेको छ।

प्रतिनिधि सभातर्फ उत्पत्ति भएका तथा राष्ट्रिय सभाबाट पारित भई सन्देश सहित प्राप्त विधेयकहरूका सम्बन्धमा आवश्यक प्रशासकीय एवं व्यवस्थापिकीय कार्य गर्ने गरी विधि व्यवस्थापन महाशाखा (प्रतिनिधि सभा) रहेको छ भने राष्ट्रिय सभातर्फ उत्पत्ति भएका तथा प्रतिनिधि सभाबाट पारित भई सन्देश सहित प्राप्त विधेयकहरूका सम्बन्धमा आवश्यक प्रशासकीय एवं व्यवस्थापिकीय कार्य गर्ने गरी विधि व्यवस्थापन महाशाखा (राष्ट्रिय सभा) रहेको छ। दुवै महाशाखा अन्तर्गत एक/एकवटा शाखाको रूपमा विधेयक शाखा

(प्रतिनिधि सभा) र विधेयक शाखा (राष्ट्रिय सभा) रहेका छन्। उपलब्ध अभिलेख अनुसार २०१० सालको सल्लाहकार सभा, राष्ट्रिय पञ्चायतको अवधि, २०४८ सालको द्विसदनात्मक संसदको समय र २०६३ देखि २०७४ सम्मको एक सदनात्मक व्यवस्थामा विधि व्यवस्थापनको जिम्मेवारीका लागि एउटै शाखालाई सो जिम्मेवारी रहेको देखिन्छ। २०१५ सालको प्रतिनिधि सभा र महासभाका लागि सचिवालयमा के-कस्तो स्वरूपमा विधि व्यवस्थापन सम्बन्धी प्रशासनिक काम हेर्ने महाशाखा वा शाखागत प्रबन्ध रहेका थिए भन्ने जानकारी हुन सकेन।

द्विसदनात्मक व्यवस्थापिकाको सचिवालयमा एउटा विधेयक शाखा हुँदा कार्यरत कर्मचारीहरूमा अत्यधिक कार्यवोझ भएकाले त्यस्तो संरचनात्मक व्यवस्था व्यावहारिक हुन सकेन। तसर्थ दुवै सभाको विधि व्यवस्थापन सम्बन्धी कार्य अलग अलग महाशाखा/शाखा र पदाधिकारीलाई जिम्मेवारी दिनु आवश्यक ठानी २०७२ मा स्वीकृत सचिवालयको नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणले संघीय संसद सचिवालयमा प्रतिनिधि सभा र राष्ट्रिय सभातर्फका विधि व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि छुट्टाछुट्टै विधि व्यवस्थापन महाशाखा र सो अन्तर्गत छुट्टै विधेयक शाखाको व्यवस्था गरेको छ।

दुवैतर्फका विधेयक शाखाले सभाको व्यवस्थापन प्रक्रियामा आएका विधेयकहरूका अलावा नेपाल पक्ष राष्ट्र भएका संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन हुनु पर्ने प्रकृतिका सन्धि/सम्झौता दर्तादेखि सभाको सम्पूर्ण प्रक्रियामा आवश्यक समन्वयात्मक कार्य गर्दछ। साथसाथै नेपाल सरकारद्वारा जारी भएका विभिन्न अध्यादेशहरूको पनि व्यवस्थापन कार्यमा भूमिका निर्वाह गर्दछ। विधेयक, सन्धि/सम्झौता र अध्यादेश सम्बन्धी अभिलेख पनि यिनै शाखाहरूमा रहने गर्दछ।

विधेयक शाखाबाट सम्पादन हुने प्रक्रियागत कामहरूः-

- विधेयक अध्ययन र दर्ता,
- विधेयकको वितरण/वितरणको सूचना सम्प्रेषण,
- विरोधको सूचना दर्ता/सभासँग समन्वय,
- संशोधन प्रस्तावको सूचना सङ्कलन,
- दफाक्रमानुसार संशोधनको सूचना एकीकरण र सभामुख/अध्यक्षबाट छलफलका लागि स्वीकृति,

- सभा वा समितिमा एकीकृत संशोधन प्रस्तावहरू पठाउने (दफावार छलफलका लागि),
- समितिमा दफावार छलफल हुने भएमा विधेयक समेत पठाउने,
- समितिको प्रतिवेदन वा सभाद्वारा भएको संशोधनको प्राप्ति र अभिलेखन,
- सभामा उत्पत्ति भएका विधेयकहरू पारित भएपछि अर्को सभामा सोको सन्देश तयारी र प्रेषण,
- सभामा उत्पत्ति भई दुवै सभाबाट पारित विधेयकमा आवश्यक आनुषङ्गिक सुधार सहित प्रमाणीकरण प्रति तयारी,
- सभामुख/अध्यक्षबाट प्रमाणित गराई प्रमाणीकरणका लागि राष्ट्रपति कार्यालयमा पेश,
- विधेयक प्रमाणीकरणको सम्बन्धमा सभामा जानकारी वा सभा नचलेकोमा सूचनापत्रमा प्रकाशनका लागि समन्वय,
- प्रमाणीकृत प्रति नेपाल राजपत्रमा प्रकाशनका लागि कानून मन्त्रालयसँग समन्वय,
- प्रमाणीकृत प्रतिको सुरक्षा,
- प्रमाणीकृत प्रति वेबसाइटमा राख्ने,
- अध्यादेश दर्ता, वितरण र स्वीकार वा अस्वीकारको अभिलेखन लगायतका कार्य गर्नुका साथै अध्यादेश प्रतिस्थापन विधेयक समयमै अगाडि बढाउने सम्बन्धमा सरकारका सम्बन्धित निकाय र सचिवालयका अन्य महाशाखासँग समन्वय,
- सन्धि सम्झौताहरू दर्ता, वितरण, सदनको निर्णयानुसार संशोधन प्रस्ताव सङ्कलन, सभाबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भएपछि संग्रह प्रकाशन गर्ने र तिनलाई वेबसाइटमा राख्ने,
- समय-समयमा विधेयक, सन्धि/सम्झौता लगायतको संग्रह प्रकाशन गर्ने।

विधायिकी कार्यमा संसदलाई सहयोग पुऱ्याउनु संघीय संसद सचिवालयको मुख्य कार्य हो। विधेयकका सम्बन्धमा आवश्यक व्यवस्थापकीय कार्यका लागि सचिवालयमा विधि व्यवस्थापन महाशाखा अन्तर्गत विधेयक शाखाको स्थापना गरिएको छ।

## दरबन्दी

विधेयक शाखा अन्तर्गत देहाय बमोजिमको स्वीकृत दरबन्दी रहेको र स्वीकृत दरबन्दी अनुसारका सबै पद पूर्ति भएको देखिन्छ-

| स्वीकृत | | हाल उपलब्ध | |
|---|---|---|---|
| पद | सङ्ख्या | पद | सङ्ख्या |
| उपसचिव | १ | उपसचिव | १ |
| शाखा अधिकृत | १ | शाखा अधिकृत | १ |
| नायब सुब्बा | १ | नायब सुब्बा | १ |
| कम्प्युटर अपरेटर | १ | कम्प्युटर अपरेटर | १ |
| कार्यालय सहयोगी | १ | कार्यालय सहयोगी | १ |
| कुल | ५ | कुल | ५ |

## व्यवस्थापन कार्यविधिमा विधेयक शाखाको भूमिका

- विधेयक दर्ताका लागि आवश्यक कागजात र विवरण, विधेयकका प्रतिहरू लगायत तोकिएको प्रक्रिया र शर्त पूरा भए—नभएको यकीन गरी महासचिव समक्ष पेश गर्ने र आदेशानुसार विधेयक दर्ता गर्ने,
- दर्ता भएका विधेयकहरू माननीय सदस्यहरूलाई वितरणका लागि संसदीय दलको कार्यालय र सम्बन्धित शाखामा पठाउने,
- विधेयकलाई व्यवस्थापन कार्यमा समावेश गर्ने सम्बन्धी टिप्पणी तयार पारी सम्माननीय सभामुखबाट स्वीकृत गराउने,
- विधेयक प्रस्तुतिको अनुमति माग्ने प्रस्ताव उपर माननीय सदस्यहरूको विरोधको सूचना प्राप्त भएमा निर्धारित ढाँचा र समयावधिभित्र प्राप्त भए, नभएको हेरी दर्ता गरी सम्बन्धित माननीय मन्त्री, सचिवालयका सम्बन्धित पदाधिकारी र कार्यव्यवस्था महाशाखा/शाखालाई उपलब्ध गराउने,
- सदनमा विधेयकमाथिको सामान्य छलफल समाप्त भएपछि संशोधन प्रस्तावको लागि सूचना प्रकाशन गर्ने, प्राप्त संशोधन प्रस्तावहरू दर्ता गर्ने र तीनलाई

एकीकृत रुपमा तयार पारी स्वीकृतिका लागि सम्माननीय सभामुख समक्ष पेश गर्ने,

- सदनको निर्णय बमोजिम दफावार छलफलको लागि विधेयकका आवश्यक प्रतिहरू र स्वीकृत संशोधन प्रस्तावहरू सम्बन्धित समितिमा पठाउने,
- सदनबाट पारित भएको विधेयकलाई राष्ट्रिय सभामा पठाउनको लागि श्रीमान् सचिवको नामबाट सन्देशपत्र तयार पारी विधेयक शाखा (राष्ट्रिय सभा) मा पठाउने,
- प्रतिनिधि सभामा उत्पत्ति भएको विधेयकलाई दुवै सदनबाट पारित भएपछि पारित संशोधनलाई विधेयकमा समावेश गरी, विधेयक शाखा आफैं र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय समेतको सहयोगमा रुजु गर्ने,
- विधेयकमा आनुषङ्गिक सुधार गर्नु पर्ने भएमा सोको कारण सहितको व्यहोरा खोली आवश्यक निर्णयार्थ टिप्पणी पेश गर्ने,
- विधेयक प्रमाणीकरणका लागि आवश्यक प्रति तयार गरी राष्ट्रपतिको कार्यालयमा पठाउने,
- प्रमाणीकरण भएका विधेयकको अभिलेख राख्नुका साथै नेपाल राजपत्रमा प्रकाशनार्थ शाखाले तयार पारेको प्रमाणीकरणको विद्युतीय प्रति कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई उपलब्ध गराउने,
- दर्ता भएका विधेयकहरू, स्वीकृत भएका एकीकृत संशोधन प्रस्तावहरू, पारित एवं प्रमाणीकरण भएका विधेयकहरू लगायत विचारधीन विधेयकहरूको अद्यावधिक विवरण संसद वेवसाइटमा अपलोड गर्ने,
- प्रमाणीकरण भएका विधेयकहरूको संग्रह पुस्तिका प्रकाशन गरी माननीय सदस्यहरू, संसदीय पदाधिकारीहरू, महाशाखा लगायत कर्मचारीहरूलाई उपलब्ध गराउने।
- सन्धि सम्झौताहरू दर्ता गर्ने, वितरण गर्ने, सदनको निर्णयानुसार संशोधन प्रस्ताव सङ्कलन गर्ने, अनुमोदन, सम्मीलन, स्वीकृति एवं समर्थन भएपछि सन्धी सम्झौताहरूको संग्रह प्रकाशन गर्ने र तिनलाई वेवसाइटमा राख्ने।

## सेवा प्रवाह

यस शाखाले विधि व्यवस्थापन सम्बन्धी विविध सेवा प्रवाह गर्दछ। शाखामा विधेयक दर्ता भएपश्चात् सदस्यहरूलाई पिजनहोल मार्फत उपलब्ध गराउने तथा सो विधेयक उपलब्ध गराइएको सन्देश एसएमएस मार्फत पठाउने गरिएको छ। साथै दर्ता भएका विधेयक तथा विधेयकमा प्राप्त संशोधन प्रस्तावहरू एकीकृत गरी सभामुखबाट स्वीकृत गराई यथाशीघ्र वेवसाइटमा राख्ने गरिएको छ। वेवसाइट मार्फत विधेयकको अध्यावधिक अवस्था जानकारी गराइने व्यवस्था मिलाइएको छ।

## समस्या तथा चुनौतीहरू

- सैद्धान्तिक तथा व्यवहारिक ज्ञान, सीप र दक्षताको कमी,
    - विधेयक शाखाको कार्य प्रकृति अनुसार कर्मचारीहरूमा कानूनी, भाषिक र प्राविधिक (कम्प्युटर) ज्ञान र सीपको जरुरत पर्दछ,
- कर्मचारीहरूमा उत्प्रेरणाको अभाव,
    - अवसरको खोजीमा नदीझैं वग्ने मानवीय स्वभाव)
    - retain गरी राख्न कठिनाई,
- समन्वय र सहकार्यको अभाव,
    - सम्बन्धित मन्त्रालयले विधेयक दर्ताका लागि ल्याउँदा आवश्यक पर्ने सबै सामग्री नल्याउने, दर्ता गर्नुहोस् ल्याई हाल्छु भनेर जाने, त्यसपछि नल्याउने, सहयोग नगर्ने,
    - एउटा सभामा प्रक्रियामै रहेको विधेयकलाई अर्को सभाको कार्यसूचीमा चढ्ने,
    - सदनले विधेयकलाई कुन रुपमा पारित गरेको हो भन्ने कुरा कार्यव्यवस्था शाखाले लिखित रुपमा जानकारी नगराउने हुँदा मौखिक रुपमा बुझेर विधेयक शाखाले काम गर्नु पर्ने अवस्था
    - राष्ट्रपति कार्यालयमा विधेयक पठाएपछि गेटमा धेरै झण्झट बेहोर्नु पर्ने अवस्था
    - कार्यसूची नियमित रुपमा विधेयक शाखामा उपलब्ध हुने नगरेको।

- कतिपय माननीय सदस्यहरूले विधेयकमा संशोधन हाल्दा विधेयकमा नभई मूल ऐनमा संशोधन हाल्ने गरेकाले संशोधन एकीकृत गर्न कठिनाई हुने गरेको।
- परम्परागत कार्यप्रणाली,
  - आधुनिक प्रविधिलाई आत्मसात गर्न सकिएको छैन।
  - विधेयकहरू वितरण गरेपछि माननीय सदस्यहरू दोहोराएर माग्ने गरेको।
  - सफ्ट कपी वेवसाइटमा राखे पनि त्यहाँबाट प्रयोग गरेको पाइएन।
  - संशोधन प्रस्तावहरू अन्तिम समयतिर दर्ता गर्न ल्याउने गरिएको र तोकिएको ढाँचा र मापदण्ड कायम नगर्दा एकिकृत गर्ने बेला कठिनाई हुने गरेको।
  - विधेयकहरूको अद्यावधिक अवस्थाबारे जानकारी दिन प्रत्येक फाइल पल्टाउनु पर्ने अवस्था रहेको।
- प्रशिक्षणको अभाव,
  - प्रशिक्षणको अवसर आइहाले पनि हाम्रो आवश्यकताभन्दा पनि उपलब्धता अनुरुप तालिम दिइनु,
- आर्थिक तथा भौतिक श्रोत साधनको कमी,
  - कोठाको अभाव
  - दराज/र्‍याकको अभावको कारण कपडामा पोको पारेर महत्वपूर्ण अभिलेखहरू दराजमाथि राख्नु परेको अवस्था

**सुझाव**

- कर्मचारीहरूको दक्षता अभिवृद्धि गर्नका लागि कार्यक्रम सञ्चालन गर्ने,
  - Right Man in Right Place
- कर्मचारीको मनोबल उच्च पार्ने,
  - उत्प्रेरणाका मौद्रिक/गैरमौद्रिक साधनहरूको प्रयोग गर्न सकिन्छ
  - कर्मचारीहरूका साना तिना गुनासाहरू रहेका छन्, तिनको सुनुवाई गर्न सकिन्छ।

- सम्बन्धित महाशाखा/शाखाबीच समन्वय र सहकार्यमा जोड दिनु पर्ने।
- संसदीय प्रणाली बारेमा प्रशिक्षण प्रदान गर्नका लागि छुट्टै प्रशिक्षण केन्द्र खोल्नु पर्ने।
- विधायिकी कार्यप्रणालीलाई व्यवस्थित गर्न छुट्टै सफ्टवेयरको व्यवस्था गर्नु पर्ने।
- माननीय सदस्यहरूलाई विधेयकमा संशोधन प्रस्ताव राख्ने ढाँचा र मापदण्ड सम्बन्धी तालिमको व्यवस्था गर्नु पर्ने।

**विधेयकहरूको अवस्था (प्रतिनिधि सभा)**

संघीय संसद, प्रतिनिधि सभाको (पहिलो कार्यकाल) २०७४ देखि २०८१ असोज मसान्तसम्मको अवधिमा प्रतिनिधि सभामा १२८ वटा विधेयक दर्ता भएका छन्। त्यसमध्ये ७ गैरसरकारी विधेयक रहेका छन्। यस अवधिमा सभाले जम्मा ११९ वटा विधेयक पारित गरेको छ, जसमध्ये प्रतिनिधि सभामा उत्पत्ति भएका ८५ वटा छन्। यस अवधिमा विधेयक प्रस्तुतकर्ताबाट ५ वटा विधेयक फिर्ता भएका छन्। प्रतिनिधि सभामा दर्ता भएका विधेयकमध्ये २२ वटा विधेयक प्रतिनिधि सभाको पहिलो कार्यकाल समाप्त हुँदा निष्क्रिय भए। हाल प्रतिनिधि सभामा प्रस्तुत भएका १० वटा विधेयक विभिन्न समितिमा विचाराधीन छन्। यस अवधिमा ४३ वटा अध्यादेश दर्ता भएका छन् ।

**विधेयकहरूको अवस्था (राष्ट्रिय सभा)**

संघीय संसदको गठनदेखि २०८१ असोज मसान्तसम्मको अवधिमा राष्ट्रिय सभामा ६२ वटा विधेयक दर्ता भएका छन्। त्यसमध्ये २ वटा गैरसरकारी विधेयक छन्। यस अवधिमा सभाले जम्मा १३२ वटा विधेयक पारित गरेको छ, जसमध्ये राष्ट्रिय सभामा उत्पत्ति भएका ४७ वटा र प्रतिनिधि सभामा उत्पत्ति भएका ८५ वटा छन्। यस अवधिमा विधेयक प्रस्तुतकर्ताबाट १२ वटा विधेयक फिर्ता भएका छन्, जसमध्ये एउटा गैरसरकारी र एउटा सभाले पारित गरी प्रतिनिधि सभामा पठाएको विधेयक समेत रहेका छन्। राष्ट्रिय सभाले पारित गरी प्रतिनिधि सभामा पठाएकामध्ये हाल ७ वटा विधेयक प्रतिनिधि सभामा विचाराधीन छन्। राष्ट्रिय सभातर्फ उत्पत्ति भएकामध्ये ३४ वटा विधेयक यस अवधिमा प्रमाणीकरण भएका छन्। प्रमाणीकृत विधेयकमध्ये ५ वटा अध्यादेश प्रतिस्थापन विधेयक थिए भने ४ वटा मौलिक हक कार्यान्वयनसँग सम्बन्धित थिए। राष्ट्रिय सभाबाट पारित भई

प्रतिनिधि सभामा सन्देश पठाइएका ५ वटा विधेयक प्रतिनिधि सभाको पहिलो कार्यकाल समाप्त हुँदा निष्क्रिय भए। हाल राष्ट्रिय सभामा प्रस्तुत भएका ४ वटा विधेयक विधायन व्यवस्थापन समितिमा विचाराधीन छन्।

**सन्धि/सम्झौताहरूको अवस्था**

संवत् २०७४ देखि २०८१ असोज मसान्तसम्म जम्मा २२ वटा सन्धि/सम्झौताहरू सचिवालयमा दर्ता भई सभामा पेश भएका छन्।

मुद्रण: संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं